# बुद्धकालीन नेपाली विश्वकोश

## विषयगत सूची क्रम


१. बुद्धकालीन ब्राह्मण भाग-१
२. बुद्धकालीन ब्राह्मण भाग-२
३. बुद्धकालीन ब्राह्मण भाग-३
४. बुद्धकालीन गृहस्थीहरू भाग-१
५. बुद्धकालीन गृहस्थीहरू भाग-२
६. बुद्धकालीन गृहस्थीहरू भाग-३
७. बुद्धकालीन राजपरिवार भाग-१
८. बुद्धकालीन राजपरिवार भाग-२
९. बुद्धकालीन राजपरिवार भाग-३
१०. बुद्धकालीन परिव्राजकहरू भाग-१
११. बुद्धकालीन परिव्राजकहरू भाग-२
१२. बुद्धकालीन परिव्राजकहरू भाग-३
१३. बुद्धकालीन महिलाहरू भाग-१
१४. बुद्धकालीन महिलाहरू भाग-२
१५. बुद्धकालीन श्रावक-चरित भाग-१
१६. बुद्धकालीन श्रावक-चरित भाग-२
१७. बुद्धकालीन श्रावक-चरित भाग-३
१८. बुद्धकालीन श्रावक-चरित भाग-४
१९. बुद्धकालीन श्रावक-चरित भाग-५
२०. बुद्धकालीन श्रावक-चरित भाग-६
२१. बुद्धकालीन श्राविका-चरित भाग-१
२२. बुद्धकालीन ब्रह्मादिदेव भाग-१
२३. बुद्धकालीन ब्रह्मादिदेव भाग-२
२४. बुद्धकालीन ब्रह्मादिदेव भाग-३
२५. बुद्धकालीन प्रेतकथा
२६. बुद्धकालीन विमानकथा
२७. बुद्ध जीवनी, अनुरुद्ध स्थविर, सम्राट अशोक, बुद्धशासनको सङ्क्षेप इतिहास


१२

बुद्धकालीन नेपाली विश्वकोश

आचार्य डा. भिक्षु अमृतानन्द

Dhamma.Digital

वीर-पूर्ण पुस्तक संग्रह

१२

विषयगत : बुद्धकालीन परिव्राजकहरू (भाग-३)

आचार्य डा. भिक्षु अमृतानन्द

प्रकाशक
वीर-पूर्ण पुस्तक सङ्ग्रहालय

Downloaded from http://dhamma.digital/

आचार्य भिक्षु अमृतानन्द महास्थविरज्युद्वारा रचित बुद्धकालीन ग्रन्थमाला अन्तर्गतको प्रस्तुत "बुद्धकालीन परिव्राजकहरू भाग-३" पनि एउटा अत्यन्त महत्वपूर्ण कृति रहेको छ । यस पुस्तकमा लेखकले पाली त्रिपिटिक ग्रन्थहरूको गहन अध्ययन गरेर बुद्धकालीन १७ परिव्राजकहरूको जीवनी, उनीहरूको शास्त्राथ प्रवृत्ति, परिभ्रमण-वृत्तान्त, विचारको निःसंकोच स्पष्ट प्रस्तुत गर्ने स्वभाव, आफ्नो मूलभूत सिद्धान्त र आस्थाको विपरीत प्रकारको आस्था भएता पनि यथार्थताको परिप्रेक्षमा निःक्लेशी भई त्यसको प्रकाशमा आफु आभाषित हुने सद्चरित्रता आचार्य भिक्षु अअमृतानन्दज्यूले पाली भाषाबाट अनुवादित प्राचीन शैलीमा नै प्रस्तुत गर्नुभएको छ । वहाले परिव्राजकहरूको जन्म, व्यक्तिगत जीवनी, रहन-सहन र समाजमा उनीहरूको स्थान बारेमा अत्यन्त रोचक चित्रण गर्नुभएको छ ।

– डा. राम निवास पाण्डेय

## आचार्य भिक्षु अमृतानन्द महास्थविरको संक्षिप्त परिचय

आचार्य भिक्षु अमृतानन्द महास्थविरको जन्म वि.सं. १९७५ पौषमा लुम्बिनी अञ्चल पाल्पा, तानसेन, भिमसेन टोलको एक शाक्यकुलमा भएको हो। वि.सं. १९९२ मा भारतको कुशीनगरमा वहाले ऊ. चन्द्रमणी महास्थविरसाग प्रव्रज्यात्व ग्रहण गर्नुभएको हो। बि.सं. १९९३ मा धर्मप्रचारार्थ भोजपुर जानुहुदा वहा जेलमा पनि पर्नुभयो। जेलबाट मुक्त भएपछि बुद्धधर्म अध्ययनको निमित्त वहा बर्मा र श्रीलंका जानुभयो।

सन् १९४० जनवरी २५ का दिन वहाले श्रीलंकामा श्री पैलेने वज्रज्ञान महानायक महास्थविरको आचार्यत्वमा उपसम्पदा (पूर्ण भिक्षुत्व) पाउनु भएको हो। सन् १९४२ को अन्त्यतिर वहा काठमाडौं आउनु भई नेपालमा बुद्धधर्म प्रचार गर्ने कार्यमा संलग्न हुनुभयो।

सन् १९५० मा श्रीलंकामा भएको प्रथम बिश्व बौद्ध सम्मेलनमा नेपालको नेतृत्व गर्नुका साथै धेरै अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनहरु लगायत अनेक शान्ति सम्मेलनहरुमा पनि वहाले नेतृत्व गर्दै आउनु भएको छ। यूरोप, अमेरिका, स्क्याण्डिनेविया र दक्षिणपूर्वी एशियाका अनेक मुलुकहरुका साथै रुस, चीन, मंगोलिया आदि अनेक साम्यवादी देशहरुमा भ्रमण गनुभएको छ।

सन् १९५१ मा वहाले "अखिल नेपाल भिक्षु महासंघ", सन् १९५२ मा स्वयम्भूस्थित "आनन्दकुटी विद्यापीठ" र सन् १९७३ मा "आनन्दकुटी विहार गुठी" को स्थापना गर्नुभएको हो।

सन् १९७६ मा वहालाई श्रीलंकाका बुद्धिष्ट एकेडेमी अफ सिलोनले "साहित्य चक्रवर्ती" र सन् १९७९ मा भारतको नालन्द पालि महाविद्यालयले "विद्यावारिधी" उपाधि प्रदान गरिएको छ।

सन् १९८४ मा श्रीलंकाका स्याम, अमर तथा रामाञ्ञ निकायहरुले संयुक्त रूपमा वहालाई "महानायक" भन्ने श्रेष्ठपदबाट विभूषित गरेका थिए भने "त्रिपिटक विशारद", "त्रिपिटक विशारद शासक जोतक" तथा "सिरिधम्मरक्खितवंसालंकार धम्मकित्तिसिरि" भन्ने जस्ता पद्वीहरुबाट पनि वहा विभूषित हुनुहुन्छ।

वहाले नेपालभाषा, नेपाली र अंग्रेजीमा गरी ६ दर्जन बढी पुस्तकहरु लेख्नु भएका थिए र वहाको निधन वि.सं. २०४७ भाद्र ५ गते भएको थियो।

Downloaded from http://dhamma.digital/

वीर-पूर्ण स्मृति ग्रन्थमाला : ३७

१२

# बुद्धकालीन नेपाली विश्वकोश

## Nepali Encyclopedia of Buddha's Time

Volume - XII

विषयगत : बुद्धकालीन परिव्राजकहरू (भाग-३)

आचार्य डा. भिक्षु अमृतानन्द

*प्रकाशन प्रमुख*

**दुण्डबहादुर वज्राचार्य**

*प्रकाशक परिवार*

**अशोकरत्न वज्राचार्य**

**अनूनरत्न वज्राचार्य**

**वीर-पूर्ण पुस्तक सङ्ग्रहालय**

Downloaded from http://dhamma.digital/

प्रकाशक : वीर-पूर्ण पुस्तक सङ्ग्रहालय

प्रथम आवृत्ति : बु.सं. २५६२, ने.सं. ११३९,
वि.सं. २०७५, इ.सं. २०१९

© सर्वाधिकार : आनन्दकुटी विहार (संस्था)
स्वयम्भू, काठमाडौं

२७ वटा सेटको मूल्य : रु. १०,०००/-

## प्रथम संस्करणको सङ्क्षिप्त इतिवृति

| | | |
|---|---|---|
| ग्रन्थ | : | बुद्धकालीन परिव्राजकहरु भाग-३ |
| प्रकाशक | : | आनन्दकुटी विहार गुठी |
| प्रकाशन मिति | : | बुद्धाब्द २५३० (वि.सं. २०४३) |
| प्रथमावृति | : | १००० प्रति |
| मुद्रक | : | नेपाल प्रेस |
| प्रकाशकीय | : | भिक्षु मैत्री |
| Preface | : | Bhikkhu Amritananda |
| मन्तव्य | : | डा. राम निवास पाण्डेय |
| प्राक्कथन | : | भिक्षु अमृतानन्द |

Downloaded from http://dhamma.digital/



**आचार्य डा. अमृतानन्द महास्थविर**

जन्म : वि.सं. १९७५ पौष ५ (1918 Dec. 20)

दिवंगत : वि.सं. २०४७ भाद्र ५ (1990 Aug. 21)

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

प्र. जि. का. दर्ता नं. ०१/३१
Govt. Regd. No. 01/031

# आनन्द कुटी विहार
## ANANDA KUTI VIHAR

Swayambhu, G.P.O. Box 3007, Kathmandu, Nepal

मिति : २०७५।६।१

## शुभकामना सन्देश

अतिपूज्य गुरुवर दिवंगत डा. भिक्षु अमृतानन्द महानायक महास्थविरज्यूले दुई दशक लामो अथक प्रयासले नेपाली भाषामा सुरचित ...नेपाली बौद्ध साहित्य भण्डार लाई धनी बनाउादै आनन्दकुटी विहार (गुठी) संस्थाले प्रकाशनमा ल्याई बौद्ध साहित्यमा ज्ञानको भण्डारण गरी "बुद्धकालीन ग्रन्थमाला" को रूपमा आफ्नो कृतित्व छोडेर जानुभएकोमा उहााको उक्त अतुलनीय योगदानलाई कदर गर्दै अझ व्यापक बनाउनु पर्ने सुविचारसहित "बुद्धकालीन नेपाली बिश्वकोश" को रूपमा पुनः प्रकाशनमा ल्याउन प्रकाशन प्रमुख श्री दुण्डबहादुर वज्राचार्यबाट आनन्दकुटी विहारलाई अनुरोध भए बमोजिम यथास्थितिमा "बुद्धकालीन नेपाली बिश्वकोश" को रूपमा ...बुद्धकालीन ग्रन्थमाला पुनः प्रकाशन गर्न दिने सहमति प्राप्त गरी हाल उक्त "बुद्धकालीन नेपाली बिश्वकोश" प्रकाशनमा ल्याउन लागेकोमा म सहित सम्पूर्ण आनन्दकुटी विहार परिवारलाई धर्मप्रीतिको अनुभव भएको छ ।

उक्त महान् कार्यले बुद्ध जन्मभूमि नेपालमा बुद्ध शिक्षालाई मात्र नभई नेपाली बौद्ध साहित्यमा समेत ठूलो टेवा पुग्न गई नेपाल

Downloaded from http://dhamma.digital/

र नेपालीको ज्ञानमा थप उचाइ थपिने छ । बुद्ध उपदेश संग्रहीत प्रमाणित ग्रन्थ ...त्रिपिटक□ लाई सहज रूपमा जान्न र अन्तर्गत तथ्यलाई बुझ्न पनि मार्गप्रशस्त गरिएको यस “बुद्धकालीन नेपाली बिश्वकोश” ले नेपाली प्रकाशन भण्डारमा बहुमूल्य निधिको रूपमा परिभाषित हुनेछ ।

अतः बहुमूल्य निधिलाई नेपाली र बिश्वसामु पुनः उजागार गरी यसको महत्वलाई प्रदर्शित गर्न लागेकोमा तपाईं सहित प्रकाशक परिवार साधुवादका पात्र हुनुहुन्छ ।

पुनः प्रकाशित यस “बुद्धकालीन नेपाली बिश्वकोश”ले सम्पूर्ण पाठकवर्गलाई ज्ञान लाभ होस्, जीवन सार्थक तुल्याउन सकोस् भन्ने कामनासहित प्रकाशन परिवारलाई पुनः सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

भवतु सब्ब म□लं □

Dhamma.Digital

Dharmamurti.

**भिक्षु धर्ममूर्ति महास्थविर**
सदस्य सचिव एवं कार्यवाहक विहार प्रमुख
आनन्दकुटी विहार (संस्था)

Downloaded from http://dhamma.digital/

# प्रकाशकीय

मानवसमाजलाई अज्ञानरूपी अन्धकारबाट उज्यालोतर्फ डोऱ्याउने महामानव भगवान् बुद्धको शिक्षा संसारमा अतुलनीय रहेको छ। विश्वले उहााको योगदानको महत्त्व राम्ररी बुझेको छ।

विश्वलाई हाम्रो मुलुकले दिन सक्ने एकमात्र विरल साधन भनेको मानवीय उत्कृष्ट ज्ञानको अमूल्य धरोहर खजाना – बुद्धशिक्षा : धम्म नै हो। विश्वका प्रमुख भाषामा यसको प्रचार हुनु आवश्यक छ। यी विशुद्ध निर्मल ज्ञान (प्रज्ञा) को प्रचार जति हुादै जानेछ त्यति नै आदिमकालदेखिका मानवीय त्रास, पराधीनता र दास प्रवृत्तिबाट मुक्त हुनगई विद्यमान विकृति र विसङ्गतिजन्य कुसंस्कार र धर्मका नाममा रहेका अन्धभक्ति, पूजा कर्मकाण्ड आदि संस्कृतिको अन्त्य भई मानवीय विकास हुनेछ र भौतिक एवं आध्यात्मिक दुइटै क्षेत्रमा भरपूर विकास हुनेछ। साथै आफूमा सम्यकदृष्टि उत्पन्न हुनेछ। आजको युगमा भगवान् बुद्धको ज्ञानबेगर जीवन निरर्थक छ।

**अत्तदीप भव** अर्थात् आ नो मालिक आफै बन। अर्को कोही छैन भनी आफूले आफैलाई मुक्तिको उद्घोष गर्न सक्ने गरी त्यस्तो पवित्र सन्देश बोकी हामी विगत चार दशकदेखि निरन्तर यस क्षेत्रमा संलग्न छौा। यस वर्ष नेपालपुत्र भगवान् बुद्धको मूल वचन सङ्गृहीत पालि त्रिपिटकलाई देवनागरी लिपिमा प्रथमपल्ट प्रकाशन गर्नपूर्व हामीले पनि सबै नेपालीमा त्रिपिटक वाङ्मय सम्बन्धी केही ज्ञान बााड्न आवश्यकता ठहऱ्यायौा। यसकारण पहिलो प्राथमिकतामा पालि त्रिपिटक ग्रन्थ प्रकाशन गर्ने पवित्र कामलाई स्थगित गरी प्रस्तुत ग्रन्थसेट निकाल्नमा लागेका हौं।

बुद्धभूमि नेपालका निवासीहरूको हकमा यसरी धार्मिक दासताबाट मुक्त हुने बुद्धशिक्षा, बुद्धज्ञान र तत्सम्बन्धी अभ्यास हुनु बेस हो। बुद्धको ख्याति सर्वत्र लोकप्रिय छह तथापि त्यो हालसम्म

Downloaded from http://dhamma.digital/

औपचारिकतामा मात्र सीमित छ । यहाा मरेपछि स्वर्ग जान पाइने धर्म साधनका रूपमा तीव्र प्रचार भइरहेको पाइन्छ । उहााको उपदेश पालिभाषामा रहेको कारण यथार्थ सत्य कुरो बुझ्न हामीमा यथार्थ ज्ञानको अभाव छ भने सबैले बुझ्न सक्ने नेपालीमा यस्ता साधन उपलब्ध नहुनु पनि एउटा कारण हो । यही कुरो दृष्टिगत गरी आचार्य डा. अमृतानन्द महास्थविरको असाधारण बृहत कृतिलाई यसपालि विशेष प्राथमिकता दिई **बुद्धकालीन नेपाली विश्वकोश**को नामाङ्कन गरी प्रकाशन गर्न लागेका हौा ।

बुद्धकालीन ग्रन्थका पूर्ववर्ती प्रकाशनगृह आनन्दकुटी विहार गुठीका अध्यक्ष श्रद्धेय भिक्षु मैत्री महास्थविरका सामु उपर्युक्त प्रस्ताव राख्यौा । उहाालगायत गुठीबाट पनि हाम्रो प्रस्तावलाई स्वीकार गरी प्रकाशन गर्न हामीलाई अनुमति दिनुभयो । हामी अध्यक्षज्यूलगायत सकल सदस्यहरूप्रति हार्दिक आभारी छौा । यसका साथै, शुभेच्छा सन्देशको सम्बोधन गर्नु भएवापत विहार गुथिका सदस्य–सचिव एवं कार्यवाहक विहार प्रमुख भिक्षु धर्ममूर्ति महास्थविरज्यूप्रति पनि कृतज्ञ छौा ।

आचार्य डा. भिक्षु अमृतानन्द महास्थविरका पुस्तकलाई एक आदर्श ग्रन्थ मान्दै यसमा प्रयुक्त प्रस्तुती अर्थात् शैली, भाषा, अनुवाद, पाठ्यसामाग्री र अनुक्रमणीकालगायत कुनै कुरोमा पनि हेरफेर गर्न आवश्यक ठानेनौा । यसलाई स्क्यानि गरी जस्ताको तस्तै प्रकाशन गर्ने योजना भएपनि पुस्तक छपाई गर्दागर्दै कुनै–कुनै बुद्धकालीन पुस्तकहरूको छपाईमा केही स्पष्ट नभएको कारण बीचमा आएको समस्या समाधान गर्न आनन्दकुटी विहारबाटै उपलब्ध सफ्ट कपीबाट काम चलाउन परेको छ । यसका लागि सम्बन्धित सबै मा हार्दिक कृतज्ञता प्रकट गर्दछौं । प्रेससम्बन्धी दीपक र बिनोद दुई दाजुभाइको सहयोग सम्झनलायक छ । उहााहरूबाट यस किसिमको सहयोग प्राप्त नभएको भए पाठकवर्गले यति छिटो यस्तो बृहत् ग्रन्थ पढ्न पाउनु सम्भव थिएन ।

Downloaded from http://dhamma.digital/

आ□नो साधनामा लाग्न अनुकूल वातावरण मिलाई पारिवारीक सहयोग जुटाइदिने श्रीमती ज्ञानीशोभा शाक्य वज्राचार्यलाई धन्यवाद छ। स्नेही छोरी सुश्री मनिका वज्राचार्यलाई पनि धन्यवाद छ, जसले प्रूफलगायत अन्य आवश्यक सहयोग जुटाइ दिइन्।

विगत चार दशकदेखिको हाम्रो परिकल्पनामा सहभागी हुादै त्रिपिटक प्रकाशन गर्दै आएका भतिजा अशोकरत्न बज्राचार्यको संलग्नता स्मरणीय छ। हामी यहाासम्म पुग्नमा उनका साथै दिव□त दाजु पवित्रबहादुर बज्राचार्य र दिदीज्यू सुश्री हेरादेवी बज्राचार्यको उदार सहयोग उल्लेख्य छ। यसमा छोरा अनूनरत्न बज्राचार्यले समेत साथ दिएकोमा ज्याादै हर्षित छौं। यसरी बृहत् योजनाको प्रकाशन कार्य हाम्रा आफ्नै साधन र स्रोतले गरेका छौा। हामीले कसैबाट वा कुनै स्वदेशी वा विदेशी व्यक्ति अथवा सङ्घसंस्था वा सरकारको सहयोग बेगर सम्पन्न गर्न लागेका छौा। यस्ता मूल ग्रन्थको प्रचार प्रसार कार्यमा पाठकवर्गको सहयोगको आशा गरेका छौं।

अन्तमा, बुद्ध र बुद्धधर्मको ज्ञानको आधारमा मानवका रूपमा स्वतन्त्र रूपले बााच्ने कलाको बौद्ध संस्कृतिलाई सा□पा□ रूपमा बुझ्न पाठकवर्गलाई यसबाट यथेष्ट सहयोग प्राप्त हुनेछ। विद्यार्थी, शिक्षक, शोधार्थी, जिज्ञासु, योजनाकार, देश-निर्माता, अभियन्ता, नेतालगायत बौद्धिक समुदायका लागि आफ्नो ज्ञानमा वृद्धि गर्न अद्वितीय साधन उपलब्ध हुनेछ। अन्तमा, धर्मप्रति आस्था र श्रद्धा भएका महानुभाव एवं विज्ञजनलाई पनि आ-आफ्ना धर्म र दर्शनसम्बन्धी चिन्तन, मनन र पूजनमा औपचारिकतामा मात्र सीमित नराखी बुद्धको यथार्थ मौलिक ज्ञान स्पर्श गर्दै मनुष्य जीवन सफल तुल्याउन यसबाट प्रेरणा प्राप्त होस् भनी शुभकामना टक्र्याउाछौा। साधु।

प्रकाशक एवं प्रमुख योजनाकार

**दुण्डबहादुर वज्राचार्य**

अध्यक्ष, वीर-पूर्ण पुस्तक संग्रहालय

Downloaded from http://dhamma.digital/

**Homage to the Buddha, the Supreme Enlightened One.**

# PREFACE

The present volume is the third and the last in the series of the "Buddha Kalin Paribrajakas". The present volume consists of altogether seventeen characters of the Paribrajakas translated from twenty-one Sutras, the list of which is given below :–

(1) 4 Sutras from Dighanikaya.
(2) 5 Sutras from Majjhimanikaya.
(3) 4 Sutras from Samyuttanikaya.
(4) 6 Sutras from Anguttaranikaya.
(5) 1 Sutra from Suttanipatapali.
(6) 1 Sutra from Mahavaggapali.

The names of seventeen characters and the Sutras concerned with them are listed below :—

Downloaded from http://dhamma.digital/

1. BHAGGAVAGOTTIYA PARIBRAJAKA

1 D. III. p[1]. 3 : Pathikasuttam, Pathikavaggo R[2]. I. p. 1

2. MAGANDIYA PARIBRAJAKA

1. M. II. p. 198: Magandiyasuttam R. I. p. 501

3. MUNDIYA PARIBRAJAKA

1. D. I. p. 134 : Mahalisuttam Silakkhandhavaggo R. I. p 1

4. MOLIYA PARIBRAJAKA

1. S. III. p. 204: Sivakasuttam, Vedanasamuttam R. IV. p 230
2. A-6. p. 70: Pathama Sandittikasuttam, Dhammikavaggo R. p.356

5. VEKHANASA PARIBRAJAKA

1. M. II. p. 267: Vekhanasasuttam R. II. p. 40

6. SANJAYA PARIBRAJAKA

1. Mh. p. 38 : Sariputtamoggallanapabbajjakatha R. p. 39

---

1. References given here are to the pages of the Pali Text, Nagari Edition of Nalanda, India.
2. R. refers to the pages of the Pali Text Society, Roman Editions, London.

Downloaded from http://dhamma.digital/

7. SACCAKA NIGANTHAPUTTA

1. M. I. p. 280: Culasaccakasuttam R. I. p 227

2. M. I. p. 291: Mahasaccakasuttam R. I. p. 237

8. SAJJHA PARIBBAJAKA

1. A-9, p. 18: Sajjhasuttam, Sambodhivaggo R. p. 371

9. SANDAKA PARIBBAJAKA

1. M. II. p. 211: Sandakasuttam R. I. p. 513

10. SABHIYA PARIBBAJAKA

1. SN. p. 344 : Sabhiyasuttam, Mahavaggo R. p. 90

11. SARABHA PARIBBAJAKA

1. A-3, p. 233: Sarabhasuttam, Mahavaggo R. p. 90

12. SAMANDAKA PARIBBAJAKA

1. S. III. p. 233: Samandakasuttam,
Samandaka SamyuttamR. IV. p 261

2. A-10, p. 195: Pathamasukhasuttam,
Yamakavaggo R. p. 120

3. A-10, p. 10: Dutiyasukhasuttam,
Yamakavaggo R. p. 121

13. SUTAVA PARIBBAJAKA

1. A-9, p. 17: Sutasuttam, Sambodhivaggo R. p. 369

14. SUPPIYA PARIBBAJAKA

1. D. I. p. 1: Brahmajalasuttam,
Silakkhandhavaggo R. I. p. 1

Downloaded from http://dhamma.digital/

- -

15. SUBHADDHA PARIBBAJAKA

1. D. II. p. 115: Mahaparinibbanasuttam, Subhaddaparibbajakavatthu R. II. p. 148

16. SUBHADDHA PARIBBAJAKA

1. S. II. p. 102: Sisimaparibbajakasuttam, Nidanasamyuttam R. II. p. 119

17. SUCIMUKHI PARIBBAJAKA

1. S. II. p. 453: Sucimukhisuttam, Sariputtasamyuttam R. III. p. 238

Altogether fifty characters of the Paribrajakas are encluded in the first, second and third volumes of the series. These characters were complied and translated from hundred and five Sutras. The following list gives a clear-cut understanding about how they were drawn and from which Sutras and texts :–

| Text Book : | Vol. I. | Vol. II. | Vol. III. | Total |
|---|---|---|---|---|
| 1. Dighanikaya : | 7 + | 5 + | 4 = | 16 |
| 2. Anguttaranikaya : | 7 + | 5 + | 6 = | 18 |
| 3. Majjhimanikaya : | 9 + | 6 + | 5 = | 20 |
| 4. Samyuttanikaya : | 38 + | 5 + | 4 = | 47 |
| 5. Udanapali : | 0 + | 1 + | 0 = | 1 |
| 6. Mahavaggapali : | 0 + | 1 + | 1 = | 2 |
| 7. Suttanipatapali : | 0 + | 0 + | 1 = | 1 |
| | 61+ | 23 + | 21 = | 105 |

Downloaded from http://dhamma.digital/

The first publication of this Buddhakalin series was started on 25th Chaitra 2028 B. S. (1972 A. D.) with a sole intention to make the texts of the pali literature available in Nepalese language too.

It is but natural for me to get self satisfaction for being able to engage myself constantly in my writting work. When I started writing I had in mind to compile books under ten main headings. With the publication of this book the compiling under eight headings out of ten (out of my serious research into pali literature) comes to completion. Now what is left to be done is to research into the pali literature again and compile under remaining two more headings. 'The characterer of the Buddha's contemporary monks and the character of the Buddha's comtemporary nuns. I am confident that I will complets this remaining work also if my life is not cut short.

The present volume is the thertheeth one in the series. I do not have words to express my deep gratitude to prof. Batu Krishana 'Bhoosan' who has been continuously and untiringly rendering his service to correct and improve my Nepali language and to read the press proof. Had he not given me his valuable help I would not have been successful in my venture.

The printing work of this book was complete a few months ago. But the publication of it was delayed due to

Downloaded from http://dhamma.digital/

four-month-long treatment of my heart ailment at Chulalonkoron Hospital in Bagnkok. Even after my return to Kathmandu I could not immediately devote time towards the publication of the present volume as I had to be engaged in preparation for the forthcoming Fifteenth Worls Buddhist Conference in Kathmandu.

Though the printing of the book is already complete, the present of index is still not finished. As everybody konws preparing of index is not an easy job. I feel that publishing a blli without index is improved in the modern time. For the research-minded readers index is of utmost importance though it may have no meaning for the lay readers.

My thanks are also due to Bhikkhu Kumara Kasyap who, as ever, has helped me to prepare word index. I am also deeply grateful to Dr. Ram Nivas Pandey, the chairman, Department of Nepalese history, culture and archeology, Tribhuvan University for his forewords.

"Long live the sublime Teaching."

**Bhikshu Amritananda**
1st Nov. 1986

Ananda Kuti,
Swayamby,
Kathmandu, Nepal.
Phone : 224420

Downloaded from http://dhamma.digital/

# मन्तव्य

गौतम बुद्धको देश नेपाल आजभन्दा पच्चीससशय वर्ष अगाडिदेखि नै बौद्ध धर्म र संस्कृतिको एउटा महत्वपूर्ण थलो रहेको छ। मध्यकालमा भारत वर्षमा बौद्ध धर्मको अवरोहणको बेलामा पनि नेपालमा यस धर्मको उत्थान सूचक विभिन्न किसिमका क्रियाकलापहरू भइ नै रहेको पाइन्छ। यहाँ हीनयान र महायान निकायमा अतिरिक्त बज्रयान, तंत्रयान र लामा धर्मका सिद्धान्तहरूलाई विभिन्न त्यागी, तपस्वी, मनीषी, श्रवण भिक्षुहरूले आ-आफ्नो मठमन्दिर गुम्बा र विहारहरूमा राम्रोसँग संरक्षण संवर्धन गरेको देखिन्छ। यस तथ्यलाई प्रमाणित गर्ने हाम्रो दार्शनिक परम्पराको समृद्ध वाङ्मय राष्ट्रिय अभिलेखालयमा, बहाल र बहिलहरूमा तथा पण्डित, शाक्य र बज्राचार्यहरूको घर घरमा आज पनि संरक्षित छ। त्यस्तै बौद्ध धर्म र जीवनको समृद्ध परम्परालाई प्रस्फुटित गर्ने नेपाली संस्कृतिका प्रतीक अनन्य निधिहरू यत्रतत्र छरिएका भेटिन्छन्।

नेपाल अधिराज्य अन्तर्गत पञ्चायती प्रजातन्त्रको प्रादुर्भाव हुनुभन्दा केही अगाडि राणा शासकहरूले एक शताब्दीसम्म आफ्नो

Downloaded from http://dhamma.digital/

शासन चलाएको बेलामा यस देशभित्र बौद्ध धर्मको परम्पराको विकास व्यवधान आएको देखिन्छ। तथापि आचार्य डा. भिक्षु अमृतानन्द महास्थविर साहित्य चक्रवर्ती जस्तो केही प्रबुद्ध भिक्षुहरूको सद्प्रयासबाट यस धर्मको प्रवर्द्धन र सुनियोजित विकास तथा बुद्ध भगवानका शिक्षाहरूको वैज्ञानिक विश्लेषण भएबाट यस क्षेत्रमा नयाँ जागरण आएको छ। बुद्ध धर्मबारे अनन्य लेख र करिब ५० ग्रन्थहरू लेख्नु भई आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूले बौद्ध धर्मको महत्वपूर्ण सेवा गर्नुभएको छ। उहाँले बौद्ध धर्मको विशेषता बारेमा अनेकौं राष्ट्रिय एवं अन्तर्राष्ट्रिय एवं सभा सम्मेलनहरूमा प्रकाश पार्नु भएको छ।

आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूद्वारा रचित बुद्धकालीन ग्रन्थमाला अन्तर्गतको प्रस्तुत ३० सौं पुष्प "बुद्धकालीन परिव्राजकहरू भाग–३" पनि एउटा अत्यन्त महत्वपूर्ण कृति रहेको छ। यस पुस्तकमा लेखकले पाली त्रिपिटक ग्रन्थहरूको गहन अध्ययन गरेर बुद्धकालीन १७ परिव्राजकहरूको जीवनी, उनीहरूको शास्त्रार्थ प्रवृत्ति, परिभ्रमण वृत्तान्त, विचारको निःसंकोच स्पष्ट गर्ने स्वभाव, आफ्नो मूलभूत सिद्धान्त र आस्थाको विपरीत प्रकारको आस्था भएता पनि यथार्थताको परिप्रेक्षमा निःक्लेशी भई त्यसको प्रकाशमा आफू आभाषित हुने सद्चरित्रता आचार्य भिक्षु अमृतानन्दज्यूले पालीभाषाबाट अनुवादित प्राचीन शैलीमा नै प्रस्तुत गर्नुभएको छ। उहाँले परिव्राजकहरूको जन्म, व्यक्तिगत जीवनी, रहन-सहन र समाजनमा उनीहरूको स्थान बारेमा

Downloaded from http://dhamma.digital/

अत्यन्त रोचक चित्रण गुर्नभएको छ। यी परिव्राजकहरूले आर्यावर्तको विभिन्न क्षेत्रमा घुमेर मानव जीवनको मूल लक्ष्य, प्राणीहरूको जीवनमा रहेका वेदनाका कारणहरू तथा त्यस वेदनाबाट मुक्त हुने जुन शिक्षा र आदर्श दिन्थे तथा बुद्ध भगवानको सान्निध्य पाएपछि बुद्धसँग अथवा उहाँका प्रमुख शिष्यहरूसँग भएका छलफल पछि जुन बुद्धसँग अथवा उहाँका प्रमुख शिष्यहरूसँग भएका छलफल पछि जुन नयाँ ज्ञानबोध गर्दथे एवं त्यसलाई समाजमा शान्तिमय जीवन र अन्ततोगत्वा निर्वाणको हेतु प्रचार गर्दथे त्यसको वर्णन लेखकले यस पुस्तकमा अत्यन्त सजीव रूपमा गर्नुभएको छ। सुनक्खत्त भन्ने एकजना परिव्राजक बाहेक अन्य सबैले विद्याको अहंभाव त्यागेर संस्कारको दुष्प्रभाव माथि विजय पाएर सबै विद्वान् परिव्राजकहरू प्रकाशवान् भएको तथ्य हामी यस पुस्तकमा अत्यन्त रोचक भाषामा चर्चित भएको पाउँछौं।

अग्निशालाको तृणासनमा बसेर "अहो कस्तो कस्तो कुरा सुन्नु पऱ्यो" भन्ने मागण्डिय, बुद्ध भगवानको उपदेश श्रवण गरेपछि श्रावक भइकन सहजै अर्हत भए। प्राणीहरूको वेदना पूर्वजन्मको कारणबाट मात्र हुने होइन अपितु कफ, बात, ऋतु-परिवर्तन, अपथ्य खाना आदिबाट पनि हुने हो भन्ने तथ्य मोलिय सीवकले बुद्ध भगवानसँगको छलफल पनि स्वीकार्नु भयो। वेखनस आफ्नो "परमवर्ण" दृष्टिकोणमा परिवर्तन गरेपछि सच्चा उपासक भए। सच्चक निगण्ठ पुत्रको प्रकरणबाट बुद्धकालमा पनि परिव्राजिकाहरू कतिका विदुषी तथा भय मुक्ता थिए भन्ने कुरा प्रष्ट देखा पर्दछ। त्यसै प्रकरणमा जम्बुवृक्षको एउटा शाखालाई गाडेर शास्त्रार्थको लागि नियन्त्रण गर्ने सजिलो पद्धति

Downloaded from http://dhamma.digital/

अन्तर्गत अहंभाव रहित भइकन शास्त्रार्थ गर्ने परम्परालाई हामीले भेट्टाउँछौं । स्वच्छ जलाशय हुनु, त्यस जलाशयमा स्नान गर्नु र स्नान गरेपछि स्वच्छ हुनु भिन्नाभिन्नै कुराहरू हुन् । झोसी झोसी कुरा गर्दा साधारणतया मानिस खिन्न हुने तर त्यस्तो परिस्थितिमा पनि गौतम बुद्धको मुखाकृति प्रसन्न मुद्रामा देखेर धेरै परिव्राजकहरूको मन प्रसन्न भएको तथ्य यस कृतिमा भेटिन्छ । बुद्ध प्रतिको जनाकर्षणको रहस्य आवर्तनी माया अथवा वशीकरण मन्त्र रहेछ भन्ने विश्वासमा भिक्षुहरू एक साथ मिलेर सीमागृहमा बसेर गर्ने "उपोसथ" नै बुद्ध भगवानको गोप्य मन्त्रको दीक्षा दिने ठाउँ हो भन्ने विश्वास गर्ने सरभ परिव्राजकको तथागतसँग भएको छलफल साह्रै नै रोचक ढंगबाट प्रस्तुत भएको छ । कृतिको अन्तिम चरणमा परेको सुप्पिय परिव्राजक प्रसङ्ग ईशापूर्व छैठौं शताब्दीमा विद्यमान दार्शनिक परम्पराको गहन चिन्तनको धारालाई प्रस्फुरित पारेको छ । यो कुरा "ब्रह्मजाल सूत्र" नाउँबाट विख्यात सूत्रपिटकको पहिलो पटक "दीर्घनिकाय" को शुरुमै परेको छ । बुद्धको अन्तिम श्रमण शिष्य सुभद्र परिव्राजकको वर्णन पनि यस पुस्तकमा भएको रहेछ ।

प्रस्तुत पुस्तक साधारण पाठकदेखि लिएर समस्या संक्लिष्ट मानिसहरूको निमित्त समेत अत्यन्त पठनीय छ । नेपाली भाषाको माध्यमबाट बौद्ध धर्म र देशनाबारे ज्ञान आर्जन गर्न चाहनेहरूको लागि बुद्धकालीन ब्रह्मादिदेव, ब्राह्मण, महिला, राजपरिवार, गृहस्थ श्रावक र श्राविकाहरूको ग्रन्थमाला प्रकाशन गरेर आनन्दकुटी विहार गुठीले

Downloaded from http://dhamma.digital/

बौद्ध धर्म र संस्कृति तथा देश र नरेशको ठूलो सेवा गरेको छ। त्यसै परम्परामा लेखिएको यस पुस्तकमा निहित उच्चस्तरको धर्म र ज्ञानको कुरा पाठकलाई निश्चय नै उपयोगी हुनेछ भन्ने मेरो दृढ विश्वास रहेको छ।

**डा. राम निवास पाण्डेय**
प्राध्यापक एवं अध्यक्ष
नेपाली इतिहास, संस्कृति र पुरातत्व विषय समिति
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर, काठमाडौं।

आश्विन पूर्णिमा
वि.सं. २०४३

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# प्राक्कथन

प्रस्तुत पुस्तक “बुद्धकालीन परिव्राजकहरू” को तेस्रो भाग हो । यसबाट ‘बुद्धकालीन परिव्राजकहरू’ सँग सम्बन्धित संग्रहको काम समाप्त भएको छ। यस संग्रहमा जम्मा १७ जना परिव्राजकहरूका कुरा संग्रहित भएका छन्। यसमा २१ सूत्रको अनुवाद भएको छ। जुन यसप्रकार छन्–

(१) दीघनिकायबाट ४, (२) मज्झिमनिकायबाट ५, (३) संयुत्तनिकायबाट ४, (४) अङ्गुत्तरनिकायबाट ६, (५) सुत्तनिपातबाट ४, (६) महावग्गपालिबाट १।

माथि उल्लिखित १७ जना पात्रहरूका नाम र तिनका यीसँग सम्बन्धित सूत्रहरू यसप्रकार छन्–

(१) भग्गवगोत्तिय परिव्राजक

| पृ.[1] | | पृ.[2] |
|---|---|---|
| १. दी. नि. III. पृ. ३ : पाथिकसुत्तं, पाथिकवग्गो | | ४ |

---

१. यहाँ दिएको पृष्ठ नालन्दा प्रकाशनको हो ।

२. यहाँ दिएको पृष्ठ यसै पुस्तकको हो ।

Downloaded from http://dhamma.digital/

(२) मागण्डिय परिव्राजक

१. म. नि. II. पृ. १९८ : मागण्डियसुत्तं ३०

(३) मुण्डिय परिव्राजक

१. दी. नि. I. पृ. १३४ : महालिसुत्तबाट, सीलक्खन्धवग्गो ३३

(४) मोलिय सीवक परिव्राजक

१. सं. नि. III. पृ. २०४ : सीवकसुत्तं, वेदनासंयुत्तं ४१
२. अं. नि-६, पृ. ७० : पठम सन्दिट्ठिकसुत्तं, धम्मिकवग्गो ४४

(५) वेखनस परिव्राजक

१. म. नि. II. पृ. २६७ : वेखनससुत्तं ४८

(६) सञ्जय परिव्राजक

१. महा. व. पा. पृ. ३८ : सारिपुत्तमोग्गल्लानपब्बज्जाकथा महाखन्धकं ५८

(७) सच्चक निगण्ठपुत्र

१. म. नि. I. पृ. २८० : चूलसच्चकसुत्तं ७०
२. म. नि. I. पृ. २९१ : महासच्चकसुत्तं ८८

(८) सज्झ परिव्राजक

१. अं. नि-९, पृ. १८ : सज्झसुत्तं, सम्बोधिवग्गो १०४

(९) सन्दक परिव्राजक

१. म. नि. II. पृ. २११ : सन्दकसुत्तं १०८

Downloaded from http://dhamma.digital/

(१०) सभिय परिव्राजक

१. सुत्त. नि. पृ. ३४४ : सभियसुत्तं, महावग्गो १३९

(११) सरभ परिव्राजक

१. अं. नि-३, पृ. १७१ : सरभसुत्तं, महावग्गो १६०

(१२) सामण्ड परिव्राजक

१. सं. नि. III. पृ. २३३ : सामण्डकसुत्तं, सामण्डकसंयुत्तं १६६
२. अं. नि-१०, पृ. १९२ : पठम सुखसुत्तं, यमकवग्गो १६८
३. अं. नि-१०, पृ. १९६ : दुतिय सुखसुत्तं, यमकवग्गो १७०

(१३) सुतवा परिव्राजक

१. अं. नि-९, पृ. १७ : सुतसुत्तं, सम्बोधिवग्गो १७४

(१४) सुप्पिय परिव्राजक

१. दि. नि. I. पृ. १ : ब्रह्मजालसुत्तं, सीलक्खन्धवग्गो १८३

(१५) सुभद्द परिव्राजक

१. दि. नि. II. पृ. ११५ : सुभद्दपरिब्बाजकवत्थु,
महापरिनिब्बानसुत्तंबाट, महावग्गो २६०

(१६) सुसीम परिव्राजक

१. सं. नि. II. पृ. १०२ : सुसीमपरिब्बाजकसुत्तं, निदानसंयुत्तं २७२

(१७) सूचिमुखी परिव्राजिक

१. सं. नि. II. पृ. ४५३ : सूचिमुखीसुत्तं, सारिपुत्तसंयुत्तं २८६

Downloaded from http://dhamma.digital/

प्रथम, द्वितीय र तृतीय भागमा गरी जम्मा पचासजना परिव्राजकहरूको संग्रह भएको छ जसमा एकशय पाँच (१०५) सूत्रहरूको अनुवाद भएको छ। कुन कुन ग्रन्थबाट के कति सूत्रहरू संग्रहित भएका छन् भन्ने कुरा तल दिएको तालिकाबाट प्रष्ट हुनेछ।

| | बु.प.भा-१ | बु.प.भा-२ | बु.प.भा-३ | जम्मा |
|---|---|---|---|---|
| दीघनिकाय : | ७+ | ५+ | ४= | १६ |
| अङ्गुत्तरनिकाय : | ७+ | ५+ | ६= | १८ |
| मज्झिमनिकाय : | ९+ | ६+ | ५= | २० |
| संयुत्तनिकाय : | ३८+ | ५+ | ४= | ४७ |
| उदानपालि : | x+ | १+ | x= | १ |
| महावग्गपालि : | x+ | १+ | १= | २ |
| सुत्तनिपातपालि : | x+ | x+ | १= | १ |
| | ६१+ | २३+ | २१= | १०५ |

पालिसाहित्यका कुरा राष्ट्र भाषा नेपालीमा पनि उपलब्ध हुन सकोस् भन्ने एक मात्र उद्देश्य लिई शुरु गरिएको यस बुद्धकालीनको प्रकाशन पहिलो पटक चैत्र २५ गते २०२८ वि.सं. मा भएको थियो। त्यहाँदेखि निरन्तररूपले आजसम्म यही काममा लाग्न सकेकोमा मलाई आत्म सन्तुष्टी हुनु स्वभाविकै हो। त्यसताका गरेको कल्पना अनुसार मैले दश (१०) शीर्षकहरूलाई लिएर लेख्ने जुन सोचेको थिएँ तीमध्ये आठ (८) शीर्षकका नाम (पालिसाहित्यमा खोज गरी संग्रह गर्ने काम) यस संग्रहबाट पूरा भएको छ। अब बुद्धकालीन श्रावक र श्राविका

Downloaded from http://dhamma.digital/

चरित सम्बन्धी विषयमा खोज गरी संग्रह गर्ने काम बाँकी नै रहेको छ। बाँचिरहेका खण्डमा यो पनि भविष्यमा पूरा गर्न सक्नेछु भन्ने विश्वास लिएको छु।

प्रस्तुत संग्रह तीसौं (३०) संग्रह हो। यस संग्रहको काममा शुरुदेखि आजसम्म निरन्तर भाषा संशोधन गरी प्रूफ समेत हेरिदिनु हुने श्री प्रा. वटुकृष्ण 'भूषण' ज्यूलाई कुन शब्दद्वारा आफ्नो आभार व्यक्त गर्ने हो सो म जान्दिन। यदि वहाँको सहयोग र मद्दत नपाएको भए मैले यो काम कहिल्यै सफल पार्न सक्ने थिइन।

प्रस्तुत पुस्तकको छपाइको काम त महीनौं अगाडि सिद्धिएको थियो। किन्तु बैंककको चूलालंकोरन् अस्पतालमा आफ्नो हृदयरोगको उपचारार्थ ४।५ महीना बस्नु परेकोले प्रकाशनमा ढिलाइ हुन गएको हो। काठमाडौं फर्केर पनि पुस्तकको काममा राम्ररी ध्यान दिन सकिन। किनकि पन्ध्रौं विश्व बौद्ध सम्मेलनको तयारीको काममा व्यस्त हुनु पर्दा अलमलिन गयो। पुस्तक छपाइको काम सिद्धिएर पनि नामावली आदि तयार पार्ने काम चाहिं त्यसै थातीमा परेको थियो। जुन काम त्यति सजिलो पनि छैन। आधुनिक युगमा जस्तो सूचि नहुनु पनि उपयुक्त ठान्दिन। हुन त यो सर्वसाधारणको लागि त्यति महत्व हुन सक्दैन। एक-आध खोज गर्ने विद्वत् वर्गको निमित्त भने अवश्य पनि उपकारक हुन सक्छ। अरूलाई केही नभएता पनि आफूलाई त यसको नितान्त आवश्यक महसूस हुन्छ।

शब्दावली तयार पार्ने प्रारम्भिक काममा सधैं झैं आयुष्मान् कुमार काश्यपले दिनुभएको सहयोगको लागि मेरो हार्दिक साधुवाद छ।

Downloaded from http://dhamma.digital/

आफ्नो अमूल्य समय दिनुभई यस ग्रन्थको बारेमा आफ्नो मन्तव्य लेखिदिनु भएका त्रिभुवन विश्वविद्यालयका प्रा. एवं नेपाली इतिहास, संस्कृति र पुरातत्व विषय समितिका अध्यक्ष प्रा. श्री डा. रामनिवास पाण्डेज्यूलाई पनि मेरो धेरै धेरै धन्यवाद छ।

"चिरं तिट्ठतु सद्धम्मो"

– **भिक्षु अमृतानन्द**

आनन्द कुटी विहार,
स्वयम्भू, काठमाडौं,
फो.नं. २२४४२०

कार्तिक १५, २०४३

Downloaded from http://dhamma.digital/

## मूल ग्रन्थहरू—

दीघनिकाय ।

मज्झिमनिकाय ।

संयुक्तनिकाय ।

अङ्गुत्तरनिकाय ।

महावग्गपालि ।

सुत्तनिपातपालि ।

Downloaded from http://dhamma.digital/

## सहायक ग्रन्थहरू—


अङ्गुत्तरनिकायट्ठकथा ।

अपदानपालि ।

अपदानअट्ठकथा ।

चुल्लवग्गपालि ।

जातकपालि ।

थेरगाथट्ठकथा ।

थेरीगाथट्ठकथा ।

दीघनिकायट्ठकथा ।

धम्मपदट्ठकथा ।

पटिसम्भिदामग्गपालि ।

पपञ्चसूदनी ।

मनोरथपूरणी ।

महानिद्देस ।

महावग्गपालि ।

संयुत्तनिकायट्ठकथा ।

सुत्तनिपातट्ठकथा ।

समन्तपासादिका ।

सुमङ्गलविलासिनी ।


Dhamma.Digital

Downloaded from http://dhamma.digital/

## संकेत-शब्दको अर्थ—

अं. नि. = अङ्गुत्तरनिकाय।

अं. नि. अ. क. = अङ्गुत्तरनिकायट्ठकथा।

अ. क. = अट्ठकथा।

अप. दा. पा. = अपदानपालि।

अप. दा. अ. क. = अपदानट्ठकथा।

चुल्ल. व. पा. = चुल्लवग्गपालि।

जा. पा. = जातकपालि।

थेर. गा. अ. क. = थेरगाथट्ठकथा।

थरी. गा. अ. क. = थेरीगाथअट्ठकथा।

दी. नि = दीघनिकायपालि।

दी. नि. अ. क. = दीघनिकायट्ठकथा।

धम्म. प. अ. क. = धम्मपदट्ठकथा।

पटि. म. पा. = पटिसम्भिदामग्गपालि।

पपं. सू. = पपञ्चसूदनी।

बु. गृ. = बुद्धकालीन गृहस्थीहरू।

बु. ब्रा. = बुद्धकालीन ब्राह्मणहरू।

बु. प. = बुद्धकालीन परिव्राजकहरू।

बु. म. = बुद्धकालीन महिलाहरू।

बु. रा. = बुद्धकालीन राजपरिवारहरू।

Downloaded from http://dhamma.digital/

बु. वं. पा. = बुद्धवंसपालि ।

बु. श्रा. च. = बुद्धकालीन श्रावक-चरित ।

म. नि. = मज्झिमनिकाय ।

मनो. र. पू. = मनोरथपूरणी ।

महा. नि. = महानिद्देस ।

महा. व. पा. = महावग्गपालि ।

सं. नि. = संयुत्तनिकाय ।

सं. नि. अ. क. = संयुत्तनिकायट्ठकथा ।

सुत्त. नि. पा. = सुत्तनिपातपालि ।

सुत्त. नि. अ. क. = सुत्तनिपातट्ठकथा ।

सम. पा. = समन्तपासादिका ।

सुमं. वि. = सुमङ्गलविलासिनी ।

D. P. P. = Dictionary of Pali-Proper Names.

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# त्रि–पिटक सूची

अभिधम्म(

१. दीघनिकाय
२. मज्झिमनिकाय
३. संयुत्तनिकाय
४. अङ्गुत्तरनिकाय
५. खुद्दकनिकाय
   १. खुद्दकपाठ
   २. धम्मपद
   ३. उदान
   ४. इतिवुत्तक
   ५. सुत्तनिपात
   ६. विमानवत्थु
   ७. पेतवत्थु
   ८. थेरगाथा
   ९. थेरीगाथा
   १०. जातक
   ११. निद्देस
      क. महानिद्देस
      ख. चूलनिद्देस
   १२. पटिसम्भिदामग्ग
   १३. अपदान
   १४. बुद्धवंश
   १५. चरियापिटक

१. पाराजिकापालि
२. पाचित्तियपालि
} सुत्तविभ□

३. महावग्गपालि
४. चूलवग्गपालि
} खन्धक

५. परिवारपालि

१. धम्मस□णि
२. विभ□
३. धातुकथा
४. पुग्गलपञ्ञत्ति
५. कथावत्थु
६. यमक
७. प□ान

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# विषय–सूची


| | | पृष्ठ: |
|---|---|---|
| (१) | भग्गवगोत्तिय परिव्राजक | १ |
| | परिचय | १ |
| | केही भग्गव नामहरू | ३ |
| १– | सुनक्खत्तले बुद्धधर्म छाडे (पाथिकसुत्तं) | ४ |
| | मलाई ऋद्धिप्रातिहार्य देखाउनु हुन्न | ६ |
| | यो अग्र हो भन्ने कुरा भगवान बताउनु हुन्न | ७ |
| | कोरक्खत्तियमाथि सुनक्खत्त प्रसन्न थिए | ९ |
| | कलारमट्टकमाथि सुनक्खत्त प्रसन्न थिए | १४ |
| | पाथिकपुत्रको खोक्रो घमण्ड | १७ |
| | अग्रज्ञानको बारेमा | १८ |
| | ईश्वर निर्माण वाद | १८ |
| | क्रीडाप्रदूषिका देवता | २१ |
| | मनःप्रदूषिका देवता | २३ |
| | अधिच्चसमुत्पन्न देवता | २५ |
| | शुभ विमोक्ष ध्यान | २६ |


Downloaded from http://dhamma.digital/

| | | | पृष्ठ: |
|---|---|---|---|
| (२) | मागण्डिय परिव्राजक | | २८ |
| | | परिचय | २८ |
| | १– | बुद्ध प्रति घृणा (मागण्डियसुत्तं) | ३० |
| (३) | मुण्डिय परिव्राजक | | ३१ |
| | | परिचय | ३१ |
| | १– | उही जीव उही शरीर (महालिसुत्तंबाट) | ३३ |
| (४) | मोलिय सीवक परिव्राजक | | ३८ |
| | | परिचय | ३८ |
| | १– | पूर्वकृत हेतुले मात्र वेदना हुन्न (सीवकसुत्तं) | ४१ |
| | २– | सान्दृष्टिक धर्म (पठम सन्दिट्ठिकसुत्तं) | ४४ |
| (५) | वेखनस परिव्राजक | | ४६ |
| | | परिचय | ४६ |
| | १– | यही परम वर्ण हो (वेखनससुत्तं) | ४८ |
| | | वैदूर्यमणिको चमक झैं आत्मा | ५० |
| | | काम सुखभन्दा कामाग्र सुख अग्र छ | ५३ |
| (६) | सञ्जय परिव्राजक | | ५६ |
| | | परिचय | ५६ |
| | १– | सारिपुत्र मौद्गल्यायनको प्रव्रज्या (सारिपुत्तमोग्गल्लानपब्बज्जाकथा) | ५८ |

Downloaded from http://dhamma.digital/

पृष्ठः

| | | | |
|---|---|---|---|
| (७) | सच्चक निगण्ठपुत्र | | ५९ |
| | | परिचय | ५९ |
| | १– | सच्चक निगण्ठपुत्र आयुष्मान् अस्सजिकहाँ गए (चूलसच्चकसुत्तं) | ७० |
| | | सच्चक भगवानकहाँ गए | ७२ |
| | | आत्म र अनात्मवाद | ७४ |
| | | चूपलागेका सच्चक | ८२ |
| | | पराजित भएका सच्चकको निम्तो | ८६ |
| | २– | सच्चक निगण्ठपुत्रको प्रश्न (महासच्चकसुत्तं) | ८८ |
| | | कायभावना र चित्तभावना भनेको कस्तो हो | ९१ |
| | | बोधिसत्व चर्या | ९३ |
| | | दुष्कर चर्या | ९४ |
| | | अप्राणक ध्यान | ९५ |
| | | अल्पाहारता | ९६ |
| | | यसले सम्बोधि प्राप्त गर्न सकिन्न | ९६ |
| | | सम्बोधि लाभ | ९७ |
| | | मूढता र अमूढता | ९९ |
| | | भगवान प्रति सच्चकको श्रद्धा | १०१ |
| (८) | सज्भ परिव्राजक | | १०३ |
| | | परिचय | १०३ |

Downloaded from http://dhamma.digital/

| | | | पृष्ठः |
|---|---|---|---|
| | १– | नौवटा कारणहरू अरहत्‌ले गर्न सक्दैन (सज्झसुत्तं) | १०४ |
| (९) | सन्दक परिव्राजक | | १०६ |
| | | परिचय | १०६ |
| | १– | चारवटा ब्रह्मचर्यवास (सन्दकसुत्तं) | १०८ |
| | | चार अब्रह्मचर्यहरू | ११० |
| | | चार आश्वासन नभएका ब्रह्मचर्यहरू | १२० |
| | | तथागतवाद | १२४ |
| | | पूर्वानुस्मृतिज्ञान | १२५ |
| | | च्युति उत्पत्तिज्ञान | १२५ |
| | | आस्रवक्षयज्ञान | १२६ |
| (१०) | सभिय परिव्राजक | | १३० |
| | | परिचय | १३० |
| | | केही सभिय नामहरू | १३८ |
| | १– | सभिय परिव्राजकको प्रश्न (सभियसुत्तं) | १३९ |
| (११) | सरभ परिव्राजक | | १५१ |
| | | परिचय | १५१ |
| | | केही सरभ नामहरू | १५९ |
| | १– | चीवर छाडेर गएका सरभ परिव्राजक (सरभसुत्तं) | १६० |
| | | तीन निर्भीक स्थान | १६२ |


Downloaded from http://dhamma.digital/

| | | | पृष्ठः |
|---|---|---|---|
| (१२) | सामण्डक परिव्राजक | | १६५ |
| | | परिचय | १६५ |
| | १– | केलाई निर्वाण भन्दछन् ? (सामण्डकसुत्तं) | १६६ |
| | २– | सुख दुःख भनेको के हो ? (पठमसुखसुत्तं) | १६८ |
| | ३– | यो धर्ममा के सुख हो ? (दुतियसुखसुत्तं) | १७० |
| (१३) | सुतवा परिव्राजक | | १७२ |
| | | परिचय | १७२ |
| | | केही सुतवा नामहरू | १७३ |
| | १– | नौवटा कारणहरू अरहत्ले गर्न सक्दैन (सुतसुत्तं) | १७४ |
| (१४) | सुप्पिय परिव्राजक | | १७६ |
| | | परिचय | १७६ |
| | | केही सुप्पिय नामहरू | १८२ |
| | १– | सुप्पिय परिव्राजकको कुरा (ब्रह्मजालसुत्तं) | १८३ |
| | | बुद्धमा साधारण कुरा | १८६ |
| | | (क) स्यानो शील | १८६ |
| | | (ख) मध्यम शील | १९० |
| | | (ग) महाशील | १९६ |
| | | बुद्धमा असाधारणता | २०२ |
| | | बयसट्ठी दार्शनिक मतहरू१७० | २०२ |


Downloaded from http://dhamma.digital/

पृष्ठः

(क) पूर्वान्तको सम्बन्धमा १८ धारणाहरू २०३
(१) शाश्वतवाद-४ २०४
(२) केही शाश्वत र अशाश्वतवाद-४ २१०
क्रीडा प्रदूषिका देवता २१३
मनः प्रदूषिका देवता २१४
तार्किक र विमर्शी २१५
(३) अन्तानन्तिकवाद-४ २१७
(४) अमराविक्षेपवाद-४ २२०
(५) आपसेआप उत्पन्न हुने वाद-२ २२५

(ख) अपरान्तको सम्बन्धमा ४४ धारणाहरू २२८
(१) मरणपछि संज्ञा हुन्छ भन्ने वाद-१६ २२९
(२) मरणपछि संज्ञा छैन भन्ने वाद-८ २३०
(३) मरणपछि नैवसंज्ञीनासंज्ञीवाद-८ २३२
(४) उच्छेदवाद-७ २३३
(५) दृष्टधर्म निर्वाणवादी-५ २३७
दृष्टि भनेको त्रास र कम्पन मात्र हो २४१
स्पर्शको कारणले दृष्टि हुन्छ २४४
स्पर्श बाहेक अरू वेदना छैन २४६
संसारचक्र दृष्टिगत छ २४९
दृष्टिजाल २५०

Downloaded from http://dhamma.digital/

पृष्ठः

(१५) सुभद्द परिव्राजक २५३
परिचय २५३
केही सुभद्द नामहरू २५८
१– सुभद्द परिव्राजकको प्रव्रज्या
(सुभद्दपरिब्बाजकवत्थु) २६०

(१६) सुसीम परिव्राजक २६७
परिचय २६७
१– सुसीम परिव्राजक प्रव्रजित भए
(सुसिमपरिब्बाजकसुत्तं) २७२

(१७) सूचिमुखी परिव्राजिक २८५
परिचय २८५
१– तल र माथि हेरी खाने (सूचीमुखीसुत्तं) २८६

नामावली २९१
शब्दावली ३०७
गाथा-सूची ४००

Downloaded from http://dhamma.digital/

# बुद्धकालीन परिब्राजकहरू

(भाग-३)

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# ३४।१. भग्गवगोत्तिय परिब्राजक

## प रि च य

यी भग्गवगोत्तिय (भार्गवगोत्रीय) परिब्राजक वस्त्रधारी एक परिब्राजक हुन् । यिनी अनुप्रिय भन्ने मल्लहरूको निगममा बस्दथे । एक समय, भगवान बुद्ध यिनको आराममा जानुभएको थियो । त्यसबखत यिनले उहाँको स्वागत गरेका थिए । अनि यिनले भगवानलाई सुनक्खत्त लिच्छवीपुत्रले आफूलाई सुनाएको र भगवान बुद्धलाई छाडेको कुरा सुनाए । यिनीचाहिं सुनक्खत्त लिच्छवीपुत्रका गृही साथी थिए[1] । त्यसैले सुनक्खत्त लिच्छवीपुत्र यिनकहाँ बरोबर जाने गर्थे । यस्तो कुरा सुनाउँदा भगवानले “हो, उनले मलाई छाड्ने कुरा भनेका थिए” भनी भन्नुभयो र यसै सिलसिलामा भगवानले सुनक्खत्त लिच्छवीपुत्रसँग भएका अनेक कुराहरू भग्गवगोत्तिय परिब्राजक-

---

१. दी. नि. अ. क. III. पृ. १३४ : पाथिकसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

लाई सुनाउनुभयो। जसको व्याख्या अगाडि अनुदित मूल सूत्रमा भएको छ।

जब भगवानले यस प्रसंगमा भग्गगोत्तिय परिव्राजकलाई अनेक उपदेश पनि सुनाउनुभयो तब आफू भगवानप्रति निक्कै प्रसन्न भएको कुरा व्यक्त गरेका थिए। भगवानले सो प्रसन्नता सधैं कायम रहोस् भनी भन्नुभयो।

x x x

Downloaded from http://dhamma.digital/

## केही भग्गव नामहरू

(१) भग्गव– यो ती आचार्यको नाम हो जसकहाँ भगवान महाभि-निष्क्रमणपछि राजगृहबाट आलार कालाम र उद्दक रामपुत्रकहाँ जानुभन्दा अगाडि जानुभएको थियो। थेरी. गा. अ. क. पृ. २ : निवानकथा।

(२) भग्गव– यो चाहिं अंगुलिमालका पिताको नाम हो। भगवानको पालामा कोशल राजाका भग्गव भन्ने ब्राह्मण पुरोहित थिए। यिनकै पुत्र अंगुलिमाल थिए। थेरी. गा. अ. क. II. पृ. ५७ : अंगुलिमालत्थेर गाथट्ठकथा।

(३) भग्गव– यो चाहिं राजगृहवासी एक कुमालेको नाम हो। यिनकै शालामा भगवानको तक्षशिलाका पुक्कुसातिलाई भेट्नुभएको थियो। म. नि. III. पृ. ३२२ : धातुविभङ्गसुत्तं।

यस्तै गरी म. नि. II. पृ. २७८ : घटिकारामसुत्तमा पनि घटिकार कुमालेलाई 'भग्गव' (= भार्गव) भनिएको छ। हेर लेखकको बु. गृ. भा-२, पृ. २०७ मा।

(४) भग्गव– यो नाम जा. पा. I-II. पृ. ४२ : कच्छपजातक नं. १७८ र १५८ : कुम्भकारजातक नं. ४०८ मा उल्लेख भएका छन्।

(५) भग्गवगोत्तिय (परिव्राजक)– यो चाहिं यिनै परिव्राजकको नाम हो जसको कुरा यहाँ अगाडि उल्लेख भएको छ।

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## सुनक्खत्तले बुद्धधर्म छाडे

(पाथिकसुत्तं[१])

यस्तो मैले सुनें।

एक समय मल्लहरूको अनुप्पिय (= अनुप्रिय) भन्ने मल्लहरूको एक निगममा भगवान बस्नुभएको थियो। अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षाटन्को निमित्त अनुप्पियमा पस्नुभयो। अनि भगवानलाई यस्तो लाग्यो– "भिक्षाटन्को निमित्त अनुप्पियमा जान अझै धेरै समय बाँकी छ। अतः किन म यहाँ भग्गवगोत्तीय (= भार्गवगोत्रीय) परिव्राजकको आराम हो जहाँ भग्गवगोत्तीय परिव्राजक छन् त्यहाँ नजाऊँ।"

अनि भगवान जहाँ भग्गवगोत्तीय परिव्राजकको आराम हो जहाँ भग्गवगोत्तीय (= भार्गवगोत्रीय) परिव्राजक थिए त्यहाँ जानु भयो। अनि भग्गवगोत्तीय परिव्राजकले भगवानलाई यस्तो भने– "भन्ते भगवान ! आउनुहोस् ! भन्ते ! भगवानको स्वागत छ।

---

१. दी. नि. III. पृ. ३; अ. क. III. पृ. १३३.

Downloaded from http://dhamma.digital/

धेरै दिनपछि भगवानले यहाँ आउने काम गर्नुभयो। भन्ते भगवान ! बस्नुहोस्। यो आसन बिच्छ्याइएको छ।” अनि बिच्छ्याइएको आसनमा उहाँ बस्नुभयो। भग्गगोत्तीय परिव्राजक पनि एक होचो आसन लिई एक छेउमा बसे। एक छेउमा बसेका भग्गवगोत्तीय परिव्राजकले भगवानलाई यस्तो भने—

“भन्ते ! केही दिन अघि सुनक्खत्त लिच्छवीपुत्र मकहाँ आएका थिए। मकहाँ आएर मलाई यस्तो भने– ‘भग्गव ! (= भार्गव) अब मैले भगवानलाई छाडिसकें। अब म भगवानको नाममा बस्दिन।’ भन्ते ! सुनक्खत्त लिच्छवीले भनेका यी कुरा सत्य हुन् ?”

“भार्गव ! (भग्गव) सुनक्खत्त लिच्छवीपुत्रले भनेका ती कुरा त्यस्तै हुन्। भार्गव ! केही दिन अघि सुनक्खत्त लिच्छवीपुत्र मकहाँ आएका थिए। मकहाँ आई मलाई वन्दना गरी एक छेउमा बसे। भार्गव ! एक छेउमा बसेका सुनक्खत्त लिच्छवीपुत्रले मलाई यस्तो भने– ‘भन्ते ! अब म भगवानलाई छाड्छु। भन्ते ! अब म भगवानको नाममा बस्ने छैन।’ भार्गव ! यस्तोभन्दा सुनक्खत्त लिच्छवीपुत्रलाई मैले यस्तो भनें– ‘सुनक्खत्त ! के मैले तिमीलाई ‘सुनक्खत्त ! आऊ मेरो नाममा बस’ भनी भनेको छु’ ?”

“भन्ते ! भन्नुभएको छैन।”

“तिमीले मलाई ‘भन्ते ! म भगवानको नाममा बस्नेछु’ भनी भनेकाछौ ?”

“भन्ते ! भनेको छैन।”

Downloaded from http://dhamma.digital/

"सुनक्खत्त ! त्यसोभए मैले तिमीलाई 'सुनक्खत्त ! आऊ मेरो नाममा बस' भनी भनेको छैन, न त तिमीले 'भन्ते ! म भगवानको नाममा बस्नेछु' भनी भनेकाछौ। हे मोघपुरुष ! त्यसोभए कसले कसलाई छाडेको छ ? हे मोघपुरुष ! हेर यो तिम्रो अपराध (= दोष ) हो' ।"

## मलाई ऋद्धिप्रातिहार्य देखाउनु हुन्न

(सुनक्खत्त भन्छन्–) 'भन्ते ! भगवानले मलाई अलौकिक ऋद्धिप्रातिहार्य देखाउनु हुन्न ।'

"सुनक्खत्त ! के त मैले तिमीलाई– 'आऊ सुनक्खत्त ! मेरो नाममा बस, म तिमीलाई अलौकिक ऋद्धिप्रातिहार्य देखाउनेछु' भनी भनेकोछु' ?"

"भन्ते ! भन्नुभएको छैन ।"

"के त तिमीले मलाई 'भन्ते ! म भगवानको नाममा बस्नेछु, भगवानले मलाई अलौकिक ऋद्धिप्रातिहार्य देखाउनु हुनेछ' भनी भनेका छौ' ?"

"भन्ते ! भनेको छैन ।"

"सुनक्खत्त ! न मैले तिमीलाई 'सुनक्खत्त ! आऊ मेरो नाममा बस म तिमीलाई अलौकिक ऋद्धिप्रातिहार्य देखाउनेछु' भनी भनें, न त तिमीले मलाई 'भन्ते ! म भगवानको नाममा बस्नेछु, भगवानले मलाई अलौकिक ऋद्धिप्रातिहार्य देखाउनु हुनेछ' भनी भन्यौ । हे मोघपुरुष !

Downloaded from http://dhamma.digital/

त्यसोभए कसले कसलाई छाड्ने त ? सुनक्खत्त ! अलौकिक ऋद्धिप्रातिहार्य देखाए पनि नदेखाए पनि जसको निमित्त म धर्मोपदेश गर्छु त्यस अनुसार काम गर्नेको सम्यक्रूपले दुःखक्षय हुन्छ कि हुन्न त ? यसमा तिमी के भन्छौ' ?"

"भन्ते ! अलौकिक ऋद्धिप्रातिहार्य देखाउनु भए पनि नदेखाउनु भए पनि जसको निमित्त तपाईले धर्मोपदेश गर्नुहुन्छ त्यस अनुसार काम गर्नेको सम्यक्रूपले दुःखक्षय हुन्छ' ।"

"सुनक्खत्त ! अलौकिक ऋद्धिप्रातिहार्य देखाए पनि नदेखाए पनि जसको निमित्त म धर्मोपदेश गर्छु त्यस अनुसार काम गर्नेको सम्यक्रूपले दुःखक्षय हुन्छ' ।"

"सुनक्खत्त ! त्यसोभए त्यहाँ अलौकिक ऋद्धिप्रातिहार्यले के गर्छ त ? हे मोघपुरुष ! हेर यो तिम्रो अपराध' !"

Dhamma.Digital

## यो अग्र हो भन्ने कुरा भगवान बताउनु हुन्न

(सुनक्खत्त भन्छन्–) 'भन्ते ! भगवानले मलाई यो अग्र हो भन्ने कुरा बताउनु हुन्न ।'

"सुनक्खत्त ! के त मैले तिमीलाई– 'आऊ सुनक्खत्त ! मेरो नाममा बस, म तिमीलाई यो अग्र हो भन्ने कुरा बताउँछु' भनी भनेको छु' ?"

"भन्ते ! भन्नुभएको छैन ।"

Downloaded from http://dhamma.digital/

"के त तिमीले मलाई 'भन्ते ! म भगवानको नाममा बस्नेछु, भगवानले मलाई यो अग्र हो भन्ने कुरा बताउनु हुनेछ' भनी भनेकाछौ' ?"

"भन्ते ! भनेको छैन ।"

"सुनक्खत्त ! न मैले तिमीलाई 'सुनक्खत्त ! आऊ मेरो नाममा बस म तिमीलाई यो अग्र हो भन्ने कुरा बताउनेछु' भनी भनें, न त तिमीले मलाई 'भन्ते ! म भगवानको नाममा बस्नेछु, भगवानले मलाई यो अग्र हो भन्ने कुरा बताउनु हुनेछ' भनी भन्यौ । हे मोघपुरुष ! त्यसोभए कसले कसलाई छाडने त ? सुनक्खत्त ! यो अग्र हो भन्ने कुरा भनेता पनि नभने तापनि जसको निमित्त म धर्मोपदेश गर्छु त्यस अनुसार काम गर्नेको सम्यक्रूपले दुःखक्षय हुन्छ कि हुन्न त ? यसमा तिमी के भन्छौ' ?"

"भन्ते ! यो अग्र हो भन्ने कुरा बतााउनु भए पनि नभए पनि जसको निमित्त भगवानले धर्मोपदेश गर्नुहुन्छ त्यस अनुसार काम गर्नेको सम्यक्रूपले दुःखक्षय हुन्छ' ।"

"सुनक्खत्त ! त्यहाँ यो अग्र हो भनी भने पनि के गर्न सक्छ र ! हे मोघपुरुष ! हेर यो तिम्रो अपराध । सुनक्खत्त ! अनेकप्रकारले वृजी गाउँमा मेरो वर्णन गरिएको छ । जस्तै– उहाँ भगवान अरहत् सम्यक् सम्बुद्ध हुनुहुन्छ, ... [१] तथा भगवान हुनुहुन्छ । सुनक्खत्त ! यसरी

१. यहाँका बाँकी कुरा लेखकको बु. गृ भा-२, पृ. ३६५ मा हेर्नू ।

Downloaded from http://dhamma.digital/

अनेकप्रकारले वृजी गाउँमा मेरो वर्णन गरिएको छ । सुनक्खत्त ! अनेकप्रकारले वृजी गाउँमा धर्मको वर्णन गरिएको छ। जस्तै– भगवानको धर्म सु-आख्यात छ, ... [1] तथा विज्ञहरूले प्रत्यक्ष अनुभव गर्न सक्ने छन् । सुनक्खत्त ! यसरी अनेकप्रकारले वृजी गाउँ**मा धर्मको वर्णन गरिएको छ । सुनक्खत्त** ! **अनेकप्रकारले वृजी गाउँ**मा सङ्घको वर्णन गरिएको छ । जस्तै– भगवानको श्रावकसङ्घ सु-प्रतिपन्न छ, ... [2] र लोकवासीहरू अनुपम पुण्यक्षेत्र हो । सुनक्खत्त ! यसरी अनेकप्रकारले वृजी गाउँमा सङ्घको वर्णन गरिएको छ। सुनक्खत्त ! म तिमीलाई भन्दछु, सुनक्खत्त ! म तिमीलाई बताउँछु। सुनक्खत्त ! तिमीलाई (अरूले) यस्तो भन्नेछन्– सुनक्खत्त लिच्छवीपुत्रले श्रवण गौतमको शासनमा ब्रह्मचर्य पालन गर्न सकेनन् त्यसैले उनले शिक्षा र चीवर छोडेर गए ।' सुनक्खत्त ! यस्तो तिमीलाई भन्नेछन् ।"

"भार्गव ! मैले यस्तोभन्दा पनि सुनक्खत्त लिच्छवीपुत्र जस्तै नरकगामी पुरुष नरकमा जान्छ। त्यस्तैगरी यो धर्मबाट विमुख भएर गए[3] ।"

## कोरक्खत्तियमाथि सुनक्खत्त प्रसन्न थिए

"भार्गव ! एक समय म थूलु (जनपद) को उत्तरका भन्ने

१. यहाँका बाँकी कुरा लेखकको बु. गृ. भा-२, पृ. २५६ मा हेर्नू ।

२. यहाँका बाँकी कुरा लेखकको बु. गृ. भा-२, पृ. २५६ मा हेर्नू ।

३. भनाइको मतलब चीवर छाडेर गए भनिएको हो ।

Downloaded from http://dhamma.digital/

निगममा बसेको थिएँ। भार्गव ! अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी श्रमण सुनक्खत्त लिच्छवीपुत्रलाई पछाडि राखी उत्तरका भन्ने निगममा भिक्षाटन्को निमित्त गएँ । त्यस समय अचेल कोरक्खित्तिय कुकुरको व्रत पालन गरी हात खुट्टा भुइँमा टेकी (घुँडा र कुहिनाले टेकी) भुइँमा राखेको खानेपदार्थ चाटेर[1] खान्थे। भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्रले कुकुरको व्रत पालन गर्ने हात खुट्टा भुइँमा टेकी भुइँमा राखेको खानेपदार्थ मुखले चाटेर खाने कुकुरको व्रत पालन गर्ने अचेल कोरक्खत्तियलाई देखे । देखेर उसको मनमा यस्तो लाग्यो– 'यी श्रमण (अरहत्) सुन्दर छन्। जो हात खुट्टा भुइँमा टेकी भुइँमा राखेको खाने पदार्थ मुखले टिपी खान्छन्' ।"

"भार्गव ! अनि मैले सुनक्खत्त लिच्छवीपुत्रको मनको कुरा बुझी सुनक्खत्त लिच्छवीपुत्रलाई यस्तो भनें– 'हे मोघपुरुष ! के तिमी पनि आफूलाई श्रमण शाक्यपुत्र भन्छौ' ?"

'भन्ते ! किन मलाई भगवानले 'के तिमी पनि आफूलाई श्रमण शाक्यपुत्र भन्छौ ?' भनी भन्नुभएको ?'

'सुनक्खत्त ! यी कुकुरको व्रत पालन गर्ने अचेल कोरक्खत्तियलाई देखेर तिम्रो मनमा यस्तो लागेको होइन ?– यी श्रमण (अरहत्) सुन्दर छन्। जो हात गोडा भुइँमा टेकी भुइँमा राखेको खानेपदार्थ मुखले टिपी खान्छन्।'

१. कुकुरले जस्तै कुनै पनि वस्तु हातले नछोई चाटेर खान्थे।

Downloaded from http://dhamma.digital/

'भन्ते ! हो । के भगवान (यी) अरहत् प्रति ईर्ष्या गर्नुहुन्छ ?'

'हे मोघपुरुष ! न म अरहत् प्रति ईर्ष्या गर्छु । किन्तु तिम्रै यो पापक[1] दृष्टि उत्पन्न भयो । त्यसलाई दूर गर । तिमीलाई दीर्घकालसम्म अहित र दुःख नहोस् । सुनक्खत्त ! जुन यी अचेल कोरक्खत्तियलाई असल श्रमण (अरहत्) हुन् भनी ठानेका छौं अर्को सातौं दिनमा अजीर्ण (अलसक) रोगले मृत्यु हुनेछ । मृत्यु भएपछि कालकञ्चिक भन्ने असुरहरूको सबभन्दा तल्लो असुरकायमा उत्पन्न हुनेछन् । मृत्युपछि उसलाई बीरणस्थम्भ नामक (कुशभन्दा लामा लामा घाँस भएको) श्मशानमा छाड्ने छन् । सुनक्खत्त ! यदि तिमी चाहन्छौ भने अचेल कोरक्खत्तियकहाँ गई[2] सोध– 'आवुसो कोरक्खत्तिय ! तिमीलाई आफ्नो गति थाहा छ के ?' सुनक्खत्त ! अचेल कोरक्खत्तियले तिमीलाई 'आवुसो सुक्खत्त ! म आफ्नो गति जान्दछु । कालकञ्चिक भन्ने असुरहरूको सबभन्दा तल्लो असुरकायमा म उत्पन्न भएँ' भनी आफ्नो गति बताउन सक्छन् ।

---

१. अरहन्तलाई अरहन्त होइन, अरहन्त नहुनेलाई अरहन्त भन्ने विचारलाई यहाँ 'पापक दृष्टि' भनिएको हो । दी. नि. अ. क. III. पृ. १३८ : पाथिकसुत्तवण्णना ।

२. उनी मरेपछि मसानमा गई उनको मृत्यु शरीरसँग सोध भनिएको हो ।

Downloaded from http://dhamma.digital/

"भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्र जहाँ अचेल कोरक्खत्तिय थिए त्यहाँ गए[१] । त्यहाँ गएर अचेल कोरक्खत्तियलाई यस्तो भने– 'आवुसो कोरक्खत्तिय ! श्रमण गौतमले यस्तो भविष्यवाणी गरे– सातौं दिनमा अजीर्ण रोगले अचेल कोरक्खत्तियको मृत्यु हुनेछ। मृत्यु भएपछि कालकञ्चिक भन्ने असुरहरूको सबभन्दा तल्लो जुन असुरकाय हो त्यहाँ उत्पन्न हुनेछन् । मृत्यु भएपछि उनलाई वीरणस्थम्भ भन्ने श्मशानमा फाल्नेछन् ।' आवुसो कोरक्खत्तिय ! अब तिमीले मात्रा जानेर भोजन गर, मात्रा जानेर पानी पिऊ ता कि श्रमण गौतमको वचन झूटो होस्' ।"

"भार्गव ! अनि सुनक्खत्तले एक दुइ गरी सात दिनसम्म गिन्ति गरे। किन कि उसलाई तथागतको कुरामा विश्वास थिएन। भार्गव अनि सातौं दिनमा अजीर्ण रोगद्वारा अचेल कोरक्खत्तियको मृत्यु भयो । मृत्यु पछि उनी कालकञ्चिक भन्ने असुरहरूको सबभन्दा तल्लो असुरकायमा उत्पन्न भए। मृत्यु भएपछि बीरणस्थम्भ भन्ने श्मशानमा फालिदिए ।"

"भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्रले अजीर्ण रोगद्वारा अचेल कोरक्खत्तियको मृत्यु भयो र उनलाई वीरणस्थम्भ भन्ने श्मशानमा फालिदिए' भन्ने खबर सुने । भार्गव अनि सुनक्खत्त लिच्छवीपुत्र जहाँ वीरणस्थम्भ भन्ने श्मशान हो, जहाँ अचेल

१. भिक्षाटन् गरिसकेपछि विहारबाट निस्केर सुनक्खत्त त्यहाँ गएका हुन् । दी. नि. अ. क. III. पृ. १३८ : पाथिकसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

कोरक्खत्तियको शब थियो त्यहाँ गए[1]। त्यहाँ गएर अचेल कोरक्खत्तियलाई (मृत्यु शरीरलाई) तीनबार हातले पिटेर 'आवुसो कोरक्खत्तिय ! तिमी आफ्नो गति जान्दछौ के ?' भनी सोधे। भार्गव ! अचेल कोरक्खत्तिय हातले पिठ्यूँ सुम्सुम्याउँदै उठेर 'आवुसो सुनक्खत्त ! म आफ्नो गति जान्दछु । जुन कालकञ्चिक भन्ने असुरहरूको सबभन्दा तल्लो असुरकाय हो त्यहाँ म उत्पन्न भएँ' भनी उहीं चिन्ता परी लड्यो।"

"भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्रले जहाँ म थिएँ त्यहाँ आए। त्यहाँ आएर मलाई अभिवादन गरी एक छेउमा बसे। भार्गव एक छेउमा बसेका सुनक्खत्त लिच्छवीपुत्रलाई मैले यस्तो भनें– सुनक्खत्त ! जस्तो मैले अचेल कोरक्खत्तियको सम्बन्धमा भविष्यवाणी गरें सो त्यस्तै भयो कि अन्यथा भयो त' ?"

"भन्ते ! भगवानले अचेल कोरक्खत्तियको सम्बन्धमा जस्तै भविष्यवाणी गर्नुभयो सो त्यस्तै भयो अन्यथा भएन।"

"सुनक्खत्त ! यदि यस्तो हो भने अलौकिक ऋद्धिप्रातिहार्य देखाएको हुन्छ कि हुँदैन ? यसमा तिमी के भन्छौ त ?"

---

१. त्यस समयमा मृत्यु शरीरलाई श्मशानमा त्यसै छाडेर आउने चलन थियो। मृत शरीरले के बोल्न सक्ला भन्ने मनमा राखी श्मशानमा गएर सुनक्खत्त लिच्छवीपुत्रले कुरा सोधे। बोलेन भने बुद्धलाई आरोप लगाउनेछु भन्ने पनि मनमा राखेका थिए। तर बुद्धको ऋद्धिप्रभावद्वारा मृत शरीरले कुरा गऱ्यो। दी. नि. अ. क. III. पृ. १३७-३८ : पाथिकसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

"भन्ते ! यदि यस्तो भएमा अवश्य पनि अलौकिक ऋद्धिप्रातिहार्य देखाएको हुनेछ, न देखाएको हुनेछैन ।"

"हे मोघपुरुष ! यसरी अलौकिक ऋद्धिप्रातिहार्य देखाउँदा पनि तिमी मलाई 'भन्ते ! भगवानले मलाई अलौकिक ऋद्धिप्रातिहार्य देखाउनु हुन्न' भनी भन्छौ । हे मोघपुरुष ! हेर तिम्रो यो अपराध ।"

"भार्गव ! मैले यस्तो भन्दा पनि जस्तै नरकगामी पुरुष नरकमा जान्छ त्यस्तै गरी सुनक्खत्त लिच्छवीपुत्र यो धर्मविनयबाट विमुख भएर गए ।"

## कलारमट्टकमाथि सुनक्खत्त प्रसन्न थिए

"भार्गव ! एक समय, वैशाली स्थित महावनको कूटागारशालामा म बसेको थिएँ । त्यसबखत अचेल कलारमट्टक वैशालीमा बसेका थिए जो वृजी गाउँमा लाभी तथा यशलाभी थिए । उनले सातवटा व्रत ग्रहण गरेका थिए । जस्तै– (१) जीवनभर नांगो रहनेछु र वस्त्र लगाउने छैन, जीवनभर ब्रह्मचरी रहनेछु र मैथुन सेवन गर्ने छैन, (३) जीवनभर रक्सी र मासुले यापन गर्नेछु र भात रोटी खाने छैन, (४) वैशालीको पूर्वतिरको उदेन भन्ने चैत्यभन्दा उता जाने छैन, (५) वैशालीको दक्षिणतिरको गोतमक भन्ने चैत्यभन्दा उता जाने छैन, (६) वैशालीको पश्चीमतिरको सत्तम्ब भन्ने चैत्यभन्दा उता जाने छैन र (७) वैशालीको उत्तरतिरको बहुपुत्त भन्ने

Downloaded from http://dhamma.digital/

चैत्यभन्दा उता जाने छैन। यी सातवटा व्रत पालनको कारणबाट उनी वृजी गाउँमा लाभी र यशलाभी थिए।"

"भार्गव ! अनि जहाँ अचेल कलारमट्टक थिए त्यहाँ सुनक्खत्त लिच्छवीपुत्र गए। त्यहाँ गएर अचेल कलारमट्टकसँग प्रश्न सोधे। अचेल कलारमट्टकले उनको प्रश्नको उत्तर राम्ररी दिन सकेनन्। राम्ररी उत्तर दिन नसकेपछि उनले कोप, द्वेष र असन्तोष प्रकट गरे। भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्रको मनमा यस्तो लाग्यो– 'सज्जन भएका यी अरहन्त श्रमणलाई मैले होच्याएँ। यसबाट मलाई दीर्घकालसम्म अहित र दुःख हुन नपाओस्।"

"भार्गव ! अनि जहाँ म थिएँ त्यहाँ सुनक्खत्त लिच्छवीपुत्र आए। मकहाँ आएर मलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका सुनक्खत्त लिच्छवीपुत्रलाई मैले यस्तो भनें– हे मोघपुरुष ! तिमी पनि श्रमण शाक्यपुत्रीय भन्छौ ?"

"भन्ते ! किन भगवानले मलाई 'हे मोघपुरुष ! तिमी पनि श्रमण शाक्यपुत्रीय भन्छौ ?' भनी भन्नुहुन्छ ?"

"भार्गव ! अचेल कलारमट्टककहाँ गई तिमीले प्रश्न सोधेका होइनौ ? अचेल कलारमट्टकले तिम्रो प्रश्नको उत्तर राम्ररी दिन सकेनन्। राम्ररी उत्तर दिन नसकेपछि कोप, द्वेष र असन्तोष प्रकट गरे। अनि तिमीलाई यस्तो लाग्यो– 'सज्जन भएका यी अरहन्त श्रमणलाई मैले होच्याएँ। यसबाट मलाई दीर्घकालसम्म अहित र दुःख हुन नपाओस्।"

Downloaded from http://dhamma.digital/

"भन्ते ! हो । भन्ते ! के भगवान (यी) अरहन्त प्रति ईर्ष्या गर्नु हुन्छ ?"

"हे मोघपुरुष ! न म अरहन्त प्रति ईर्ष्या गर्छु । किन्तु तिम्रै यो पापक दृष्टि उत्पन्न भयो । त्यसलाई दूर गर । तिमीलाई दीर्घकालसम्म अहित र दुःख नहोस् । सुनक्खत्त ! तिमीले जुन यी अचेल कलारमट्टकलाई सज्जन श्रमण हुन् भनी ठानेकाछौ केही समयमै यिनले वस्त्र लगाई, भार्या सहित विचरण गरी, भात रोटी खाई तथा वैशालीका सबै चैत्यहरू पार गर्नेछन् र यशबाट पराङ्सुख भएका यिनको मृत्यु हुनेछ ।"

"भार्गव ! अनि केही समयमैवस्त्र लगाई भार्या सहित भात रोटी खाँदै विचरण गर्दै सबै वैशालीका चैत्यहरू पार गरेपछि यशबाट पराङ्मुख भएका अचेल कलारमट्टकको मृत्यु भयो । भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्रले 'अचेल कलारमट्टक वस्त्र लगाई ... यशबाट पराङ्मुख भएका यिनको मृत्यु भयो' भन्ने कुरा सुने । भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्र जहाँ म थिएँ त्यहाँ आए । मकहाँ आई मलाई अभिवादन गरी एक छेउमा बसे । भार्गव ! एक छेउमा बसेका सुनक्खत्त लिच्छवीपुत्रलाई मैले यस्तो भनें– 'सुनक्खत्त ! अचेल कलारमट्टकको सम्बन्धमा जुन मैले भविष्यवाणी गरें त्यो त्यस्तै भयो कि अन्यथा ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! जुन भगवानले अचेल कलारमट्टकको सम्बन्धमा भविष्यवाणी गर्नुभयो त्यो त्यस्तै भयो अन्यथा भएन ।"

Downloaded from http://dhamma.digital/

"सुनक्खत्त ! यदि यस्तो भएमा अलौकिक ऋद्धिप्रातिहार्य देखाएको हुन्छ कि हुँदैन त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! यदि यस्तो भएका अवश्य पनि भगवानको अलौकिक ऋद्धिप्रातिहार्य देखाएको हुन्छ नदेखाएको हुन्न ।"

"हे मोघपुरुष ! तैपनि तिमी मलाई भगवान 'अलौकिक ऋद्धिप्रातिहार्य देखाउनु हुन्न' भनी भन्छौ । हे मोघपुरुष ! हेर तिम्रो यो अपराध ।"

"भार्गव ! यसोभन्दा पनि सुनक्खत्त लिच्छवीपुत्रले नरकगामी पुरुष नरकमा जाने झैं यो धर्मविनयलाई छाडिगए ।"

## पाथिकपुत्रको खोक्रो घमण्ड

"भार्गव ! एक समय म उहीं वैशाली स्थित महावनको कूटागारशालामा बसेको थिएँ । त्यस समय अचेल पाथिकपुत्र पनि लाभ प्राप्त गरी यश प्राप्त गरी वैशालीको वज्जी (= वृजी) गाउँमा बस्दथे । उनी वैशालीको सभाषद्मा यस्तो भन्दथे– 'श्रमण गौतम ज्ञानवादी हुन् म पनि ज्ञानवादी हुँ ।..."

(यहाँदेखि उताका सबै कुरा लेखकको बु. पं भा-२, पृ. १३७ देखि १५३ सम्म अचेल पाथिकपुत्रको कुरामा उल्लेख भइसकेको हुँदा उहीं हेर्नू ।)

Downloaded from http://dhamma.digital/

## अग्रज्ञानको बारेमा

"भार्गव ! यो अग्र (= श्रेष्ठ) हो भन्ने पनि म जान्दछु। त्यो अग्र हो भन्ने ज्ञान पनि म जान्दछु। त्यसभन्दा माथि माथिको ज्ञान पनि म जान्दछु। त्यो जानिने ज्ञानलाई पनि म परामर्श गर्दिन। अपरामर्श गरी मैले आफैले मुक्ति (= निब्बुति) को अनुभव गरें। जुन मुक्तिलाई जान्नाले तथागतमा दुःख आउँदैन।

## ईश्वरनिर्माणवाद

"भार्गव ! यहाँ केही श्रमण ब्राह्मणहरू छन् जो ईश्वरकृत, ब्रह्मकृत भन्ने आचार्यवादलाई श्रेष्ठ (= अग्र) बताउँछन्। उनीहरूकहाँ गई म यस्तो भन्छु– 'साँच्चै हो के तपाई आयुष्मान्हरू ईश्वरकृत, ब्रह्मकृत भन्ने आचार्यवादलाई श्रेष्ठ (= अग्र) बताउनु हुन्छ ?' यस्तो सोध्दा उनीहरूले मलाई 'हो' भनी भन्छन्। उनीहरूलाई म यस्तो भन्छु– 'कसरी तपाई आयुष्मान्हरू ईश्वरकृत, ब्रह्मकृत भन्ने आचार्यवादलाई श्रेष्ठ भन्नु-हुन्छ ?' यस्तो सोध्दा उनीहरूले ठीकसँग भन्न सक्दैनन्। ठीकसँग भन्न नसकेपछि उनीहरू मसँगै सोध्छन्। अनि उनीहरूलाई म (यसो) भन्छु—

"आवुसो ! त्यस्तो समय पनि हुन्छ कि जो कुनै समयपछि, धेरै समयपछि यो लोक प्रलय हुन्छ। प्रलय भएपछि धेरैजसो प्राणीहरू आभस्वर लोकवासी हुन्छन्। तिनीहरू त्यहाँ मनोमय, प्रीतिभक्षी,

Downloaded from http://dhamma.digital/

स्वयंप्रभा, अन्तरीक्षचारी तथा शुभस्थायी हुन्छन् र धेरै समयसम्म रहन्छन् । आवुसो ! त्यस्तो समय पनि आउँछ कि जो कुनै समयपछि, धेरै समयपछि यो लोक विवृत (विवट्ट) हुन्छ। लोक विवृत भएपछि शून्य ब्रह्मविमान प्रादुर्भाव हुन्छ। अनि कुनै आयुक्षय वा पुण्यक्षय भएको प्राणी आभस्वर लोकबाट च्युत भई शून्य **ब्रह्म**विमानमा उत्पन्न हुन्छ। ऊ त्यहाँ मनोमय, प्रीतिभक्षी, स्वयंप्रभा, अन्तरीक्षचारी तथा शुभस्थायी हुन्छ र धेरै समयसम्म रहन्छ । त्यहाँ धेरै समयसम्म एक्लै रहँदा उसमा अनभिरति हुन्छ त्रास हुन्छ। (अनि उसले यस्तो सोच्छ)– 'अहो ! यहाँ अरू प्राणीहरू पनि आए हुन्थ्यो।' अनि अरू पनि आयुक्षय वा पुण्यक्षय भएका प्राणीहरू आभस्वर लोकबाट च्युत भई त्यो प्राणी भएको शून्य **ब्रह्म**विमानमा उत्पन्न हुन्छन्। उनीहरू पनि त्यहाँ मनोमय, प्रीतिभक्षी, स्वयंप्रभा, अन्तरीक्षचारी तथा शुभस्थायी हुन्छन् र धेरै समयसम्म रहन्छन्।

'आवुसो ! त्यहाँ जुन प्राणी पहिले उत्पन्न भयो उसलाई यस्तो लाग्छ– 'म नै ब्रह्मा, महाब्रह्मा, जेष्ठ, अकनिष्ठ, सर्वदर्शी, वशवर्ती (= सबैलाई बशमा राख्ने), ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, विभाजन-कर्ता[1] वशी (= स्वामी), भूत भविष्यका प्राणीहरूका पिता– मैले यी

---

१. तिमी क्षत्री हौ, तिमी ब्राह्मण हौ, तिमी वैश्य हौ, शूद्र हौ, गृहस्थी हौ, प्रव्रजित हौ। तँ ऊँट होस्, गाई होस् आदि प्रकारले प्राणीहरूलाई विभाजन गर्ने हुँ भनी ऊ ठान्दछ। दी. नि. अ. क. I. पृ. १३० : ब्रह्मजालसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

प्राणीहरूलाई निर्माण गरें। किनभने ?– मलाई नै पहिले यस्तो लागेको थियो– 'अहा ! अरू प्राणीहरू पनि यहाँ आए हुन्थ्यो ।' मेरो मनः प्रणिधिद्वारा नै यी प्राणीहरू यहाँ आएका हुन् ।

'जो ती प्राणीहरू त्यहाँ पछि उत्पन्न भए उनीहरूलाई पनि यस्तो लाग्छ– 'यी ब्रह्मा, महाब्रह्मा, जेष्ठ, अकनिष्ठ, सर्वदर्शी, वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, विभाजनकर्ता, वशी, भूत भविष्यका प्राणीहरूका पिता हुन्। यिनै ब्रह्माबाट हामीहरूको निर्माण भएको हो। किनभने ?– यिनैलाई सर्वप्रथम यहाँ उत्पन्न भएको हामीले देख्यौं। हामी पछि उत्पन्न भएका हौ।'

'आवुसो ! जुन प्राणी त्यहाँ पहिले उत्पन्न भयो र बढी दीर्घायु पनि हुन्छ, बढी वर्णवान् पनि हुन्छ र बढी शक्तिशाली पनि हुन्छ । जुन प्राणीहरू त्यसपछि उत्पन्न भए तिनीहरू कम आयुका हुन्छन् दुर्वर्णी पनि हुन्छन् र कम शक्तिशाली पनि हुन्छन्।'

'आवुसो ! कुनै प्राणी त्यस लोकबाट च्युत भई यस आत्मभावमा उत्पन्न हुनसक्छ । यसलोकमा आई घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ । घरबार छाडी प्रव्रजित भई आतप्त गरी वीर्य गरी अनुयोग गरी सम्यक्रूपले मनन गरी त्यस प्रकारको समाधि चित्तमा प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा त्यो पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ। त्यसभन्दा अघिका अनुस्मरण गर्न सक्दैन। अनि ऊ यसो भन्छ– 'जो ती ब्रह्मा, महाब्रह्मा,...जसले हामीलाई निर्मित गरे उनी नित्य, ध्रुव, शाश्वत, अपरिवर्तनीय, सधैंभरी त्यस्तै रहन्छन् ।

Downloaded from http://dhamma.digital/

ती ब्रह्माद्वारा निर्मित भएका हामीहरू अनित्य, अध्रुव, अल्पायुक तथा च्युत हुने स्वभावका हौं। तपाई आयुष्मान्‌हरू यसरी ईश्वरकृत ब्रह्मकृत भन्ने आचार्यवादहरूलाई सर्वश्रेष्ठ बताउनुहुन्छ (होइन ?)।'

'आवुसो गौतम ! जस्तो तपाई आयुष्मान् गौतमले बताउनुभयो त्यस्तै हामीहरूले सुनेका छौं' भनी उनीहरू भन्दछन्।

"भार्गव ! अग्रज्ञान पनि म जान्दछु, त्यो अग्र हो भन्ने ज्ञान पनि म जान्दछु। त्यसभन्दा माथि माथिको ज्ञान पनि म जान्दछु। त्यो जानिने ज्ञानलाई म परामर्श[1] पनि गर्दिन। अपरामर्श गरी मैले आफैले मुक्तिको अनुभव गरें। जुन मुक्तिलाई जान्नाले तथागतमा दुःख आउँदैन।"

## क्रीडाप्रदूषिका देवता

"भार्गव ! यहाँ केही श्रमण ब्राह्मणहरू छन् जो क्रीडाप्रदूषिका (खिड्डापदोसिकं) भन्ने आचार्यवादलाई श्रेष्ठ बताउँछन्। उनीहरूकहाँ गई म यस्तो भन्छु– 'साँच्चै हो के तपाई आयुष्मान्‌हरू क्रीडाप्रदूषिका भन्ने आचार्यवादलाई श्रेष्ठ बताउनुहुन्छ ?' यस्तो सोध्दा उनीहरूले मलाई 'हो' भनी भन्छन्। उनीहरूलाई म यस्तो भन्छु– 'कसरी तपाई आयुष्मान्‌हरू क्रीडाप्रदूषिका भन्ने आचार्यवादलाई श्रेष्ठ भन्नुहुन्छ ?'

१. तृष्णा दृष्टि मानले समाति राख्नेलाई 'परामर्श' भनिन्छ।

Downloaded from http://dhamma.digital/

यस्तो सोध्दा उनीहरूले ठीकसँग भन्न सक्दैनन् । ठीकसँग भन्न नसकेपछि उनीहरू मसँगै सोध्छन् । अनि उनीहरूलाई म (यसो) भन्छु—

'आवुसो ! क्रीडाप्रदूषिका भन्ने देवताहरू छन् । उनीहरू धेरैबेर सम्म हाँसेर क्रीडा गरी बस्छन् । धेरै बेरसम्म हाँसी क्रीडा गरी बस्दा उनीहरूको होस रहन्न । होस नरहँदा ती देवताहरू त्यस कायबाट च्युत हुन्छन् ।'

'आवुसो ! कुनै प्राणी त्यस कायबाट च्युत भई यस आत्मभावमा उत्पन्न हुन सक्छ । यस लोकमा आई घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ । घरबार छाडी प्रव्रजित भई आतप्त गरी...त्यसप्रकारको समाधि चित्तमा प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा त्यो पूर्वजन्मका कुराहरू अनुस्मरण[1] गर्छ । त्यसभन्दा अघिका कुराहरू अनुस्मरण गर्न सक्दैन । अनि ऊ यसो भन्छ– 'जो ती देवताहरू क्रीडाप्रदूषिका हुन्नन् उनीहरू धेरैबेरसम्म हाँसेर क्रीडा गरी बस्दैनन् । हाँसेर क्रीडा नगर्ने तिनीहरूको स्मृति थातमा रहन्छ। स्मृति थातमा रहनाले ती देवताहरू त्यस कायबाट च्युत हुन्नन् । नित्य, ध्रुव, शाश्वत र अपरिवर्तनीय भई सँधैभरी त्यसै रहन्छन् । जो हामीहरू क्रीडाप्रदूषिका भयौं सो हामीहरू धेरैबेरसम्म हाँसेर क्रीडा गरी बस्यौं । धेरैबेरसम्म हाँसेर क्रीडामा लागिरहेका हामीहरूको होस थातमा रहेन । होस थातमा नरहेको कारणले गर्दा हामीहरू त्यस कायबाट च्युत भई अनित्य, अध्रुव, अल्पायुक तथा च्युत भएर यहाँ आयौं । यसरी तपाई आयुष्मान्हरू क्रीडाप्रदूषिका भन्ने आचार्यवादलाई श्रेष्ठ भनी भन्नुहुन्छ (होइन ?) ।'

---

१. क्रीडाप्रदूषिका देवताहरूसम्मका कुरा अनुस्मरण गर्छ ।

Downloaded from http://dhamma.digital/

उनीहरू यसो भन्छन्– 'आवुसो गौतम ! जस्तो तपाई आयुष्मान् गौतमले बताउनुभयो त्यसतै हामीहरूले सुनेका छौं ।'

"भार्गव ! अग्रज्ञान पनि म जान्दछु,...त्यो जानिने ज्ञानलाई म परामर्श पनि गर्दिन । अपरामर्श गरी मैले आफैले मुक्तिको अनुभव गरें । जुन मुक्तिलाई जान्नाले तथागतमा दुःख आउँदैन ।

## मनः प्रदूषिका देवता

"भार्गव ! यहाँ केही श्रमण ब्राह्मणहरू छन् जो मनः प्रदूषिका भन्ने आचार्यवादलाई श्रेष्ठ बताउँछन् । उनीहरूकहाँ गई म यस्तो भन्छु– 'साँच्चै हो के तपाई आयुष्मान्हरू मनः प्रदूषिका भन्ने आचार्यवादलाई श्रेष्ठ बताउनु हुन्छ ?'...[१]

'आवुसो ! मनः प्रदूषिका भन्ने देवताहरू छन् । उनीहरू धेरैबेर सम्म परस्पर चिहाएर हेर्छन् । धेरैबेरसम्म परस्पर चिहाएर हेरिरहँदा उनीहरू परस्पर चित्त बिगार्छन् । परस्पर चिहाएर हेरिरहँदा उनीहरूका काय र चित्त थाक्छन् । अनि ती देवताहरू त्यस कायबाट च्युत हुन्छन् ।'

'आवुसो ! कुनै प्राणी त्यस कायबाट च्युत भई यस आत्मभावमा उत्पन्न हुन सक्छ । यस लोकमा आई घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ । घरबार छाडी प्रव्रजित भई आतप्त गरी...त्यसप्रकारको

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. २१ मा 'कृडाप्रदूषिका देवता' शीर्षकमा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

Downloaded from http://dhamma.digital/

समाधि चित्तमा प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा त्यो पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ[1] । त्यसभन्दा अघिको अनुस्मरण गर्न सक्दैन । अनि ऊ यसो भन्छ– 'जो ती देवताहरू मनः प्रदूषिका हुन् उनीहरू धेरै बेरसम्म परस्पर चिहाएर हेर्दैनन् । धेरैबेरसम्म परस्पर चिहाएर नहेर्ने भएकाले परस्पर चित्त विकृति पार्दैनन् । परस्पर चित्त विकृति नपार्नाले काय र मन थाक्दैन र त्यस कायबाट च्युत हुन्नन् । नित्य ध्रुव शाश्वत अपरिवर्तनीय भई सँधैंभरी त्यसै रहन्छन् । जो हामीहरू मनः प्रदूषिका भयौं सो हामीहरूले धेरैबेरसम्म परस्पर चिहाएर हेर्‍यौं । धेरैबेरसम्म परस्पर चिहाएर हेरेकाले हामीहरूको चित्त दूषण भयो । परस्पर दूषण चित्त भएकाले सो हामीहरूको काय र चित्त थाकी त्यस कायबाट च्युत भई अनित्य, अध्रुव तथा अल्पायुक भई च्युत भएर यहाँ आयौं । यसरी तपाई आयुष्मान्हरू मनः प्रदूषिका भन्ने आचार्यवादलाई श्रेष्ठ भन्नुहुन्छ (होइन ?) ।'

उनीहरू यसो भन्छन्– 'आवुसो गौतम ! जस्तो तपाई आयुष्मान् गौतमले बताउनु भयो त्यस्तै हामीहरूले सुनेका छौं ।'

"भार्गव ! अग्रज्ञान पनि म जान्दछु...त्यो जानिने ज्ञानलाई म परामर्श पनि गर्दिन । अपरामर्श गरी मैले आफैले मुक्तिको अनुभव गरें । जुन मुक्तिलाई जान्नाले तथागतमा दुःख आउँदैन ।"

---

१. मनः प्रदूषिका देवतासम्मको कुरा संस्मरण गर्छ ।

Downloaded from http://dhamma.digital/

# अधिच्चसमुत्पन्न देवता

"भार्गव ! यहाँ केही श्रमण वा ब्राह्मणहरू छन् जो अधिच्चसमुत्पन्न (= कुनै हेतुबिना उत्पन्न) भन्ने आचार्यवादलाई श्रेष्ठ बताउँछन् । उनीहरूकहाँ गई म यस्तो भन्छु– 'साँच्चै हो के तपाई आयुष्मान्हरू अभिच्चसमुत्पन्न भन्ने आचार्यवादलाई श्रेष्ठ बताउनु हुन्छ ?...

'आवुसो ! असंज्ञसत्व भन्ने देवताहरू छन् । संज्ञा उत्पन्न भएपछि ती देवताहरू त्यस कायबाट च्युत हुन्छन् । आवुसो ! कुनै प्राणी त्यस कायबाट च्युत भई यस आत्मभावमा उत्पन्न हुन्छ । यस लोकमा आई घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ । घरबार छाडी प्रव्रजित भई आतप्त गरी...त्यसप्रकारको समाधि चित्तमा प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा यो पूर्वजन्मका कुराहरू अनुस्मरण[1] गर्छ । त्यसभन्दा अगाडिको अनुस्मरण गर्न सक्दैन । अनि ऊ यस्तो भन्छ– 'यो लोक र आत्मभाव अधिच्चसमुत्पन्न (= कुनै हेतुविना उत्पन्न) भएको हो । किनभने ?– म पहिले थिइन । अब म भएँ र शान्त र प्रणीत छु । यसरी तपाई आयुष्मान्हरू अधिच्चसमुत्पन्न भन्ने आचार्यवादलाई श्रेष्ठ भन्नुहुन्छ (होइन) ।'

उनीहरू यसो भन्छन्– 'आवुसो गौतम ! जस्तो तपाई आयुष्मान् गौतमले बताउनु भयो त्यस्तै हामीहरूले सुनेका छौं ।'

---

१. त्यस असंज्ञ देवलोकसम्मका कुरा संस्मरण गर्छ ।

Downloaded from http://dhamma.digital/

"भार्गव ! अग्रज्ञान पनि म जान्दछु...त्यो जानिने ज्ञानलाई म परामर्श पनि गर्दिन । अपरामर्श गरी मैले आफैले मुक्तिको अनुभव गरें । जुन मुक्तिलाई जान्नाले तथागतमा दुःख आउँदैन ।"

## शुभविमोक्ष ध्यान

"भार्गव ! यस्तोवादी मलाई केही श्रमण वा ब्राह्मणहरूले यस्तो असत्य, तुच्छ, झूटो, नभएको कुरा भन्दछन् । जस्तै– 'श्रमण गौतम र उनका भिक्षुहरू विपरीत चित्तका छन् ।' श्रमण गौतम यस्तो भन्छन्– 'जुन समयमा शुभविमोक्ष[1] (ध्यान) प्राप्त गरी बस्छ त्यस समयमा सबैलाई अशुभ भनी (योगी) जान्दछ' ।"

"भार्गव ! म यस्तो भन्दिन– 'जुन समयमा शुभविमोक्ष (ध्यान) प्राप्त गरी बस्छ त्यस समयमा सबैलाई अशुभ भनी (योगी) जान्दछ ।' भार्गव ! बरु म यस्तो भन्दछु– 'जुन समयमा शुभविमोक्ष (ध्यान) प्राप्त गरी बस्छ त्यस समयमा शुभ भन्ने नै (योगी) जान्दछ' ।"

"भन्ते ! उनीहरू विपरीत विचारका हुन् जो भगवानलाई र भिक्षुहरूलाई विपरीत कुरा गर्छन् । भन्ते ! म भगवान प्रति सारै प्रसन्न छु । भगवानले मलाई यस्तो धर्मोपदेश गर्न सक्नुहुन्छ जसबाट म शुभविमोक्ष (ध्यान) प्राप्त गरी बस्नुसकूँ ।"

---

१. यहाँ 'शुभविमोक्ष' भनेको 'वर्णकसिण' ध्यान हो भनी दी. नि. अ. क. III. पृ. १४९ : पाथिकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://dhamma.digital/

"भार्गव ! तिमी जस्ता अन्य दृष्टिकले, अन्य विश्वासिकले, अन्य विचारधाराकाले, अर्कै योग गर्नेले तथा अन्य आचार्य हुनेले शुभविमोक्ष (ध्यान) प्राप्त गरी बस्नु कठिन छ । भार्गव ! जुन ममाथिको तिम्रो प्रसन्नता हो त्यसैलाई तिमीले राम्ररी रक्षा गर ।"

"भन्ते ! यदि म जस्ता अन्य दृष्टिकले, शुभविमोक्ष (ध्यान) प्राप्त गरी बस्न कठीन हुन्छ भने जो भगवान प्रति मेरो प्रसन्नता हो त्यसैलाई राम्ररी रक्षा गर्छु ।"

भगवानले यति भन्नुभएपछि भार्गवगोत्रीय परिव्राजकले भगवानको भाषणलाई अभिनन्दन गरे ।

---

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# ३५।२. मागण्डिय परिव्राजक

## प रि च य

यी मागण्डिय परिव्राजक कुरुदेशका हुन्। यिनी मागण्डिय ब्राह्मणका भानिज हुन्[1] । मागण्डिय ब्राह्मणकी मागण्डिय भन्ने एउटी सुन्दरी छोरी थिइन् । यी मागण्डिय ब्राह्मण चाहिं पहिले नै बुद्धशासनमा दिक्षित भइसकेका थिए ।

एकदिन भारद्वाजगोत्र ब्राह्मणको अग्निशालामा भगवान बस्दछन् भन्ने कुरा सुनी मागण्डिय परिव्राजकले "अहो कस्तो कुरा सुन्न पऱ्यो ! जो कि अभिवृद्धिको बाधक हुन्" भन्ने कुरा भनेका थिए ।

यो सुनेर भारद्वाजगोत्र ब्राह्मणले "मुख समालेर बोल्नुहोस्" भनी उनलाई सचेत गरे । तर उनले अगाडि भने कि यदि उहाँ श्रमण गौतमको सन्मुख भएमा हामी उहाँको सन्मुख पनि यो कुरा भन्नसक्छौं । यत्तिकैमा भगवान पनि त्यहाँ आइपुग्नुभयो र मागण्डिय परिव्राजकसँग भगवानको छलफल भयो । छलफलको अन्त्यमा मागण्डियको चित्त

१. हेर्नू लेखकको बु. ब्रा. भा-३, पृ. ९७ को पादटिप्पणीमा ।

Downloaded from http://dhamma.digital/

पग्लिएको मात्र होइन बल्कि उनी बुद्धको शरणमा पनि गए । त्यसपछि भगवानसँग उनले प्रव्रज्या पनि मागे । भगवानले उनलाई प्रव्रज्या दिनुभयो । त्यसपछि साधना गरी उनले चाँडै नै अरहत्व प्राप्त गरे ।

केही मागण्डिय नामहरूको सम्बन्धमा लेखकको बु. ब्रा. भा-३, पृ. १४२ मा उल्लेख भइसकेको छ ।

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## बुद्ध प्रति घृणा

(मागण्डियसुत्तं[१])

यस्तो मैले सुनें।

एक समय भगवान कुरु (देश) को कम्मासदम्म भन्ने कुरुवासीहरूको निगममा, भारद्वाजगोत्र (= भारद्वाजगोत्रीय) ब्राह्मणको अग्निशालामा (= अग्निहोत्र गर्ने दलानमा) त्रिण वछ्याइराखेको आसनमा बस्नुभएको थियो।

(यो मागण्डिय सूत्र लेखकको बु. ब्रा. भा-३, पृ. ९६ मा अनुदित भइसकेको हुँदा जम्मै कुरा उहीं हेर्नू।)

---

१. म. नि. II. पृ. १९८, अ. क. III. पृ. १४४.

Downloaded from http://dhamma.digital/

# ३६।३. मुण्डिय परिव्राजक

## प रि च य

यी मुण्डिय परिव्राजक काठको पात्र लिई भिक्षाटन् गर्ने एक परिव्राजकका शिष्य हुन् ।

एकदिन यिनी जालिय परिव्राजकका साथ वाद आरोप गर्ने विचार लिई कौशम्बीको घोषितारामभा बसिरहनुभएका भगवानकहाँ गएका थिए ।

यिनीहरूले यस्तो सोचेका थिए कि यदि बुद्धले "उही जीव हो र उही शरीर हो" भनी भनेमा "तपाईको धर्ममा यहीं सत्व विनाश हुन्छ । त्यसैले तपाईको वाद उच्छेदवाद हुन्छ" भनी भन्नेछौं । यदि उहाँले "अर्कै जीव हो अर्कै शरीर हो" भनेमा "तपाईको वादमा रूप विनाश हुन्छ, सत्व विनाश हुन्न । त्यसैले तपाईको वादमा सत्व शाश्वत हुन्छ" भनी वाद आरोप गर्नेछौं भनी ठानेका थिए[१] । किन्तु भगवानले

१. दी. नि. अ. क. II. पृ. ३० : जालियसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

उनीहरूले सोधेका प्रश्नको बीचबाट मध्यममार्गद्वारा धर्मोपदेश गर्नुभएको सुनेर उनीहरू छक्कपरी सन्तुष्ट भएका थिए। विशेष कुरा चाहिं अगाडि अनुदित सूत्रमै प्रष्टिएको छ।

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## उही जीव उही शरीर

(महालिसुत्तंबाट[1])

"महाली ! एक समय म कोशम्बीको घोषितारामआ बसेको थिएँ[2]। अनि दारुपत्तिक परिव्राजकका अन्तेवासी मुण्डिय र जालिय भन्ने दुइ परिब्राजकहरू मकहाँ आई मसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा उभिए । एक छेउमा उभिएका ती दुइ प्रव्रजितहरूले मलाई यस्तो भने– "आवुसो गौतम ! हे उही जीव उही शरीर हो कि अथवा अर्कै जीव अर्कै शरीर हो ?"

१. दी. नि. I. पृ. १३४, अ. क. II. पृ. २६.

२. यो सूत्रका कुराहरू भगवान बुद्धले ओट्ठद्ध लिच्छवीलाई बताइरहनु भएको हो । ओट्ठद्ध लिच्छवी चाहिं रूपलाई आत्मा भनी विश्वास गर्दथे । त्यसैले यो कुरा उदाहरणको रूपमा बताउनु भएको हो। दी. नि. अ. क. II. पृ. २६ : महालिसुत्त-वण्णना । ओट्ठद्ध लिच्छवीको कुरा लेखकको बु. रा. भा-१, पृ. ४०५ मा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

"आवुसो ! त्यसोभए सुन, राम्ररी मनमा लेऊ; भन्नेछु।"

"हवस्" भनी ती दुइ परिव्राजकहरूले मलाई प्रत्युत्तर दिए। अनि मैले यस्तो भनें—

"आवुसो ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध, विदचाचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्य सारथी तथा देवमनुष्यका शास्ता, भगवान बुद्ध यस लोकमा उत्पन्न हुन्छ। उहाँले देव-मार सहित ब्रह्मलोकलाई, श्रमण ब्राह्मण सहित प्रजालाई, देवमनुष्य सहित लोकलाई– स्वयं अभिज्ञा-द्वारा साक्षात्कार गर्नुभएको धर्मोपदेश गर्नुहुन्छ। उहाँले आदिकल्याण, मध्यकल्याण तथा पर्यवशान कल्याण हुने धर्मोपदेश गर्नुहुन्छ। उहाँले अर्थयुक्त र व्यञ्जनयुक्त सबै परिपूर्ण भएको परिशुद्ध भएको ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ।"

"अनि त्यो धर्मलाई गृहपति वा गृहपतिपुत्रले अथवा अरू कुनै कुलमा जन्मेकाले सुन्दछ। धर्म सुनेर उसको मनमा तथागत प्रति श्रद्धा उत्पन्न हुन्छ। श्रद्धा उत्पन्न भएपछि उसले यस्तो विचार गर्छ– 'घरमा बस्नु बाधापूर्ण छ। रागरूपी मल उत्पन्न हुन्छ। प्रव्रज्या हुनु खुला आकाश जस्तै हो। घरमा बसेर परिपूर्णरूपले परिशुद्धरूपले शंख जस्तै सफा गरी ब्रह्मचर्य (= श्रेष्ठचर्या) पालन गर्न सजिलो छैन। अतः किन म केश दाह्री क्षौर गरी घरबाट निस्की अनगारिक भई प्रव्रजित नहूँ।' अनि पछि गएर ऊ थोरै वा धेरै भोगसम्पत्तिलाई छाडी थोरै वा धेरै ज्ञाति परिवारहरूलाई त्यागी केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार त्यागी अनगारिक भई प्रव्रजित हुन्छ।"

Downloaded from http://dhamma.digital/

"यसरी प्रव्रजित भएको ऊ प्रातिमोक्ष संवरशीलले युक्त भई आचार -गोचरले सम्पन्न भई अणुमात्र दोषदेखि पनि भयदर्शी भई तथा शिक्षापदहरू समादान गरी बस्छ। कुशल कायकर्म र वचीकर्मले सम्पन्न भई परिशुद्ध आजीविकाले युक्त हुन्छ। अनि इन्द्रियलाई रक्षा गर्छ तथा स्मृतिसम्प्रजन्यले युक्त भई सन्तुष्ट भई बस्छ।"

"कसरी भिक्षु शील सम्पन्न हुन्छ ?"

"यहाँ भिक्षु प्राणीहिंसालाई त्यागी प्राणीहिंसाबाट विरत भई बस्छ। ... (यहाँदेखि उताका कुरा लेखकको बु. रा. भा-२, पृ. १३६ को (स्यानो शील) देखि पृ. १४९ 'यसरी भिक्षु शीलसम्पन्न हुन्छ' भन्ने ठाउँसम्मका कुरा पढ्नू ।)

"आवुसो ! यसरी भिक्षु शीलसम्पन्न हुन्छ...(यहाँदेखि अगाडिका कुरा लेखकको बु. रा. भा-२, पृ. १४९ 'इन्द्रियसंवर' देखि पृ. १५७ सम्म पढ्नू ।) अनि ऊ कामविषयबाट अलग भई अकुशलबाट अलग भई वितर्क विचार युक्त भएको विवेकजः (= ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ। आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ; के उसले 'उही जीव उही शरीर हो अथवा अर्कै जीव अर्कै शरीर हो' भनी भन्नु उपयुक्त (कल्य) हुन्छ के ? आवुसो ! जो भिक्षु यसरी जान्दछ र देख्दछ उसलाई यस्तो भन्नु योग्य छैन– 'उही जीव उही शरीर हो अथवा अर्कै जीव अर्कै शरीर हो' ।"

"आवुसो ! म पनि यस्तो (प्रथमध्यान) जान्दछु, यस्तो देख्दछु तर म 'उही जीव उही शरीर अथवा अर्कै जीव अर्कै शरीर हो' भनी

Downloaded from http://dhamma.digital/

भन्दिन। फेरि सो भिक्षु द्वितीयध्यान तृतीयध्यान तथा चतुर्थध्यान प्राप्त गरी बस्छ। आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ; के उसले 'उही जीव उही शरीर हो अथवा अर्कै जीव अर्कै शरीर हो' भनी भन्नु उपयुक्त हुन्छ ? आवुसो ! जो भिक्षु यसरी जान्दछ र देख्दछ उसलाई यस्तो भन्नु योग्य छैन– 'उही जीव उही शरीर हो अथवा अर्कै जीव अर्कै शरीर हो'।"

"आवुसो ! म पनि यस्तो (चतुर्थध्यान) जान्दछु, यस्तो देख्दछु तर म 'उही जीव उही शरीर अथवा अर्कै जीव अर्कै शरीर हो' भनी भन्दिन।"

"यसरी समाहित चित्त भएपछि, परिशुद्ध, स्वच्छ, निर्मल, क्लेशरहित भएपछि, मृदु तथा कर्मण्य भएपछि तथा निश्चलतामा पुगेपछि उसले ज्ञानदर्शनार्थ चित्त अघि बढाउँछ र चित्त झुकाउँछ। आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ; के उसले 'उही जीव उही शरीर हो अथवा अर्कै जीव अर्कै शरीर हो' भनी भन्नु योग्य हुन्छ के ? आवुसो ! जो भिक्षु यसरी जान्दछ र देख्दछ उसलाई यस्तो भन्नु योग्य छैन– 'उही जीव उही शरीर हो अथवा अर्कै जीव अर्कै शरीर हो'।"

"आवुसो ! म पनि यस्तो (ज्ञानदर्शन) जान्दछु, यस्तो देख्दछु तर म 'उही जीव उही शरीर अथवा अर्कै जीव अर्कै शरीर हो' भनी भन्दिन।"

"यसरी समाहित चित्त भएपछि,...उसले आस्रवक्षय ज्ञानमा चित्त अघि बढाउँछ र चित्त झुकाउँछ। अनि उसले 'यो दुःख हो' भनी

Downloaded from http://dhamma.digital/

यथार्थतः बोध गर्छ।...'यी आस्रवहरू हुन्' भनी यथार्थतः बोध गर्छ।...'यो आस्रव निरोध हुने मार्ग हो' भनी यथार्थतः बोध गर्छ। यसरी देखेपछि यसरी अवबोध भएपछि उसको चित्त कामास्रवबाट, भवास्रवबाट र अविदचास्रवबाट पनि विमुक्त हुन्छ। विमुक्त भएपछि 'विमुक्त भएँ' भन्ने ज्ञान पनि हुन्छ। 'जाति (= जन्म) क्षीण भयो ब्रह्मचर्यवास पूरा भयो गर्नुपर्ने गरिसकें अब उप्रान्त यहाँ आउनुपर्ने कुनै हेतु छैन' भन्ने ज्ञान पनि हुन्छ। आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ; के उसले 'उही जीव उही शरीर हो अथवा अर्कै जीव अर्कै शरीर हो' भनी भन्नु योग्य हुन्छ के ? आवुसो ! जो भिक्षु यसरी जान्दछ र देख्दछ उसलाई यस्तो भन्नु योग्य छैन– 'उही जीव उही शरीर हो अथवा अर्कै जीव अर्कै शरीर हो'।"

"आवुसो ! म पनि यस्तो (जाति क्षीण भयो) जान्दछु, यस्तो देख्दछु तर म 'उही जीव उही शरीर अथवा अर्कै जीव अर्कै शरीर हो' भनी भन्दिन।"

भगवानले यति भन्नुभएपछि सन्तुष्ट भएका ओट्ठद्ध लिच्छवीले भगवानको भाषणलाई अभिनन्दन गरे।

---

Downloaded from http://dhamma.digital/

# ३७४. मोलिय सीवक परिव्राजक

## प रि च य

यी मोलिक सीवक परिव्राजक राजगृहवासी हुन्। यिनले कपालमा जुरो बाँध्दथे। यिनी वस्त्रधारी परिव्राजक हुन्। यिनको नाम चाहिं सीवक हो। शरीरमा जुरो बाँध्ने भएकाले 'मोलिय सीवक' भनिएको हो।

राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनुभएका भगवानकहाँ गई यिनले एकदिन उहाँसँग "जुनसुकै पुरुषले जुनसुकै सुख दुःख अथवा कुनै पनि वेदना अनुभव गर्छन् भने ती सबै अघि गरेको हेतुले भएका हुन्" भन्ने विषयमा आफ्नो विचार प्रकट गरेका थिए। यस विषयमा भगवानले यो कुरा सत्य होइन भनी भन्नुभएको थियो।

यस लोकमा मानिसहरूलाई विविधाकारले सुख दुःखको अनुभव हुन्छ जस्तै– पित्तको कारणले, कफको कारणले, वातको कारणले, सन्निपातको कारणले, ऋतुपरिवर्तनको कारणले, अपथ्य खानाको कारणले, अर्काको चुटाइको कारणले तथा कर्मभोगको कारणले पनि। यी कारणहरूमध्येमा

Downloaded from http://dhamma.digital/

माथि उल्लिखित सात कारणहरूबाट उत्पन्न भएका शारीरिक वेदनाहरूको प्रतिकार गर्न सकिन्छ। किन्तु कर्मभोगको कारणले उत्पन्न भएको शारीरिक वेदनाको भने कुनै प्रतिकार छैन ।

उपरोक्त कारणले शरीरमा हुने प्रत्येक वेदना कुशल, अकुशल तथा अब्याकृत हुनसक्छन् ।

भनौं कि यहाँ कसैलाई पित्तको कारणले शरीरिमा रोग लाग्यो । अनि ऊ सोच्दछ मेरो शरीरमा रोग लाग्यो। जीवनको ठेगाना छैन भनी उसले दान दिन्छ, शील पालन गर्छ, उपोसथ व्रत पालन गर्छ। यसरी उसको सो वेदना कुशलवेदना हुनजान्छ। यस्तैगरी शरीरमा रोग लागेको अर्काले चाहिं जीवनको ठेगाना छैन भनी शारीरिक वेदनाबाट मुक्ति पाउनको निमित्त उसले प्राणीहिंसा गर्छ, अदिन्नादान लिन्छ, झूटो बोल्छ र दशैवटा दुराचार गर्छ। यसरी उसको त्यो वेदना अकुशल वेदना हुन जान्छ। अर्को चाहिं यतिका औषधी गरेर पनि मेरो रोग निको भएन। 'अब जे हुनुपर्ने हो होओस्' भनी उपेक्षा गरी बस्छ। यसरी उसको सो वेदना अब्याकृत वेदना हुनजान्छ । जस्तै पित्तको प्रकोपले शरीरमा दुःखवेदना हुन्छ त्यस्तै गरी कफ आदिको कारणले पनि हुन्छ। यस्तो कारण छँदाछँदै सबै सुख दुःख वेदनाहरू अघिको कारणले भएको हो भन्नु भ्रमपूर्ण हो भनी भन्नुहुँदा मोलिय सीवक परिव्राजक सन्तुष्ट भई भगवानको शरणमा परेका थिए[1] ।

---

१. सं. नि. अ. क. III. पृ. ८७ : सीवकसुत्तवण्णना, वेदनासंयुत्तं ।

Downloaded from http://dhamma.digital/

अर्को एकपल्ट मोलिय सीवक परिव्राजक भगवानकहाँ गई कतिसम्ममा सांदृष्टिक हुन्छ भन्ने कुरा सोधेपछि भगवानले आफूभित्र भएका लोभ, द्वेष र मोह इत्यादिलाई आफूभित्र लोभ, द्वेष र मोह छन्' भनी जान्नु नै 'सांदृष्टिक हो' भनी सम्झाउनु भएको थियो । यसबाट पनि उनी सन्तुष्ट भएका थिए[१] ।

x x x

Dhamma.Digital

१. अं. नि. अ. क. II. पृ. ६७५ : पठमसन्दिट्ठिकसुत्तवण्णना, धम्मिकवग्गो ।

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## १. पूर्वकृत हेतुले मात्र वेदना हुन्न

(सीवकसुत्तं[१])

एक समय, भगवान राजगृह सिथ्त वेणुवनको कलन्दकनिवापमा बसिरहनुभएको थियो । अनि मोलिय सीवक परिव्रँजक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गएर भगवानसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका मोलिय सीवक परिव्राजकले भगवानलाई यस्तो भने– "भो गौतम ! यहाँ केही श्रमण ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका छन्– 'जुनसुकै सुख दुःख वा अदुखमसुख जो पुरुष यहाँ आफैले अनुभव गर्छ ती सबै पूर्वकृत हेतुको कारणले भएका हुन् ।' यसमा तपाई गौतम के भन्नुहुन्छ ?"

"सीवक ! पित्तको कारणले पनि यहाँ केही अनुभवहरू (वेदनाहरू) उत्पन्न हुन्छन् । सीवक ! पित्तको कारणले यहाँ केही अनुभवहरू हुन्छन् भन्ने कुरा तिमी आफैले पनि जान्न सक्नुपर्छ । पित्तको

---

१. सं. नि. III. पृ. २०४ : वेदनासंयुत्तं; अ. क. III. पृ.

Downloaded from http://dhamma.digital/

कारणले केही अनुभवहरू (वेदनाहरू) हुन्छन् भन्ने कुरा लोकले पनि सत्य मानेको छ । सीवक ! जो ती श्रमण ब्राह्मणहरू 'जुनसुकै सुख दुःख वा अदुःखअसुख यहाँ आफैले अनुभव गर्छन् ती सबै पूर्वकृत हेतुले भएका हुन्' भन्ने वादी हुन्, यस्ता दृष्टिका हुन्, उनीहरू स्वयं जानेका कुराको पनि उल्लघंन गर्छन् र जो लोकका सत्य सम्मत छ त्यसको पनि उल्लंघन गर्छन् र जो लोकमा सत्य सम्मत छ त्यसको पनि उल्लंघन गर्छन् । त्यसो हुनाले ती श्रमण ब्राह्मणहरूको कुरा मिथ्या हो भनी भन्दछु ।"

"सीवक ! कफको कारणले पनि ... वातको कारणले पनि ... सन्निपातको कारणले पनि ... ऋतु परिवर्तनको कारणले पनि ... अपथ्यरूपले खानाले पनि ... अर्काको चुटाइकुटाइको कारणले पनि ... कर्म-विपाकको कारणले पनि यहाँ केही अनुभवहरू (वेदनाहरू) उत्पन्न हुन्छन् । सीवक ! तिमी आफैले पनि यो कुरा जान्न सक्नुपर्छ– जस्तै कर्मविपाकको कारणले पनि यहाँ केही अनुभवहरू (वेदनाहरू) उत्पन्न हुन्छन् । सीवक ! लोकले पनि यसलाई सत्य मानेको छ। जस्तै कर्म-विपाकको कारणले पनि यहाँ केही वेदनाहरू उत्पन्न हुन्छन् । त्यहाँ सीवक ! जो ती श्रमण ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका छन्– 'जुनसुकै सुख दुःख अथवा अदुखमसुख वेदनाहरू जो पुरुष यहाँ आफैले अनुभव गर्छ ती सबै पूर्वकृत हेतुको कारणले भएका हुन् ।' उनीहरू स्वयं जानेको कुराको पनि उल्लंघन गर्छन् र जो लोकमा सत्य सम्मत छ त्यसको पनि उल्लंघन गर्छन् । त्यसो हुनाले ती श्रमण ब्राह्मणहरूको कुरा मिथ्या भन्दछु ।"

यस्तो भन्नुहुँदा मोलिय सीवक परिव्राजकले भगवानलाई

Downloaded from http://dhamma.digital/

यस्तो भने– "धन्यहो भो गौतम ! धन्यहो भो गौतम ! ! ... तपाईं गौतमले मलाई आजदेखि जीवनभर शरणमा आएको उपासक हो भनी धारण गर्नुहोस् ।"

**"पित्तं सेम्हं च वातो च, सन्निपात उतूनि च ।**
**विसमं ओपक्कमिकं च, कम्मविपाकेन अट्ठमी'ति ॥"**

अर्थ—

"पित्त, कफ, वायु, सन्निपात तथा ऋतु ।
अपथ्यखाना, चुटाइकुटाइ आठौं कर्मविपाक हो ॥"

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## २. सान्दृष्टिक धर्म

(पठमसन्दिट्ठिकसुत्तं[1])

अनि मोलिय सीवक परिव्राजक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गएर भगवानलाई सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका मोलिय सीवक परिव्राजकले भगवानलाई यस्तो भने "सान्दृष्टिकधर्म, सान्दृष्टिकधर्म' भनी भनिन्छ । भन्ते ! कति कारणले अकालिक, आऊ हेर, नजिक पुऱ्याउने, विज्ञजनहरूले आफैले अवबोध गर्नुपर्ने सान्दृष्टिकधर्म हुन्छ ?"

"सीवक ! त्यसोभए तिमीसँगै सोध्नेछु । जस्तो तिमीलाई लाग्छ त्यस्तो भन । सीवक ! के तिमीले आफूभित्र भएको लोभलाई 'आफूभित्र लोभ छ' जान्दछौ ? के तिमीले आफूभित्र नभएको लोभलाई 'आफूभित्र लोभ छैन' भन्ने जान्दछौ ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! जान्दछु ।"

---

१. अं. नि.-६, पृ. ७०, धम्मिकवग्गो; अ. क. II. पृ. ६७५.

Downloaded from http://dhamma.digital/

"सीवक ! जो आफूभित्र भएको लोभलाई 'आफूभित्र लोभ छ' भन्ने जान्दछौ; जो आफूभित्र नभएको लोभलाई 'आफूभित्र लोभ छैन' भन्ने जान्दछौ– सीवक ! यति कारणले पनि अकालिक ... सान्दृष्टिकधर्म हुन्छ ।"

"सीवक ! के तिमीले आफूभित्र भएका द्वेषलाई 'आफूभित्र द्वेष छ' भन्ने जान्दछौ ? आफूभित्र नभएको द्वेषलाई आफूभित्र द्वेष छैन' भन्ने जान्दछौ ? ... आफूभित्र भएको मोहलाई 'आफूभित्र मोह छ' भन्ने जान्दछौ ? आफूभित्र नभएको मोहलाई 'आफूभित्र मोह छैन' भन्ने जान्दछौ ? ... आफूभित्र भएको लोभधर्मलाई 'आफूभित्र लोभधर्म छ' ... आफूभित्र भएको मोहधर्मलाई 'आफूभित्र छ' भनी जान्दछौ ? आफूभित्र नभएको मोहधर्मलाई 'आफूभित्र मोहधर्म छैन' भन्ने जान्दछौ ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! जान्दछु ।"

"सीवक ! जो आफूभित्र भएको मोहधर्मलाई 'आफूभित्र मोहधर्म छ' भन्ने जान्दछौ; जो आफूभित्र नभएको मोहधर्मलाई 'आफूभित्र मोहधर्म छैन' भन्ने जान्दछौ– सीवक ! यति कारणले पनि अकालिक ... सान्दृष्टिकधर्म हुन्छ ।"

"धन्यहो भन्ते ! धन्यहो भन्ते ! ! ... आजदेखि मलाई जीवनभर शरणमा आएको उपासक हो भनी भगवानले धारण गर्नुहोस् ।"

Downloaded from http://dhamma.digital/

# ३८।५. वेखनस परिव्राजक

## प रि च य

यी वेखनस परिव्राजक राजगृहवासी हुन् । यिनको गोत्रकात्यायन थियो ।

एकदिन यिनले आफ्ना शिष्य सकुलदायी परिव्राजक[1] 'परमवर्ण' भन्ने प्रश्नको विषयमा बुद्धसँग पराजित भए भन्ने कुरा सुनी यिनको मनमा सुख लागेको थिएन । यिनले सोचे कि "सकुलदायीलाई मैले परमवर्णको बारेमा राम्रैसँग सिकाइदिएको थिएँ र उनले पनि राम्रैसँग सिकेका थिए । यस्तो भइकन पनि उनी कसरी श्रमण गौतमसँग पराजित भए होलान् ?" यति सोची यिनले आफै बुद्धकहाँ गई कुरा गर्ने मनसाय गरे । अनि एकदिन राजगृहबाट ४५ योजनको बाटो गई उनी श्रावस्तीमा गए[2] । श्रावस्तीमा पुगेपछि उनी श्रावस्तीको

---

१. यी सकुलदायी परिव्राजक कुरा लेखकको बु. प. भा-१, पृ. ४०७ : मा उल्लेख भएको छ ।

२. पपं. सू. III. पृ. १८९-९० : वेखनसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

जेतवनाराममा बसिरहनुभएका भगवानकहाँ गई 'परमवर्ण' को विषयमा छलफल गरे । उनले त्यस्तो वस्तुलाई परमवर्ण भन्दथे जुन वस्तु सबै वर्णभन्दा तेजिलो हुन्छ । तर त्यो कुन वस्तु हो भन्ने कुरा चाहिं उनी बताउन सक्दैनथे । उनको भनाइको मतलब चाहिं आत्मा नै परमवर्ण हो जो मरणपछि अविनाशी हुन्छ । यस कुरालाई भगवानले खण्डन गर्नुभएको थियो ।

जब भगवानले केही प्रसंगमा "तिमीलाई जस्ता अन्य दृष्टिकहरूले यी कुराहरू बुझ्न सक्ने छैनौ" भनी भन्नुभयो तब एकचोटि त उनी रिसाएका पनि थिए । तर पछि भगवानको कुरालाई अनुमोदन गरी उनी बुद्धको शरणमा परेका थिए ।

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## यही परम वर्ण हो

(वेखनससुत्तं[१])

यस्तो मैले सुनें।

एक समय, भगवान श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नुभएको थियो। अनि वेखनस[२] परिव्राजक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ गई भगवानसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा उभिए। एक छेउमा उभिएका वेखनस परिव्राजकले भगवान्को सन्मुख उदान प्रकट गरे– "यो परमवर्ण हो, यो परमवर्ण हो'।"

"कात्यायन! किन तिमीले 'यो परमवर्ण हो, यो परमवर्ण हो' भनी भनेका हौ? त्यो परमवर्ण कुनचाहिं हो?"

"भो गौतम! जुन वर्णभन्दा अर्को वर्ण उत्तरोत्तर वा प्रणीततर हुन्न सोही 'परमवर्ण हो'।"

---

१. म. नि. II. पृ. २६७; अ. क. III. पृ. १८९.

२. सिंहल र रोमनमा: 'वेखनस्स'।

Downloaded from http://dhamma.digital/

“कात्यायन ! त्यो कुन वर्ण हो त जुन वर्णभन्दा उत्तरोत्तर वा प्रणीततर अर्को वर्ण हुन्न ?”

“भो गौतम ! जुन वर्णभन्दा उत्तरोत्तर वा प्रणीततर अर्को वर्ण हुन्न– सोही ‘परमवर्ण हो’ ।”

“कात्यायन ! ‘भो गौतम ! जुन वर्णभन्दा उत्तरोत्तर वा प्रणीततर अर्को वर्ण हुन्न सोही परमवर्ण हो’ भनी जुन कुरा तिमी भन्छौ त्यो कुरा धेरै लामो पनि हुनसक्छ (जति भने पनि टुङ्गिनै छैन) । तर तिमी त्यसको वर्ण भने बताउँदैनौ । कात्यायन ! यो त जस्तै कुनै पुरुष– ‘म यस जनपदकी जनपदकल्याणी चाहन्छु, उसलाई म प्यारो गर्छु ।’ अनि उसँग– ‘हे पुरुष ! जुन जनपदकल्याणीलाई तिमी चाहन्छौ र प्यारो गर्छौ के तिमीलाई थाहाछ के उनी क्षत्रिणी हुन्, ब्राह्मणी हुन्, वैश्या अथवा शूद्रिणी हुन् ?’ भनी सोध्दा ऊ भन्छ– ‘मलाई थाहा छैन’ ।”

“हे पुरुष ! जुन जनपदकल्याणीलाई तिमी चाहन्छौ र प्यार पनि गर्छौ के तिमीलाई उनको के नाम, के गोत्र, अग्ली छन् कि होची छन् अथवा मझौली कदकी छन्, काली छन् कि साँवली छन् अथवा मंगुरी छन् ? फलाना गाउँमा, फलाना निगममा अथवा फलाना नगरमा बस्छिन् भन्ने थाहाछ के ? भनी सोध्दा ऊ भन्छ– ‘थाहा छैन’ ।”

“हे पुरुष ! के त जसलाई तिमी जान्दैनौ देख्दैनौ– त्यसलाई तिमी चाहन्छौ त ? प्यार गर्छौ त ? भनी सोध्दा ऊ ‘हो’ भनी भन्छ ।”

Downloaded from http://dhamma.digital/

"कात्यायन ! यस्तो भएमा सो पुरुषको कुरा अर्थहीन हुन्न त ? यसमा तिमी के भन्छौ ?"

"भो गौतम ! त्यसो भएमा अवश्य पनि सो पुरुषको कुरा अर्थहीन हुनजान्छ।"

"कात्यायन ! त्यस्तैगरी तिमीले पनि जुन वर्णभन्दा उत्तरोत्तर वा प्रणीततर अर्को वर्ण हुन्न– 'सोही परमवर्ण हो' भनी भन्दछौ तर तिमी त्यसको वर्ण भने बताउँदैनौ।"

## वैदूर्यमणिको चमक झैं आत्मा

"भो गौतम ! जस्तै आठकुने पारी राम्ररी कुँदेको शुभ्र जातीय वैदूर्यमणि पाँडु-कम्बल (= रातो दोसल्ला) मा राख्दा (त्यसबाट) भास निस्किन्छ, तेज निस्किन्छ, चमक निस्किन्छ– त्यस्तै बर्णको आत्मा हुन्छ जो मरणपछि निरोग (= अविनाशी) परमवर्ण हुन्छ।"

१– "कात्यायन ! आठकुने पारी राम्ररी कुँदेको शुभ्रजातीय वैदूर्यमणि पाँडु-कम्बलमा राख्दा निस्किने जुन भास तेज तथा चमक हो; रात्र्यान्धकारमा जुनकिरीबाट निस्किने जुन भास हो– यी दुबै वर्णहरूमध्ये कुनचाहिं वर्ण अधिक चम्किलो छ ? कुनचाहिं प्रणीततर छ ? यसमा तिमी के भन्छौ त ?"

"भो गौतम ! रात्र्यान्धकारमा जुनकिरीबाट निस्कने जुन

Downloaded from http://dhamma.digital/

भास ... हो– यी दुबै वर्णहरूमध्येमा यसैको (जुनकिरीको) वर्ण अधिक चम्किलो छ, यसको वर्ण प्रणीततर छ।"

२– "कात्यायन ! रात्र्यान्धकारमा जुनकिरीबाट निस्किने जुन भास ... हो; रात्र्यान्धकारको जुन तेलको बत्ती हो– यी दुबै वर्णहरूमध्येमा यही वर्ण (तेलको बत्तीको वर्ण) अधिक चम्किलो छ, यही वर्ण प्रणीततर छ।"

"भो गौतम ! रात्र्यान्धकारको जुन तेलको बत्ती हो– यी दुबै वर्णहरूमा यही वर्ण (तेलको बत्तीको वर्ण) अधिक चम्किलो छ, यही वर्ण प्रणीततर छ।"

३– "कात्यायन ! रात्र्यान्धकारको जुन तेलको बत्ती हो, र रात्र्यान्धकारको जुन महान आगोको ज्वाला हो– यी दुबै वर्णहरूमध्येमा कुनचाहिं वर्ण अधिक चम्किलो छ ? कुन चाहिं प्रणीततर छ ? यसमा तिमी के भन्छौ त ?"

"भो गौतम ! रात्र्यान्धकारको जुन महान आगोको ज्वाला हो– यी दुबै वर्णहरूमध्येमा यही वर्ण (ज्वालाको वर्ण) अधिक चम्किलो छ, यही वर्ण प्रणीततर छ।"

४– "कात्यायन ! रात्र्यान्धकारको जुन महान आगोको ज्वाला हो अथवा रातको भोरमा मेघरहित स्वच्छ आकाशको जुन ओषधीतारा (= शुक्रतारा) हो– यी दुबै वर्णहरूमध्येमा कुनचाहिं वर्ण अधिक चम्किलो छ ? कुनचाहिं प्रणीततर छ ? यसमा तिमी के भन्छौ त ?"

Downloaded from http://dhamma.digital/

"भो गौतम ! रातको भोरमा मेघरहित स्वच्छ आकाशको जुन ओषधीतारा (= शुक्रतारा) हो– यी दुबै वर्णहरूमध्येमा यही वर्ण (शुक्रतारा) अधिक चम्किलो छ, यही वर्ण प्रणीततर छ।"

५– "कात्यायन ! रातको भोरमा मेघरहित स्वच्छ आकाशको जुन ओषधीतारा हो, अथवा पन्नरसी (= पूर्णिमा) को उपोसथको दिनको अर्धरातको समयमा मेघरहित स्वच्छ आकाशको जुन चन्द्रमा हो– यी दुबै वर्णहरूमध्येमा कुनचाहिं वर्ण अधिक चम्किलो छ ? कुन चाहिं प्रणीततर छ ? यसमा तिमी के भन्छौ त ?"

"भो गौतम ! पन्नरसीको उपोसथको दिनको अर्धरातको मेघरहित स्वच्छ आकाशको जुन चन्द्रमा हो– यी दुबै वर्णहरूमध्येमा यही वर्ण (चन्द्रमा) अधिक चम्किलो छ, यही वर्ण प्रणीततर छ।"

६– "कात्यायन ! पन्नरसी (पूर्णिमा) को उपोसथको दिनको अर्धरातको मेघरहित स्वच्छ आकाशको जुन चन्द्रमा हो अथवा बर्षाद्को अन्तिम समयमा शरद महीनामा मेघरहित स्वच्छ आकाशको मध्यान्ह समयको जुन सूर्य हो– यी दुबै वर्णहरूमध्येमा कुनचाहिं वर्ण अधिक चम्किलो छ ? कुन चाहिं प्रणीततर छ ? यसमा तिमी के भन्छौ त ?"

"भो गौतम ! बर्षाद्को अन्तिम समयमा शरद महीनामा मेघरहित स्वच्छ आकाशको मध्यान्ह समयको जुन सूर्य हो– यी दुबै वर्णहरूमध्येमा यही वर्ण (सूर्य) अधिक चम्किलो छ, यही वर्ण प्रणीततर छ।"

Downloaded from http://dhamma.digital/

"कात्यायन ! मलाई थाहा छ कि योभन्दा धेरै धेरै देवताहरू छन् जसलाई यो चन्द्र सूर्यका आभाषले छुन सक्दैन। (बरु देवताहरूकै तेज चन्द्र सूर्यको भन्दा अधिक तेजिलो हुन्छ) तैपनि म भन्दिन कि 'यो वर्णभन्दा उत्तरोत्तर वा प्रणीततर वर्ण छैन।' कात्यायन ! जुन वर्ण जुनकिरीकोभन्दा पनि हीनतर निकृष्टतर हो, सोही वर्णलाई तिमी 'परमवर्ण' भनी भन्छौ। त्यो वर्ण पनि बताउँदैनौ।"

## कामसुखभन्दा कामाग्रसुख अग्र छ

"कात्यायन ! यी पाँच कामगुणहरू हुन्। कुन पाँच भने ?– (१) चक्षुविज्ञेय रूपहरू– जो इष्ट (= स्वादिलो), कान्त (= राम्रो), मनाप (= मनपर्ने), प्रियरूप, कामूपसंहित (= राग उत्पन्न गराउने) तथा रजनीय (= रञ्जित पार्ने) हुन्छन्, (२) श्रोतविज्ञेय शब्दहरू,... (३) घ्राणविज्ञेय गन्धहरू,... (४) जिह्वाविज्ञेय रसहरू,... तथा (५) कायविज्ञेय स्पर्शहरू– जो इष्ट, कान्त, मनाप, प्रियरूप कामूपसंहित तथा रजनीय हुन्छन्। कात्यायन ! यी नै हुन् पञ्चकाम गुणहरू ! कात्यायन ! जो यी पञ्चकाम गुणहरूको कारणले सुख र सौमनस्य (= मानसिक सुख) उत्पन्न हुन्छ– यसलाई कामसुख भनिन्छ। यसरी कामबाट कामसुख हुन्छ, कामसुखभन्दा कामाग्रसुख (निर्वाण) त्यहाँ अग्र देखिन्छ।"

यस्तो भन्नुहुँदा, वेखनस परिव्राजकले भगवानलाई यस्तो भने– "भो गौतम ! आश्चर्यय हो, भो गौतम ! अद्‌भूत हो। तपाई

Downloaded from http://dhamma.digital/

गौतमले 'कामबाट कामसुख र कामसुखभन्दा कामाग्रसुख (निर्वाण) त्यहाँ अग्र देखिन्छ' भनी कति सुभाषित गर्नुभएको हो !"

"कात्यायन ! कामबाट कामसुख र कामसुखभन्दा कामाग्रसुख त्यहाँ अग्र देखिन्छ भन्ने कुरा तिमी जस्ता अन्यदृष्टिकले, अन्य विश्वासीले, अन्य रूचिकले, अन्य आचारण गर्नेले तथा अन्तय आचार्यकले जान्न गाह्रो छ– कामबाट कामसुख वा कामाग्रसुख भन्ने कुरा। कात्यायन ! जो भिक्षुहरू अरहत् क्षीणास्रवी, ब्रह्मचर्यवास पूरा गरेका, गर्नुपर्ने गरिसकेका, भार बिसाइसकेका, अरहत् प्राप्त भएका, भवसंयोजनहरू परिक्षीण भएका तथा राम्ररी जानी विमुक्त भएका हुन् तिनीहरूले काम भन्ने वा कामसुख भन्ने कुरा जान्न सक्छन्।"

यस्तो भन्नुहुँदा, वेखनस परिव्राजक रिसाई असन्तुष्ट भई भगवानलाई कटाक्ष गर्दै, भगवानलाई नै निन्दा गर्दै, भगवानलाई नै कुरा सुनाउँदै– "श्रमण गौतम नै अज्ञानी हुन सक्छन्" भन्दै भगवानसँग यस्तो भने– "त्यस्तैगरी यहाँ केही श्रमण ब्राह्मणहरू पूर्वान्तलाई नजानी, अपरान्तलाई नदेखी त्यसै 'जन्म क्षीणभयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त यहाँ आउनुपर्ने कुनै हेतु छैन भनी जान्दछौं' भनी भन्छन्। उनीहरूको यो भाषण हास्य मात्र हुन्छ, नीच मात्र हुन्छ, फुस्रो मात्र हुन्छ र खोक्रो मात्र हुन्छ।"

"कात्यायन ! जो ती श्रमण ब्राह्मणहरू पूर्वान्तलाई नजानी, अपरान्तलाई नदेखी 'जन्म क्षीण भयो... अब उप्रान्त यहाँ आउनुपर्ने कुनै हेतु छैन भनी जान्दछौं' भनी भन्छन् उनीहरूलाई सोही कारण नै निग्रह

Downloaded from http://dhamma.digital/

हुन्छ। कात्यायन ! परन्तु यो पूर्वान्त र अपरान्तको कुरा छाडिदेऊ। विज्ञ, असठ, अछली तथा ऋजुस्वभावको पुरुष आऊ म अर्तिबुद्धि दिनेछु, म धर्मोपदेश गर्नेछु । मैले भने जस्तै आचरण गरेमा चिरकाल नबित्दै आफैले जान्नेछ र आफैले देख्ने छ कि– यसरी सम्यक्‌रूपले अविदयाबाट मुक्त हुन्छ भनी । कात्यायन ! जस्तै कुनै स्यानो चितानपरि सुत्नपर्ने वालकलाई कण्ठ सहित पाँच ठाउँमा (दुइहात, दुइखुट्टा र कण्ठमा) धागोले बाँधेको हुन्छ। अनि ऊ ठूलो भएपछि इन्द्रिय परिपक्व भएपछि त्यस बन्धनबाट मुक्त हुन्छ। ऊ मुक्त भएँ भन्ने जान्दछ तर बन्धन भने जान्दैन। कात्यायन ! यस्तैगरी विज्ञ, असठ, अछली तथा ऋजुस्वभावको पुरुष आऊ म अर्तिबुद्धि दिनेछु, म धर्मोपदेश गर्नेछु। मैले भने जस्तै आचरण गरेमा चिरकाल नबित्दै आफैले जान्नेछ, आफैले देख्नेछ कि– यसरी सम्यक्‌रूपले अविदया बन्धनबाट मुक्त हुन्छ भनी।"

यस्तो भन्नुहुँदा वेखनस परिव्राजकले भगवानलाई यस्तो भने– "धन्यहो भो गौतम ! धन्यहो भो गौतम ! !...आजदेखि भगवानले मलाई जीवनभर शरणमा आएको उपासक हो भनी धारण गर्नुहोस्।"

---

Downloaded from http://dhamma.digital/

# ३९।६. सञ्जय परिव्राजक

## प रि च य

यी सञ्जय परिव्राजक राजगृहवासी हुन् । यिनी जातिले ब्राह्मण थिए[१] । यी परिव्राजक वस्त्रधारी सन्यासी थिए । यिनका २५० जना शिष्यहरू थिए[२] । यिनकहाँ उपतिस्स र कोलितहरू (सारिपुत्र र मौद्‌गल्यायनहरू) प्रव्रजित भएका थिए । यिनीहरू प्रव्रजित भएदेखि सञ्जयको प्रतिष्ठा निकै बढेको थियो । उपतिस्स र कोलित परिव्राजकहरूले सञ्जय परिव्राजककहाँ तीन वेदहरू र परिव्राजक धर्मका सबै कुराहरू अध्ययन गरेका थिए[३] । जब उपतिस्स र कोलित

---

१. अप. दा. I. पा. पृ. २९ : सारिपुत्तत्थेरअपदानं ।

२. महा. व. पा. पृ. ३८ : सारिपुत्तमोग्गल्लानपब्बज्जाकथा, महाखन्धकं ।

३. अप. दा. अ. क. पृ. १७८–७९ : सारिपुत्तत्थेरअपदानवण्णना; सुत्त. नि. अ. क. II. पृ. १४० : धम्मसुत्तवण्णना, चूलवग्ग; धम्म. प. अ. क. पृ. ५४–५५ : अग्गसावकवत्थु, अप्पमादवग्गो; सम. पा. III. पृ. १०२३ महाखन्धकं ।

Downloaded from http://dhamma.digital/

परिव्राजकहरू सञ्जय परिव्राजकलाई छाडी बुद्धकहाँ गए र तब यिनले र गत बमन गरेका थिएँ[1] ।

गुरु प्रतिको सद्भावको कारणले उपतिस्स र कोलित परिव्राजकहरूले आफ्ना गुरु सञ्जय परिव्राजकलाई पनि बुद्धकहाँ लैजाने ठूलो प्रयास गरेका थिए । किन्तु सञ्जय परिव्राजक बुद्धकहाँ गई उहाँको शिष्य बन्न चाहन्नथे । उमेरले चाहिं बुद्धभन्दा यिनी जेठा थिए । यिनी भन्दथे "पानी राख्ने खरखण्डा जस्तै भैसकेको म बुद्धकहाँ गई पानी लिने डाडु जस्तो बन्न सक्दिन ।"

सुमङ्गलविलासिनी I. पृ. ४७ : ब्रह्मजालसुत्तवण्णना अनुसार नालन्दा र राजगृहका बीच बाटामा गइरहेका सुप्पिय (सुप्रिय) परिव्राजक पनि सञ्जय परिव्राजककै शिष्य थिए भन्ने कुरा बुझिन्छ । सारिपुत्र स्थविरका भाञ्जा दीर्घनख परिव्राजकले "मेरा मामा सारिपुत्र स्थविर सञ्जय परिव्राजकलाई छाडी बुद्धकहाँ जानुभयो । यदि बुद्धको धर्म सञ्जयको धर्मभन्दा श्रेष्ठतर नहुँदो हो त मेरा मामा त्यहाँ जाने थिएनन्" भनी दीर्घनख परिव्राजक एकदिन बुद्धकहाँ गएका थिए । यस सम्बन्धी अरू कुराहरू लेखकको बु. श्रा. च. भा-५, पृ. १५ : अग्रस्थानमा हेर्नू ।

विभिन्न सञ्जयका नामहरू लेखकको बु. प. भा-१, पृ. १२२ मा उल्लेख भइसकेको छ ।

X X X

---

१. धम्म. प. अ. क. पृ. ५७ : अग्गसावकवत्थु, यमकवग्गो ।

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## सारिपुत्र मौद्‌गल्यायनको प्रव्रज्या

(सारिपुत्तमोग्गल्लानपब्बज्जाकथा[1])

त्यसबखत सञ्जय परिव्राजक अढाइशय परिव्राजकहरू भएको महत् परिषद्‌सँग राजगृहमा बस्दथे ।

(यस बाहेक अन्य कुरा लेखकको बु. श्रा. च. भा-२, को पृ. १ देखि ११ सम्म हेर्नू । सबै कुरा त्यहाँ लेखिसकेको छु ।)

१. महा. व. पा. पृ. ३८ : महाखन्धकं; अ. क. III. पृ. १०२२.

Downloaded from http://dhamma.digital/

# ४०७. सच्चक निगण्ठपुत्र

## प रि च य

अघि एक निगण्ठ र एक निगण्ठी पाँच पाँच शय प्रश्नहरू सिकी “वादविवाद गर्नेछौं” भनी जम्बुद्वीपमा घुम्दै फिर्दै (दुवैजना) वैशाली नगरमा आइपुगे। अनि वैशालीका लिच्छवी राजाहरूले निगण्ठलाई देखी “तिमी को हौ ?” भनी सोध्दा “म निगण्ठ हुँ, वादविवाद गर्न म जम्बुद्वीपमा डुल्दैछु” भनी भने। निगण्ठीलाई देखी उनीसँग पनि त्यस्तै कुरा सोध्दा उनले पनि त्यस्तै जवाफ दिइन्। अनि लिच्छवीहरूले “तिमीहरू यहाँ बसी परस्पर वादविवाद गर” भनी दुबैजनालाई एक ठाउँमा राखे। निगण्ठीले आफूले सिकेका पाँचशय प्रश्नहरू सोधिन्। निगण्ठले जवाफ दिए। निगण्ठले पनि यस्तैगरी आफूले सिकेका पाँचशय प्रश्नहरू सोधे। निगण्ठीले जवाफ दिइन्। यी दुइमध्ये कसैको पनि हारजित भएन। अनि लिच्छवीहरूले “तिमीहरू दुबैजना उस्तै रहेछौ। तिमीहरू यताउता घुमेर के गर्छौ ? तिमीहरू यहीं बस” भनी एउटा घर दिई त्यसको व्यवस्था पनि गरिदिए।

Downloaded from http://dhamma.digital/

केही समयपछि दुबैजनाको बीचमा संसर्ग भएपछि उनीहरूका चार छोरी भए। एउटीको नाम सच्चा, अर्कीको नाम लोला, अर्कीको नाम पटाचारा र अर्कीको नाम सिवावतिका[१] थियो । तिनीहरू चारैजना एकसेएक विदुषी थिए। आमा-बाबुहरूले सिकेका पाँच पाँचशय प्रश्नहरू उनीहरूले पनि सिके । उनीहरू तरुणी भएपछि आमा-बाबुहरूले उनीहरूलाई यसो भने—

"नानीहो ! हामीहरूको कुल परम्परामा कसैबाट धन लिई केटी दिने चलन छैन। जुन गृहस्थीले वादबाट हराउँछ सो गृहस्थीसँग केटी जान्छे। जुन प्रव्रजितले हराउँछ सो प्रव्रजितको शिष्या भई केटी बस्छे। अतः तिमीहरू के गर्छौ ?"

यो सुनेर केटीहरूले "हामीहरू पनि त्यस्तै गर्नेछौं" भनी चारैजनाले संन्यास भेष धारण गरी परिव्राजिका भए।

अनि जम्बुवृक्षको कारणले जम्बुद्वीप भन्ने नाम रहन गएको हो भन्ने विचारले जम्बुवृक्षको शाखा लिई उनीहरू जम्बुद्वीपमा घुम्न गए। यसरी घुम्न जाँदा जुन गाउँमा उनीहरू पुग्थे सो गाउँको एक छेउमा कुनै माटोको ढिस्कोमा अथवा बालुवाको कुनै थुप्रोमा जम्बुशाखा गाडी "जो हामीसँग वाद गर्न चाहन्छ उसले यो शाखा ढालिदेओस्" भनी उनीहरू गाउँभित्र जान्थे । यसरी गाउँ गाउँमा घुम्दै फिर्दै एकदिन

१. बर्मीमाः 'आचारधती' सियाममाः 'सिलावतका' र लंकामाः 'आवाटकाय' छन् ।

Downloaded from http://dhamma.digital/

श्रावस्ती नगरमा आइपुगे । त्यहाँ पनि त्यस्तैगरी जम्बुशाखा गाडे र त्यहाँका मानिसहरूलाई कारणहरू बताई उनीहरू नगरभित्र गए ।

त्यसबखत भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा बसिरहनु भएको थियो । सारिपुत्र स्थविर पनि सँगै थिए । एकदिन अबेर गरी श्रावस्ती नगरमा भिक्षाटन जानुभएको बेलामा नगरको छेउमा जम्बुशाखा गाडिराखेको सारिपुत्र स्थविरले देख्नुभयो र त्यहाँका केटाहरूसँग "यो केहो ?" भनी सोध्दा उनीहरूले सबै कारण बताए । अनि स्थविरले "त्यसोभए यो शाखा ढालिदेओ" भनी भन्नुहुँदा केटाहरूले "हामीलाई डर लाग्छ" भनी भने । स्थविरले "डराउन पर्दैन, ढालिदेओ । कसले ढालेको हो ?" भनी सोधेमा "भगवानका श्रावक सारिपुत्रले ढाल्न लगाएको हो भनी भन्नू" भनी केटाहरूलाई भन्नुभयो । यो पनि भन्नुभयो कि यदि "वादविवाद गर्न चाहन्छचौ भने जेतवनमा स्थविरकहाँ जानू" भनी भन्नू । स्थविरको कुरा सुनी केटाहरूले शाखा ढालिदिए । स्थविर पनि नगरमा भिक्षाटन गरी जेतवनमा जानुभयो ।

परिव्राजिकाहरू नगरबाट बाहिर निस्कँदा जम्बुशाखा ढालेको देखेर "कसले ढालेको हो ?" भनी सोध्दा केटाहरूले "भगवानका श्रावक सारिपुत्र भन्नेले ढाल्न लगाउनु भएको हो" भनी भने । परिव्राजिकाहरू फेरि नगरभित्र गई "बुद्ध श्रावक सारिपुत्र भन्नेले हामीसँग वाद गर्ने छन् । सुन्न चाहनेहरू आउनू" भनी सडक सडकमा गई प्रचार गरे । यो सुनेर मानिसहरू पनि निस्के । परिव्राजिकाहरू ती मानिसहरूसँग जेतवनाराममा गए । "हामी बस्ने ठाउँमा आइमाईहरू आउन अप्ठेरो हुनसक्छ" भनी स्थविर चाहिं विहार बाहिर बस्नुभयो ।

Downloaded from http://dhamma.digital/

जेतवनाराममा गई परिव्राजिकाहरूले "के तपाईले हाम्रो ध्वजा झिक्न लगाउनुभएको हो ?" भनी स्थविरसँग सोधे। स्थविरले "हो, मैले झिक्न लगाएको हुँ" भनी भन्नुभयो।

"त्यसोभए तपाईसँग हामी वाद गर्नेछौं।"

"हुन्छ, गर।"

"कसले प्रश्न सोध्ने र कसले उत्तर दिने त ?"

"प्रश्न सोध्ने पालो त हाम्रो हो। तैपनि आइमाई जाति भएको हुनाले तिमीहरूले नै पहिले प्रश्न सोध।"

अनि ती चारजना परिव्राजिकाहरू चार दिशामा उभिई आफ्ना आमा-बाबुहरूसँग सिकेका हजार प्रश्नहरू सोधे। कमलका डाठहरू चूपिले चट् चट् काट्ने झैं सोधे सोधेका प्रश्नहरूको उत्तर स्थविरले दिनुभयो र फेरि "अर्को कुनै प्रश्न छ के ? छ भने सोध" भनी भन्नुभयो।

"भन्ते ! हामीमा अरू प्रश्न छैनन्। हामीले सिकेका प्रश्नहरू यत्ति नै हुन्" भनी परिव्राजिकाहरूले भने। त्यसपछि स्थविरले "तिमीहरूले हजार प्रश्नहरू सोध्यौ। सोधे सोधेका प्रश्नहरूको उत्तर मैले दिएँ। अब म एउटै प्रश्न सोध्नेछु। त्यसको उत्तर तिमीहरूले देओ" भनी भन्नुभयो। निर्धक्क भई उनीहरूले "हुन्छ, हामी उत्तर दिनेछौं" भनी भन्न नसकी "भन्ते ! हुन्छ, जानेको भए उत्तर दिनेछौं" भनी भने। त्यसपछि स्थविरले "यो चाहिं प्रव्रजित भएकालाई सिकाउनु

Downloaded from http://dhamma.digital/

पर्ने पहिलो प्रश्न हो” भन्नुहुँदै “एउटा नाम भनेको के हो ?” भनी सोध्नुभयो।

उनीहरूले त्यस प्रश्नको न टुप्पो जान्नसके न त फेद नै। स्थविरले “भन” भनी भन्नुभयो।

“भन्ते ! हामीले यसको कुनै अत्तोपत्तो पाउन सकेनौं” भनी भने।

“तिमीहरूले हजार प्रश्न सोध्यौ र मैले त्यसको उत्तर दिएँ। तिमीहरूले एउटा प्रश्नको पनि उत्तर दिन सकेनौ। यसोहुँदा कसको जय र कसको पराजय भयो त ?”

“भन्ते ! तपाईको जय र हामीहरूको पराजय भयो।”

“त्यसोभए अब के गर्छौं त ?”

उनीहरूले आमा-बाबुले बताएका कुरा सुनाई “हामी तपाईकहाँ प्रव्रजित हुन चाहन्छौं” भनी भने।

“आइमाई जाति तिमीहरू हामीकहाँ प्रव्रजित हुन हुन्न। हाम्रो सन्देश-पत्र लिई भिक्षुणी उपश्रयमा गई तिमीहरू प्रव्रजित हुनसक्छौ” भनी उनीहरूलाई स्थविरले भिक्षुणीसङ्घमा पठाउनु भयो। उनीहरू पनि भिक्षुणीसङ्घका छेउमा गई प्रव्रजित भए। प्रव्रजित भइसकेपछि उनीहरू खूब होसराखी बसे। यसरी बसेका उनीहरू चिरकाल नबित्दै सबै अरहत्नी भए।

Downloaded from http://dhamma.digital/

यी सच्चक निगण्ठपुत्र चाहिं यिनीहरूकै कान्छा भाइ हुन्[१]। ती चारजना परिव्राजिकाहरूभन्दा यिनी पण्डित थिए। यिनले आफ्ना आमा-बाबुहरूसँग सिकेका हजार वादहरूको अतिरिक्त यिनले बाहिरका धर्म तथा शास्त्रहरू पनि अध्ययन गरेका थिए। यिनी नक्षत्र शास्त्र पनि जान्दथे। यिनले भनेका नक्षत्रका कुरा धेरैजसो ठिक ठिक मिल्दथ्यो। यसै कारणले गर्दा यिनलाई लिच्छवीहरूले ठूलो सम्मानको दृष्टिले हेर्दथे र सम्मान गर्दथे। दिनदिनै पाँचशय थाली पक्वानहरू पनि पथाउँथे[२]। त्यसैले यिनी अन्त कतै नगई लिच्छवी राजपुत्रहरूलाई अध्यापन गराई वैशालीमै बसिरहेका थिए। "प्रज्ञाले भरिएको हुँदा मेरो पेट फुट्नसक्छ" भन्ने सोची पेटमा फलामको पेटी बाँधी यिनी हिंडदथे[३]।

स्वभावतः यी सच्चक निगण्ठपुत्र वाचाल तथा घमण्डी थिए। वैशालीको परिषद्लाई यिनी यस्तो भन्दथे– "मेरो वादको अगाडि कुनै श्रमण ब्राह्मणहरू टिक्न सक्ने छैनन्। यतिसम्म कि सर्वज्ञ बुद्ध भनाउँदाहरू पनि मेरो वादको अगाडि टिक्न सक्ने छैनन्। मेरो वादको कुरा सुनी उनीहरूको शरीरबाट पसिना बघ्नेछ। यदि मैले कुनै अचेतन स्तम्भसँग वाद गरें भने त्यो अचेतन स्तम्भ पनि कम्पित हुनेछ भने सचेतनको त के कुरा!" यस्ता वाचाल कुरा गरी यिनी पण्डितमानी भई खूब घमण्ड देखाउँदै नाक फुलाउँदथे।

---

१. पपं. सू. II. पृ. २२३–२५ : चूलसच्चकसुत्तवण्णना।

२. पपं. सू. II. पृ. २३५ : चूलसच्चकसुत्तवण्णना।

३. पपं. सू. II. पृ. २२५ : चूलसच्चकसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

यिनी बुद्धसँग खूब वाद गर्न चाहन्थे। तर बुद्धधर्म सम्बन्धी केही ज्ञान नभएकोले यिनी अलि संकोच मान्दथे । यिनी सोच्दथे कि जो सँग वाद गर्नेहो तिनको धर्म सम्बन्धी कुनै कुरा नजानी वाद गर्न सजिलो हुन्न । अतः पहिले तिनको धर्म सम्बन्धी केही ज्ञान हासिल गर्नुपर्छ।

एकदिन यिनी घुम्दै फिर्दै लिच्छवीहरूको घरघरमा घुमिरहेको बेलामा बाटामा गइरहनुभएका अस्सजि स्थविरलाई देखे। अनि यिनको मनमा लाग्यो "यी अस्सजी स्थविर भगवानका पहिला शिष्यहरूमध्येमा एक हुन्। यिनलाई बुद्ध सिद्धान्तका कुरा राम्ररी थाहा हुनु पर्छ। यिनकहाँ गई बुद्ध सिद्धान्तका कुरा सुनी त्यसै कुराको आधारमा बुद्धलाई वादारोपण गर्नुपर्‍यो।" यति सोची यिनी अस्सजि स्थविर छेउ गए। त्यसैले अगाडि अनुदित सूत्रमा "जहाँ आयुष्मान् अस्सजि हुन् त्यहाँ गए" भनी उल्लेख भएको हो ।

अनि सच्चक निगण्ठपुत्रले अस्सजि स्थविरसँग "भगवान बुद्ध आफ्ना शिष्यहरूलाई कुन किसिमको उपदेश धेरै सुनाउनु हुन्छ ?" भनी सोध्दा स्थविरले अनित्यवादको विषयमा कुरा बताउनु भएको थियो। यो सुनेर सच्चकले "कस्तो कुरा सुन्नपर्‍यो" भन्ने अप्रसन्नता व्यक्त गरेका थिए। यो पनि उनले सोचेका थिए कि कुनै दिन श्रमण गौतमसँग भेटी यसै कुरामाथि मैले वादारोपण गर्नेछु।

अनि एकदिन सभाषद्मा बसिरहेका लिच्छवीहरूकहाँ गई यिनले यसो भने– "राजपुत्र हो ! आज म श्रमण गौतमकहाँ गई वादारोपण

Downloaded from http://dhamma.digital/

गर्नेछु। हेर्न चाहने तपाईहरू मसँग आउनुहोस्।" यो सुनेर त्यहाँ भेला भएका लिच्छवीहरूमध्ये कसैले "श्रमण गौतममाथि सच्चकले के वादारोपण गर्न सक्लान् र ! कसैले सच्चकमाथि श्रमण गौतमले के वादारोपण गर्न सक्लान् र !" भनी भन्न थाले। अनि सच्चकका अनुयायी पाँचशय लिच्छवी कुमारहरू सच्चकको पछि पछि लागे। यो देखेर अरू पनि मानिसहरू निस्केर आए। ठूलो परिषद् भयो। यी सबै मानिसहरूका साथ सच्चक निगण्ठपुत्र मध्यान्हको समयमा वैशालीस्थित महावनको कूटागार शालामा गए। त्यसबखत भगवान दिवा भोजनपछि दिवा विहारको निमित्त महावन भित्र गई कुनै अनुकूल ठाउँमा बसिरहनुभएको थियो। सच्चक भगवानकहाँ गई भगवानसँग कुशलक्षेम कुराकानी गरी एक छेउमा बसे। त्यसपछि सच्चकले "यदि भगवानले वचन दिनुहुन्छ भने म केही प्रश्न सोध्न चाहन्छु" भनी भनेपछि भगवानले प्रसन्नतापूर्वक सच्चकलाई "जे चाहन्छौ सोध" भनी भन्नुभयो।

त्यसपछि सच्चकले भगवानसँग "तपाई आफ्ना शिष्यहरूलाई कस्तो उपदेश गर्नुहुन्छ ?" भनी सोध्दा भगवानले अस्सजि स्थविरले भने झैं अनित्यवादको कुरा सुनाउनु भयो। अनि सच्चकले आत्मवादको कुरा सुनाए। भगवानले यदि तिमीले भनेको आत्मवादको कुरा ठीक छ भने राजाहरूले आफ्नो मुलुकलाई आफ्नो नियन्त्रणमा राखे झैं तिमीले पनि आफ्नो रूपलाई आफ्नो नियन्त्रणमा राख्न सक्नुपर्थ्यो, होइन त ? भनी भन्दा सच्चक नाजवाफ भई चूप लागे।

किन सच्चक चूप लागेको त ?

Downloaded from http://dhamma.digital/

जब भगवानले उनलाई एक उपमा देखाई "सक्छौ भने तिमीले यसको उत्तर देऊ" भनी भन्नुभयो तब उनले त्यसको उत्तर दिन सकेनन् र उनी चूप लागेका हुन्। यति मात्र होइन उनको मनमा यस्तो पनि लागेको थियो– "अब भने श्रमण गौतमले मेरो वादलाई खण्डन गर्ने कारणहरू प्रस्तुत गर्दैछन्। मूर्ख भएर मैले रूपसम्बन्धी कुरालाई नै विशेषता दिई कुरा गरें। अब भने म सिद्धिएँ। यदि मैले रूपमा मेरो नियन्त्रण छ भनूँ भने यी लिच्छवीहरू उठी 'अग्गिवेस्सन! यदि रूपमा नियन्त्रण छ भने किन तपाई हामी जस्तै रूपवान् भइ नबसेको छ?' भनी भन्नसक्छन्। यदि रूपमा मेरो नियन्त्रण छैन भनूँ भने यी श्रमण गौतम उठी 'अग्निवेस्सन! अघि भने तिमिले रूपमा नियन्त्रण छ भनी भन्यौ! अहिले चाहिं फेरि नियन्त्रण छैन भनी भन्छौ' भनी ममा वादारोपण गर्न सक्छन्।" यसरी 'छ' भन्नुमा पनि 'छैन' भन्नुमा पनि दोष देखेर उनी चूपलागेर बसेका थिए भनी पपं. सू. II. पृ. चूलसच्चक-सुत्तवण्णनाले उल्लेख गरेको छ।

अनि दुइ तीन पटक सोध्दा पनि सच्चक चूप लागेर नै बसे। अन्तःमा भगवानले "सच्चक! यो चूपलागेर बस्ने समय होइन। हो भने हो; होइन भने होइन भन" भनी भन्नुभयो। सच्चकले आफ्नो शीरमाथि आकाशमा प्रज्वलित भएको हातमा वज्र लिई वज्रपाणी उभिइरहेको देखी मरण-भयले भयभीत भई कुनै शरण नपाई बुद्धकै शरणमा परी उनले "हो, मेरो रूपमा आफ्नो नियन्त्रण छैन" भनी स्वीकारे।

Downloaded from http://dhamma.digital/

त्यसपछि सच्चकले आफूले दुस्साहस गरेको कुरा हात्तीको उपमाद्वारा प्रकाश पारी अन्त्यमा उनले भगवान सहित भिक्षुसङ्घलाई निम्त्याएको कुरा अगाडिको पहिलो सूत्रमा उल्लेख भएको छ।

यस पराजितले गर्दा सच्चकको भित्री मनमा शान्ती चाहिं भएन। उनको मनमा अझ पनि बुद्धकहाँ गई वाद गर्ने खूब इच्छा थियो। त्यसैले एक अर्को दिनमा उनले सोचे कि आफ्नो मूर्खताले गर्दा अघि धेरै मानिसहरू साथमा लिएर म बुद्धकहाँ गएँ। अहिले चाहिं एक्लै सुटुक्क जानुपर्‍यो। जितें भने आफ्नो वादको कुरा पनि प्रकाश पार्ने छु। पराजित भएँ भने यो कुरा कसैलाई थाहा हुने छैन । अँध्यारोमा नाच देखाउने जस्तो हुनेछ[1] । यति मनमा सोची उनी अर्को एक पटक भगवानकहाँ गएको कुरा अगाडि अनुदित दोस्रो सूत्रमा उल्लेख भएको छ। जे जति कुराकानी सच्चक र भगवानको बीचमा भयो ती सबै कुराहरू उक्त दोस्रो सूत्रमै उल्लेख भएका छन्। यस भेटमा पनि उनले बुद्धलाई जित्न सकेनन् । तै पनि उनी भन्दछन्– "यसरी झोसेर कुरा सुनाउँदा पनि तपाई गौतमको मुखाकृति कित पनि मलिन भएको मैले देखिन । यसरी झोसेर कुरा सुनाउँदा अरू गणाचार्यहरू रिसाएका कुरा चाहिं मलाई सम्झना छ।" यति कुरा भनी प्रसन्नता व्यक्त गरी फर्केर गएको कुरा अगाडि अनुदित दोस्रो सूत्रको अन्तमा उल्लेख भएको छ।

---

१. पपं. सू. II. पृ. २३६ : महासच्चकसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

पपं. सू. II. पृ. २४४ : महासच्चकसुत्तवण्णनानुसार यी सच्चक निगण्ठपुत्र बुद्ध परिनिर्वाण भएको २०० वर्ष जति पछि लंकाद्वीपमा जन्म लिई कालबुद्धरक्खित स्थविर भई प्रतिसम्भिदालाभी अरहन्त हुने छन् ।

x x x

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## १. सच्चक निगण्ठपुत्र आयुष्मान् अस्सजिकहाँ गए

(चूलसच्चकसुत्तं[१])

यस्तो मैले सुनें।

एक समय भगवान वैशाली स्थित महावनको कूटागारशालामा बस्नुभएको थियो। त्यसबखत सच्चक निगण्ठपुत्र वैशालीमा बस्दथे जो वाचाल, पण्डितमानी तथा धेरैबाट सम्मानित थिए[२]। उनी वैशालीको परिषद्मा यस्तो भाषण गर्दथे– "म त्यस्तो श्रमण ब्राह्मण, संघगणी गणाचार्य अथवा अभ्र अरहन्त सम्यक्सम्बुद्ध भन्ने पुरुष देख्दिन जो मैले वाद आरोप गर्दा कम्पन नहोस्, प्रकम्पन नहोस्, नडगमगियोस् र जसको काखीबाट पसिना ननिस्कियोस्।

---

१. म. नि. I. पृ. २८०; अ. क. II. पृ. २२३.

२. यी सच्चक नक्षत्र शास्त्र जान्दथे। अतः उनले भनेका नक्षत्रमा कुराहरू धेरैजसो सत्य हुन्थे। त्यसैले मानिसहरू उनलाई सम्मान गर्दथे। पपं. सू. II. पृ. २२५ : चूलसच्चकसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

यदि मैले अचेतन स्तम्भसँग वाद आरोप गरें भने त्यो पनि कम्पन हुनेछ, प्रकम्पन हुनेछ र नडगमगाई रहन सक्ने छैन भने मनुष्यहरूको त के कुरा !"

अनि आयुष्मान् अस्सजि (अश्वजित्) पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी वैशालीमा भिक्षष्टनको निमित्त गए। अनि वैशालीमा टहलिंदै हिंडदै अनुविचरण गरिरहेका सच्चक निगण्ठपुत्रले आयुष्मान् अस्सजिलाई टाढैबाट आइरहेको देखे। देखेर जहाँ आयुष्मान् अस्सजि हुन् त्यहाँ गए। त्यहाँ गएर आयुष्मान् अस्सजिसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा उभिए। एक छेउमा उभिएका सच्चक निगण्ठपुत्रले आयुष्मान् अस्सजिलाई यस्तो भने– "भो अस्सजि ! श्रमण गौतम आफ्ना श्रावकहरूलाई कसरी विनीत पार्छन् ? श्रमण गौतमले आफ्ना श्रावकहरूलाई कुन प्रकारले धेरै उपदेश गर्छन् ?"

"अग्गिवेस्सन ! आफ्ना श्रावकहरूलाई भगवान यसरी विनीत पार्छन्, यसप्रकार उनका श्रावकहरूलाई धेरै उपदेश गर्छन्। जस्तै– 'भिक्षुहो ! रूप अनित्य हो, वेदना अनित्य हो, संज्ञा अनित्य हो, संस्कार अनित्य हो, विज्ञान अनित्य हो। भिक्षुहो ! रूप अनात्म हो, वेदना अनात्म हो, संज्ञा अनात्म हो, संस्कार अनात्म हो, विज्ञान अनात्म हो। सबै संस्कारहरू अनित्य हुन्, सबै धर्महरू अनात्म हुन्।' अग्गिवेस्सन ! आफ्ना श्रावकहरूलाई भगवान् यसरी विनीत पार्छन्, यसरी उनका श्रावकहरूलाई धेरै उपदेश गर्छन्।"

Downloaded from http://dhamma.digital/

"भो अस्सजि ! अयोग्य कुरा सुन्न पऱ्यो (दुस्सतं) जो हामीले यस्ता वादी गौतमको कुरा सुन्न पऱ्यो। शायद कुनै बखत कुनै समयमा उहाँ गौतमसँग हाम्रो भेटघात हुन सक्नेछ जुन बखत उहासँग केही कुराकानी हुनेछ ता कि त्यस खराब विचारधाराको विवेचना गर्न सक्नेछौं।"

## सच्चक भगवानकहाँ गए

त्यसबखत कुनै कामले पाँचशय लिच्छवीहरू संस्थागारमा (सभागृह) भेला भएका थिए। अनि सच्चक निगण्ठपुत्र जहाँ ती लिच्छवीहरू थिए त्यहाँ गए। त्यहाँ गएर ती लिच्छवीहरूलाई यस्तो भने– "तपाई लिच्छवीहरू आउनुहोस्, तपाई लिच्छवीहरू आउनुहोस्। आज मेरो श्रमण गौतमसँग कुराकानी हुनेछ। यदि ज्ञातज्ञहरू मध्येका[1] अस्सजि भन्ने भिक्षु अडे झैं श्रमण गौतम अड्छन् भने– जस्तै (१) कुनै बलवान् पुरुषले लामा लामा रौं भएको च्याँग्राको रौं समाती अगाडितिर तान्छ, पछाडितिर तान्छ र अगाडिपछाडितिर तान्छ, पछाडितिर तान्छ र अगाडिपछाडितिर तान्छ त्यस्तै गरी– म श्रमण गौतमलाई वाद आरोपद्वारा अगाडितिर तान्छु, पछाडितिर तान्छु र अगाडिपछाडितिर तान्नेछु।

(२) जस्तै– कुनै सौण्डिक कर्मकार (= जाँड बनाउने पुरुष) ले जाँड पकाएको भाँडो (= खर्खण्डा) लाई धेरै पानी भएको तलाउमा डुबाई,

---

१. ज्ञातकौण्डन्य आदि पाँचजना भिक्षुहरूमध्येका भनी भनिएको हो।

Downloaded from http://dhamma.digital/

भाँडोको कान समाती, अधिल्तिर तान्छ, पछिल्तिर तान्छ र अगाडिपछाडि तान्छ (= अगाडि पछाडि सार्दै धुन्छ) त्यस्तैगरी– म श्रमण गौतमलाई वाद आरोपद्वारा अगाडितिर, पछाडितिर र अगाडिपछाडितिर तान्नेछु।

(३) जस्तै– कुनै बलवान् सुरा धूर्तले जाँड छान्ने चाल्नीको कान समाती उत्तानो पारेर टक्टक्याएर धुन्छ त्यस्तै गरी– म श्रमण गौतमलाई घोप्टचाउनेछु, उत्तानो पार्नेछु, टक्टक्याउनेछु।

(४) जस्तै– कुनै साठीवर्ष पुगिसकेको हात्ती गहिरो पोखरीमा पसी साणधोविकं[१] (सनपाट कृडा) भन्ने खेल खेल्छ उस्तैगरी– मैले श्रमण गौतमलाई 'सनपाटकृडा' जस्तै गरी खेलाउनेछु। तपाई लिच्छवीहरू आउनुहोस्, तपाई लिच्छवीहरू आउनुहोस्, आज मेरो श्रमण गौतमसँग कुराकानी हुनेछ।"

अनि त्यहाँ केही लिच्छवीहरूले यस्तो भने– "श्रमण गौतमले सच्चक निगण्ठपुत्रमाथि के वादारोपण गर्लान् र! बरु सच्चक निगण्ठपुत्रले नै श्रमण गौतममाथि वादारोपण गर्न सक्छन्।"

केही लिच्छवीहरूले यस्तो भने– "के भएर[२] ती सच्चक

---

१. यसको स्पष्टिकरण लेखकको बु. प. भा–१, पृ. २२५ को पादटिप्पणीमा उल्लेख भएको छ।

२. 'कुनै स्वाभाविकमनुष्यले भगवानमाथि वादारोपण गर्न सक्दैन। अतः उनी के भएर अर्थात् यक्ष भएर वा इन्द्र भएर अथवा ब्रह्माभएर भगवानमाथि वादारोपण गर्ने ?' भनी भनिएको हो। पपं. सू. II. पृ. २२६ : चूलसच्चकसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

निगण्ठपुत्रले भगवानमाथि वादारोपण गर्लान् त ! बरु भगवानले नै सच्चक निगण्ठपुत्रमाथि वादारोपण गर्नेछन् ।"

अनि सच्चक निगण्ठपुत्र पाँचशय जति लिच्छवीपुत्रहरूद्वारा परिवृत्त भई जहाँ महावन हो त्यहाँ गए ।

त्यसबखत केही भिक्षुहरू खुला ठाउँमा चंक्रमण गर्दै थिए । अनि सच्चक निगण्ठपुत्र जहाँ ती भिक्षुहरू थिए त्यहाँ गए । त्यहाँ गएर ती भिक्षुहरूलाई यस्तो भने– "अहिले उहाँ गौतम कहाँ बसिरहनुभएको छ ? हामी उहाँ गौतमको दर्शन गर्न चाहन्छौं ।"

"अग्गिवेस्सन ! ऊ, त्यहाँ महावनभित्र एक रुखमनि भगवान दिवाविहार गर्दै हुनुहुन्छ ।"

अनि सच्चक निगण्ठपुत्र महान् लिच्छवी परिषद्का साथ महावन भित्र गई जहाँ भगवान हुनुहुन्छ त्यहाँ गए । त्यहाँ गएर भगवानसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । ती लिच्छवीहरूमध्ये पनि केहीले भगवानलाई अभिवादन गरी एक छेउमा बसे; केहीले भगवानसँग सम्मोदन गरी एक छेउमा बसे; केहीले भगवानलाई हातजोरी नमस्कार गरी एक छेउमा बसे; केहीले भगवानलाई आफ्नो नाम र गोत्र सुनाई एक छेउमा बसे र केही चुपलागेर एक छेउमा बसे ।

## आत्म र अनात्मवाद

एक छेउमा बसेका ती सच्चक निगण्ठपुत्रले भगवानलाई यस्तो

Downloaded from http://dhamma.digital/

भने– "यदि तपाई गौतमले प्रश्नको उत्तर दिने वचन दिनुहुन्छ भने म भगवानसँग केही कुरा सोध्न चाहन्छु।"

"अग्गिवेस्सन ! सोध, जे चाहन्छौ।"

"तपाई गौतमले कसरी श्रावकहरूलाई विनीत पार्नुहुन्छ ? तपाई गौतमले कुनप्रकारको उपदेश श्रावकहरूलाई दिनुहुन्छ ?"

"अग्गिवेस्सन ! यसरी म श्रावकहरूलाई विनीत पार्छु। यसप्रकार मेरा श्रावकहरूलाई धेरै उपदेश दिन्छु– 'भिक्षुहो ! रूप अनित्य हो, ... सबै धर्महरू अनात्म हुन्।' अग्गिवेस्सन ! यसरी म श्रावकहरूलाई विनीत पार्छु। यसप्रकारका धेरै उपदेशहरू श्रावकहरूलाई दिन्छु।"

"भो गौतम ! मलाई एउटा उपमा भन्न मनलाग्छ।"

"अग्गिवेस्सन ! भन" भनी भगवानले भन्नुभयो।

"भो गौतम ! (१) जस्तै कुनै बिऊ र जरोबाट पलाउने वस्तुहरूको वृद्धि, अभिवृद्धि तथा विपुलता हुन्छ त्यो सबै पृथ्वीकै आधार लिएर, पृथ्वीमै बसेर हुन्छ। यसरी ती बिऊ र जरोको वृद्धि, अभिवृद्धि तथा विपुलता हुन्छ। (२) भो गौतम ! जस्तै कुनै बल गर्नुपर्ने काम गरिन्छ ती सबै पृथ्वीकै आधार लिएर र पृथ्वीमै बसेर गरिन्छ। यसरी त्यो बलद्वारा गरिने काम गरिन्छ। (३) भो गौतम यस्तै गरी रूपात्मा भन्ने पुरुषले रूपमै बसेर (आधार लिएर) पुण्य वा अपुण्य लाभ गर्छ, वेदनात्म भन्ने पुरुषले वेदनामै बसेर पुण्य वा अपुण्य लाभ गर्छ, संज्ञात्मा भन्ने पुरुषले संज्ञामै बसेर पुण्य वा अपुण्य लाभ गर्छ,

Downloaded from http://dhamma.digital/

संस्कारात्म भन्ने पुरुषले संस्कारमै बसेर पुण्य वा अपुण्य लाभ गर्छ, विज्ञानात्मा भन्ने पुरुषले विज्ञानमै बसेर पुण्य वा अपुण्य लाभ गर्छ ।"

"अग्गिवेस्सन ! त्यसोभए तिमीले यस्तो भनेका होइनौ ?– 'रूप मेरो आत्मा हो, वेदना मेरो आत्मा हो, संज्ञा मेरो आत्मा हो, संस्कार मेरो आत्मा हो, विज्ञान मेरो आत्मा हो' ?"

"भो गौतम ! म यस्तो भन्दछु– 'रूप मेरो आत्मा हो, वेदना मेरो आत्मा हो, संज्ञा मेरो आत्मा हो, संस्कार मेरो आत्मा हो, विज्ञान मेरो आत्मा हो । यी महा जतना (पनि यस्तो भन्दछन्) ।"

"अग्गिवेस्सन ! यी महान् जनताले तिमीलाई के गर्नेछन् । अग्गिवेस्सन ! सक्छौ भने तिमीले आफ्नै वादको मात्र गाँठो फुकाल ।"

"भो गौतम ! म यस्तो भन्दछु– 'रूप मेरो आत्मा हो, ... विज्ञान मेरो आत्मा हो ।"

"अग्गिवेस्सन ! म तिमीसँग सोध्छु जस्तो तिमीलाई लाग्छ त्यस्तो भन । अग्गिवेस्सन ! मूर्धाभिषिक्त क्षत्री राजाले देशलाई आफ्नो वशमा राख्छ कि राख्दैन ? मार्न योग्यलाई मार्ने, धन हरण गर्न योग्यलाई धन हरण गर्ने, निष्काशन गर्न योग्यलाई निष्काशन गर्ने । जस्तै कोशलका राजा प्रसेनजित, मगधका राजा अजातशत्रु वैदेहीपुत्र ? यसमा तिमी के भन्छौ ?"

"भो गौतम ! मूर्धाभिषिक्त क्षत्री राजाले देशलाई आफ्नो वशमा राख्छ । ... भो गौतम ! संघगण जस्तै वृजी मल्लहरूले पनि

Downloaded from http://dhamma.digital/

राज्यलाई आफ्नो वशमा राख्छ। ... भो गौतम ! त्यस्तो हुन्छ पनि हुनु पनि पर्छ।"

"अग्गिवेस्सन ! जो तिमी यस्तो भन्छौ– 'रूप मेरो आत्मा हो।' के त त्यस रूपमा तिम्रो वश छ त ?– यस्तो मेरो रूप होस्, यस्तो मेरो रूप नहोस् ? यसमा तिमी के भन्छौ त ?"

यस्तो भन्नुहुँदा सच्चक निगण्ठपुत्र चूपलागे। दोस्रो पटक पनि भगवानले सच्चक निगण्ठपुत्रलाई यस्तो भन्नुभयो– "अग्गिवेस्सन ! जो तिमी यस्तो भन्छौ– 'रूप मेरो आत्मा हो।' के त त्यस रूपमा तिम्रो वश छ त ?– यस्तो मेरो रूप होस्, यस्तो मेरो रूप नहोस् ? यसमा तिमी के भन्छौ त ?"

दोस्रो पटक पनि सच्चक निगण्ठपुत्र चूपलागे। अनि भगवानले सच्चक निगण्ठपुत्रलाई यस्तो भन्नुभयो– "अग्गिवेस्सन ! जवाफ देऊ, यो तिम्रो चूपलाग्ने बेला होइन। अग्गिवेस्सन ! जसले तीन पटकसम्म तथागतले कारणसहित सोधेको कुराको जवाफ दिन्न भने यहाँ उसको शीर सात टुक्रा (पनि) हुनसक्छ।"

त्यसबखत बज्रपाणि यक्ष 'यदि यी सच्चक निगण्ठपुत्रले भगवानले तीन पटकसम्म कारणसहित (कारण देखाई) प्रश्न सोध्दा उत्तर दिएनन् भने यहीं यिनको शीर सात टुक्रा पार्नेछु' भन्दै बलेको, ज्वाला निस्केको, तेज निस्केको फलामको बज्र समाती सच्चक निगण्ठपुत्रको माथि आकाशमा उभिइरहेका थिए। त्यो बज्रपाणि यक्षलाई भगवानले र सच्चक निगण्ठपुत्रले देख्दथे। अनि डराई,

Downloaded from http://dhamma.digital/

विरक्तिई, रौं ठाडो पारी भगवानकै त्राण खोज्दै, भगवानकै भरोसा खोज्दै, भगवानकै शरण पर्दै सच्चक निगण्ठपुत्र भगवानलाई यस्तो भने– "तपाई गौतमले मसँग प्रश्न सोध्नुहोस् म जवाफ दिनेछु।"

ब। "अग्गिवेस्सन ! जो तिमी यस्तो भन्छौ– 'रूप मेरो आत्मा हो' के त त्यस रूपमा तिम्रो वश छ त ?– यस्तो मेरो रूप होस्, यस्तो मेरो रूप नहोस् ? यसमा तिमी के भन्छौ त ?"

"भो गौतम ! वशमा छैन।"

द। "अग्गिवेस्सन ! राम्ररी विचार गर। अग्गिवेस्सन ! राम्ररी विचार गरी भन। तिम्रो यो कुरा अघिल्लोबाट पछिल्लोसँग वा पछिल्लोबाट अघिल्लोसँग मेल खान्न। अग्गिवेस्सन ! जो तिमी यस्तो भन्छौ– 'वेदना मेरो आत्मा हो' के त त्यस वेदनामा तिम्रो वश छ त ?– यस्तो मेरो वेदना होस्, यस्तो मेरो वेदना नहोस् ? यसमा तिमी के भन्छौ त ?"

"भो गौतम ! वशमा छैन।"

अ। "अग्गिवेस्सन ! राम्ररी विचार गर। अग्गिवेस्सन ! राम्ररी विचार गरेर भन। तिम्रो यो कुरा अघिल्लोबाट पछिल्लोसँग वा पछिल्लोबाट अघिल्लोसँग मेल खान्न। अग्गिवेस्सन ! जो तिमी यस्तो भन्छौ–'संज्ञा मेरो आत्मा हो' के त त्यस संज्ञामा तिम्रो वश छ त ?– यस्तो मेरो संज्ञा होस्, यस्तो मेरो संज्ञा नहोस् ? यसमा तिमी के भन्छौ त ?"

"भो गौतम ! वशमा छैन।"

Downloaded from http://dhamma.digital/

d. "अग्गिवेस्सन ! राम्ररी विचार गर । अग्गिवेस्सन ! राम्ररी विचार गरेर भन । तिम्रो यो कुरा अघिल्लोबाट पछिल्लोसँग वा पछिल्लोबाट अघिल्लोसँग मेल खान्न । अग्गिवेस्सन ! जो तिमी यस्तो भन्छौ– 'संस्कार मेरो आत्मा हो' के त त्यस संस्कारमा तिम्रो वश छ त ?– यस्तो मेरो संस्कार होस्, यस्तो मेरो संस्कार नहोस् ? यसमा तिमी के भन्छौ त ?"

"भो गौतम ! वशमा छैन ।"

e. "अग्गिवेस्सन ! राम्ररी विचार गर । अग्गिवेस्सन ! राम्ररी विचार गरेर भन । तिम्रो यो कुरा अघिल्लोबाट पछिल्लोसँग वा पछिल्लोबाट अघिल्लोसँग मेल खान्न । अग्गिवेस्सन ! जो तिमी यस्तो भन्छौ– 'विज्ञान मेरो आत्मा हो' के त त्यस विज्ञानमा तिम्रो वश छ त ?– यस्तो मेरो विज्ञान होस्, यस्तो मेरो विज्ञान नहोस् ? यसमा तिमी के भन्छौ त ?"

"भो गौतम ! वशमा छैन ।"

१– "अग्गिवेस्सन ! राम्ररी विचार गर । अग्गिवेस्सन ! राम्ररी विचार गरेर भन । तिम्रो यो कुरा अघिल्लोबाट पछिल्लोसँग वा पछिल्लोबाट अघिल्लोसँग मेल खान्न । अग्गिवेस्सन ! रूप नित्य हो कि अनित्य हो ? यसमा तिमी के भन्छौ त ?"

"भो गौतम ! अनित्य हो ।"

"जो अनित्य हो त्यो दुःख हो कि सुख हो त ?"

Downloaded from http://dhamma.digital/

"भो गौतम ! दुःख हो ।"

"जो अनित्य हो, दुख हो तथा विपरिणाम स्वभावको हो– त्यसलाई– 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भो गौतम ! ठीक छैन ।"

२– "अग्गिवेस्सन ! वेदना नित्य हो कि अनित्य हो ? ... ३– अग्ग्विेस्सन ! संज्ञा नित्य हो कि अनित्य हो ? ...४– अग्गिवेस्सन ! संस्कार नित्य हो कि अनित्य हो ? ... ५– अग्गिवेस्सन ! विज्ञान नित्य हो कि अनित्य ? यसमा तिमी के भन्छौ त ?"

"भो गौतम ! अनित्य हो ।"

"जो अनित्य हो त्यो दुःख हो कि सुख हो त ?"

"भो गौतम ! दुःख हो ।"

"जो अनित्य हो, दुख हो तथा विपरिणाम स्वभावको हो– त्यसलाई– 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भो गौतम ! ठीक छैन ।"

"अग्गिवेस्सन ! जो दुःखमा टाँसिएर बस्छ, दुःखतिर जान्छ, दुःखलाई भोगेर बस्छ तथा दुःखलाई नै 'यो मेरो हो, यो म हुँ र यो

Downloaded from http://dhamma.digital/

मेरो आत्मा हो' भनी हेर्छ[1]; के त त्यस्ताले स्वयं राम्ररी दुःख जानी[2] दुःख हटाई बस्न सक्ला त ?"

"भो गौतम ! के सक्थ्यो, भो गौतम ! सक्दैन ।"

"अग्गिवेस्सन ! त्यसोभए तिमी दुःखमा टाँसिएर, दुःखतिर लागेर, दुःखलाई भोगेर तथा दुःखलाई नै 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्ने भयौ होइन त ? यसमा तिमी के भन्छौ त ?"

"भो गौतम ! किन नहुनु, भो गौतम ! यस्तै हुन्छ ।"

"अग्गिवेस्सन ! जस्तै– कुनै सार चाहने सार खोज्ने पुरुष सारको खोज गर्दै धार भएको कोदालो लिएर वनमा जान्छ । ऊ त्यहाँ नयाँ केराको फूल नभएको ठूलो केराको बोट देख्छ । अनि त्यसको फेद काट्छ, फेद काटेपछि टुप्पो काट्छ । डाँठहरूबाट पात छुटयाउँछ । पातबाट डाँठहरू छुटयाउँदा उसले त्यहाँ फल्गु पनि पाउँदैन भने सार पाउने त के कुरा ! अग्गिवेस्सन ! यस्तै गरी मैले तिम्रो आफ्नो वादमा प्रश्न सोध्दा, कुरा सोध्दा ... तिमी खोक्रो, तुच्छ भई पराजित भयौ । अग्गिवेस्सन ! वैशालीको परिषद्मा तिमीले यस्तो भनेका थियौ– 'म त्यस्ता श्रमण ब्राह्मणहरू, संघगणी गणाचार्य अथवा अझ अरहन्त

---

१. तृष्णा, मान, दृष्टिले हेर्छ । पपं. सू. II. पृ. २३२ : चूलसच्चकसुत्तवण्णना ।

२. अनित्य, दुःख, अनात्म भनी तीरणप्रज्ञाद्वारा राम्ररी जान्ने । पपं. सू. II. पृ. २३२ : चूलसच्चकसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

सम्यक्सम्बुद्ध भन्ने पुरुष देख्दिन जो मैले वाद आरोप गर्दा कम्पन नहोस्, प्रकम्पन नहोस्, नडगमगियोस् र जसको काखीबाट पसिना ननिस्कियोस्। यदि मैले अचेतन स्तम्भसँग वाद आरोप गरें भने त्यो पनि कम्पन हुनेछ, प्रकम्पन हुनेछ र नडगमगाई रहन सक्नेछैन भने मनुष्यहरूको त के कुरा !' अग्गिवेस्सन ! तिम्रो कपालबाट केही पसिना अहिले टप्केकोछ। उत्तरासङ्ग (पछ्यौरा) भुँइमा खसेको छ। अग्गिवेस्सन ! मेरो शरीरमा चाहिं पसिना छैन। यति भन्नुभई भगवानले त्यस परिषद्लाई सुवर्ण वर्ण शरीर देखाउनु भयो। यस्तो भन्नुहुँदा सच्चक निगण्ठपुत्र निःशब्द भई चूपलागी झोक्रेर शीर झुकाई चिन्तत भई केही बोल्न नसकी बसे।"

## चूपलागेका सच्चक

अनि निःशब्द भई चूपलागी, झोक्रेर, शीर निहुऱ्याई चिन्तित भई केही नबोली बसेका सच्चक निगण्ठपुत्रलाई देखेर दुम्मुख लिच्छवीपुत्रले भगवानलाई यस्तो भने– "भगवान ! मलाई एक उपमा भन्न मन लाग्छ।"

"दुम्मुख ! भन" भनी भगवानले भन्नुभयो।

"भन्ते ! जस्तै कुनै गाउँको वा निगमको नजिकमा पोखरी हुन्छ। त्यहाँ गंगटो छ। भन्ते ! अनि केही केटाहरू वा केटीहरू त्यस

Downloaded from http://dhamma.digital/

गाउँबाट वा निगमबाट निस्की जहाँ त्यो पोखरी हो त्यहाँ जान्छन्। त्यहाँ गएर त्यस पोखरीमा ओर्ल्ही त्यो गंगटालाई पानीबाट निकाली भुइँमा राख्छन् । भन्ते ! अनि जुन जुन खुट्टा गंगटाले अघि बढाउँछ त्यस त्यसलाई केटाहरूले वा केटीहरूले काठको टुक्राद्वारा वा कुनै चीजद्वारा भाँचि दिन्छन्, भग्न गरिदिन्छन् र टुक्रा पारिदिन्छन्। भन्ते ! सबै खुट्टा भाँचिएको गंगटो फेरि सो पोखरीमा पहिले भैं जान सक्दैन। भन्ते ! त्यस्तै गरी मच्चक निगण्ठपुत्रको दृष्टिविपरीतताको कारणले जुन जुन छटपटाहट हो ती सबै भगवानले भाँचिदिनुभयो, भग्न गरिदिनु भयो, टुक्रा टुक्रा पारिदिनु भयो। भन्ते ! अब फेरि सच्चक निगण्ठपुत्र वादारोपण गर्ने अभिप्रायले भगवानकहाँ आउन सक्ने छैनन्।"

यस्तोभन्दा सच्चक निगण्ठपुत्र दुम्मुख लिच्छवीपुत्रलाई यस्तो भने– "चुपलाग दुम्मुख, चुपलाग दुम्मुख। मैले तिमीसँग कुरा गरेको होइन। यहाँ म, उहाँ भगवानसँग कुरा गरिरहेको छु। भो गौतम ! छाडिदिनुहोस् हामीहरूको वा अरू श्रमण ब्राह्मणहरूको कुरा। यो केवल प्रलाप वाचा मात्र जस्तो लाग्छ। कहिलेसम्ममा तपाई गौतमका श्रावक बुद्धशासन पूरा गर्ने, उपदेश अनुसार कामगर्ने, शंका निवारण हुने, आशंका नगर्ने, वैशारदतामा पुग्ने र शास्ताको शासनमा कसैको प्रत्यय नचाहिने हुन्छ ?"

"अग्गिवेस्सन ! यहाँ मेरा श्रावक जो कुनै भूत भविष्य र वर्तमानका– भित्रको वा बाहिरको, स्थूल वा सूक्ष्म, हीन वा प्रणीत, टाढा वा नजिकका सबै रूपहरू हुन्– तिनीहरू 'न त्यो मेरो हो, न त्यो

Downloaded from http://dhamma.digital/

महुँ, न त्यो मेरो आत्मा हो' भनी यसरी यथार्थतः सम्यक्प्रज्ञाद्वारा हेर्छ; जो कुनै...वेदनाहरू;...जो कुनै संज्ञाहरू;...जो कुनै संस्कारहरू;....जो कुनै विज्ञानहरू हुन्– तिनीहरू 'न त्यो मेरो हो, न त्यो महुँ, न त्यो मेरो आत्मा हो' भनी यथार्थतः सम्यक्प्रज्ञाद्वारा हेर्छ; अग्गिवेस्सन ! तब मेरा श्रावक बुद्धशासन पूरा गर्ने, उपदेश अनुसार काम गर्ने, शंका निवारण हुने, आशंका नगर्ने, वैशारदतामा पुग्ने र शास्ताको शासनमा कसैको प्रत्यय नचाहिने हुन्छ।"

"भो गौतम ! कहिलेसम्ममा भिक्षु क्षीणास्रवी, ब्रह्मचर्यवास पूरा गरेका, गर्नुपर्ने गरिसकेका, भारमुक्त भएका, स्वअर्थसिद्ध गरेका, भवसंयोजनहरू परिक्षीण गरी सम्यक्प्रकारले विमुक्त भई अरहन्त हुन्छ ?"

"अग्गिवेस्सन ! यहाँ भिक्षु जो कुनै भूत, भविष्य र वर्तमानका...[1] सबै रूपहरू हुन्– तिनीहरू 'न त्यो मेरो हो, न त्यो महुँ, न त्यो मेरो आत्मा हो' भनी यसरी यथार्थतः सम्यक्प्रज्ञाद्वारा हेरी उपादान रहित विमुक्त हुन्छ; जो कुनै...वेदनाहरू...संज्ञाहरू...संस्कारहरू...विज्ञानहरू हुन्– तिनीहरू 'न त्यो मेरो हो, न त्यो महुँ, न त्यो मेरो आत्मा हो' भनी यसरी यथार्थतः सम्यक्प्रज्ञाद्वारा हेरी उपादान रहित विमुक्त हुन्छ; अग्गिवेस्सन ! तब क्षीणास्रवी भिक्षु...अरहन्त हुन्छ।"

"अग्गिवेस्सन ! यसरी चित्तविमुक्त भएका भिक्षु तीन

१. माथि पृ. ८३ मा जस्तै दोहऱ्याई पढ्नू।

Downloaded from http://dhamma.digital/

अनुत्तरियले युक्त हुन्छ– (१) दर्शनानुत्तरिय[1], (२) प्रतिपदानुत्तरिय[2] र (३) विमुक्तानुत्तरियले[3]। अग्गिवेस्सन ! यसरी विमुक्तचित्त भएको भिक्षुले तथागतलाई नै सत्कार गर्छ, गौरव गर्छ, मान गर्छ, पूजा गर्छ– 'बुद्ध हुनुभएका उहाँ भगवानले बोध गराउनको निमित्त

---

१. दर्शनको शब्दार्थ– हेर्नु, देख्नु, प्रत्यक्षीकरण गर्नु र अवबोध गर्नु आदि हुन् । सबभन्दा श्रेष्ठ दर्शनलाई 'दर्शनानुत्तर' भनिन्छ । यो दर्शन भनेको लौकिक र लोकोत्तर पनि हुन्छ । यहाँ चाहिं शुद्ध लोकोत्तरलाई ध्यानमा राखी अरहत्मार्ग सम्यक्दृष्टिलाई 'दर्शन' भनिएको हो र क्षीणास्रवीले देख्ने निर्वाणलाई 'दर्शनानुत्तरिय' भनिएको हो । पपं. सू. II. पृ. २३४ : चूलसच्चकसुत्तवण्णना ।

२. 'प्रतिपदा' भनेको चर्या हो । प्रतिपदा पनि लौकिक र लोकोत्तर हुन्छ । यहाँ चाहिं लोकोत्तरलाई लक्ष गरी भनिएको हो । दर्शनानुत्तीरयमा अन्तरगत भएको सम्यक्दृष्टिलाई छाडी बाँकी सबै मार्गाङ्गहरूलाई 'प्रतिपदा' भनिएको हो । अष्टाङ्गिकमार्गलाई नै 'प्रतिपदानुत्तरिय' भनिएको हो । पपं. सू. II. पृ. २३४ : चूलसच्चकसुत्तवण्णना ।

३. विमुक्ति पनि लौकिक र लोकोत्तर छन् । तर यहाँ चाहिं लोकोत्तरलाई लक्ष गरी बताइएको हो । मार्गफल विमुक्तिलाई नै 'अनुत्तरियविमुक्ति' भनिएको हो । अथवा अग्रफललाई 'अनुत्तरियविमुक्ति' भनिएको हो । पपं. सू. II. पृ. २३४ : चूलसच्चकसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

धर्मोपदेश गर्नुहुन्छ, दान्त हुनुभएका उहाँ भगवानले दमन गराउनको निमित्त धर्मोपदेश गर्नुहुन्छ, शान्त हुनुभएका उहाँ भगवानले शान्त पार्नको निमित्त धर्मोपदेश गर्नुहुन्छ, उत्तीर्ण हुनुभएका उहाँ भगवानले उत्तीर्ण गराउनको निमित्त धर्मोपदेश गर्नुहुन्छ र परिनिर्वाण हुनुभएका उहाँ भगवानले परिनिर्वाण गराउनको निमित्त धर्मोपदेश गर्नुहुन्छ।"

## पराजित भएका सच्चकको निम्तो

"यस्तो भन्नुहुँदा सच्चक निगण्ठपुत्रले भगवानलाई यस्तो भने– "भो गौतम ! हामी नै ध्वंश भयौं, हामी नै घमण्डी भयौं जो तपाई गौतमसँग वादद्वारा वादारोपण गर्ने साहस गऱ्यौं। भो गौतम ! उत्तेजित भएको हात्तीसँग जोरी खोज्ने पुरुषको मुक्ति हुन सजिलो होला किन्तु तपाई गौतमसँग जोरी खोज्ने पुरुषको मुक्ति हुन कठिन छ । भो गौतम ! प्रज्वलित भएको अग्निस्कन्धसँग जोरी खोज्ने पुरुषको मुक्ति हुन सजिलो होला किन्तु तपाई गौतमसँग जोरी खोज्ने पुरुषको मुक्ति हुन कठिन छ। भो गौतम ! घोर विष भएको सर्पसँग जोरी खोज्ने पुरुषको मुक्ति हुन सजिलो होला किन्तु तपाई गौतमसँग जोरी खोज्ने पुरुषको मुक्ति हुन कठिन छ। भो गौतम ! हामी नै ध्वशं भयौं, हामी नै घमण्डी भयौं जो तपाई गौतमसँग वादद्वारा वादारोपण गर्ने साहस गऱ्यौ। तपाई गौतमले भिक्षुसङ्घ सहित भोलिको निमित्त मेरो भोजन स्वीकार्नुहोस् ।" तूष्णीभावद्वारा भगवानले स्वीकार्नुभयो।

अनि भगवानले निम्तो स्वीकार गर्नुभएको कुरा बुझी सच्चक

Downloaded from http://dhamma.digital/

निगण्ठपुत्रले ती लिच्छवीहरूलाई सम्बोधन गरे– "हे महानुभाव लिच्छवीहो ! मेरो कुरा सुन्नुहोस् । भोलिको निमित्त मैले श्रमण गौतमलाई भोजनद्वारा भिक्षुसङ्घका साथ निम्तो गरें । त्यसैले ज-जसले जे-जे उपयुक्त ठान्नुहुन्छ त्यो मकहाँ ल्याउनुहोस् ।" अनि ती लिच्छवीहरूले त्यस रात बितेपछि सच्चक निगण्ठपुत्रकहाँ पाँचशय थाली पक्कान भोजनहरू ल्याए । अनि सच्चक निगण्ठपुत्रले आफ्नो आराममा प्रणीत खादच भोज्यहरू तयारपारी भगवानलाई समयको सूचना दिन पठाए– "भो गौतम ! समय भयो, भोजन तयार छ ।" अनि पूर्वाण्ह समयमा भगवान चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ सच्चक निगण्ठपुत्रको आरामहो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि बिच्छयाइराखेको आसनमा भिक्षुसङ्घका साथ बस्नुभयो । अनि सच्चक निगण्ठपुत्रले बुद्ध सहित भिक्षुसङ्घलाई आफ्नै हातले प्रणीत खादचभोज्य सन्तर्पित सम्प्रवारित गरे। अनि भोजनपछि भगवानले पात्रबाट हात हटाइसकेपछि सच्चक निगण्ठपुत्र एक होचो आसन लिई एक छेउमा बसे । एक छेउमा बसेका सच्चक निगण्ठपुत्रले भगवानलाई यस्तो भने– "भो गौतम ! जो यस दानकायको पुण्य र पुण्यसम्भार हो त्यो दायकहरूको सुखको निमित्त होस् ।"

"अग्गिवेस्सन ! जो त्यस्ता अवीतरागी, अवीतद्वेषी, अवीतमोही दानपात्रलाई (दिएको दानको फल हो) त्यो दायकहरूलाई हुनेछ । अग्गिवेस्सन ! जो म जस्ता अवीतरागी, अवीतद्वेषी, अवीतमोही दानपात्रलाई (दिएको दानको पुण्यफल हो) त्यो तिमीलाई हुनेछ ।"

x x x

Downloaded from http://dhamma.digital/

## मूल सूत्र–

### २– सच्चक निगण्ठपुत्रको प्रश्न

(महासच्चकसुत्तं[1])

यस्तो मैले सुनें।

एक समय, भगवान वैशाली स्थित महावनको कूटागार-शालामा बस्नुभएको थियो। त्यसबखत वैशालीमा भिक्षाटन जानको निमित्त पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी तयार भइरहनुभएको थियो। अनि डुल्दै टहलिंदै अनुविचरण गर्दै सच्चक निगण्ठपुत्र जहाँ महावनको कूटागारशाला हो त्यहाँ गए[2]। अनि आयुष्मान् आनन्दले सच्चक निगण्ठपुत्र आइरहेको टाढैदेखि देख्नु भयो। देखेर भगवानलाई यस्तो भन्नुभयो– "भन्ते ! यी वाचाल पण्डितमानी तथा धेरैबाट सम्मानित सच्चक निगण्ठपुत्र

१. म. नि. I. पृ. २९१, अ. क. II. पृ. २३६.

२. किन सच्चक त्यहाँ गएका हुन् ? भगवानसँग वादारोपण गर्नको निमित्त गएका हुन्। उनको मनमा यस्तो लागेको थियो। आफ्नो

Downloaded from http://dhamma.digital/

आउँदैछन् । भन्ते ! यी (सच्चक) बुद्धको अवर्णवादी, धर्मको अवर्णवादी तथा सङ्घको अवर्णवादी हुन् । भन्ते ! अनुकम्पा राखी भगवान एकछिन् यहाँ बस्नुहोस् ।" भगवान बिच्छाइराखेको आसनमा बस्नुभयो । अनि सच्चक निगण्ठपुत्र जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गएर भगवानसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका सच्चक निगण्ठपुत्रले भगवानलाई यस्तो भने—

"भो गौतम ! यहाँ केही श्रमण ब्राह्मणहरू कायभावनामा लागेर बसेका हुन्छन् तर चित्तभावनामा होइन । भो गौतम ! उनीहरूले शारीरिक दुःखवेदना अनुभव गर्छन् । भो गौतम ! अघि शारीरिक दुःखवेदनाले स्पर्शित भएकोलाई उरुस्तम्भ पनि हुनेछ, हृदय पनि फुट्नेछ, तातो रगत पनि मुखबाट माथि आउनेछ, चित्तविक्षेप भई बहुला पनि हुनेछ । भो गौतम ! उसको यो चित्त शरीर अनुसार हुन्छ, कायको वशमा (चित्त) हुन्छ । त्यो किन भएको हो ?"

---

मूर्खताको कारणले अघि वैशालीका मानिसहरू लिएर श्रमण गौतमकहाँ गई पराजित भएर चुप लागेर बस्नुपऱ्यो । अब त्यसो नगरी एक्लै गएर वादारोपण गर्नेछु । यदि श्रमण गौतमलाई पराजित गर्न सकें भने आफ्नो मतको कुरा पनि प्रकाश पार्नेछु । होइन भने अँध्यारोमा देखाएको नाच जस्तै हुनेछ । कसैले थाहा पाउने छैनन् । यति सोचेर 'निदाउने प्रश्न' मनमा राखेर उनी बुद्धकहाँ गएका हुन् । पपं. सू. II. पृ. २३६ : महासच्चक-सुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

"अभावित चित्त भएकोले ।"

"भो गौतम ! यहाँ केही श्रमण ब्राह्मणहरू चित्तभावनामा लागेर बसेका हुन्छन् तर कायभावनामा होइन । भो गौतम ! उनीहरूले चैतसिक दुःखवेदना अनुभव गर्छन् । भो गौतम ! अघि चैतसिक दुःखवेदनाले स्पर्शित भएकोलाई उरुस्तम्भ पनि हुनेछ, हृदय पनि फुट्नेछ, तातो रगत पनि मुखबाट निस्कनेछ, चित्तविक्षेप भई बहुला पनि हुनेछ । भो गौतम ! उसको यो शरीर चित्त अनुसार हुन्छ, कायको वशमा (शरीर) हुन्छ । त्यो किन भएको हो ?"

"अभावित काय भएकोले ।"

"भो गौतम ! सो मलाई यस्तो लाग्छ– अवश्य पनि तपाई गौतमका श्रावकहरू चित्तभावनामा मात्र लागेर बस्छन् तर कायभावनामा होइन ।"

"अग्गिवेस्सन ! केलाई तिमीले कायभावना भनी सुनेका छौ ?"

"जस्तो– नन्दवच्छ, किसो संकिच्च, मक्खलि गोसाल । भो गौतम ! ती अचेलकहरूले बसेर दिसापिसाब गर्दैनथे, हातैले दिसापिसाब पुछ्दथे । बोलाउँदा जान्नथे...[1] यसरी आधा आधा महीनामा आलोपालो गरी खाने गरी बस्थे ।

"अग्गिवेस्सन ! के त उनीहरू त्यत्तिकैले यापन गर्छन् त ?"

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. श्रा. च. भा-३, पृ. ३१७ मा 'दुष्करचर्या' मा उल्लेख भए बमोजिम पढ्नू ।

Downloaded from http://dhamma.digital/

भो गौतम ! होइन । भो गौतम ! कहिले कहिले उत्तम उत्तम खानाहरू पनि खान्छन्, उत्तम उत्तम भोजनहरू पनि खान्छन्, उत्तम उत्तम लेयहरू पनि चाटेर खान्छन्, उत्तम उत्तम पेयहरू पनि पिउँछन् । उनीहरू यो शरीरलाई बलवान् पनि बनाउँछन्, मोटो पनि पार्छन्, बोसो पनि बढाउँछन् ।"

"अग्गिवेस्सन ! उनीहरूले जो पहिलेकोलाई छाडी पछि उत्तम खानाहरू खान्छन् यसरी यो शरीरको वृद्धि अभिवृद्धि हुन्छ । अग्गिवेसन ! केलाई तिमीले चित्तभावनामा भनी सुनेका छौ त ?"

चित्तभावनाको बारेमा भगवानको सोधाइलाई उनले केही भन्न सकेनन् ।

## कायभावना र चित्तभावना भनेको कस्तो हो

Dhamma.Digital

अनि भगवानले सच्चक निगण्ठपुत्रलाई यस्तो भन्नुभयो– "अग्गिवेस्सन ! जुन यो पहिले तिमीले कायभावना भनी भन्यौ त्यो पनि आर्यविनयमा धार्मिक कायभावना होइन । अग्गिवेसन ! कायभावना भनेको नै तिमीले जानेका छैनौ भने कहाँबाट तिमीले चित्तभावना भन्ने जानौला ? अग्गिवेसन ! कसरी अभावितकाय र अभावितचित्त हुन्छ, कसरी भावितकाय र भावितचित्त हुन्छ– त्यो सुन, राम्ररी मनमा राख भन्नेछु ।" "हवस्" भनी सच्चक निगण्ठपुत्रले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यस्तो भन्नुभयो—

Downloaded from http://dhamma.digital/

"अग्गिवेस्सन ! कसरी अभावितकाय र अभावितचित्त हुन्छ ? अग्गिवेस्सन ! यहाँ अश्रुतवान् पृथग्जनलाई सुखवेदना उत्पन्न हुन्छ । सुखवेदनाले स्पर्शित ऊ सुखमा राग उत्पन्न गर्छ, सुखमा सरागी हुन्छ । उसको त्यो सुखवेदना लुप्त हुन्छ । सुखवेदना लुप्त भएपछि दुःखवेदना उत्पन्न हुन्छ । दुःखवेदनाले स्पर्शित ऊ शोक गर्छ, पीडित हुन्छ, परिदेव गर्छ, छाती पिटेर रुन्छ, सम्मोहित हुन्छ । अग्गिवेस्सन ! उसको यो सुखवेदना उत्पन्न हुँदा पनि चित्तलाई समाती राख्छ अभावितकाय भएकाले, उत्पन्न भएको दुःखवेदनाले पनि चित्तलाई समाती राख्छ अभावितचित्त भएकोले । अग्गिवेस्सन ! जस कसलाई यसरी दुबै पक्षबाट उत्पन्न भएको सुखवेदनाले चित्तलाई समाती राख्छ कायभावना नभएकोले, उत्पन्न भएको दुःखवेदनाले चित्तलाई समाती राख्छ चित्तभावना नभएकोले– अग्गिवेस्सन ! यसरी अभावितकाय पनि अभावितचित्त पनि हुन्छ ।"

"अग्गिवेस्सन ! कसरी भावितकाय र भावितचित्त हुन्छ ? अग्गिवेस्सन ! यहाँ श्रुतवान् आर्यश्रावकलाई सुखवेदना उत्पन्न हुन्छ । सुखवेदनाले स्पर्शित ऊ सुखमा राग उत्पन्न गर्दैन, सुखमा सरागी हुन्न । उसको त्यो सुखवेदना लुप्त हुन्छ । सुखवेदना लुप्त भएपछि दुःखवेदना उत्पन्न हुन्छ । दुःखवेदनाले स्पर्शित ऊ शोक गर्दैन, पीडित हुन्न, परि देव गर्दैन, छाती पिटेर रुन्न, सम्मोहित हुन्न । अग्गिवेस्सन ! उसको यो सुखवेदना उत्पन्न हुँदा पनि चित्तलाई समाती राख्दैन भावितकाय भएकाले, उत्पन्न भएको उसको दुःखवेदनाले पनि चित्तलाई समाती राख्दैन भावितचित्त भएकोले । अग्गिवेस्सन ! जस कसलाई यसरी

Downloaded from http://dhamma.digital/

दुबै पक्षबाट उत्पन्न भएको सुखवेदनाले चित्तलाई समाती राख्दैन भावितकाय भएकोले, उत्पन्न भएको दुःखवेदनाले पनि चित्तलाई समाती राख्दैन भावितचित्त भएकोले– अग्गिवेस्सन ! यसरी भावितकाय पनि भावितचित्त पनि हुन्छ।"

## बोधिसत्वचर्या

"भो गौतम ! तपाई प्रति म यति प्रसन्न छु कि तपाई गौतम भावितकाय र भावितचित्त भएको पनि हुनुहुन्छ।"

"अग्गिवेस्सन ! अवश्य पनि यो कुरा तिमीले झोसेर गरेको हो। किन्तु म तिमीलाई भन्नेछु। अग्गिवेस्सन ! जब म केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनागारिक भएँ सो मलाई उत्पन्न भएको सुखवेदनाले चित्त समाती राखेको, उत्पन्न भएको दुःखवेदनाले चित्त समाती राखेको कुरा म देख्दिन।"

"शायद तपाई गौतमलाई त्यस्तो सुखवेदना उत्पन्न भएन होला जस्तो सुखवेदना उत्पन्न हुँदा तपाईको चित्तलाई समाती राख्न सकोस्। शायद तपाई गौतमलाई त्यस्तो दुःखवेदना उत्पन्न भएन होला जस्तो दुःखवेदना उत्पन्न हुँदा तपाईको चित्तलाई समाती राख्न सकोस्।"

"अग्गिवेस्सन ! किन नहुनुनि । अग्गिवेस्सन । त्यहाँ मलाई बुद्धत्व प्राप्त हुन अगाडि बोधिसत्व छँदा नै यस्तो भएको थियो– 'घरावास भनेको बाधापूर्ण हो, रजपथ जस्तै हो। प्रव्रज्या भनेको खुला

Downloaded from http://dhamma.digital/

आकाश जस्तै हो। घरमा बसेर परिपूर्णरूपले, परिशुद्धरूपले, शंख जस्तै गरी ब्रह्मचर्य पालन गर्न सजिलो छैन। अतः किन म केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबाट निस्की अनगारिक भई प्रव्रजित नहूँ।' अग्गिवेस्सन ! अनि पछि गएर सो म तन्नेरी छँदाछँदै, कालो केश छँदाछँदै, भद्रयौवनको अवस्थामै आयुको प्रथम चरणमै, अश्रुमुखी भई रोइरहेका आमा-बाबुको इच्छा विनानै, केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबाट निस्की अनगारिक भई प्रव्रजित भएँ।

"यसरी प्रव्रजित भएको सो म किंकुशल गवेषी भई अनुत्तर शान्तिपदको गवेषण गर्दै जहाँ आलारकालाम थिए त्यहाँ गएँ।...[१]

## दुष्करचर्या

"अग्गिवेस्सन ! अनि सो मलाई यस्तो लाग्यो– 'किन मैले दाँत बाँधी तालुमा जिभ्रो पुऱ्याई चित्तले (= कुशल चित्तले) चित्तलाई (= अकुशल चित्तलाई) निग्रह गरी पेली सन्तप्त नगरुँ ?'...[२] अग्गिवेसन ! त्यसबखत मेरो वीर्य बलियो नै थियो र अल्छी हुन्नन्थ्यो।

---

१. यहाँदेखि उताका कुराहरू लेखकको बु. रा. भा-३, पृ. ९७ देखि १०६ सम्म पढ्नू। त्यसमा जहाँ जहाँ 'राजकुमार' भनी सम्बोधन गरिएको छ त्यहाँ त्यहाँ 'अग्गिवेस्सन' भनी मिलाउनू।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा-३, पृ. १०७ मा उल्लेख भए झैं दोहऱ्याई पढ्नू।

Downloaded from http://dhamma.digital/

स्मृति थातमै थियो तर यो शरीरमा पीडा हुन्थ्यो र अशान्ति– सोही दुष्करचर्याको कटुताको कारणले गर्दा । अग्गिवेस्सन ! यस्तो दुःखवेदना उत्पन्न हुँदा पनि मेरो चित्तलाई समाती बस्दैनथ्यो ।

## अप्राणकध्यान

"अग्गिवेस्सन ! अनि मलाई यस्तो लाग्यो– 'किन म अप्राणक (= श्वास प्रश्वास रोक्ने = कुम्भक) ध्यान मात्र नगरुँ ।'...[1] स्मृति थातमै थियो तर यो शरीरमा पीडा हुन्थ्यो अनि अशान्ति– सोही दुष्करचर्याको कटुताको कारणले गर्दा । अग्गिवेस्सन ! यस्तो दुःखवेदना उत्पन्न हुँदा पनि मेरो चित्तलाई समातेर बस्दैनथ्यो ।...[2] अग्गिवेस्सन ! अनि मलाई देवताहरूले देखी यस्तो भने– 'श्रमण गौतम मृत्युभयो ।' कुनै देवताहरूले यस्तो भने– 'श्रमण गौतम मरेका होइनन् किन्तु मर्न लागिरहेका छन् ।' कुनै देवताहरूले यस्तो भने– 'श्रमण गौतम न मरे न मर्दैछन् किन्तु श्रमण गौतम अरहन्त हुन् । अरहन्तको बस्ने स्वभावनै यस्तै हुन्छ' ।"

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा-३, पृ. १०७ मा उल्लेख भए झैं दोहऱ्याई पढ्नू ।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा-३, पृ. १०८ देखि १०९ सम्म उल्लेख भएको झैं 'अनि मलाई देवताहरूले...' भन्ने ठाउँसम्म दोहऱ्याई पढ्नू ।

Downloaded from http://dhamma.digital/

## अल्पाहारता

"अग्गिवेस्सन ! अनि सो मलाई यस्तो लाग्यो– 'किन म सबै आहारहरू त्याग्ने मार्ग न अपनाऊँ ।'...[1]

## यसले सम्बोधि प्राप्त गर्न सकिन्न

"अग्गिवेस्सन ! अनि सो मलाई यस्तो लाग्यो– 'अतीत समयमा उपक्रम गर्ने (तपस्या गर्ने) जुन श्रमण ब्राह्मणहरूले तीव्र, खरो, कटु, दुःखवेदना अनुभव गरे त्योभन्दा यही नै उत्कृष्ट छ, योभन्दा बढी छैन। अनागत समयमा उपक्रम गर्ने जुन श्रमण ब्राह्मणहरूले तीव्र, खरो, कटु, दुःखवेदना अनुभव गर्नेछन् त्योभन्दा यही नै उत्कृष्ट छ, योभन्दा बढी हुने छैन। वर्तमान समयमा उपक्रम गर्ने जुन श्रमण ब्राह्मणहरूले तीव्र, खरो, कटु, दुःखवेदना अनुभव गर्छन् त्योभन्दा यही नै उत्कृष्ट छ र योभन्दा बढी छैन। यो कटु दुष्करचर्याद्वारा मैले उत्तरीय मनुष्यधर्म र आर्यज्ञान विशेषतालाई प्राप्त गर्न सक्ने छैन। सम्बोधिको निमित्त अर्को मार्ग छ के' ?"

"अग्गिवेस्सन ! अनि सो मलाई यस्तो लाग्यो– 'मलाई थाहा छ कि मेरा पिता हलो जोतिरहँदा म जमुनाको शीतल छायामा बसी

१. यहाँका बाँकी कुरा लेखकको बु. रा. भा-३, पृ. ११० देखि ११२ को 'यसले सम्बोधि प्राप्त गर्न सकिन्न' भन्ने ठाउँसम्म दोहऱ्याई पढ्नू ।

Downloaded from http://dhamma.digital/

कामविषयबाट निवृत्त भई, अकुशलबाट निवृत्त भई, वितर्क विचार सहित विवेकजः (ध्यानजः) प्रीति सुख भएको प्रथमध्यानमा बसेको कुरा। शायद यसै मार्गद्वारा बोधिलाभ गर्न सकुँला कि ?' अग्गिवेस्सन ! सो मलाई स्मरणको साथसाथै ज्ञान भयो– 'यही बोधिको मार्ग हो।' अग्गिवेस्सन ! अनि मलाई यस्तो लाग्यो– 'के त जुन सुख कामविषयबाट रहित छ र अकुशलबाट रहित छ त्यस्तो सुखबाट म डराउँछु ?' अग्गिवेस्सन ! अनि फेरि मलाई यस्तो लाग्यो– 'म त्यस सुखबाट डराउँदिन जो काम र अकुशलबाट रहित छ'।"

"अग्गिवेस्सन ! अनि सो मलाई यस्तो लाग्यो– 'यस्तो पराकाष्ठामा पुगेको शरीरले त्यो (ध्यानमय) सुख प्राप्त गर्न सजिलो छैन। अतः किन म भात र दाल आदि जस्ता मोटा आहार ग्रहण नगरुँ।'...[१] चतुर्थध्यान प्राप्त गरी बसें। अग्गिवेस्सन ! यस्तो प्रकारको सुखवेदना उत्पन्न हुँदा पनि मेरो चित्तलाई समाती राखेन।"

Dhamma.Digital

## सम्बोधिलाभ

१– "यसरी समाहित चित्त भएपछि, परिशुद्ध भएपछि, निर्मल भएपछि, क्लेश दूर भएपछि, मृदु भएपछि र कर्मण्य भई निश्चल

१. यहाँका अरू बाँकी कुराहरू लेखकको बु. रा. भा-३, पृ. ११३ 'सम्बोधिलाभ' शीर्षकमा उल्लेख भए झैं 'अनि मैले भात र दाल...' आदि देखि पृ. ११४ को 'चतुर्थध्यान प्राप्त गरी बसें' भन्ने ठाउँसम्म पढ्नू।

Downloaded from http://dhamma.digital/

भएपछि पूर्वेनिवासानुस्मृतिज्ञानतिर चित्त झुकाएँ। अनि अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गरें।...[१] अग्गिवेस्सन ! अनि अप्रमत्त भई क्लेश सन्तप्त गरिरहँदा रातको प्रथम याममा यो प्रथमविदया मैले प्राप्त गरें; जसबाट अविदया नाश भयो विदया उत्पन्न भयो र तमः नाश भई आलोक उत्पन्न भयो। अग्गिवेस्सन ! यस्तो प्रकारको सुखवेदना उत्पन्न हुँदा पनि मेरो चित्तलाई समाती राखेन।"

२– "यसरी समाहित चित्त भएपछि,...कर्मण्य भई निश्चल भएपछि सत्वहरू (= प्राणीहरू) च्यूत र उत्पन्न हुने ज्ञानतिर चित्त झुकाएँ। अनि...सुगति-दुर्गतिमा गइरहेका प्राणीहरू देख्दछु र जान्दछु। अग्गिवेस्सन ! अनि अप्रमत्त भई क्लेश सन्तप्त गरिरहँदा रातको दोस्रो याममा यो दोस्रो विदया प्राप्त गरें; जसबाट अविदया नाश भयो विदया उत्पन्न भयो र तमः नाश भई आलोक उत्पन्न भयो। अग्गिवेस्सन ! यस्तो प्रकारको सुखवेदना उत्पन्न हुँदा पनि मेरो चित्तलाई समाती राखेन।"

३– "यसरी समाहित चित्त भएपछि,...कर्मण्य भई निश्चल भएपछि आस्रवक्षय ज्ञानमा चित्त झुकाएँ। अनि 'यो दुःख हो' भनी

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा-३, पृ. ११४ मा हेर्नू।

Downloaded from http://dhamma.digital/

यथार्थतः बुझें...[१] र 'यो आस्रवनिरोध हुने मार्ग हो' भनी यथार्थतः बुझें। यसरी बुझिसकेपछि,...[१] 'विमुक्त भएँ' भन्ने ज्ञान भयो। जन्म क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें र अब उप्रान्त यहाँ आउनुपर्ने कुनै हेतु छैन' भन्ने पनि बुझें। अग्गिवेस्सन ! अप्रमत्त भई क्लेश सन्तप्त पारिरहँदा रातको तृतीय याममा यो तृतीय विदया मैले प्राप्त गरें; जसबाट अविदया नाश भयो विदया उत्पन्न भयो र तमः नाश भई आलोक उत्पन्न भयो। अग्गिवेस्सन ! यस्तो प्रकारको सुखवेदना उत्पन्न हुँदा पनि मेरो चित्तलाई समाती राखेन।"

"अग्गिवेस्सन ! अनेक शतपरिषद्लाई धर्मदेशना गरेको कुरा मलाई थाहा छ। त्यहाँ प्रत्येकले 'मेरै निमित्त श्रमण गौतम धर्मदेशना गर्नुहुन्छ' भनी सम्झन्छ। अग्गिवेस्सन ! यस्तो सम्झनु हुन्न। केवल अरूलाई बोध गराउनको निमित्त तथागतले धर्मोपदेश गर्छन्। अग्गिवेस्सन ! म सोही कथाको अवशानमा यही पहिलेको समाधि निमित्तमा (सुञ्ञताफल समापत्तिमा) आफ्नो चित्तलाई राख्छु, बसाल्छु, एकाग्र गराउँछु र समाहित गराउँछु, जसमा सदासर्वदा विहार गर्छु।"

## मूढता र अमूढता

"अरहत् सम्यक्सम्बुद्धलाई झैं तपाई गौतमको (यो कुरा) विश्वसनीय छ। के तपाई गौतम दिनमा सुत्नु भएको कुरा थाहा छ ?"

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा-३, पृ. ११५ को ३ नं. मा हेर्नू।

Downloaded from http://dhamma.digital/

"अग्गिवेस्सन ! गृष्मको अन्तिम महिनामा भिक्षाटन्बाट फर्केर भोजनपछि चारदोबर पटचाइराखेको संघाटि बिच्छ्याई स्मृति सम्प्रजन्य भई दाहिनेतिरबाट सुतेको मलाई थाहा छ।"

"भो गौतम ! केही श्रमण ब्राह्मणहरू यसलाई मूढता (= अज्ञानता) भन्दछन् ।"

"अग्गिवेस्सन ! यत्तिकैमा मूढटा (= अज्ञानता) र अमूढता (= ज्ञानता) भनिदैन। अग्गिवेस्सन ! कसरी मूढता र अमूढता हुन्छ भन्ने कुरा सुन र राम्ररी मनमा राख भन्नेछु।"

"हवस्" भनी सच्चक निगण्ठपुत्रले भगवानलाई प्रत्युत्तर दिए। भगवानले यस्तो भन्नुभयो—

"अग्गिवेस्सन ! जसको जुन संक्लेशिक, पुनर्भविक, डाह हुने दुःखविपाकी, फेरि जन्मजरामरण हुने आस्रवहरू नष्ट भएका छैनन् त्यसलाई 'मूढता' भनी भन्दछु। अग्गिवेस्सन ! जसको जुन संक्लेशिक, पूनर्भविक, डाह हुने दुःखविपाकी, फेरि जन्मजरामरण हुने आस्रवहरू नष्ट भएका हुन्छन् त्यसलाई नै 'अमूढता' भनी भन्दछु। आस्रवहरू नष्ट हुनु नै 'अमूढता' हो।

"अग्गिवेस्सन ! तथागतको जुन संक्लेशिक, पुनर्भविक, डाह हुने दुःखविपाकी, फेरि जन्मजरामरण हुने आस्रवहरू हुन् तिनीहरू नष्ट भइसके। जरो उच्छेद भएको ताडवृक्ष झैं भविष्यमा पलाउन नसक्ने

Downloaded from http://dhamma.digital/

जस्तै असम्भाव्य भइसक्यो। अग्गिवेस्सन ! जस्तै– टुप्पो काटेको ताडवृक्ष फेरि पलाएर आउन सक्दैन त्यस्तैगरी अग्गिवेस्सन ! तथागतको तथागतको जुन संक्लेशिक, पूनर्भविक, डाह हुने दुःखविपाकी, फेरि जन्मजरामरण हुने जुन आस्रवहरू हुन् तिनीहरू नष्ट भइसके । जरो उच्छेद भएको ताडवृक्ष झैं भविष्यमा पलाउन नसक्ने जस्तै असम्भाव्य भइसक्यो ।"

## भगवान प्रति सच्चकको श्रद्धा

यस्तो भन्नुहुँदा सच्चक निगण्ठपुत्रले भगवानलाई यस्तो भने– "आश्चर्य हो भो गौतम ! अद्भुतहो भो गौतम !! यसरी झोसी झोसी कुरा गर्दा पनि रिसाउने गरी कुरा गर्दा पनि तपाई गौतमको छविवर्ण स्वच्छ र मुखवर्ण प्रसन्न देखिन्छ। जस्तो कि कुनै अरहत् सम्यक्सम्बुद्धको जस्तै । भो गौतम ! मलाई थाहा छ कि पूरण कश्यपमाथि वादद्वारा वादारोपण गरेको कुरा र मैले वादद्वारा वादारोपण गर्दा अर्कै अर्कै कुरा गरी उनी विषय बाहिर गएको कुरा यस्तै कोप, द्वेष र अप्रसन्नता प्रकट गरेको कुरा पनि मलाई थाहाछ। तपाई गौतमको चाहिं यसरी झोसी झोसी ... कुरा गर्दा पनि छविवर्ण स्वच्छ र मुखवर्ण प्रसन्न देखिन्छ। जस्तो कि कुनै अरहत् सम्यक्सम्बुद्ध जस्तै । भो गौतम ! मलाई थाहा छ कि मक्खलि गोसालमाथि ... अजित केसकम्बलमाथि, ... प्रकुध कात्यायनमाथि, ...सञ्जय बेलट्ठपुत्रमाथि,...निगण्ठ-नाटपुत्रमाथि वादद्वारा वादारोपण गरेको कुरा। मैले वादद्वारा वादारोपण गर्दा अर्कै अर्कै कुरा गरी उनी विषय बाहिर

Downloaded from http://dhamma.digital/

गएको कुरा तथा कोप, द्वेष र अप्रसन्नता प्रकट गरेको कुरा पनि मलाई थाहाछ। तपाई गौतमको चाहिं यसरी झोसी झोसी ... कुरा गर्दा पनि छविवर्ण स्वच्छ ... र मुखवर्ण प्रसन्न देखिन्छ। जस्तो कि कुनै अरहत् सम्यक्सम्बुद्धको जस्तै। हवस्, भो गौतम ! हामी अब जान्छौं। हामीहरूको धेरै कामछ र धेरै गर्नुपर्ने छ।"

"अग्गिवेस्सन ! जस्तो उचित सम्झन्छौ।"

अनि भगवानको भाषणलाई अभिनन्दन र अनुमोदन गरी सच्चक निगण्ठपुत्र आसनबाट उठेर गए।

---

Downloaded from http://dhamma.digital/

# ३१।८. सज्झ परिव्राजक

## प रि च य

यी सज्झ परिव्राजक सम्बन्धी कुनै विशेष कुरा मूलपालि वा अर्थकथामा कतै उल्लेख भएको पाइँदैन।

यी परिव्राजक राजगृहवासी हुन सक्छन् । किनभने यिनले राजगृहस्थित गृद्धकूट पर्वतमा बसिरहनुभएका बुद्धबाट केही कुरा सुनेका थिए। यसैको संस्मरण गरी आफूले अघि सुनिराखेका कुराहरू ठीक छन् कि छैनन् भनी भगवानसँग सोधेका थिए। "अघि सुनिराखेका कुराहरू ठीकै छन्" भनी भगवानले भन्नुभएको थियो।

कस्ता कुराहरू यिनले सुनेका थिए भन्ने कुराहरू अगाडिको मूल सूत्रमा उल्लेख भएका छन्।

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## नौवटा कारणहरू अरहत्‌ले गर्न सक्दैन

(सज्झसुत्तं[1])

एक समय, भगवान राजगृहस्थित गृद्धकूट पर्वतमा बस्नुभएको थियो। अनि सज्झ परिव्राजक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ गएर भगवानसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका सज्झ परिव्राजकले भगवानलाई यस्तो भने—

"भन्ते ! एक समय म यही राजगृहमा बसेको थिएँ। भन्ते ! त्यहाँ मैले भगवानको सन्मुखबाट यस्तो सुनेको थिएँ– 'सज्झ ! जो भिक्षु अरहत्‌, क्षीणास्रव, ब्रह्मचर्यवास पूरा गरेको, गर्नुपर्ने गरिसकेको, भार बिसाइसकेको, स्व-अर्थ प्राप्त गरिसकेको, परिक्षीण भवसंयोजन भएको, राम्ररी जानी मुक्त भएको छ उसले पाँच कारणहरू गर्न सक्दैन– (१) क्षीणास्रव भिक्षुले जानी जानी प्राणी हिंसा गर्न सक्दैन, (२) क्षीणास्रवी भिक्षुले नदिएको वस्तु चोरी गरेर लिन सक्दैन,

१. अं. नि-९, पृ. १८; सम्बोधिवग्गो; अ. क. II. पृ. ७९६.

Downloaded from http://dhamma.digital/

(३) क्षीणास्रवी भिक्षुले मैथुन सेवन गर्न सक्दैन, (४) क्षीणास्रवी भिक्षुले जानी जानी झूटो बोल्न सक्दैन, (५) क्षीणास्रवी भिक्षुले अघि गृहस्थीमा झैं कुनै खानेकुराहरू रात बिताएर राखी खान सक्दैन। भन्ते ! के मैले यो कुरा राम्ररी सुनेको छु, राम्ररी ग्रहण गरेको छु, राम्ररी मनमा राखेको छु र राम्ररी धारण गरेको छु ?"

"सज्भ ! ठीकछ । तिमीले यो कुरा राम्रै गरी सुनेकाछौ, राम्रै गरी ग्रहण गरेकाछौ, राम्रै गरी मनमा राखेकाछौ, राम्रै गरी धारण गरेकाछौ । सज्भ ! अघि पनि अहिले पनि म यस्तै भन्छु– 'जो भिक्षु अरहत् क्षीणास्रवी ... राम्री जानी मुक्ति भएको छ उसले नौ कारणहरू गर्न सक्दैन– (१) क्षीणास्रवी भिक्षुले जानी जानी प्राणीहिंसा गर्न सक्दैन, ... (५) क्षीणास्रवी भिक्षुले अघि गृहस्थीमा झैं कुनै खानेकुराहरू रात बिताएर राखी खान जानी जानी प्राणीहिंसा गर्न सक्दैन, (६) क्षीणास्रवी भिक्षुले बुद्धलाई प्रतिक्षेप गर्न सक्दैन, (७) क्षीणास्रवी भिक्षुले धर्मलाई प्रतिक्षेपगर्न सक्दैन, (८) क्षीणास्रवी भिक्षुले संघलाई प्रतिक्षेप गर्न सक्दैन र (९) क्षीणास्रवी भिक्षुले शिक्षालाई प्रतिक्षेप गर्न सक्दैन।' सज्भ ! अघि पनि अहिले पनि म यस्तो भन्दछु– 'जो भिक्षु क्षीणास्रवी ... छ उसले नौ कारणहरू गर्न सक्दैन ।"

Downloaded from http://dhamma.digital/

# ३२।९. सन्दक परिव्राजक

## प रि च य

यी कौशम्बीका सन्दक परिव्रँजक कौशम्बी नजिकको छाना भएको एक गुफामा बस्दथे। उनी बस्ने गुफाको नाम 'पिलक्ख गुफा' थियो। गुफाको अघिल्तिर 'पिलक्ख' (पिपल) को रुख थियो। त्यसैले गुफालाई 'पिलक्ख गुफा' भनी भनिएको हो। यिनी त्यहाँ पाँचशय परिव्राजकहरूसँग बस्दथे।

एकदिन आनन्द महास्थविर सो गुफा हेर्न जानुभएको थियो। त्यसबखत अनेक सारहीन कुरा तथा होहल्ला गरी त्यहाँका परिव्राजकहरू बसेका थिए। आनन्द महास्थविर आइरहेको देखेर आफ्नो परिषद्लाई निःशब्द रहन सन्दकको आज्ञा दिए।

आनन्द महास्थविर आउनुभएपछि यिनले उहाँको स्वागत गरी उहाँलाई बस्नको निमित्त आसन दिए। जब आनन्द महास्थविरले "तपाईहरू के कुरा गरी बसिरहनुभएको थियो ?" भनी कुरा उठाउनु भयो तब सन्दक परिव्राजकले "छाडिदिनुहोस् यो कुरा।

Downloaded from http://dhamma.digital/

यस्ता कुरा पछि पनि सुन्न सक्नु हुनेछ" भनी भने । यति भनी आनन्द महास्थविरसँग केही धार्मिक कुरा सुनाउन यिनले अनुरोध गरे । अनि आनन्द महास्थविरले ब्रह्मचर्य र अब्रह्मचर्य सम्बन्धी कुरा सुनाउनु भयो । जुन कुरा अगाडि अनुदित मूल सूत्रमा उल्लेख भएको छ ।

धार्मिक कुरा सुनिसकेपछि सन्दक परिव्राजकले आफ्नो परिषद्लाई श्रमण गौतमको धर्ममा ब्रह्मचर्यवास गर्नको निमित्त ध्यानाकर्षण गरे । आफूले चाहिं लाभसत्कारको कारणले श्रमण गौतमको धर्ममा ब्रह्मचर्यवास गर्न नसक्ने कुरा व्यक्तः गरे ।

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

# चारवटा ब्रह्मचर्यवास

(सन्दकसुत्तं[1])

यस्तो मैले सुनें।

एक समय, भगवान कोशम्बी स्थित घोषितारामा बस्नुभएको थियो। त्यस समय सन्दक परिव्रँजक पिलक्ख गुफामा[2] पाँचशय महान् परिव्राजकहरूका साथ बसेका थिए। अनि संध्या समयमा ध्यानबाट उठी आयुष्मान् आनन्दले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो—

"आवुसो ! वर्षादद्वारा पानी भरिएको खाडलतिरको गुफा हेर्न जाऔं।"

"हवस् आवुसो" भनी ती भिक्षुहरूले आयुष्मान् आनन्दलाई प्रत्युत्तर दिए।

१. म. नि. II. पृ. २११; अ. क. III. पृ. १५२.
२. यसमा गुफाको अगाडि पिलक्खको रुख भएकाले गुफाको नाम 'पिलक्ख गुफा' रहन गएको हो।

Downloaded from http://dhamma.digital/

अनि केही भिक्षुहरूका साथ आयुष्मान् आनन्द वर्षाद्द्वारा पानी भरिएको खाडलतिरको गुफामा जानुभयो। त्यस समय (त्यस गुफामा) सन्दक परिव्राजक महान परिव्राजकपरिषद्का साथ कराउँदै होहल्ला गर्दै अनेक प्रकारका तिरश्चीन कथाहरू भन्दै बसिरहेका थिए । जस्तै– राजकथा, चोरकथा ... [१]। अनि सन्दक परिव्राजकले टाढैबाट आयुष्मान् आनन्द आइरहनुभएको देखे। देखेपछि आफ्नो परिषद्लाई शान्त पारे– "तपाईहरू चुपलाग्नुहोस्, तपाईहरू होहल्ला नगर्नुहोस्। श्रमण गौतमका श्रावक यी श्रमण आनन्द आउँदैछन् । जति पनि श्रमण गौतमका श्रावकहरू कौशम्बीमा बसेका छन् तीमध्ये यी श्रमण आनन्द पनि एक हुन्। यी आयुष्मान्हरू निःशब्दतालाई रुचाउँछन्, निःशब्दताद्वारा विनीत भएका हुन्, निःशब्दताको वर्णवादी हुन् । शायद निःशब्द परिषद् ठानेर यहाँ आउन सक्छन् ।" अनि ती परिव्राजकहरू चुपलागे ।

अनि आयुष्मान् आनन्द जहाँ सन्दक परिव्राजक थिए त्यहाँ जानु भयो । सन्दक परिव्राजकले आयुष्मान् आनन्दलाई यस्तो भने– "आउनुहोस् तपाई आनन्द, तपाई आनन्दको स्वागत छ। धेरै दिनदेखि तपाईले यस्तो गर्नुभयो जो कि यहाँ आउनुभयो । तपाई आनन्द बस्नुहोस्, यो आसन बिच्छ्याइराखेको छ ।" अनि बिच्छ्याइराखेको आसनमा आयुष्मान् आनन्द बस्नुभयो। सन्दक परिव्राजक पनि एक

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. ४२०, बु. रा. भा-२, पृ. २४५ र बु. गृ. भा-३, पृ. २० मा हेर्नू ।

Downloaded from http://dhamma.digital/

होचो आसन लिई एक छेउमा बसे । एक छेउमा बसेका सन्दक परिव्राजकलाई आयुष्मान् आनन्दले यस्तो भन्नुभयो– “सन्दक ! अहिले यहाँ के कुरा गरेर बसेका थियौ ? तिमीहरूको बीचमा के कुरा चलिरहेको थियो ?”

“आनन्द ! छाडिदिनुहोस् ती कुराहरू जुन कुराहरू गरी हामीहरू यहाँ बसेका थियौं । त्यस्ता कुराहरू सुन्न तपाई आनन्दलाई दुर्लभ हुने छैन जुन पछि पनि सुन्न सक्नु हुनेछ । बरु तपाई आनन्दले आफ्ना आचार्यका धार्मिक कथाहरू सुनाउनुभए बेश हुने थियो ।”

“सन्दक ! त्यसोभए सुन र राम्ररी मनमा राख भन्नेछु ।”

## चार अब्रह्मचर्यहरू

“हवस्” भनी सन्दक परिव्राजकले आयुष्मान् आनन्दलाई प्रत्युत्तर दिए । आयुष्मान् आनन्दले यस्तो भन्नुभयो– “सन्दक ! जान्नुभएका, देख्नुभएका उहाँ अरहत् सम्यक्सम्बुद्ध भगवानले चार अब्रह्मचर्यवासहरू भन्नुभएको छ, चार आश्वासन नहुने ब्रह्मचर्यहरू भन्नुभएको छ जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास बस्दैन र बसे पनि न्यायधर्म[1] कुशल प्राप्त गर्न सक्दैन ।”

---

१. निर्दोष र निरोग भन्ने अर्थले ‘न्यायधर्मकुशल’ भनिएको हो । पपं. सू. III. पृ. १५६ : सन्दकसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

"भो आनन्द ! जान्नुभएका, देख्नुभएका उहाँ अरहत् सम्यक्सम्बुद्ध भगवानले कुन चार अब्रह्मचर्यवास बताउनु भएको छ ? जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास बस्दैन र बसे पनि न्यायधर्म कुशल प्राप्त गर्न सक्दैन ?"

१– "सन्दक ! केही शास्ताहरू यस्तावादी यस्ता दृष्टिका छन्– (१) 'दानको फल छैन, (२) यज्ञको फल छैन, (३) हवनको फल छैन, (४) सु-कृत्य दुष्कृत्यको फल छैन, (५) यो लोक छैन, (६) परलोक छैन, (७) आमा छन्, (८) बाबु छैन, (९) औपपातिक (= मरेर पुनः उत्पन्न हुने) सत्वहरू छैनन्, (१०) यो लोकमा त्यस्तो कुनै श्रमण छैन जो सम्यक्रूपले नैर्याणिक मार्गमा प्रतिपन्न भई यो लोक र परलोकलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बताउन सकोस्, (११) चातुर्महाभौतिकद्वारा बनेको यो पुरुषको जब मरण हुन्छ तब पृथ्वी धातु पृथ्वी समूहमा पुग्छ, जान्छ; आप् धातु, आप् समूहमा पुग्छ, जान्छ; तेज धातु, तेज समूहमा पुग्छ, जान्छ; वायु धातु, वायु समूहमा पुग्छ, जान्छ; इन्द्रियहरू (= मन सहित) आकाशतिर लाग्छन्, (१२) मृत शरीरलाई आसन सहित पञ्चम पुरुषले[1] लैजान्छन् ।

---

१. मृत शरीर राखेको खाट् र बोक्ने चारजना मानिसहरूलाई 'आसन सहित पञ्चम पुरुष' भनिएको हो । पपं. सू. III. पृ. १५६ : सन्दकसुत्तवण्णना; दी. नि. अ. क. I. पृ. १८७ : सामञ्ञफलसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

मशानमा उसको पदचिन्ह[1] देखिन्छ। परेवाको जस्तो (सेतो) वर्ण भएका हाडहरू सबै आहुतिमा भष्म हुन्छन्। (१३) दान भनेको दिने (मूर्ख) हरूले बनाइराखेका हुन्। दानको फल छ भनी बताउनेहरूको यो कुरा खोक्रो, भ्रूटो र प्रलाप मात्र हो। (१४) मूर्ख पनि पण्डित पनि शरीर छाडेपछि नष्ट हुन्छ, विनाश हुन्छ, मरणपछि केही हुन्न।"

"सन्दक ! त्यहाँ विज्ञपुरुष यस्तो भन्छ– 'यी भद्र शास्ता यस्तावादी, यस्ता दृष्टिका छन्– (१) दानको फल छैन, (२) यज्ञको फल छैन, ... (१४) मूर्ख पनि पण्डित पनि शरीर छाडेपछि नष्ट हुन्छ, विनाश हुन्छ, मरणपछि केही हुन्न।' यदि यो भद्र शास्ताको वचन सत्य हो भने– नगरे पनि गरे जस्तै भयो र ब्रह्मचर्यवास नबसे पनि बसे जस्तै भयो। हामी दुबैले यहाँ समानरूपले समानता प्राप्त गऱ्यौं। तर हामी दुबैजना शरीर छाडी उच्छेड हुनेछौं, विनाश हुनेछौं र मरणपछि हुने छैनौं भनी म भन्दिन। यी भद्र शास्ताको नग्नता, मुण्डता, टुक्रुक्क बस्ने व्रत, केश लुछाउने व्रत, (मेरो भन्दा) अधिक छ। म चाहिं घरगृहस्थी भई पुत्रादि सहित शयन गर्छु, काशीको चन्दन लगाउँछु, मालागन्धविलेपन धारण गर्छु, सुनचाँदी स्वीकार्छु (तैपनि) यी भद्र शास्ताको सँगसँगै

---

१. मशान पुगुञ्जेलसम्म मृत शरीर देखिन्छ। यसैलाई 'पदचिन्ह' भनिएको हो। मृत्यु भएपछि मशानमा लैजाने बेलासम्म मृतकको गुणगानको कुरा गर्नेलाई पनि 'पदचिन्ह' भनिन्छ। पपं. सू. III. पृ. १५६ : सन्दकसुत्तवण्णना; दी. नि. अ. क. पृ. १८७ : सामञ्ञफलसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

परलोकमा मेरो गति समान हुनेछ। (त्यसोभए) मैले के देखेर के जानेर यी शास्ताको ब्रह्मचर्य पालन गर्ने ? – (अनि) ऊ 'यो अब्रह्मचर्यवास हो' भनी जानेर त्यस ब्रह्मचर्यबाट विरक्तिएर जान्छ। सन्दक ! जान्नुभएका र देख्नुभएका उहाँ अरहत् सम्यक्सम्बुद्ध भगवानले यसरी पहिलो अब्रह्मचर्यवास बताउनुभएको छ– जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्दैन र बसे पनि न्यायधर्म कुशल प्राप्त गर्न सक्दैन।"

(२) "सन्दक ! फेरि यहाँ केही शास्ता यस्ता वादी र यस्ता दृष्टिका छन्– (१) 'गरेर गराएर, (२) छेदन गरेर गराएर (= अर्काको हातखुट्टा) काट्ने, ... [1] (१८) दानद्वारा, (इन्द्रिय) दमनद्वारा, (शील) संयमद्वारा तथा सत्यवाचाद्वारा पुण्य पाइँदैन र पुण्य आउँदैन।"

"सन्दक ! त्यहाँ विज्ञपुरुष यस्तो भन्दछ– 'यी भद्र शास्ता यस्ता वादी र यस्ता दृष्टिका छन्– (१) 'गरेर गराएर, (२) छेदन गरेर गराएर (= अर्काको हातखुट्टा) काट्ने, ... [2] (१८) दानद्वारा, (इन्द्रिय) दमनद्वारा, (शील) संयमद्वारा तथा सत्यवाचाद्वारा पुण्य पाइँदैन

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. ब्रा. भा-३, पृ. ३९६ मा उल्लेख भए अनुसार पढ्नू। यस सम्बन्धमा लेखकको बु. प. भा–१, पृ. ३७ 'पूरणकश्यप' मा पनि हेर्नू।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. ब्रा. भा-३, पृ. ३९६ मा उल्लेख भए अनुसार पढ्नू।

Downloaded from http://dhamma.digital/

र पुण्य आउँदैन ।' यदि यी भद्र शास्ताको वचन सत्य हो भने– नगरे पनि गरे जस्तै भयो र ब्रह्मचर्यवास नबसे पनि बसे जस्तै भयो । हामी दुबैले यहाँ समानरूपले समानता प्राप्त गर्‍यौं । तर हामी दुबैजनाले गरेको पापलाई नगरेको भनी म भन्दिन । यी शास्ताको नग्नता, मुण्डता, टुक्रुक्क बस्ने व्रत र केश लुछाउने व्रत, (मेरोभन्दा) अधिक छ । म चाहिं घरगृहस्थी भई ... सुनचाँदी स्वीकार्छु (तैपनि) यी भद्र शास्ताको सँगसँगै परलोकमा मेरो गति समान हुनेछ । (त्यसोभए) मैले के देखेर के जानेर यी शास्ताको ब्रह्मचर्य पालन गर्ने ? – (अनि) ऊ 'यो अब्र**ह्म**चर्यवास **हो**' भनी जानेर त्यस ब्रह्मचर्यबाट विरक्तिएर जान्छन् । सन्दक ! जान्नुभएका र देख्नुभएका उहाँ अरहत् सम्यक्सम्बुद्ध भगवानले यसरी दोस्रो अब्र**ह्म**चर्यवास बताउनुभएको छ– जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्दैन र बसे पनि न्यायधर्मकुशल प्राप्त गर्न सक्दैन ।"

(३) "सन्दक ! फेरि यहाँ केही शास्ता यस्ता वादी र यस्ता दृष्टिका छन्– (१) 'सत्वहरू संक्लिष्ट हुनाको कुनै हेतु छैन, कुनै प्रत्यय छैन; अहेतु अप्रत्ययद्वारा सत्वहरू संक्लिष्ट हुन्छन् । (२) सत्वहरू विशुद्ध हुनाको कुनै हेतु छैन, कुनै प्रत्यय छैन; अहेतु अप्रत्ययद्वारा सत्वहरू विशुद्ध हुन्छन् । (३) (संक्लिष्ट वा विशुद्ध हुनको लागि) बल छैन, वीर्य छैन, पुरुषार्थ छैन, पौरुष पराक्रम छैन । (४) सबै सत्वहरू[१],

---

१. ऊँट, गाई, गदाहा आदि निरवेशेष सत्वहरूलाई यहाँ 'सत्व' भनिएको हो । पपं. सू. III. पृ. ८२ : अपण्णकसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

**सबै प्राणीहरू**[१], **सबै भूतहरू**[२] **तथा सबै जीवहरू**[३] (आ□ना) **वशमा छैनन्**[४]ह (आ□ना) **बलमा छैनन्,** (आ□ना) व्वीर्यमा छैनन् । (५) (सबै सत्वहरू) **भाविकरूपले जहा़ा जहा़ा जान□पर्ने हो त्यहा़ा त्यहा़ा गई (स□तिभाव- परिणता) छ अभिजातिहरूमा**[५] **सुख दुःखको अनभुव गर्छन्□ ।"**

---

१ **एकेन्द्रिय प्राणीहरू तथा दुइ इन्द्रिय प्राणीहरूलाई यहा़ा** ...**प्राणी□ भनिएको हो । पपं. सू.** क्ष्क्ष्क्ष पृ. ८२ : **अपण्णकसुत्तवण्णना ।** (**कस्तालाई एकेन्द्रिय प्राणी भनिन्छ भन्ने बारे लेखकको** बु. प. भा–१, पृ. २३० **को पादटिप्पणीमा** हेर्नू ।)

२ **फुलद्वारा उत्प□ हुने प्राणीहरूलाई यहा़ा** ...भूत□ **भनिएको हो । पपं.** सू. क्ष्क्ष्क्ष पृ. ८२ : **अपण्णकसुत्तवण्णना ।**

३ **धान, चामल, जौ आदिलाई यहा़ा** ...**जीव□** भनिएको हो । **उम्रने** हुने भएकोले अन्य धर्मावलम्बीहरू अ□लाई ...**जीव□ भन्दछन् ।** पपं. सू. क्ष्क्ष्क्ष पृ. ८२ : **अपण्णकसुत्तवण्णना ।**

४ **कसैले** बल गरेर **कसैलाई केही गर्न सक्दैन,** जे हुनुपर्ने हो **र जस्तो** हुनुपर्ने हो **त्यो त्यस्तै हुन्छ कसैले** गरेर **केही** हुन **सक्दैन** भ□को **लागि** ...**बशमा छैनन्□.....आदि** भनिएको हो । पपं. सू. क्ष्क्ष्क्ष पृ. ८२ : **अपण्णकसुत्तवण्णना ।**

५ ...**छ–अभिजाति□ भनेका कस्ता** हुन् **भन्ने** कुरा **लेखकको** बु. प. भा–१, पृ. ४०–४९ **मा** हेर्नू । **यी छ–अभिजातिमा रहेर मात्र सुख दुःखको** अनुभूति **गरिन्छ र यस बाहेक सुख दुःखको भूमि अरू छैन** भनिएको हो ।

Downloaded from http://dhamma.digital/

"सन्दक ! त्यहाँ विज्ञपुरुष यस्तो भन्दछ– 'यी भद्र शास्ता यस्तावादी, यस्ता दृष्टिका छन्– (१) 'सत्वहरू संक्लिष्ट हुनाको कुनै हेतु छैन र कुनै प्रत्यय छैन;...(५) (सबै सत्वहरू) स्वाभाविकरूपले जहाँ जहाँ जानुपर्ने हो त्यहाँ त्यहाँ गई छ अभिजातिहरूमा सुख दु:खको अनुभव गर्छन् ।' यदि यी भद्र शास्ताको वचन सत्य हो भने– नगरे पनि गरे जस्तै भयो र ब्रह्मचर्यवास नबसे पनि बसे जस्तै भयो। हामी दुबैले यहाँ समानरूपले समानता प्राप्त गऱ्यौं। तर दुबै अहेतु अप्रत्ययद्वारा विशुद्ध हुनेछौं भनी म भन्दिन।' यी शास्ताको नग्नता, मुण्डता, टुक्रुक्क बस्ने व्रत, केश लुछाउने व्रत, (मेरोभन्दा) अधिक छ। म चाहिं घर गृहस्थीभई.....सुनचाँदी स्वीकार्छु (तैपनि) यी भद्र शास्ताको सँगसँगै पर लोकमा मेरो गति समान हुनेछ। (त्यसोभए) मैले के देखेर के जानेर यी शास्ताको ब्रह्मचर्य पालन गर्ने ?– (अनि) उनी 'यो अब्र**ह्मचर्यवास हो**' भनी जानेर त्यस ब्रह्मचर्यबाट विरक्तिएर जान्छन्। सन्दक ! जान्नुभएका र देख्नुभएका उहाँ अरहत् सम्यक्सम्बुद्ध भगवानले यसरी तेस्रो अब्र**ह्म**चर्यवास बताउनु भएको छ– जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्दैन र बसे पनि न्यायधर्म कुशल प्राप्त गर्न सक्दैन।"

(४) "सन्दक ! फेरि यहाँ केही शास्ता यस्ता वादी र यस्ता दृष्टिका छन्– (१) 'यी सप्तकायहरू अकृत र अकृतविधा हुन् (२) अनिर्मित र अनिर्मापित हुन्। (३) वन्ध्या (= बाँझो, निष्फल) र कूटस्थ स्तम्भ समान निश्चल छन्। तिनीहरू न चल्दछन्, न विपरीत हुन्छन् र न परस्पर बिघ्नबाधा दिन्छन्। परस्पर सुख पनि हुन्न, दु:ख पनि हुन्न; न त परस्पर सुख दु:खको लागि नै हुन्छन्।"

Downloaded from http://dhamma.digital/

"सप्तकाय भनेका कुन हुन् ? १– पृथ्वीकाय, २– आप्काय, ३– तेजकाय, ४– वायुकाय, ५– सुखकाय, ६– दुःखकाय, तथा ७– जीवकाय। यी सप्तकायहरू अकृत र अकृतविधा हुन्; अनिर्मित अनिर्मापित हुन्; वन्ध्या र कूटस्थ स्तम्भ समान निश्चल छन्। यी न चल्दछन्, न विपरीत हुन्छन् न परस्पर बिघ्नबाधा दिन्छन्। न परस्पर सुखको लागि हुन्छन्, न परस्पर दुःखको लागि हुन्छन् न त परस्पर सुख दुःखको लागि नै हुन्छन्। (४) त्यहाँ, मार्ने वा मार्न लगाउने छैनन्, सुन्ने वा सुन्न लगाउने छैनन् र जान्ने वा जान्न लगाउने छैनन्। (५) कसैले कसैलाई धार भएको शस्त्रले शीर छेदन गरे तापनि कुनै जीवलाई मारेको हुन्न। सप्तकायको बीचमा भएका छिद्रहरूका बीचमा (शस्त्र) पर्न जान्छ[1]। (६) प्रमुख योनिहरू चौधलाख छयसट्ठी शय (१४,०६,६००) छन्। (७) पाँचशय कर्महरू छन्। (८) पाँच कर्महरू छन्। (९) तीन कर्महरू छन्। (१०) कर्म र अर्धकर्म पनि छन्। (११) बयसट्ठी प्रतिपदाहरू छन्। (१२) बयसट्ठी अन्तर कल्पहरू छन्। (१३) छ अभिजातिहरू छन्। (१४) आठ पुरुषभूमिहरू छन्। (१५) उनन्चासशय (४,९००) आजीवक व्रतहरू छन्। (१६) उनन्चासशय परिव्राजक प्रव्रज्याहरू छन्। (१७) उनन्चासशय नागवासहरू छन्। (१८) बीसशय (२,०००) इन्द्रियहरू छन्। (१९) तीसशय (३,०००) नरकहरू

---

१. यी कुराहरू सं. नि. II. पृ. ४२३ : महादिट्ठिसुत्तं, दिट्ठिसंयुत्तं; दी. नि. I. पृ. ४९ : सामञ्ञफलसुत्तंमा पनि उल्लेख भएका छन्। यस सूत्रको अनुवाद लेखकको बु. रा. भा-२, पृ. ९० मा भएको छ र यस सम्बन्धमा कुराहरू स्पष्टिकरणका साथ पृ. ११४ मा छन्।

Downloaded from http://dhamma.digital/

छन् । (२०) छत्तीस रजधातुहरू (= धूलो लाग्ने ठाउँहरू) छन् । (२१) सातसंज्ञी गर्भहरू (= सचेतन गर्भहरू) छन् । (२२) सात असंज्ञी (= अचेतन गर्भहरू) छन् । (२३) सात निर्ग्रन्थी गर्भहरू छन् । (२४) सात देवहरू छन् । (२५) सात मनुष्यहरू छन् । (२६) सात पिसाचहरू छन् । (२७) सात दहहरू छन् । (२८) सात महाग्रन्थी (पवुट) हरू छन् । (२९) सात (ठूला) पातहरू, (३०) सातशय (स्याना) पातहरू छन् । (३१) सात (ठूला) स्वप्नहरू, सातशय (स्याना) स्वप्नहरू छन् । (३२) असीलाख साना-ठूला कल्पहरूमा घुमफिर गरी मूर्ख तथा पण्डितहरूले दु:खको अन्त गर्न सक्छन् । (३३) फेरि त्यहाँ यो शीलद्वारा, यो व्रतद्वारा अथवा यो ब्रचर्यद्वारा अपरिपक्व कर्मलाई परिपक्व गर्नेछु अथवा परिपक्व कर्मलाई भोग गरेर पार लगाउनेछु भन्ने पनि हुन सक्दैन । (३४) द्रोण (= पाथी) ले नापिराखेको जस्तै नापिराखेको यस संसारको सुख दु:खलाई घटी-बढी गर्न सकिन्न न उच-नीच (= ठूलो स्यानो) पार्न नै सकिन्छ । जस्तै– बेरिराखेको धागोको डल्लो छाडिदिंदा, धागोको प्रमाण भएसम्म मात्र जान्छ, त्यस्तै– मूर्ख र पण्डितहरूले (संसारमा) घुम-फिर गरेर मात्र दु:खको अन्त गर्ने छन्[1] ।"

---

१. यहाँ उल्लिखित शब्दहरूमध्ये नबुझिएका वा स्पष्ट नभएका शब्दहरूको बारेमा लेखकका बु. प. भा-१, पृ. ८५ देखि ८८ र बु. रा. भा-२, पृ. ११४ देखि ११७ का पादटिप्पणीहरूमा हेर्नू । यस्ता कुराहरू सं. नि. II. पृ. ४२३ : महादिट्ठिसुत्तं, दिट्ठिसंयुत्तमा पनि उल्लेख भएका छन् ।

Downloaded from http://dhamma.digital/

"सन्दक ! त्यहाँ विज्ञपुरुष यस्तो भन्छ– 'यी भद्र शास्ता यस्ता वादी, यस्ता दृष्टिका छन्– (१) 'यी सप्तकायहरू अकृत र अकृतविधा हुन् ।....[1] (३४) द्रोण (पाथी) ले नापे जस्तै नापिराखेको यस संसारको सुख दुःखलाई घटी-बढी गर्न सकिन्न न त उच-नीच (= ठूलो स्यानो) नै पार्न सकिन्छ । जस्तै– बेरिराखेको धागोको डल्लो छाडिंदिदा धागोको प्रमाण भएसम्म मात्र जान्छ त्यस्तै– मूर्ख र पण्डितहरूले (संसारमा) घुम-फिर गरेर मात्र दुःखको अन्त गर्नेछन् । यदि यी भद्र शास्ताको वचन सत्य हो भने– नगरे पनि गरे जस्तै भयो र ब्रह्मचर्यवास नबसे पनि बसे जस्तै भयो । हामी दुबैले यहाँ समानरूपले समानता प्राप्त गऱ्यौं । तर हामी दुबै अहेतु अप्रत्ययद्वारा विशुद्ध हुनेछौं भनी म भन्दिन ।' यी शास्ताको नग्नता, मुण्डता, टुक्रुक्क बस्ने व्रत, केश लुछाउने व्रत, (मेरोभन्दा) अधिक छ । म चाहिं घरगृहस्थीभई.....सुनचाँदी स्वीकार्छु (तैपनि) यी भद्र शास्ताको सँगसँगै परलोकमा मेरो गति समान हुनेछ । (त्यसोभए) मैले के देखेर के जानेर यी शास्ताको ब्रह्मचर्य पालन गर्ने ?– (अनि) उनी 'यो अब्रह्मचर्यवास हो' भनी जानेर त्यस ब्रह्मचर्यबाट विरक्तिएर जान्छन् । सन्दक ! जान्नुभएका र देख्नुभएका उहाँ अरहत् सम्यक्सम्बुद्ध भगवानले यसरी तेस्रो अब्रह्मचर्यवास बताउनु भएको छ– जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्दैन र बसे पनि न्यायधर्म कुशल प्राप्त गर्न सक्दैन ।"

---

१. यहाँका बाँकी कुराहरू माथि जस्तै ३३ नं. सम्म दोहऱ्याई पढ्नू ।

Downloaded from http://dhamma.digital/

"सन्दक ! जान्नुभएका र देख्नुभएका उहाँ अरहत् सम्यक्सम्बुद्ध भगवानले यी चार अब्रह्मचर्यवास बताउनु भएको छ– जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्दैन र गरेता पनि न्यायधर्मकुशल प्राप्त गर्न सक्दैन ।"

## चार आश्वासन नभएका ब्रह्मचर्यहरू

"आश्चर्यहो आनन्द ! अद्भूत हो आनन्द ! जो कि जान्नुभएका...भगवानले चार अब्रह्मचर्यवास समान भएर नै 'अब्रह्मचर्यवास' भनी बताउनु भएको हो– जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्दैन र बसे पनि न्यायधर्म कुशल प्राप्त गर्न सक्दैन । भो आनन्द ! जान्नुभएका...भगवानले बताउनु भएका चार आश्वासन नभएका ब्रह्मचर्यहरू कुन हुन् त ?– जहाँ विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्दैन गरेता पनि न्यायधर्म कुशल प्राप्त गर्न सक्दैन ?"

(१) "सन्दक ! यहाँ केही शास्ताहरू (आफूलाई अपरिशेष ज्ञानदर्शन सर्वज्ञ सर्वदर्शी भनी भन्छन्– 'हिंडिरहने बेलामा पनि बसिरहने बेलामा पनि सुतिरहने बेलामा पनि बिउँभिरहने बेलामा पनि जहिले पनि ज्ञानदर्शन उपस्थित भएको हुन्छ ।' उनीहरू शून्य घरमा पनि पस्छन् भिक्षा पनि पाउँदैनन्, कुकुरले पनि टोक्छ, चण्ड हात्तीको सन्मुखमा पनि पर्छन्, चण्ड घोडाको सन्मुखमा पनि पर्छन्, चण्ड गोरुसँग पनि सन्मुख पर्छन्, स्त्रीको पनि पुरुषको पनि नामगोत्र सोध्छन् तथा गाउँको पनि निगमको पनि नाम पनि बाटो पनि सोध्छन् । 'यो किन नि ?' भनी

Downloaded from http://dhamma.digital/

सोध्दा 'शून्य घरमा पस्नुपर्ने भएको थियो' त्यसैले पसेका हौ भनी ऊ भन्छन्। 'भिक्षा नपाउनुपर्ने थियो' त्यसैले नपाएको। 'कुकुरलाई टोकाउनु पर्ने थियो' त्यसैले टोकेको। 'चण्ड हात्तीसँग सन्मुख हुनु थियो' त्यसैले सन्मुख भएको। 'चण्ड घोडासँग सन्मुख हुनु थियो' त्यसैले सन्मुख भएको। 'चण्ड गोरुसँग सन्मुख हुनु थियो' त्यसैले सन्मुख भएको। 'स्त्रीको पनि पुरुषको पनि नाम र गोत्र सोध्नुपरेको थियो' त्यसैले सोधेको। 'गाउँको पनि निगमको पनि नाम र बाटो सोध्नु पर्ने थियो' त्यसैले सोधेको। सन्दक ! त्यहाँ विज्ञपुरुष यस्तो भन्छ– 'यी भद्र शास्ताहरू (आफूलाई) अपरिशेष ज्ञानदर्शन सर्वज्ञ सर्वदर्शी' भनी भन्छन्– 'हिडिरहने बेलामा पनि,...जहिले पनि ज्ञानदर्शन उपस्थित भएको हुन्छ।' उनीहरू शून्य घरमा पनि पस्छन्,...गाउँको पनि निगमको पनि नाम पनि बाटो पनि सोध्छन्। 'यो किन नि ?' भनी सोध्दा 'शून्य घरमा पस्नुपर्ने भएकोले'...'गाउँको पनि निगमको पनि नाम र बाटो सोध्नुपर्ने थियो' त्यसैले सोधेको। अनि उनीहरू 'यो ब्रह्मचर्य आश्वासन नभएको' भनी जानी त्यस ब्रह्मचर्यबाट विरक्तिएर जान्छन्। सन्दक ! यो हो जान्नुभएका र देख्नुभएका उहाँ...भगवानले बताउनु भएको आश्वासन नभएको पहिलो ब्रह्मचर्य जसमा विज्ञपुरुष ब्रह्मचर्यवास गर्दैन गरेता पनि न्यायधर्म कुशल प्राप्त गर्न सक्दैन।"

(२) "सन्दक ! फेरी यहाँ केही शास्ताहरू अनुश्रुतिक हुन्छन् र अनुश्रवलाई सत्य मान्छन्। उनीहरू श्रुतिद्वारा यस्तो हो त्यस्तो हो भनी पिटक सम्प्रदायको आधारमा धर्मोपदेश गर्छन्। सन्दक ! श्रुतिको भरपर्ने शास्ताको अनुश्रुति-सत्य सु-श्रुत (= ठीक सुनेको) पनि हुन्छ, दुःश्रुत

Downloaded from http://dhamma.digital/

(= बेठीक सुनेको) पनि हुन्छ, त्यस्तै पनि हुन्छ र अन्यथा पनि हुन्छ। सन्दक ! त्यहाँ विज्ञपुरुष यस्तो भन्छ– 'यी भद्र शास्ता अनुश्रविक छन्...त्यस्तै पनि हुन्छ, अन्यथा पनि हुन्छ' भनी उनी 'यो ब्रह्मचर्य आश्वासन नभएको' भनी जानी त्यस ब्रह्मचर्यबाट विरक्तिएर जान्छन्। सन्दक ! जान्नुभएका र देख्नुभएका उहाँ...भगवानले बताउनु भएको आश्वासन नभएको यो दोश्रो ब्रह्मचर्य हो– जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्दैन गरेता पनि न्यायधर्म कुशल प्राप्त गर्न सक्दैन।"

(३) "सन्दक ! फेरी यहाँ केही शास्ताहरू तार्किक र विमर्शी हुन्छन्। उनीहरू तर्कद्वारा विर्मशनद्वारा प्राप्त ज्ञानको आधारमा धर्मोपदेश गर्छन्। सन्दक ! तार्किक र विमर्शन गर्ने शास्ताको तर्क ठीक पनि हुन्छ, बेठीक पनि; त्यस्तै पनि हुन्छ र अन्यथा पनि। सन्दक ! त्यहाँ विज्ञपुरुष यस्तो भन्छ– 'यी भद्र शास्ता तार्किक र विमर्शी छन्। उनी तर्कद्वारा र विमर्शनद्वारा प्राप्त ज्ञानले धर्मोपदेश गर्छन्। तार्किक र विमर्शीको तर्क ठीक पनि हुन्छ, बेठीक पनि; त्यस्तै पनि हुन्छ, अन्यथा पनि' अनि उनीहरू 'यो ब्रह्मचर्य आश्वासनजज भनी जानी त्यस ब्रह्मचर्यबाट विर क्तिएर जान्छन्। सन्दक ! जान्नुभएका र देख्नुभएका उहाँ...भगवानले बताउनु भएको यो तेश्रो आश्वासन नभएको ब्रह्मचर्य हो– जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्दैन गरेता पनि न्यायधर्म कुशल प्राप्त गर्न सक्दैन।"

(४) "सन्दक ! फेरी यहाँ केही शास्ता मन्द बुद्धिका र अतिमूढ हुन्छन्। उनीहरू मन्दता र अतिमूढताको कारणले गर्दा

Downloaded from http://dhamma.digital/

सम्बन्धित ठाउँमा प्रश्न सोध्दा वचन विक्षेप र अमराविक्षेप गर्छन् । (जस्तै)– 'यस्तो हो पनि हामी भन्दैनौ, उस्तो हो पनि हामी भन्दैनौं, अन्यथा हो पनि भन्दैनौं, अन्थया होइन पनि हामी भन्दैनौं, 'होइन' भनेकोलाई 'होइन' पनि भन्दैनौं । सन्दक ! त्यहाँ विज्ञपुरुष यस्तो भन्छ– 'यी भद्र शास्ता मन्द बुद्धिका र अतिमूढ छन् । मन्दता र अतिमूढताको कारणले गर्दा सम्बन्धित ठाउँमा प्रश्न सोध्दा वचन विक्षेप र अमराविक्षेप गर्छन् । (जस्तै)– 'यस्तो हो पनि हामी भन्दैनौ,...।' अनि उनीहरू 'यो ब्रह्मचर्य आश्वासन नभएको' भनी जानी त्यस ब्रह्मचर्यबाट विरक्तिएर जान्छन् । सन्दक ! जान्नुभएका र देख्नुभएका उहाँ अरहत् सम्यक् सम्बुद्ध भगवानले बताउनु भएको यो चौथो आश्वासन नभएको ब्रह्मचर्य हो– जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्दैन गरेता पनि न्यायधर्म कुशल प्राप्त गर्न सक्दैन ।"

"सन्दक ! जान्नुभएका र देख्नुभएका उहाँ अरहत् सम्यक्सम्बुद्ध भगवानले यी चार आश्वासन नभएका ब्रह्मचर्यहरू हुन्– जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्दैन र गरेता पनि न्यायधर्मकुशल प्राप्त गर्न सक्दैन ।"

"आश्चर्यहो आनन्द ! अद्भुत हो आनन्द ! जो कि जान्नुभएका र देख्नुभएका उहाँ अरहत् सम्यक् सम्बुद्ध भगवानले चार आश्वासन नभएका ब्रह्मचर्यहरूलाई नै आश्वासन नभएका ब्रह्मचर्य भनी बताउनु भयो– जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्दैन र गरेता पनि न्यायधर्म कुशल प्राप्त गर्न सक्दैन । आनन्द !

Downloaded from http://dhamma.digital/

उहाँ शास्ता चाहिं कस्ता वादी र कस्तो बताउने हुनुहुन्छ नि ?– जसमा विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्छ र न्यायधर्मकुशल प्राप्त गर्न सक्छ ?"

## तथागतवाद

"सन्दक ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध,.....[1] बुद्ध भगवान यस लोकमा उत्पन्न हुन्छन् ।....[2] अनि उनी पञ्चनीवरणलाई त्यागी, चित्तको उपक्लेश (चित्तमल) लाई प्रज्ञाद्वारा कमजोर पार्नको निमित्त कामविषयबाट अलग भई, अकुशलबाट अलग भई, वितर्क र विचार युक्त भएको विवेक (= ध्यान) बाट उत्पन्न प्रीति तथा सुख भएको प्रथमध्यान प्राप्त गरी बस्छन् । सन्दक ! जुन शास्तासँग श्रावकले

---

१. यहाँका बाँकी कुराहरू लेखकका बु. ब्रा. भा-२, पृ. २२१ : 'तथागत उत्पन्न' भन्ने शीर्षकमा, बु. रा. भा-२, पृ. १३४ को 'यहाँ तथागत' भन्ने शीर्षकमा र बु. प. भा-१, पृ. २८१ को 'दुःख निरोध मार्ग' शीर्षकमा हेर्नू ।

२. यहाँका बाँकी कुराहरू लेखकका बु. प. भा-१, पृ. २८१ को 'दुःख निरोध मार्ग' शीर्षकको 'उहाँले देवमार सहित...' भन्ने ठाउँदेखि पृ. २८८ को 'प्रथमध्यान' भन्ने सम्म अथवा बु. ब्रा. भा-२, पृ. २२१ को 'उहाँले देवमार ब्रह्म सहित...' भन्ने देखि पृ. २४२ को 'प्रथमादिध्यान' सम्म पढ्नू ।

Downloaded from http://dhamma.digital/

यस्तो उदार विशेषता प्राप्त गर्छ त्यस्तो (शासनमा) विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्छ। अनि न्याय धर्मकुशल प्राप्त गर्छ।"

"सन्दक ! फेरि भिक्षु वितर्क र विचारलाई उपशम गरी अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी वितर्क र विचार रहित समाधिजः प्रीतिसुख भएको द्वितीयध्यान प्राप्त गरी बस्छ, ... तृतीयध्यान प्राप्त गरी बस्छ, ... चतुर्थध्यान प्राप्त गरी बस्छ। सन्दक ! जुन शास्ताकहाँ श्रावकले यस्तो उदार विशेषता प्राप्त गर्छ त्यस्तो (शासनमा) विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास बस्छ। अनि न्यायधर्म कुशल प्राप्त गर्छ।

**पूर्वानुस्मृतिज्ञान**– "यसरी समाहित चित्त भएपछि, परिशुद्ध, स्वच्छ, निर्मल, क्लेशरहित भएपछि, मृदु तथा कर्मण्य भइसकेपछि ..., निश्चलतामा पुगिसकेपछि– उसले पूर्वजन्मका स्मरण हुने ज्ञानतिर चित्त अघि बढाउँछ र चित्त झुकाउँछ। अनि उसले अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ। जस्तै– एक जन्मको कुरा ... [१] सन्दक ! जुन शास्ताकहाँ श्रावकले यस्तो उदार विशेषता प्राप्त गर्छ। त्यस्तो (शास्तामा) विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्छ अनि न्यायधर्म कुशलप्राप्त गर्छ।"

**च्युतिउत्पत्तिज्ञान**–"यसरी समाहित चित्त भएपछि, ... निश्चलतामा पुगेपछि– उसले प्राणीहरूको च्युति र उत्पत्ति सम्बन्धी

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. २९० वा बु. रा. भा–२, पृ. १६५ मा हेर्नू।

Downloaded from http://dhamma.digital/

ज्ञानको निमित्त चित्त अघि बढाउँछ र चित्त झुकाउँछ। अनि उसले विशुद्ध अमानुषीय दिव्यचक्षुद्वारा च्युत भएका र उत्पन्न भएका प्राणीहरूलाई देख्छ– ... [१] आ-आफ्ना कर्मानुसार उचनीच, सुवर्ण, दुर्वर्ण सुगति तथा दुर्गतिमा उत्पन्न भएका प्राणीहरूलाई देख्छ। सन्दक ! जुन शास्ताकहाँ श्रावकले यस्तो उदार विशेषता प्राप्त गर्छ। त्यस्तो (शास्तामा) विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्छ अनि न्यायधर्म कुशलप्राप्त गर्छ।"

**आस्रवक्ष**( "यसरी समाहित चित्त भएपछि ... उसले आस्रवहरूको क्षय हुने ज्ञानको निमित्त चित्त अघि बढाउँछ र चित्त झुकाउँछ। अनि उसले 'यो दुःख हो' भनी यथार्थतः बोध गर्छ। ... [२] 'जाति (= जन्म) क्षीणभयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने रिसकें अब उप्रान्त यहाँ आउनुपर्ने कुनै हेतु छैन' भन्ने ज्ञान पनि हुन्छ। सन्दक ! जुन शास्ताकहाँ श्रावकले यस्तो उदार विशेषता प्राप्त गर्छ। त्यस्तो (शास्तामा) विज्ञपुरुष निश्चिन्त भई ब्रह्मचर्यवास गर्छ अनि न्यायधर्म कुशलप्राप्त गर्छ।"

"भो आनन्द ! जो त्यो ब्रह्मचर्यवास पूरा भयो गरेको, गर्नुपर्ने गरिसकेको, भार बिसाइसकेको, स्व-धर्म प्राप्त गरेको, भवसंयोजनहरू

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. २९१ मा वा बु. रा. भा-२, पृ. १६७ मा हेर्नू।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. २९२ मा वा बु. रा. भा-२, पृ. १६८ मा हेर्नू।

Downloaded from http://dhamma.digital/

परिक्षीण भएको र आफैले राम्ररी जानी विमुक्ति भएको अरहत् क्षीणास्रवी भिक्षुको– उसले कामविषय सेवन गर्न सक्छ के ?"

"सन्दक ! जो त्यो ब्रह्मचर्यवास पूरा गरेको, ... अरहत् क्षीणास्रवी भिक्षुहो उसले पाँच कारणहरू सेवन गर्न सक्दैन। (१) क्षीणास्रवी भिक्षुले जानी जानी प्राणी हिंसा गर्न सक्दैन, (२) क्षीणास्रवी भिक्षुले नदिएको वस्तु चोरी गर्न सक्दैन, (३) क्षीणास्रवी भिक्षुले मैथुन सेवन गर्न सक्दैन, (४) क्षीणास्रवी भिक्षुले गृहस्थीमा झैं कुनै खाने वस्तुहरू रात बिताएर राखी खान सक्दैन । सन्दक ! जो त्यो ब्रह्मचर्यवास पूरा गरेको, ... अरहत् क्षीणास्रवी भिक्षुहो उसले यी पाँच कारणहरू सेवन गर्न सक्दैन ।"

"भो आनन्द ! जो त्यो ब्रह्मचर्यवास पूरा गरेको, ... अरहत् क्षीणास्रवी भिक्षुहो, के उसमा 'मेरा आस्रवहरू क्षीण भए' भन्ने ज्ञानदर्शन हिडिरहँदा पनि उभिइरहँदा पनि सुत्दा पनि बिउँझिंदा पनि– सबै समयमा उपस्थित भएको हुन्छ के ?"

"सन्दक ! त्यसोभए उपमा देखाउनेछु उपमाद्वारा पनि यहाँ केही विज्ञपुरुषले भनेको कुराको अर्थ जान्न सकिन्छ। सन्दक ! जस्तै– कुनै पुरुषका हातखुट्टा काटिएका हुन्छन। के उसले हिंड्दा पनि उभिइरहँदा पनि सुत्दा पनि बिउँझिदा पनि– सबै याममा 'मेरा हातखुट्टा काटिएका छन्' भनी जान्दछ ?"

"भो आनन्द ! सो पुरुषले सबै समयमा 'मेरा हातखुट्टा

Downloaded from http://dhamma.digital/

काटिएका छन्' भनी जान्दैन। तर प्रत्यवेक्षणा गर्दा उसले 'मेरा हातखुट्टा काटिएका छन्' भनी जान्दछ।"

"सन्दक ! त्यस्तै गरी जो त्यो ब्रह्मचर्यवास पूरा गरेको, ... अरहत् क्षीणास्रवी भिक्षुहो उसमा हिंड्दा पनि, बिउँझिदा पनि 'मेरा आस्रवहरू क्षय भए' भन्ने ज्ञान-दर्शन सबै समयमा उपस्थित हुन्न । तर जब प्रत्यवेक्षणा गर्छ तब 'मेरा आस्रवहरू क्षीण भए' भनी जान्दछ।"

"भो आनन्द ! यस धर्मविनयमा कति धेरै निर्यात भएका (= उत्तीर्ण भएका) छन् ?"

"सन्दक ! एकशय मात्र होइनन्, दुइशय मात्र होइनन्, तीनशय मात्र होइनन्, चारशय मात्र होइनन् र पाँचशय मात्र होइनन् बल्कि यो धर्ममा उत्तीर्ण भएका धेरै छन्।"

"आश्चर्यहो आनन्द ! अद्भुतहो आनन्द !! न त आफ्नो धर्मको बयान हुनेछ न त अर्काको धर्मको निन्दा हुनेछ। उचित कारणमा नै धर्मदेशना भएको छ। धेरै उत्तीर्ण हुने पनि देखिने छन्। यी आजीवकहरू चाहिं मृतपुत्रहरूका पुत्र[1] हुन् जो आफ्नो बयान गर्छन् र अर्काको निन्दा पनि। जो तीनैजना मात्र उत्तीर्ण भएको देखाउँछन्– नन्दवच्छ, किस संकिच्च (कृश सां कृत्य) र मक्खलि।"

---

१. यो कुरा सुनेर उनले आजीवकहरू मरेका जस्तै हुन् भन्ने सम्झे । भनाइको मतलब आजीवकहरूका आमा र पुत्रहरू मरेका छन् त्यसैले उनीहरूलाई 'मृतपुत्रहरूका पुत्र' भनिएको हो। पपं. सू. III. पृ. १६१ : सन्दकसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

अनि सन्दक परिव्राजकले आफ्नो परिषद्लाई सम्बोधन गरे– “तपाईहरू श्रमण गौतमकहाँ ब्रह्मचर्यवास गर्नुहोस्। अब हामी चाहिं यस र लाभसत्कारलाई त्याग्न सक्दैनौ।” यसरी सन्दक परिव्राजकले आफ्नो परिषद्लाई भगवानकहाँ ब्रह्मचर्यवास गर्नको निमित्त अह्राए।

Downloaded from http://dhamma.digital/

# ३३।१०. सभिय परिव्राजक

## प रि च य

यी सभिय परिव्राजक एक परिव्राजिकाको कोखमा जन्मेका थिए—

यी एक क्षत्री कुमारी थिइन् । यिनका आमा-बाबुहरूले छोरीले विभिन्न धर्मका सिद्धान्त सिक्न सकोस् भन्ने उद्देश्य लिई एक परिव्राजकलाई सुम्पिदिएका थिए। अनि त्यस परिव्राजकको एक शिष्यले यिनको सतीत्व डगाइदियो। यिनी गर्भिणी भइन्। गर्भिणी भएको थाहा पाएपछि यिनलाई आश्रमबाट निकालिदिए । त्यसपछि कुनै एक ठाउँमा जान्छु भनी हिंडिरहेको बेलामा बाटोको बीचको एक सभागृहमा (= विश्रामगृहमा) यिनले एक बालक जन्माइन्। सभागृहमा जन्मेको हुनाले यस बालकको नाम 'सभि**य**' रहन गएको हो भनी अर्थकथाहरूले उल्लेख गरेका छन्।

त्यसैले सुत्त. नि. अ. क. II. पृ. २५१ : सभियसुत्तवण्णना र थेर. गा. अ. क. I. पृ. ३८२ : सभियथेरगाथट्ठकथाले "अन्तरामग्गे

Downloaded from http://dhamma.digital/

सभायं विजायि । तेनस्स 'सभिय' त्वेव नामं अकासि" भनी उल्लेख गरेका छन् ।

यी सभिय ठूला भएपछि परिव्राजक सम्प्रदायमा प्रव्रजित भई अनेक शास्त्रहरू अध्ययन गरी महावादी भई जम्बुद्वीपभर भ्रमण गरी आफू समान वादी कोही नभेटेपछि नगरद्वारनिर आश्रम बनाई क्षत्री कुमारहरूलाई शिक्षादिक्षा दिई बस्नथाले । थेर. गा. अ. क. II. पृ. ४२७ : यसदत्तथेरगाथट्ठकथानुसार सभियले तक्षशिलामा अध्ययन गरेका थिए भन्ने कुरा पनि ज्ञात हुन्छ । यतिञ्जेलसम्म यिनलाई लोकमा बुद्ध उत्पन्न भएको कुरा थाहा थिएन ।

कुन नगरको द्वारमा यिनले आश्रम बनाए भन्ने कुरा चाहिं मूल सूत्र र अर्थकथाहरूले प्रष्टसँग उल्लेख गर्न नसके तापनि पनि सूत्र र अर्थकथाहरूको अध्ययनको आधारमा भने राजगृह नगरको द्वारको आसपास हुनु पर्दछ भन्ने अनुमान गर्न सकिन्छ ।

बुद्धको पालामा राजगृह नगरमा ३२ वटा ठूलठूला द्वार र ६४ वटा स-साना द्वारहरू भएका कुरा पपं. सू. III. पृ. २९५ : धानञ्जानिसुत्तवण्णनाले उल्लेख गरेको छ ।

भनिन्छ कि, एकदिन शुद्धावास ब्रह्मलोकका एक ब्रह्माले "यो विशेषता मैले कसरी पाएँ" भनी विचार गरी हेर्दा कश्यप बुद्ध परिनिर्वाण भइसकेपछि कश्यप बुद्धलाई देख्ने एक श्रावकका छेउ प्रव्रजित भएका आफू समेत तीनजना[1] साथी भिक्षुहरूको संस्मरण गरे । यी मध्ये

१. सुत्त. नि. अ. क. II. पृ. २५० : सभियसुत्तवण्णना, महावग्गो ।

Downloaded from http://dhamma.digital/

एकजना त्यसै समय अरहन्त भई परिनिर्वाण भएको र आफू चाहिं अनागामी भई शुद्धावास ब्रह्मलोकमा उत्पन्न भएको कुरा पनि संस्मरण गरे । अनि उनले अर्का साथी कहाँ छन् त भनी विचार गर्दा उनी देवलोकबाट च्युत भई हाल जम्बुद्वीपमा एक परिव्राजिकाको कोखमा जन्मी परिव्राजक सम्प्रदायमा दिक्षित भई सभिय नामले प्रसिद्ध भई हाल फलाना ठाउँमा आश्रम बनाई बसिरहेका छन् भन्ने कुरा पनि थाहा पाए ।

(थेर. गा. अ. क. I. पृ. ३८१–८२ : सभियथेरगाथट्ठकथाले भने कश्यप बुद्धको पालामा आफू समेत सातजना भएको कुरा उल्लेख गरेको छ । तीमध्ये अहिले (१) एकजना मल्ल राजकुलमा जन्मे, (२) एकजना गन्धारकुलमा जन्मे, (३) एकजना बाहिय देशमा जन्मे, (४) एकजना राजगृहकी एक स्त्रीको कोखमा जन्मे र (५) एकजना परिव्राजिकाको कोखमा जन्मे । (६) एकजना कश्यप बुद्धको पालामै परिनिर्वाण भइसके र (७) आफू चाहिं शुद्धावास ब्रह्मलोकमा जन्मे ।

यस्तै गरी सातजना भएको कुरा लेखकको बु. प. भा-२, पृ. २२० : बाहिय दारुचीरियको परिचयमा पनि उल्लेख भइसकेको छ ।)

यति मात्र होइन उनले यो पनि थाहा पाए कि सभिय परिव्राजकलाई बुद्ध उत्पन्न भएको ज्ञान रहेनछ । अनि उनले यस्तो सोचे कि म उनलाई बुद्धको उपासना गर्ने बाटो सिकाइदिनेछु । यति

Downloaded from http://dhamma.digital/

सोची बीसवटा प्रश्नहरू तयारपारी रातको समयमा उनको आश्रममा आई आकाशमै उभिई "सभिय ! सभिय ! !" भनी बोलाए ।

निदाइरहेका सभियले तीन तीनपटक आफूलाई बोलाइरहेको आवाज सुनी बाहिर निस्की "को रहेछ ?" भनी हेर्दा आकाशमा उज्यालोपन देखी दुइहात जोरी नमस्कार गरी उभिइरहे ।

अनि ब्रह्माले भने– "सभिय ! तिम्रो हित कामना गरी बीसवटा प्रश्नहरू तयार पारी ल्याएको छु। त्यसलाई अध्ययन गर । जुन श्रमण वा ब्राह्मणले ती प्रश्नहरूको उत्तर दिन सक्नेछ त्यसकहाँ बसी तिमीले ब्रह्मचर्यवास पालन गर ।"

उनले सभियलाई बुद्ध उत्पन्न भएको कुरा चाहिं भनेनन्, न त बुद्धकहाँ गई प्रश्न सोध्ने कुरा नै भने। यी प्रश्नहरूको उत्तरको निमित्त विभिन्न धर्मावलम्बीहरू कहाँ जानेछन् र त्यहाँबाट न त उत्तर नै पाउन सक्नेछन् न ती धर्महरूमा कुनै सार नै फेलापर्न सक्नेछन्। अनि अन्तःमा उनी बुद्धकहाँ पुगी उत्तर पाउने छन् र आफैले बुद्धलाई चिन्ने छन् भन्ने सोची उनले बुद्ध उत्पन्न भएको कुरा नभनेका हुन् भनी सुत्त. नि. अ. क. II. पृ. २५२ : सभियसुत्तवण्णनाले उल्लेख गरेको छ।

यस विषयमा थेर. गा. अ. क. I. पृ. ३८२ : सभियथेरगाथट्ठकथाले चाहिं– सभिय परिव्राजककी आमा जब भवबाट विरक्तिई ध्यान लाभ गरी ब्रह्मलोकमा उत्पन्न भइन् तब उनले यी प्रश्नहरू सभियलाई सिकाएकी थिइन् भनी उल्लेख गरेको छ।

Downloaded from http://dhamma.digital/

अगाडि अनुदित मूल सूत्रले भने– “सभिय परिव्राजकलाई उनका पुराना एक हितैषी देवताले...प्रश्नहरू सिकाएका थिए” भनी उल्लेख गरेको छ।

जेहोस् यी प्रश्नहरू सिकी त्यसताकाका नामी नामी गणाचार्यहरूकहाँ गई प्रश्नहरू सोधेका थिए। जब कसैले पनि सन्तोषजनक उत्तरदिन सकेनन् तब उनको मनमा क्षणिक निराशा उत्पन्न भयो र गृहस्थीभावमै फर्कौं कि भन्ने पनि लागेको थियो। यसैबखत उनले बुद्धको बयान सुने। अनि त्यस्ता तरुण श्रमण गौतमले के जवाफ दिन सक्लान् भन्ने उनको मनमा लागे पनि पछि उनी बुद्धकहाँ गएका थिए भन्ने कुरालाई अगाडिको मूल सूत्रले प्रष्ट पारेको छ।

त्यसबखत भगवान बुद्ध, बुद्धत्व प्राप्त गरिसक्नु भएपछि धर्मचक्र प्रवर्तन गरी क्रमशः चारिका गर्दै राजगृहमा आई राजगृहस्थित वेणुवनमा बसिरहनु भएको थियो। यसैबखत सभिय परिव्राजक भगवानकहाँ गएका थिए।

त्यसैले अगाडिको मूल सूत्रमा “फेरि सभिय परिव्राजकको मनमा यस्तो लाग्यो ‘श्रमणहरू तरुण छन् भनी उनीहरूलाई अपमान तथा हेला गर्न हुन्न। तरुण भए पनि श्रमणहरू महर्द्धिक र महानुभाव हुन्छन्। अतः किन म श्रमण गौतमकहाँ गई यी प्रश्नहरू नसोधूँ” भनी उल्लेख भएको हो।

भनिन्छ कि ७०० योजन घुमफिर गरिसकेपछि उनी भगवानकहाँ

Downloaded from http://dhamma.digital/

गएका थिए[1] । यसैलाई लक्ष गरी अगाडि अनुदित मूल सूत्रमा “प्रश्न सोध्ने इच्छा गरी तिमी टाढैदेखि आएका छौ” भनी उल्लेख भएको हो ।

भगवानकहाँ पुगी जब उनले उहाँसँग प्रश्न सोध्ने इच्छा भएको कुरा सुनाए तब भगवानले उनलाई “सभिय ! सोध, जे चाहन्छौ त्यो सोध” भनी भन्नुभयो । यो सुनेर उनी निकै प्रभावित भएका थिए । त्यसपछि जुन प्रश्न तथा उत्तर दिइयो ती सबै अगाडि अनुदित मूल सूत्र मै समावेश भएका छन् ।

प्रश्नको अन्त्यमा सभिय परिव्राजक भगवानको शरणमा गएका मात्र होइनन् भगवानको शिष्य भई भिक्षु पनि भए । भिक्षु भएको केही दिनमै उनले अरहत्व प्राप्त गरे । सं. नि. अ. क. II. पृ. १८८ : देवदत्तसूत्रानुसार उनी श्रमण परिव्राजकहरूमध्ये पण्डित पनि थिए ।

भिक्षु भइसकेपछि यी आयुष्मान् सभियले सङ्घभेद गर्ने देवदत्त पक्षका भिक्षुहरूलाई—

“परे च न विजानन्ति, मयमेत्थ यमामसे ।
ये च तत्थ विजानन्ति, ततो सम्मन्ति मेधगा ॥”

अर्थात्– “हामी मर्नेछौ भन्ने कुरा अरू मानिसहरूलाई थाहा हुन्न; जब मर्नेछौं भन्ने कुरा थाहा हुन्छ तब कलह जम्मै शान्त हुन्छ ।”

१. सुत्त. नि. अ. क. II. पृ. २५४ : सभियसुत्तवण्णना, महावग्गो ।

Downloaded from http://dhamma.digital/

भन्ने इत्यादि कुरा सुनाएका थिए भनी थेर. गा. अ. क. I. पृ. ३८२ : सभियथेरगाथट्ठकथाद्वारा बुझिन्छ।

एक समय, श्रावस्तीमा बसिरहनुभएका अनुरुद्ध महास्थविरलाई श्रावस्तीका पञ्चङ्ग थपतिले उहाँ सहित चारजना भिक्षुहरूलाई निम्त्याएका थिए। मं नि. III. पृ. २१६ को अनुरुद्ध सूत्रमाथि विचार गर्दा यी आयुष्मान् सभिय पनि अनुरुद्ध महास्थविर**सँग निम्तोमा गएका थिए भन्न सकिन्छ । किनभने जब पञ्चक**ङ्ग **थपतिसँ**ग अनुरुद्ध महास्थविरको छलफल भइरहेको थियो त्यसबखत यिनले अनुरुद्ध महास्थ**विरसँ**ग केही कुरा सोधेका थिए । यसबाट हामी अनुमान गर्न सक्छौं कि यी आयुष्मान् सभिय, अनुरुद्ध महास्थविरसँग निम्तोमा गएका थिए। तर त्यहाँ चाहिं सभियलाई 'सभिय कच्चा**न**' भनी उल्लेख भएको छ। सभिय कच्चान भन्ने व्यक्तिको बारेमा त्रिपिटक पालि साहित्यमा अन्त कतै कुनै कुरा उल्लेख भएको नपाउनु नै यी सभिय कच्चान भन्ने व्यक्ति नै सभिय परिव्राजक हुन् भनी भन्न सकिन्छ। डा. मललसेकरले आफ्नो D. P. P. II. पृ. १०३९ मा पनि यसरी नै अनुमान गरेका छन्। माथि उल्लिखित अनुरुद्ध सूत्रको अनुवाद लेखकको बु. गृ. भा-३, पृ. ३८ मा भएको छ।

अर्को एक सूत्रमा यी आयुष्मान् सभिय परिव्राजकको गिञ्जकावसथ भन्ने विहारमा बसिरहेको बेलामा राजगृहवासी वच्छगोत्त (= वत्सगोत्र) परिव्राजकले "तथागत मरणपछि हुन्छ कि हुन्न ... " भन्ने आदि प्रश्नहरू सोधेका थिए। जसको उत्तर आयुष्मान् सभियले

Downloaded from http://dhamma.digital/

"भगवानले तथागत मरणपछि हुन्छ भन्ने कुरा भन्नुभएको छैन" भनी दिएका थिए। यो सूत्रको नाम सभिय कच्चान हो र यो सं. नि. III. पृ. ३४३ मा उल्लेख भएको छ। यसको अनुवाद लेखकको बु. प. भा-१, पृ. ५४३ मा भएको छ। यस सूत्रमा पनि ‘सभिय कच्चान’ नै उल्लेख भएको छ। यी आयुष्मान् सभियको नाम असीति महाश्रावकहरूको नामको क्रममा पनि उल्लेख भएको छ। हेर्नू लेखकको बु. म. भा-१, पृ. ९१ मा।

x x x

Downloaded from http://dhamma.digital/

# केही सभिय नामहरू

(१) सभिय– यिनी फुस्स बुद्धका उपास्थाक हुन्। बु. वं. पृ. ३६२ : फुस्सबुद्धवंसो।

(२) सभियथेर– यी स्थविर सभिय परिव्राजक हुन्।

(३) सभियथेरगाथा– यी स्थविरका गाथा थेर. गा. पा. पृ. २८७ मा उल्लेख भएको छ।

(४) सभिय परिव्राजक– यी उहाँ परिव्राजक हुन् जसको कुरा यहाँ अगाडि उल्लेख गरेको छ।

(५) सभियसुत्तं– यो सूत्र सुत्त. नि. पा. पृ. ३४४ मा उल्लेख भएको छ। यसै सूत्रको अनुवाद यहाँ अगाडि भएको छ।

(६) सभिय कच्चानसुत्तं– यो सूत्र सं. नि. III. पृ. ३४३ मा उल्लेख भएको छ। यस सूत्रमा 'तथागत मरणपछि हुन्छ कि हुन्न' भन्ने कुरा उल्लेख भएको छ।

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## सभिय परिव्राजकको प्रश्न

(सभियसुत्तं[१])

यस्तो मैले सुनें।

एक समय भगवान राजगृह स्थित वेणुवनको कलन्दक निवापमा बसिरहनु भएको थियो। त्यस समय सभिय परिव्राजकलाई उनका पुराना एक हितैषी देवताले "सभिय ! जुन श्रमण वा ब्राह्मणले यी प्रश्नहरू सोध्दा तिमीलाई उत्तर दिन सक्नेछन् त्यसैकहाँ ब्रह्मचर्यवास गर" भनी प्रश्नहरू सिकाएका थिए।

अनि ती देवतासँग प्रश्नहरू सिकी सभिय परिव्राजक जो ती पूरण काश्यप, मक्खली गोशाल, अजित केशकम्बल, प्रकुध कात्यायन, सञ्जय बेलट्ठपुत्र र निगण्ठनाटपुत्र जस्ता सङ्घी, गणी, गणाचार्य, ख्यातिप्राप्त, यशस्वी, तीर्थकर तथा धेरैबाट साधुसम्मत प्राप्त श्रमण ब्राह्मणहरू छन् तिनकहाँ गई प्रश्नहरू सोध्दथे। सभिय परिव्राजकका प्रश्नहरूको उत्तर उनीहरू ठीकसँग दिन सक्दैनथे।

---

१. सुत्त. नि. पृ. ३४४ : महावग्गो; अ. क. II. पृ. २४९.

Downloaded from http://dhamma.digital/

उत्तर दिन नसकेपछि कोप, द्वेष र अप्रसन्नता प्रकट गरी सभिय परिव्राजकसँगै प्रश्न सोध्दथे।

अनि सभिय परिव्राजकको मनमा यस्तो लाग्यो– "जो ती पूरण काश्यप, मक्खली गोशाल, अजित केशकम्बल, प्रकुध कात्यायन, सञ्जय बेलट्ठपुत्र र निगण्ठनाटपुत्र जस्ता सङ्घी, गणी, गणाचार्य, ख्यातिप्राप्त, यशस्वी, तीर्थकर तथा धेरैबाट साधुसम्मत प्राप्त श्रमण ब्राह्मणहरू हुन्– तिनीहरूकहाँ गई प्रश्न सोध्दा उनीहरूले सन्तोषजनक उत्तर दिन सकेनन्। उत्तर दिन नसकेपछि कोप, द्वेष र अप्रसन्नता प्रकट गरी मसँगै प्रश्न सोध्छन्। त्यसैले गृहस्थी भई काम विषय भोगेर बस्नु नै जाति होला।"

फेरि उनको मनमा यस्तो लाग्यो– "यी श्रमण गौतम पनि सङ्घी, गणी, गणाचार्य, ख्यातिप्राप्त, यशस्वी, तीर्थकर तथा धेरैबाट साधुसम्मत प्राप्त हुन्। अतः किन म श्रमण गौतमकहाँ गई यी प्रश्नहरू नसोधूँ!"

फेरि उनको मनमा यस्तो लाग्यो– "जो ती पूरण काश्यप,...र निगण्ठनाटपुत्र जस्ता जीर्ण, वृद्ध, बैंश प्राप्त, धेरै दिन भएका, उमेर पूरा भएका, स्थविर, रात्रज्ञ, धेरै समयदेखि प्रव्रजित भएका, सङ्घी, गणी, गणाचार्य र धेरैबाट साधुसम्मत प्राप्त श्रमण ब्राह्मणहरू हुन्– उनीहरूसँग प्रश्न सोध्दा पनि उनीहरूले ठीकसँग उत्तर दिन सकेनन्। उत्तर दिन नसकेपछि कोप, द्वेष र अप्रसन्नता प्रकट गरी मसँगै प्रश्न सोध्छन् भने यी श्रमण गौतमले के यी प्रश्नहरूको उत्तर दिन

Downloaded from http://dhamma.digital/

सक्लान् र ! श्रमण गौतम जन्मले पनि तरुण छन् तथा प्रव्रज्यात्वले पनि नयाँ नै छन् ।"

फेरि सभिय परिव्राजकको मनमा यस्तो लाग्यो– "श्रमणहरू तरुण छन् भनी उनीहरूलाई अपमान र हेला गर्न हुन्न । तरुण भए पनि श्रमणहरू महर्द्धिक र महानुभाव हुन्छन्। अतः श्रमण गौत**मकहाँ** गई किन म यी प्रश्नहरू नसोधूँ ।"

यति सोची सभिय परिव्राजक राजगृहमा चारिकार्थ गए। राजगृहमा चारिका गर्दै क्रमशः उनी जहाँ राजगृह स्थित बेणुवनको कलन्दकनिवाप हो, जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवानसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका सभिय परिव्राजकले भगवानलाई गाथाद्वारा यसो भने—

"शंका र उपशंका लिई म प्रश्न सोध्ने विचारले तपाईकहाँ आएको छु । मैले सोधेका प्रश्नहरूको अन्त गरिदिनुहोस् र क्रमानुकूल तथा धर्मानुकूल उत्तर दिनुहोस्[1] ।"

---

१. "कङ्खी विचिकिच्छी आगमं, (इति सभियो)
पञ्हे पुच्छितुं अभिकङ्खमानो ।
तेसन्तकरो भवाहि पञ्हे मे पुट्ठो,
अनुपुब्ब अनुधम्मं ब्याकरोहि मे ।
सुत्त. नि. पृ. ३४६ : सभियसुत्तं ।

Downloaded from http://dhamma.digital/

भगवान भन्नुहुन्छ—

१– "प्रश्न सोध्ने इच्छा गरी तिमी टाढैदेखि आएका छौ । तिम्रा प्रश्नहरू सुनेर क्रमानुकूल र धर्मानुकूल भनी त्यसको समाधान गरिदिने छु ।"

२–सभिय ! मनमा जे छ त्यो मसँग सोध । म त्यस त्यस प्रश्नको अन्त गरिदिने छु[1] ।"

अनि सभिय परिव्राजकको मनमा यस्तो लाग्यो– "अहो आश्चर्य ! अहो अद्भुत ! जुन विषयमा अरू श्रमणहरूबाट मैले मौका मात्र पनि पाउन सकिन त्यस विषयमा यी श्रमण गौतमले मलाई मौका दिए ।" यति सोची सन्तुष्ट तथा हर्षित भई प्रीतिसौमनस्यानुभव गरी भगवानसँग प्रश्न सोधे—

(क) "के प्राप्त गर्नेलाई भिक्षु भन्दछन् ? कसरी शान्तवान् हुन्छ ? कसरी दान्त हुन्छ ? कसरी बुद्ध भनिन्छ ? यी प्रश्नहरूको उत्तर भगवानले दिनुहोस् ।"

भगवान भन्नुहुन्छ—

१– "आफै गएको बाटोबाट जसले परिनिर्वाण प्राप्त गर्छ, शंका

---

१. "पुच्छ म. सभिय पञ्हं,
यं किञ्चि मनसिच्छसि ।
तस्स तस्सेव पञ्हस्स,
अहं अन्तं करोमि ते'ति ॥" सुत्त. नि. पृ. ३४६ : सभियसुत्तं

Downloaded from http://dhamma.digital/

दूर गर्छ, भव र विभवलाई त्यागी बस्छ र जसको पुनर्भव हुन्न– उही भिक्षु हो।"

२– "स्मृतिमान् तथा उपेक्षी भई जो बस्छ, जसले यस लोकमा कसैको पनि हिंसा गर्दैन र उत्तीर्ण तथा निर्लिप्त भएको जो श्रमणमा क्लेशहरू हुन्नन्– उही शान्तवान् हो।"

३– "जसका इन्द्रियहरू भित्र र बाहिर सबैतिर आफ्नो बशमा छन्, जसले यो लोक र परलोकलाई जान्दछ र समय (मृत्यु) को प्रतीक्षा गर्छ– उही दान्त हो।"

४– "सबै कल्पनाहरूलाई र संसारमा उत्पन्न र च्युत हुने दुबैलाई जानी क्लेशहरूबाट दूर भई विशुद्ध हुने तथा जसको जन्म क्षीण भइसक्यो– उही बुद्ध हो।"

अनि सभिय परिव्राजकले भगवानको भाषणलाई अभिनन्दन र अनुमोदन गरी सन्तुष्ट तथा प्रफुल्लित र प्रीतिसौमनस्यानुभव गरी भगवानसँग अर्को प्रश्न सोधे—

(ख) "के प्राप्त गर्नेलाई ब्राह्मण भन्दछन् ? कसरी श्रमण हुन्छ ? कसरी स्नातक हुन्छ ? कसलाई नाग भनिन्छ ? यी प्रश्नहरूको उत्तर भगवानले दिनुहोस्।"

भगवान भन्नुहुन्छ—

१– "जो सबै पापहरूलाई पखाली निर्मल भई समाधिमा

Downloaded from http://dhamma.digital/

समाहित भई, संसारबाट मुक्त भई, केवली भई, अनाश्रित भई तथा अकम्पित र स्थिर भई बस्छ– उही ब्राह्मण (= श्रेष्ठ) हो।"

२– "जो पुण्यपापलाई हटाई समन गरी बस्छ; जो इहलोक र परलोकलाई जानी निर्मल भई बस्छ; जो जन्ममरणबाट मुक्त छ तथा जो स्थिर र अकम्पित भई बस्छ– उही श्रमण हो।"

३– "जसले भित्री र बाहिरी सबै लोकका पापहरू धोइसक्यो, जो देवमनुष्य लोकमा नजन्मिने तथा तृष्णा नहुने हो– उही स्नातक हो।"

४– "जसले यो लोकमा कुनै रहस्यमय काम गर्दैन, जसले संयोजन बन्धनहरूलाई चुँडालिसक्यो, जो कतै नअल्झी विमुक्त भई अकम्पित र स्थिर हुन्छ– उही नाग हो।"

अनि सभिय परिव्राजकले भगवानको भाषणलाई अभिनन्दन र अनुमोदन गरी सन्तुष्ट तथा प्रफुल्लित र प्रीतिसौमस्यानुभव गरी भगवानसँग अर्को प्रश्न सोधे—

(ग) "बुद्धहरू कस्तालाई क्षेत्रजित भन्दछन् ? कसरी कुशल हुन्छ ? कसरी पण्डित हुन्छ ? कसरी मुनि हुन्छ ? यी प्रश्नहरूको उत्तर भगवानले दिनुहोस्।"

भगवान भन्नुहुन्छ—

१– "जो दिव्यक्षेत्र, मनुष्यक्षेत्र तथा ब्रह्मक्षेत्र आदि क्षेत्रहरूको खोज गरी सबै क्षेत्रमूल र बन्धनबाट मुक्त भई अकम्पित र स्थिर हुन्छ– उही क्षेत्रजित हो।"

Downloaded from http://dhamma.digital/

२– "जो दिव्य मनुष्य र ब्रह्मकोषलाई राम्ररी अन्वेषण गरी यी सबै कोषहरूको बन्धनबाट मुक्त हुन्छ र अकम्पित तथा स्थिर भई बस्छ– उही कुशल हो ।"

३– "जो शुद्ध प्राज्ञपुरुष भित्री र बाहिरी दुबैतिर अन्वेषण गरी कृष्ण र शुक्ललाई हटाई अकम्पित र स्थिर भई बस्छ– उही पण्डित हो ।"

४– "सत् असत् धर्मलाई जानी भित्री र बाहिरी सबै लोकलाई जानी देवमनुष्यहरूद्वारा पूज्य भई बन्धनरूपी जालबाट जो मुक्त छ– उही मुनि हो ।"

अनि सभिय परिव्राजकले भगवानको भाषणलाई अभिनन्दन र अनुमोदन गरी सन्तुष्टिता तथा प्रफुल्लित र प्रीतिसौमनस्यानुभव गरी भगवानसँग अर्को प्रश्न सोधे—

(घ) "के प्राप्त गरेकालाई वेदगु (= सर्वश्रेष्ठ ज्ञान प्राप्त) भन्दछन् ? कसरी अनुविज्ञ हुन्छ ? कसरी वीर्यवान् हुन्छ ? को आजानीय हो ? यी प्रश्नहरूको उत्तर भगवानले दिनुहोस् ।"

भगवान भन्नुहुन्छ—

१– "जसले श्रमण ब्राह्मणहरूका सबै शास्त्र (= समाधि) लाई जान्दछ, जो सबै वेदनाहरूबाट विरक्त छ र जो ज्ञानमा पारंगत छ– उही वेदगु हो ।"

Downloaded from http://dhamma.digital/

२– “जो प्रपञ्च तथा नामरूपलाई जानी भित्री र बाहिरी शारीरिक रोगजरोलाई जानी सबै रोगजरो तथा बन्धनबाट मुक्त भई अकम्पित र स्थिर भई बस्छ– उही अनुविज्ञ हो ।”

३– “जो सबै पापहरूबाट दूर भई नारकीय दुःखबाट पारभई वीर्यवान्, उदचमी, धीर, अकम्पित र स्थिर छ– उही वीर्यवान् हो ।”

४– “जसको भित्री र बाहिरी बन्धनका जराहरू उखेलिसके, जो सबै बन्धनको बन्धनबाट मुक्त छ, जो अकम्पित र स्थिर छ– उही आजानीय हो ।”

अनि सभिय परिव्राजकले भगवानको भाषणलाई अभिनन्दन र अनुमोदन गरी सन्तुष्टिता तथा प्रफुल्लित र प्रीतिसौमनस्यानुभव गरी भगवानसँग अर्को प्रश्न सोधे—

(ङ) “के प्राप्त गरेकालाई सोत्तिय (= श्रुतवान् शास्त्री) भन्दछन् ? कसरी आर्य हुन्छ ? के गरेपछि चरणवान् हुन्छ ? परिव्राजक को हुन् ? यी प्रश्नहरूको उत्तर भगवानले दिनुहोस् ।”

भगवान भन्नुहुन्छ—

१– “श्रुतमय ज्ञानद्वारा जसले यो लोकमा भएभरको सदोष र निर्दोषलाई सुनी राम्ररी जानी शंकासन्देहबाट दूर भई सबै ठाउँमा निदुःखी भई बस्छ– उही सोत्तिय (= श्रुतवान् शास्त्री) हो ।”

Downloaded from http://dhamma.digital/

२– “जसले सबै आस्रव र आलयहरूलाई छेदन गर्छ त्यस्ता विद्वान् गर्भवासमा उत्पन्न हुन्न। विविध संज्ञा[1] र क्लेशलाई नष्ट गरी जो संसारचक्रमा पर्दैन– उही आर्य हो।”

३– “जो यहाँ चरणधर्महरूमा[2] परिपूर्ण हुन्छ र कुशल धर्महरूलाई सँधै जान्दछ अनि कहिं आसक्त हुन्न, विमुक्त हुन्छ तथा जसको कतै द्वेषभाव हुन्न र शान्त हुन्छ– यही चरणवान् हो।”

४– “जुन माथि तल तेस्रो र सबैको बीचमा रहेको कर्मको दु:ख विपाकलाई त्यागी ज्ञानपूर्वक आचरण गरी माया, ममता, अहंकार, लोभ, क्रोध तथा नामरूपको अन्त गरी प्राप्त गर्नुपर्नेलाई प्राप्त गर्छ– उही परिव्राजक हो।”

अनि सभिय परिव्राजकले भगवानको भाषणलाई अभिनन्दन र अनुमोदन गरी सन्तुष्टिता तथा प्रफुल्लित र प्रीतिसौमनस्यानुभव गरी आसनबाट उठी उत्तरासङ्ग एकांश पारी जहाँ भगवान हुनुहुन्थ्यो त्यतातिर अभिवादन गरी उहाँकै सन्मुख अनुकूल गाथाहरूद्वारा स्तुति गरे—

---

१. काम, ब्यापाद र विहिंसा संज्ञा।

२. यी चरण धर्महरू भनेका कस्ता हुन् भन्ने बारेमा लेखकको बु. गृ. भा-१, पृ. २५९ को ‘विदद्यचरण सम्पन्न’ शीर्षकमा हेर्नू।

Downloaded from http://dhamma.digital/

१– "श्रमणहरूको ब्यवहार र कल्पनाको आधारमा हुने जुन त्रिसठ्ठी दृष्टिहरू[1] हुन् ती दृष्टिरूपी बाढीबाट भूरिप्रज्ञा हुनुभएका तपाई उत्तीर्ण हुनु भएको छ।"

२– "दुःखको अन्त गरी तपाई पारहुनु भएको छ। म विश्वास गर्छु, तपाई अरहत् सम्यक्सम्बुद्ध क्षीणास्रवी हुनुहुन्छ। ज्योतिर्मान्, मुक्तिमान्, प्रसस्त प्रज्ञा हुनु भएका तथा दुःखान्त गर्नुहुने तपाईले मलाई तार्नुभयो।"

३– "शंका र सन्देह हुने भनी जान्नु भई तपाईले मलाई त्यसबाट पार तारिदिनुभयो। मुनि हुनु भएका तपाई मुनिपथमा परिपूर्ण हुनुहुन्छ र तपाई आदित्यबन्धु शान्त हुनुहुन्छ।"

४– "जो ममा अघि शंका थियो त्यसबारे तपाईले बताइदिनुभयो। तपाई सम्बुद्ध निश्चय नै मुनि हुनुहुन्छ र तपाईमा नीवरण पनि छैन।"

५– "तपाईले सबै प्रकारका शोकहरूलाई ध्वस्त पारी निर्मूल पारिसक्नुभयो। तपाई शान्त, दान्त, धृतिमान् तथा सत्यवादी हुनुहुन्छ।"

६– "श्रेष्ठहरूमध्येमा श्रेष्ठ हुनु भएका तपाई महावीरको भाषणलाई दुइ नारद देवगणहरू सहित सबै देवहरूले अनुमोदन गर्छन्।"

---

१. सत्कायदृष्टि सहित ब्रह्मजालसुत्रमा उल्लिखित ६२ दृष्टि समेतलाई यहाँ त्रिसठ्ठी दृष्टि भनिएको हो। सुत्त. नि. अ. क. II. पृ. २६५–६६ : सभियसुत्तवण्णना, महावग्गो।

Downloaded from http://dhamma.digital/

७– “पुरुषहरूमध्येमा श्रेष्ठ र उत्तम हुनु भएका तपाईलाई मेरो नमस्कार छ। देव सहित लोकमा तपाई बराबरका पुरुष कुनै छैनन्।”

८– “तपाई बुद्ध हुनुहुन्छ, तपाई शास्ता हुनुहुन्छ र तपाई मार विजेता पनि हुनुहुन्छ। अनुशयलाई छेदन गरी उत्तीर्ण हुनु भएका तपाईले मलाई पनि उत्तीर्ण गराउनुभयो।”

९– “वासना बन्धनहरूबाट तपाई पार हुनुभयो। आस्रवहरूलाई तपाईले नाश गर्नुभयो। उपादान र भय नहुने तपाई सिंह हुनुहुन्छ।”

१०– “सुन्दर पद्मकमलको फूलमा जसरी पानी अड्दैन त्यस्तै गरी तपाई पुण्य र पापमा लिप्त हुनुहुन्न। हे बीर ! खुट्टा पसार्नुहोस्। शास्तालाई सभिय वन्दना गर्छ।”

अनि भगवानको पाउमा शीरले ढोगी सभिय परिव्राजकले भगवानसँग यस्तो विन्तिगरे—

“धन्यहो भन्ते ! धन्यहो भन्ते ! भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा वा ढाकेकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा अथवा अन्धकारमा तेलको दियो बालिदिंदा आँखा हुनेले रूप देख्दछन् त्यस्तैगरी तपाईले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो। अब म भगवानको शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि। भन्ते ! भगवानको समक्ष मैले प्रव्रज्या र उपसम्पदा पाऊँ।”

“सभिय ! अघि अन्यतीर्थिय परिव्राजक भएकाले यस धर्मविनयमा प्रव्रज्यात्व र उपसम्पदा चाहन्छन् भने त्यस्ताले चारमहीनासम्म परि-वास (= परिक्षणार्थ) बस्नुपर्छ। चारमहीनापछि आराधित भएका

Downloaded from http://dhamma.digital/

भिक्षुहरूले उसलाई भिक्षुत्वको निमित्त प्रव्रजित र उपसम्पदा गर्छन्। तर मलाई व्यक्ति विशेषताको कुरा पनि थाहा छ।"

"भन्ते ! यदि यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा चाहने अन्यतीर्थियहरूले चारमहीनासम्म परिवास बस्नुपर्छ र चारमहीना परिवास बसिसकेपछि आराधित भएका भिक्षुहरूले भिक्षुत्वको निमित्त उसलाई प्रव्रजित र उपसम्पदा गर्छन् भने म चारवर्ष परिवास बस्नेछु। चारवर्ष पछि यदि भिक्षुहरू आराधित भएमा भिक्षुत्वको निमित्त मलाई प्रव्रजित र उपसम्पदा गरुन्।"

अनि सभिय परिव्राजकले भगवानकहाँ प्रव्रज्या र उपसम्पदा पाए। उपसम्पदा भएको चिरकाल नबित्दै.....आयुष्मान् सभिय अरहन्तहरूमध्ये एक भए।

Downloaded from http://dhamma.digital/

# ३४।११. सरभ परिव्राजक

## प रि च य

यी सरभ परिव्राजक राजगृहस्थित सप्पिनिका नदीको तीरको परिव्राजकाराममा बस्दथे ।

त्यसबखत बुद्ध, धर्म तथा सङ्घलाई निकै लाभसत्कार भएको थियो । बुद्धशासन प्रति मानिसहरूको प्रसन्नता निकै बढेको थियो । राजगृहवासी अन्यतीर्थिय परिव्राजकहरू बुद्ध तथा उहाँको सङ्घको लाभसत्कार देखेर उनीहरू ईर्ष्या गर्दथे । उनीहरूलाई कम लाभसत्कार हुन्थ्यो र यसले उनीहरू चिन्तित थिए । कसरी लाभसत्कार प्राप्त गर्ने होला भन्ने विषयमा उनीहरू समय समयमा भेला भई कुरा गर्थे ।

एकदिन पाँचशय जति परिव्राजकहरू परिव्राजकाराममा भेला भई “भो ! श्रमण गौतम उत्पन्न भएदेखि लाभसत्कारबाट हामीहरू वञ्चित भयौं । श्रमण गौतमका श्रावकहरूको कुनै दोष पत्ता लगाउनपर्‍यो । उनीहरूमाथि कुनै दोषारोपण गरी लाभसत्कार प्राप्त गर्न पर्‍यो” भनी सल्लाह गरे । सो अनुसार उनीहरूले भिक्षुहरूको तथा बुद्धको कुनै

Downloaded from http://dhamma.digital/

दोष भेट्टाउन सकेनन् । न त भिक्षुसङ्घको त्रिद्वार र आजीविका सम्बन्धी कुनै दोष देख्नसके । अनि उनीहरूले “यी चार ठाउँ बाहेक अरू कुनै ठाउँ खोज” भनी भने । अनि त्यसमध्ये एकजनाले यस्तो भन्यो—

“म त कुनै कारण देख्न सक्दिन । यिनीहरू चाहिं प्रत्येक दुइहप्तामा भेला भई दैलो थुनी आवट्टनी माया अध्ययन गर्छन् । त्यसबखत त्यहाँ श्रामणेरहरूलाई पनि जान दिन्नन् । यति मात्र होइन भोजन दिने दाताहरूलाई पनि जान दिन्नन् । यही आवट्टनी माया (= वशीकरण मन्त्र) द्वारा मानिसहरूलाई वशीकरण गरी जीविका गर्छन् । यदि हामीहरूले पनि त्यस्तो आवट्टनी माया सिक्न सक्यौं भने मानिसहरूलाई वशीकरण गर्न सक्नेछौं र यसबाट हाम्रो लाभसत्कार बढ्ने छ ।”

अरूहरूले पनि यस्तै भने । सबैको मत एक भयो । अनि एकजनाले “यदि हामीमध्येबाट कुनै एकजनाले त्यो मन्त्र सिकेर आउन सक्यो भने हामी उनलाई हाम्रो नाइके बनाउनेछौं” भनी भन्यो । सबैले यस कुरालाई स्वीकारे । अनि “तपाईले सक्नुहुन्छ के ? तपाईले सक्नुहुन्छ के ?” भनी सोध्दा कसैले पनि “सक्छु” भनी भन्न नसकेपछि अन्तमा एकजनाले सरभसँग सोध्यो । “यदि मलाई नाइके बनाउनेछौ भने म सक्छु” भनी भने । त्यसपछि सबैले “हामी तपाईलाई नाइके बनाउनेछौ । तपाईले त्यो मन्त्र ल्याउनुहोस्” भनी भने ।

अनि उनी भन्छन्– “त्यो मन्त्र चोरि गरेर वा लुटेर ल्याउन सकिन्न । बरु त्यो ल्याउनलाई श्रमण गौतमका श्रावकहरूकहाँ गई

Downloaded from http://dhamma.digital/

उनीहरूको सेवा टहल गरी उनीहरूको चित्त बुझाई उनीहरूको जस्तै वस्त्र लगाएर उनीहरूसँग बसेमा मात्र ल्याउन सकिनेछ।"

"जे गर्नुपर्छ त्यसो गरी त्यो मन्त्र ल्याउनुहोस्।"

"त्यसोभए तपाईहरूले भोलिदेखि मलाई देखे पनि नदेखे जस्तो गर्नुहोला" भनी उनी दोस्रो दिन गृद्धकूट पर्वतमा गई भिक्षुहरूलाई आदर देखाई वन्दना गरी गर्नुपर्ने सेवाटहल गर्नथाले। उनको श्रद्धा र भावभक्ति देखेर भिक्षुहरू भन्नथाले– यी परिव्राजक अरूहरू जस्ता देखिन्नन्। यिनमा निकै श्रद्धा देखिन्छ। यिनमा निकै विनीतता देखिन्छ। यिनी पनि भन्छन्– "भन्ते ! तपाईहरू जानीबुझी यस शुद्ध बुद्धशासनमा प्रव्रजित हुनुभयो। हामी चाहिं अन्धा भएर अनैर्याणिक परिव्राजक सम्प्रदायमा प्रव्रजित भयौं।" यस्तो भन्दै देखे देखेका भिक्षुहरूलाई बडो भक्ति देखाई पञ्चाङ्ग प्रणाम गर्छन्। आवश्यक सेवाटहलको काम गरी पानी राख्न पर्ने ठाउँमा पानी राखिन्, सफा सुग्घर गर्न पर्ने ठाउँमा सफा सुग्घर गरी पाएको भोजन गरी त्यहाँ बस्नथाले। यसरी बसिरहँदा एकदिन एक महास्थविरले उनलाई यस्तो भने– "तिमी निकै श्रद्धालु छौ। यस्ता श्रद्धावान् तिमी प्रव्रजित हुन चाहन्नौ ?"

"भन्ते ! भिक्षुहरूका विपक्षीदलका हामीहरूलाई (परिव्राजकहरू) कसले प्रव्रजित गर्ला र !"

"यदि तिमी चाहन्छौ भने म तिमीलाई प्रव्रजित गराउनेछु।"

उनी पनि यस्तै खोजिरहेका थिए। अनि महास्थविरले उनलाई श्रामणेर बनाइदिए। श्रामणेर भएदेखि उनी खूब शिक्षितभाव देखाई

Downloaded from http://dhamma.digital/

भिक्षुहरू प्रति आज्ञाकारी जस्तो भई बडो विनीतभावले बस्नथाले। यो देखेर भिक्षुहरू निकै सन्तुष्ट हुनथाले। पछि महास्थविरले उनलाई उपसम्पदा पनि गरिदिए। उपसम्पदा भएपछि उनी पनि उपोसथ गर्ने दिनमा सीमागृहमा गई प्रातिमोक्ष उद्देशण गरेको सुन्नथाले। उपसम्पन्न भिक्षुहरू बाहेक अरू कुनै अनुपसम्पन्न श्रामणेर वा अन्य पुरुषहरू यो प्रातिमोक्ष पढेर सुनाउन विशेषरूपले बनाइराखेको घरमा वा कोठामा बस्न नपाइने नियम छ। यस प्रकारको विशेष गृहलाई 'सीमागृह' भनिन्छ।

यही प्रातिमोक्ष शिक्षा पढ्नेलाई परिव्राजकहरू आवट्टनी माया अर्थात् वशीकरण मन्त्र भनी सम्झन्थे। यो देखेर सरभ भिक्षुले अब म चाँडैनै यो सिकेर जानेछु भन्ने ठाने। अनि उनी उपाध्यायकहाँ गई यो पढिने के हो भनी सोध्दा उपाध्यायले "यसलाई प्रातिमोक्ष भन्दछन्" भनी भने। यो भिक्षुहरूले सिक्नुपर्ने शिक्षा हो। यसले बुद्धशासनको रक्षा गर्छ भन्ने कुरा पनि बताइदिए। त्यसपछि सरभले "बुद्धशासन रक्षा गर्ने शिक्षा यति मात्र हो कि अरू पनि छन् ?" भनी सोध्दा "यति नै हो" भनी उपाध्यायले भनेको सुनी प्रातिमोक्ष शिक्षा अध्ययन गरी उनी केही दिनपछि चीवर छाडी गृद्धकूट पर्वतबाट आफ्नै परिव्राजकाराममा गए[1]।

यही घटना लक्ष गरी अगाडि अनुदित मूल सूत्रमा "त्यसबखत सरभ भन्ने परिव्राजकले यस धर्मविनयलाई हालसालै छाडेर गएका थिए" भनी उल्लेख भएको हो।

---

१. मनो. र. पू. I. पृ. ४१२–१४ : सरभसुत्तवण्णना, तिकनिपात।

Downloaded from http://dhamma.digital/

जब यी सरभ परिव्राजक परिव्राजकाराममा आए तब आरामका परिव्राजकहरू भेला भई उनीसँग सोध्न थाले– "आचार्य ! हामीलाई लाग्छ कि शायद तपाईले मन्त्र ल्याउन सक्नु भएन ।"

"आवुसो ! चिन्ता नगर। मैले ल्याएको छु। अब उप्रान्त तपाईहरू झगडा नगर्नुहोस्। मेल मिलाप राख्नुहोस्। अब हामीहरूको लाभसत्कार बढ्नेछ" भनी सरभले भने ।"

"यदि तपाईले सो मन्त्र ल्याइसक्नु भएको छ भने हामीलाई पनि सिकाइदिनुहोस्" भनी तिनीहरूले भनेपछि सरभले तिनीहरूलाई प्रातिमोक्षका सबै कुरा सुनाइदिए ।

भोलिपल्ट बिहान सबैरै नगरको ढोका खोल्नुभन्दा अगावै परिव्राजकहरू बुद्ध, बुद्धधर्म र भिक्षुसङ्घको निन्दा गर्ने नियत लिई राजगृह नगरमा गए । सरभ परिव्राजक पनि अरू परिव्राजकहरूको माझमा बसी राजगृह नगरमा गई त्यहाँका मुख्य मुख्य राजद्वार, अमात्यद्वार आदि र चौर बाटोमा भेला भएका मानिसहरूको बीचमा "मैले श्रमण शाक्यपुत्रहरूको सबै धर्महरू बुझिसकेको छु। उनीहरूको धर्ममा कुनै सारत्व छैन। यदि गौतमको धर्ममा कुनै सार भएको भए म चीवर छाडी आउने थिइन । उनको धर्ममा कुनै सार छैन। उनीहरू केवल आवट्टनी मायाद्वारा जीविका गर्छन् र संसार खाँदैछन्" भनी खूब गर्जन गरी बुद्धको बदनाम गरे ।

त्यसदिन बिहान भगवानले राजगृहमा आज सरभ परिव्राजकले तीनै रत्नहरूको बदनाम गर्नेछन् भन्ने कुरा ध्यानद्वारा थाहा पाउनु

Downloaded from http://dhamma.digital/

भयो। अनि आनन्द स्थविरलाई बोलाउनु भई भगवानले "आज राजगृहका अठारवटै विहारका भिक्षुहरूसँग भिक्षाटन् जानेछु" भनी भन्नुभयो । आनन्द स्थविरले सबै भिक्षुहरूलाई सूचित गर्नुभयो। सबै भिक्षुहरूद्वारा परिवृत्त भई भगवान द्वारगाउँ नजिकमा भिक्षाटनको निमित्त जानुभयो। नगरभित्र सरभले जति चाहन्छन् त्यति बदनाम गरी प्रचार गरून् भन्ने विचारले भगवान नगरभित्र सरभहरू गएका सडकहरूमा भिक्षाटनको निमित्त नजानु भएको हो।

त्यसबखत केही जंगलमा बस्ने पाँचशय जति भिक्षुहरूले भगवान फलाना ठाउँमा भिक्षाटन्को निमित्त जानुभएको छ भन्ने थाहा पाई भिक्षाटन्को निमित्त नगरभित्र जाँदा त्यहाँ सरभ परिव्राजकले ठाउँ ठाउँमा भेला भएका मानिसहरूलाई बुद्ध, बुद्धधर्म तथा भिक्षुसङ्घको बदनाम गरी कुरा गरिरहेको सुने । यो सुनेर सारै दुःखलाग्यो र भोजनपछि भगवानकहाँ गई सबै कुरा सुनाई भगवानलाई सप्पिनिका तीरको परिव्राजकाराममा गई सरभ परिव्राजकलाई दमन गर्नु हुन उनीहरूले प्रार्थना गरे। भगवानले उनीहरूको प्रार्थनालाई स्वीकार्नु भयो[1] ।

अनि संध्या समयमा ध्यानबाट उठी भगवान अरू भिक्षुहरूका साथ जाँदा लोकावाद हुनसक्छ भन्ने कुरालाई ध्यानमा राखी बुद्धलीला देखाउनु भई आफू एक्लै मात्र सप्पिनिका तीरको परिव्राजकाराममा जानुभयो।

---

१. मनो. र. पू. I. पृ. ४१४–१५ : सरभसुत्तवण्णना, तिकनिपात।

Downloaded from http://dhamma.digital/

उता सरभ परिव्राजकहरू दिनभरी नगरमा बुद्धको बथ्वाइँ गरी आराममा फर्की कुरा गरिरहेको बेलामा एकजनाले सरभसँग यस्तो सोध्यो– "आचार्य ! यदि यसबखत गौतम बुद्ध यहाँ आए भने तपाई के गर्नु हुन्छ ?"

"यदि श्रमण गौतम यहाँ आएमा तथा उनले एउटा भने म दुइवटा भन्नेछु। यदि उनले दुइवटा भनेमा म चारवटा भन्नेछु..." आदि भनी सिंह जस्तै खूब गर्जे। यसरी कुरा भइरहेकै बेलामा भगवान बुद्ध त्यहाँ आइपुग्नु भयो। यो सप्पिनिका तीरको परिव्राजकाराममा जान नगरको मूल सडक भएर नै जानुपर्थ्यो। त्यसैले भगवान आइरहनु भएको देखेर नगरका पक्ष विपक्षका (दुबैथरी) मानिसहरू भगवानका पछि पछि लागेर आए। विशाल मानिसहरू जम्मा भए। यत्र तत्र रुखमुनि बसिरहेका परिव्राजकहरू जम्मा भए। यत्तिकैमा सरभ परिव्राजक दुइ घुँडामा टाउको राखी झोक्रेर बसे। भिक्षुहरू पनि त्यहाँ पुगे। चारै परिषद् त्यहाँ जम्मा भए।

भगवान यहाँ आउनुभएदेखि शत्रुसमान विरोधी भएका परिव्राजक-हरूसँग अलिकता पनि कुनै अप्रिय ढँगले कुरा नगरी पूर्ण मैत्रीभावना सहित भगवानले कुरा गर्नुभएको देखेर परिव्राजकहरू छक्क परे।

अनि सरभ परिव्राजकसँग– "सरभ ! साँच्चै हो के तिमीले 'श्रमण शाक्यपुत्रहरूको धर्मलाई बुझें तथा श्रमण शाक्यपुत्रहरूको धर्मलाई बुझेर नै मैले चीवर छाडेको हुँ' भनी भनेको ?" भनी सोध्नुभयो। सरभ परिव्राजक चुप लागेर बसे। दुइ तीन पटकसम्म सोध्दा पनि

Downloaded from http://dhamma.digital/

सरभ परिव्राजक केही बोलेनन् । अनि पछि भगवानले "सरभ ! कसरी तिमीले श्रमण शाक्यपुत्रहरूको धर्मलाई बुझ्यौ ? यदि यस विषय सम्बन्धी तिमीमा केही कमी छ भने म त्यो पूरा गरिदिनेछु । यदि तिमीमा पूर्ण छ भने म अनुमोदन गर्नेछु" भनी दुइ तीन पटकसम्म सोध्दा पनि उनी झोक्रेर चूप लागी केही नबोली बसे । उनी चूप लागेर केही नबोली बसिरहेको देखेर अरू परिव्राजकहरूले पनि उनलाई जवाफ दिन आग्रह गरे । तर उनी चूप लागेर नै बसे । अनि भगवानले बुद्धको वैशारदद्यता सम्बन्धी उपदेश गरी आकाशमार्गद्वारा फर्कनुभयो । भगवान फर्कनु भएपछि परिव्राजकहरूले सरभ परिव्राजकहरूलाई खूब टोकसे[1] ।

अरू कुराहरू अगाडि अनुदित मूल सूत्रमै प्रष्ट भएका छन् ।

X X X

१. मनो. र. पू. II. पृ. ४१५–१६ : सरभसुत्तवण्णना, तिकनिपात ।

Downloaded from http://dhamma.digital/

## केही सरभ नामहरू

(१) सरभमिगजातकं– यो जातक जा. अ. क. IV. पृ. २४६ मा उल्लेख भएको छ। नं. ४८३ यसको अनुवाद लेखकको जा. सं. भा-४, पृ. ९६ मा भएको छ । यो जातक सारिपुत्र महास्थविरको कारणमा बताइएको हो ।

(२) सरभसुत्तं– यो सूत्र अं. नि-३, पृ. १७१ मा उल्लेख भएको छ। यसको अनुवाद यहाँ अगाडि भएको छ।

(३) सरभ परिव्राजक– यिनै परिव्राजकका कुरा यहाँ अगाडि उल्लेख भएको छ ।

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## चीवर छाडेर गएका सरभ परिव्राजक

(सरभसुत्तं[१])

यस्तो मैले सुनें।

एक समय भगवान राजगृहस्थित गृद्धकूट पर्वतमा बस्नुभएको थियो। त्यसबखत। सरभ भन्ने परिव्राजकले यस धर्मविनयलाई हालसालै छाडेर गएका थिए। उनले राजगृहको परिषद्लाई यस्तो भन्दथे– "श्रमण शाक्यपुत्रीयहरूको धर्मलाई मैले बुझें। श्रवण शाक्यपुत्रीयहरूको धर्मलाई बुझेर नै मैले यस धर्मविनयलाई छाडेको हुँ।"

अनि केही भिक्षुहरू पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी राजगृहमा भिक्षाटन्को निमित्त गए। अनि ती भिक्षुहरूले सरभ परिव्राजकले राजगृहको परिषद्लाई यस्तो भनेको सुने– "श्रमण शाक्यपुत्रीयहरूको धर्मलाई मैले बुझें। श्रमण शाक्यपुत्रीयहरूको धर्मलाई बुझेर नै मैले धर्मविनयलाई छाडेको हुँ।"

---

१. अं. नि-३, पृ. १७१ : महावग्गो; अ. क. I. पृ. ४१२.

Downloaded from http://dhamma.digital/

अनि ती भिक्षुहरू राजगृहमा भिक्षाटन् गरी भिक्षाटनबाट फर्की भोजनपछि जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ गएर भगवानलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूले भगवानलाई यस्तो भने– "भन्ते ! सरभ भन्ने परिव्राजकले यस धर्म-विनयलाई हालसालै छाडेर गए। उनी राजगृह परिषद्‌लाई यस्तो भन्दछन्– "श्रमण शाक्यपुत्रीयहरूको धर्मलाई बुझेर नै मैले त्यस धर्मविनयलाई छाडेको हुँ।" भन्ते ! भगवान जहाँ सप्पिनिका तीरको परिव्राजकाराम हो जहाँ सरभ परिव्राजक छन् त्यहाँ अनुकम्पा राखी जानुभए बेश हुने थियो।"

तूष्णीभावद्वारा भगवानले स्वीकार गर्नुभयो।

अनि संध्या समयमा ध्यानबाट उठी जहाँ सप्पिनिका तीरको परिव्राजकाराम हो, जहाँ सरभ परिव्राजक थिए त्यहाँ भगवान जानुभयो। त्यहाँ गएर बिच्छ्याइराखेको आसनमा बस्नुभयो। आसनमा बस्नुभएका भगवानले सरभ परिव्राजकलाई यस्तो भन्नुभयो– "सरभ ! साँच्चैहो के तिमी यस्तो भन्दछौ ?– 'श्रमण शाक्यपुत्रीयहरूको धर्मलाई मैले बुझें। श्रमण शाक्यपुत्रीयहरूको धर्मलाई बुझेर नै मैले यस धर्मविनयलाई छाडेको हुँ।" यस्तो भन्नु हुँदा सरभ परिव्राजक चूप लागे।

दोस्रो पटक पनि सरभ परिव्राजकलाई भगवानले यस्तो भन्नुभयो– "सरभ ! भन श्रमण शाक्यपुत्रीयहरूको धर्मलाई कसरी बुझ्यौ ? यदि तिमी अपरिपूर्ण छ भने म परिपूर्ण गरिदिनेछु। यदि

Downloaded from http://dhamma.digital/

तिमीमा परिपूर्ण छ भने म अनुमोदन गर्नेछु।" दोस्रो पटक पनि सरभ परिव्राजक चूप लागेर बसे । तेस्रो पटक पनि भगवानले सरभ परिव्राजकलाई यस्तो भन्नुभयो– "सरभ ! भन, कसरी तिमीले श्रमण शाक्यपुत्रीयहरूको धर्मलाई बुझ्यौ ? यदि तिमीमा अपरिपूर्ण छ भने म परिपूर्ण गरिदिनेछु। यदि तिमीमा परिपूर्ण छ भने म अनुमोदन गर्नेछु।" तेस्रो पटक पनि सरभ परिव्राजक चूपलागेर बसे।

अनि ती परिव्राजकले सरभ परिव्राजकलाई यस्तो भने– "आवुसो सरभ ! जुन कुरा तिमी श्रमण गौतमसँग माग्नेछौ सोही कुरा श्रमण गौतमले दिनेछन्। सरभ ! भन, कसरी तिमीले श्रमण शाक्यपुत्रीयहरूको धर्मलाई बुझ्यौ ? यदि तिमीमा अपरिपूर्ण छ भने श्रमण गौतमले परिपूर्ण गर्नेछन्। यदि तिमीमा परिपूर्ण छ भने श्रमण गौतमले अनुमोदन गर्ने छन् ।" यस्तोभन्दा सरभ परिव्राजक चूपलागी, नाजवाफ भई, शीर झुकाई, तलतिर हेरी, चिन्तित भई केही नबोली बसे।

अनि सरभ परिव्राजक चूपलागी, नाजवाफ भई, ... बसेको देखेर ती परिव्राजकहरूलाई भगावनले यस्तो भन्नुभयो—

## तीन निर्भीकस्थान

(१) मलाई "जो परिव्राजक, 'सम्यक्सम्बुद्ध भन्नुहुने तपाईले यी धर्महरू अभिसम्बोध गरेको छैन' भनी भन्छ भने म उसँग त्यहाँ सोध्छु, ग्रहण गराउँछु र कारण सोध्छु। यसरी सोध्दा, ग्रहण गराउँदा र

Downloaded from http://dhamma.digital/

कारण सोध्दा ऊ तीन कारणहरूमध्येमा कुनै एक कारणमा नजाला भनी भन्न सकिन्न– (१) एउटा कुरा सोध्दा अर्को कुरा बताउँछ र विषयबाहिर कुरा लैजान्छ, (२) कोप, द्वेष र अप्रसन्नता प्रकट गर्छ र (३) चूपलागी, नाजवाफ भई, शीर झुकाई, तलतिर हेरी, चिन्तित भई, केही नबोली बस्छ। जस्तै यी सरभ परिव्राजक छन्।

(२) मलाई "जो परिव्राजक, 'क्षीणास्रवी भनी भन्नुहुने तपाईका यी आस्रवहरू क्षीण भएका छैनन्' भनी भन्छ भने म उसँग त्यहाँ सोध्छु, ग्रहण गराउँछु र कारण सोध्छु। यसरी सोध्दा ... ऊ तीन कारणहरूमध्येमा कुनै एक कारणमा नजाला भनी भन्न सकिन्न– (१) एउटा कुरा सोध्दा अर्को कुरा बताउँछ र विषयबाहिर कुरा लैजान्छ, (२) कोप, द्वेष र अप्रसन्नता प्रकट गर्छ र (३) चूपलागी, ... चिन्तित भई, केही नबोली बस्छ। जस्तै यी सरभ परिव्राजक छन्।

(३) मलाई "जो परिव्राजक, 'जसको निमित्त तपाईले धर्मदेशना गर्नुभएको छ त्यो त्यस अनुसार कामगर्नेलाई सम्यक्रूपले दुःख क्षय हुँदैन' भनी भन्छ भने म उसँग त्यहाँ सोध्छु, ग्रहण गराउँछु र कारण सोध्छु। यसरी सोध्दा, ग्रहण गराउँदा र कारण सोध्दा ऊ तीन कारणहरू मध्येमा कुनै एक कारणमा नजाला भनी भन्न सकिन्न– (१) एउटा कुरा सोध्दा अर्को कुरा बताउँछ र विषयबाहिर कुरा लैजान्छ, (२) कोप, द्वेष र अप्रसन्नता प्रकट गर्छ र (३) चूपलागी, ... चिन्तित भई, केही नबोली बस्छ। जस्तै यी सरभ परिव्राजक छन्।

अनि सप्पिनीका तीरको परिव्राजकाराममा तीन पटक सिंहनाद

Downloaded from http://dhamma.digital/

गरी भगवान आकाशतिर जानुभयो।

भगवान जानुभएको केही छिनपछि ती परिव्राजकहरूले सरभ परिव्राजकलाई चारैतिरबाट वचनरूपी कोर्राले पिट्नथाले– "आवुसो सरभ ! जस्तै कुनै बूढो स्यालले महावनमा सिंह जस्तै आवाज निकाल्छु भनी कराउँदा स्यालकै जस्तै आवाज हुन्छ, भेरण्डक जस्तै कराउँछ। आवुसो सरभ ! त्यस्तैगरी तिमीले पनि श्रमण गौतमको अनुपस्थितिमा सिंहनाद गर्छु भनी स्यालको आवाज जस्तै निकाल्यौ । भेरण्डकको आवाज मात्र निकाल्यौ । आवुसो सरभ ! जस्तै कुनै चल्लाले भाले कुखुरा जस्तै कराउँछु भनी करायो भने चल्लाकै जस्ता आवाज निकाल्छ त्यस्तै तिमीले पनि श्रमण गौतमको अनुपस्थितिमा भाले कुखुरा जस्तै कराउँछु भन्दा चल्लाकै जस्तै आवाज निकाल्यौ। आवुसो सरभ ! जस्तै कुनै गोरुले कोही नभएको गोठमा चिच्याएर कराउनुपर्छ भन्ने ठान्दछ त्यस्तै तिमीले पनि श्रमण गौतमको अनुपस्थितिमा चिच्याएर कराउनु पर्छ भन्ने ठान्यौ ।" अनि ती परिव्राजकहरूले सरभ परिव्राजकलाई चारैतिरबाट वचनरूपी कोर्राले पिटे।

---

Downloaded from http://dhamma.digital/

# ३५।१२. सामण्डक परिव्राजक

## प रि च य

यी सामण्डक परिव्राजकको सम्बन्धमा कुनै खास कुरा मूलपालि वा अर्थकथाहरूमा कतै उल्लेख भएको मैले देखेको छैन ।

केवल तीनवटा सूत्रहरूमा यिनको कुरा उल्लेख भएको पाइन्छ । सं. नि. III. पृ. २३३ को सामण्डकसूत्रमा यिनले वज्जी राज्यको उक्काचेल गाउँमा बसिरहनुभएका सारिपुत्र महास्थविरसँग, निर्वाण भनेको के हो, भन्ने बारेमा प्रश्न सोधेका थिए । अर्को एक पटक मगध देशको नालक गाउमा बसिरहनुभएका सारिपुत्र महास्थविरसँग 'सुख दुःख' सम्बन्धी प्रश्न सोधेका थिए । फेरि अर्को एक पटक मगध देशको नालक गाउँमै बसिरहनुभएका सारिपुत्र महास्थविरसँग बुद्धशासनमा केलाई सुख र केलाई दुःख भनिन्छ भन्ने कुरा सोधेका थिए । यी तीनैवटा सूत्रहरूको अनुवाद अगाडि भएका छन् ।

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## १– केलाई निर्वाण भन्दछन्

(सामण्डकसुत्तं[1])

एक समय, आयुष्मान् सारिपुत्र वज्जी स्थित उक्काचेल (**गाउँ**) को **गङ्गा**नदीको तीरमा बस्नुभएको थियो।

अनि सामण्डक परिव्राजक जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि सारिपुत्र**सँग** सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका सामण्डक परिव्राजकले आयुष्मान् सारिपुत्रलाई यस्तो भने—

(१) प्र– "आवुसो सारिपुत्र ! 'निर्वाण निर्वाण' भनी भन्दछन्। आवुसो ! कुनचाहिं निर्वाण हो ?"

उ– "आवुसो ! जुन रागक्षय, द्वेषक्षय तथा मोहक्षय हुन्– यिनलाई निर्वाण भन्दछन्।"

---

१. सं. नि. III. पृ. २३३ : सामण्डकसंयुत्तं; अ. क. III. पृ. ९२.

Downloaded from http://dhamma.digital/

(२) प्र– “आवुसो ! यो निर्वाण साक्षात्कार गर्ने कुनै मार्ग तथा प्रतिपद छ के ?”

उ– “आवुसो ! यो निर्वाण साक्षात्कार गर्ने मार्ग तथा प्रतिपद कुन हो त ?”

(३) प्र– “आवुसो ! यो निर्वाण साक्षात्कार गर्ने मार्ग तथा प्रतिपद कुन हो त ?”

उ– “आवुसो ! यही आर्यअष्टाङ्गिक मार्ग नै निर्वाण साक्षात्कार गर्ने मार्ग तथा प्रतिपद हो । जस्तै– सम्यक्दृष्टि, सम्यक्संकल्प, सम्यक्वाचा, सम्यक्कर्म, सम्यक्आजीव, सम्यक्व्यायाम, सम्यक्स्मृति तथा सम्यक्समाधि ।”

“आवुसो ! निर्वाण साक्षात्कार गर्ने मार्ग तथा प्रतिपद राम्रै रहेछ । आवुसो सारिपुत्र ! अप्रमाद हुनको निमित्त यति नै पर्याप्त छ ।”

x x x

Downloaded from http://dhamma.digital/

## मूल सूत्र–

### १– सुख दुःख भनेको के हो

(पठमसुखसुत्तं[1])

एक समय, आयुष्मान् सारिपुत्र मगध (देश) को नालक गाउँमा बस्दै हुनुहुन्थ्यो । अनि सामण्डक परिव्राजक जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि सारिपुत्रसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका सामण्डक परिव्राजकले आयुष्मान् सारिपुत्रलाई यस्तो सोधे—

Dhamma.Digital

"आवुसो सारिपुत्र ! सुख भनेको के हो ? र दुःख भनेको के हो ?"

"आवुसो ! जन्म हुनु दुःख हो र जन्म नहुनु सुख हो । आवुसो ! जन्म भएपछि यो दुःख सम्भव हुन्छ– जाडो, गर्मी, भोक, प्यास, दिसा, पिसाब, आगोको स्पर्श, दण्डको स्पर्श, शस्त्रको स्पर्श र ज्ञातिबन्धु तथा मित्रहरू आएर पनि रिसाउँछन् । आवुसो ! जन्म भएपछि यो दुःख

१. अं. नि-१०, पृ. १९५ : यमकवग्गो ।

Downloaded from http://dhamma.digital/

सम्भव हुन्छ– न जाडो, न गर्मी, न भोक, न प्यास, न दिसा, न पिसाब, न आगोको स्पर्श, न दण्डको स्पर्श, न शास्त्रको र ज्ञातिबन्धु तथा मित्रहरू आएर पनि रिसाउँदैनन् । आवुसो ! जन्म नभएमा यो सुख सम्भव हुन्छ ।"

x x x

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## ३– यो धर्ममा के सुख हो

(दुतियसुखसुत्तं[1])

एक समय, आयुष्मान् सारिपुत्र मगध (देश) को नालक भन्ने गाउँमा बस्दै हुनुहुन्थ्यो । अनि सामण्डक परिव्राजक जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्र**सँ**ग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका सामण्डक परिव्राजकले आयुष्मान् सारिपुत्रसँग यस्तो सोधे—

"आवुसो ! यो धर्मविनयमा (= बुद्ध धर्ममा) के सुख हो र के दुःख हो ?"

"आवुसो ! यो बुद्धाशासनमा (= बुद्ध धर्ममा) मन नलाग्नु दुःख हो र मन लाग्नु सुख हो । आवुसो ! मन नलाग्दा यो दुःख सम्भव हुन्छ– हिंडिरहे पनि सुख शान्ति हुँदैन, उभिइरहे पनि सुख शान्ति हुँदैन, बसिरहे पनि, ... सुतिरहे पनि, ... गाउँमा गए पनि, ... अरण्यमा

---

१. अं. नि-१०, पृ. १९६ : यमकवग्गो ।

Downloaded from http://dhamma.digital/

गए पनि, ... रुखमनि गए पनि, ... निर्जन स्थानमा गए पनि, ... खुला ठाउँमा गए पनि, ... र भिक्षुहरूको बीच बसे पनि सुख शान्ति हुँदैन। आवुसो ! मन नलाग्दा यो दुःख सम्भव हुन्छ।"

"आवुसो ! मन लाग्दा यो सुख सम्भव हुन्छ– हिंडिरहे पनि सुख शान्ति हुन्छ, उभिइरहे पनि सुख शान्ति हुन्छ, बसिरहे पनि, ... सुतिरहे पनि, ... गाउँमा गए पनि, ... अरण्यमा गए पनि, ... रुखमनि गए पनि, ... निर्जन स्थानमा गए पनि, ... खुला ठाउँमा गए पनि, ... र भिक्षुहरूको बीचमा गए पनि सुख शान्ति हुन्छ। आवुसो ! मन लाग्दा यो सुख सम्भव हुन्छ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# ३६।१३. सुतवा परिव्राजक

## प रि च य

राजगृहमा बसिरहनुभएका भगवानबाट अर्हत्‌हरूले गर्न नसक्ने कुरा यी सुतवा परिव्राजकले एक पटक सुनेका थिए । पछि यिनले सुनीराखेका कुरा ठीक हो कि होइन भनी भगवानसँग सोधे । भगवानले ठीक हो भनी भन्नुभयो ।

x x x

Downloaded from http://dhamma.digital/

## केही सुतवा नामहरू

(१) सुतवा– यो चाहिं यसभन्दा ३३ कल्प अघि भएका चक्रवर्ती राजाको नाम हो। अप. दा. पा. I. पृ. ३६.

(२) सुतवा– यो चाहिं म. नि. III. पृ. १३२ : इसिगिलिसुत्तंमा उल्लिखित एक प्रत्येक बुद्धको नाम हो। यो नाम चुल्ल. नि. पृ. ३१६ : खग्गविसाणसुत्त र सुत्त. नि. पा. पृ. ३१६ : खग्गविसाणसुत्तमा पनि उल्लेख भएका छन्।

(३) सुतवा– यो चाहिं राजगृहवासी एक परिव्राजकको नाम हो। यिनकै कुरा यहाँ अगाडि उल्लेख भएको छ।

(४) सुतवा– यो सूत्र अं. नि-९, पृ. १७ मा उल्लेख भएको छ। यसको अनुवाद यहाँ अगाडि भएको छ।

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## नौवटा कारणहरू अरहत्‌ले गर्न सक्दैन

(सुतसुत्तं[1])

एक समय, भगवान राजगृह स्थित गृद्धकूट पर्वतमा बसिरहनुभएको थियो। अनि सुतवा परिव्राजक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ गएर भगवानसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका सुतवा परिव्राजकले भगवानलाई यस्तो भने—

"भन्ते ! एक समय, म यही राजगृहमा बसेको थिएँ। भन्ते ! त्यहाँ मैले भगवानको सन्मुखबाट यस्तो सुनेको थिएँ– 'सुतवा ! जो भिक्षु अरहत्, क्षीणास्रवी, ब्रह्मचर्यवास पूरा गरेको, गर्नुपर्ने गरिसेकेको, भार बिसाइसकेको, स्व-अर्थ प्राप्त गरिसकेको, परीक्षीण भवसंयोजन भएको र राम्ररी जानी मुक्त भएको छ उसले पाँच कारणहरू गर्न सक्दैन– (१) क्षीणास्रवी भिक्षुले जानी जानी प्राणीहिंसा गर्न सक्दैन। (२) क्षीणास्रवी भिक्षुले नदिएको वस्तु चोरी गरेर लिन सक्दैन।

१. अं. नि-९, पृ. १७ : सम्बोधिवग्गो; अ. क. II. पृ. ७९६.

Downloaded from http://dhamma.digital/

(३) क्षीणास्रवी भिक्षुले मैथुन सेवन गर्न सक्दैन । (४) क्षीणास्रवी भिक्षुले जानी जानी झूटो बोल्न सक्दैन । (५) क्षीणास्रवी भिक्षुले अघि गृहस्थीमा झैं कुनै खानेकुराहरू रात बिताएर राखेर खान सक्दैन । भन्ते ! के मैले यी कुराहरू राम्ररी सुनेको छु ? राम्ररी ग्रहण गरेको छु ? राम्ररी मनमा राखेको छु ? र राम्ररी धारण गरेको छु ?"

"सुतवा ! ठीकै छ, तिमीले यी कुराहरू राम्रै गरी सुनेका छौ, राम्रै गरी ग्रहण गरेका छौ, राम्रै गरी मनमा राखेका छौ र राम्रै गरी धारण गरेका छौ । सुतवा ! अघि पनि अहिले पनि म यस्तै भन्दछु– 'जो भिक्षु अरहत् क्षीणास्रवी ... राम्ररी जानी मुक्त भएको छ उसले नौवटा कारणहरू गर्न सक्दैन । ... (५) क्षीणास्रवी भिक्षुले अघि गृहस्थीमा झैं कुनै खानेकुराहरू रात बिताएर राखेर खान सक्दैन, (६) क्षीणास्रवी भिक्षु छन्दागतिमा जान सक्दैन, (७) क्षीणास्रवी भिक्षु द्वेषगतिमा जान सक्दैन, (८) क्षीणास्रवी भिक्षु मोहागतिमा जान सक्दैन, (९) क्षीणास्रवी भिक्षु भयागतिमा जान सक्दैन ।' सुतवा ! अघि पनि अहिले पनि म यस्तो भन्छु– 'जो भिक्षु अरहत् क्षीणास्रवी ब्रह्मचर्यवास पूरा गरेको, ... राम्ररी जानी मुक्त भएको छ उसले यी नौवटा कारणहरू गर्न सक्दैन ।"

Downloaded from http://dhamma.digital/

# ३७।१४. सुप्पिय परिव्राजक

## प रि च य

यी सुप्पिय (= सुप्रिय) परिव्राजक राजगृहवासी सञ्जय परिव्राजकका शिष्य हुन्[1] ।

राजगृहको चारैतिर भएका आठवटा विहारहरूमध्ये एउटा विहारमा बस्नुभएका भगवान एकदिन भिक्षुसङ्घका साथ विहारबाट निस्की राजगृह नगरमा भिक्षाटन् गई दिवाभोजनपछि भिक्षुसङ्घलाई पात्र-चीवर समात्न लगाई नालन्दा जानको निमित्त राजगृह नगरबाट निस्की बाटो लाग्नु भयो ।

त्यसबखत सुप्पिय परिव्राजक पनि आफ्नो परिषद्का साथ राजगृह नगरमा भिक्षाटन् गरी खाना खाइसकेपछि नालन्दा जानको निमित्त बाटो लागे । त्यसबेला भिक्षुसङ्घ सहित भगवान बुद्ध अगाडि अगाडि जाँदै हुनुहुन्थ्यो र सुप्पिय परिव्राजक आफ्नो परिषद्सँग पछि

१. सुमं. वि. I. पृ. ४७ : ब्रह्मजालसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

पछि गइरहेका थिए । भगवान पनि नालन्दा जानको निमित्त बाटामा गइरहनुभएको कुरा यिनलाई थाहा थिएन । पछि भगवानको शरीरबाट रश्मी निस्केको देखेपछि यिनले भगवान गइरहनुभएको थाहा पाए । त्यसबखत धेरैजसो असीति महाश्रावकहरू पिन मेघवर्ण पांसुकूल चीवर एकांश पारी हातमा लौरो लिई भगवानको पछि पछि हिंडिरहेको थिए । पछिल्तिरबाट आइरहेका सुप्पिय परिव्राजकले टाउको उठाइ हेर्दा बुद्धलाई देख्दथे ।

स्वभावत: यिनीहरू बुद्धको प्रादुर्भाव भएदेखि नै बुद्धलाई सहन सक्दैनथे । त्यसैले जब यिनले बुद्धको रश्मी तथा बुद्धलीलाबाट अगाडि अगाडि गइरहनुभएका बुद्धलाई देखे तथा शान्तपूर्वक गइरहेका भिक्षुसङ्घलाई देखे तब यिनले आफ्नो परिषद्तिर पनि आँखा घुमाएर हेरे । यी परिव्राजक परिषद्मध्ये कसैको काँधमा झोला झुण्डचाएका थिए भने कसै कसैले काँधमा पोका झुण्डचाएका थिए । कसैको हातमा त्रिदण्ड, कमण्डलु हुनुको साथै माटाका पात्रको थैलो आदि आँगभरी झुण्डिएका थिए । यति मात्र होइन उनीहरू अनेक तरहका निरर्थक कुरा गरी हिडिरहेका थिए । यो दृश्य देखेर सुप्पियको मन पनि खिन्न भएको थियो । हुनत यो देखेर उनले बुद्ध सहित उहाँको परिषद्को प्रशंसा गर्नुपर्थ्यो । तर उनी सदैव बुद्धलाई सहन नसक्ने स्वभावका भएकाले उनले यहाँ पनि प्रंशसाको सट्टा निन्दा नै गरे । यो सुनेर उनकोपछि पछि लागेका उनकै तरुण शिष्य ब्रह्मदत्त परिव्राजकको यस्तो विचार गरे—

"विना सोचविचार गरी हाम्रा आचार्य मुखमा जे आयो सो

Downloaded from http://dhamma.digital/

बोल्दैछन् । भन्न नहुने कुरा भन्दैछन् । आफैले आगो खाए जस्तै, आफ्नै हातले तरवारको धारमा सुम्सुम्याउने जस्तै, मुडकीले पहाड फुटाल्नु खोजे जस्तै, प्रशंसनीय बुद्धरत्न, धर्मरत्न र सङ्घरत्नको निन्दा गर्दै– यी बुद्ध अक्रियावादी हुन्, उच्छेदवादी हुन् र यिनका उत्तरीय मनुष्यधर्म छैन । यिनको धर्म सु-आख्यात छैन, नैर्याणिक छैन, न त सांदृष्टिक नै छ । यिनको भिक्षुसङ्घ असल बाटोमा लागेको छैन, बाँडोटिङ्गो बाटोमा लागेको छ भनी भन्छन् । प्रशंसनीय त्रिरत्नको अप्रशंसा गर्नाले हाम्रा आचार्यलाई दुःखपीडा हुनसक्छ । आचार्यले गुहू वा आगो वा काँढा वा कालो सर्प कुल्चे भन्दैमा शिष्यले पनि कुल्चनुपर्छ भन्ने कुरा हुन सक्दैन । यी प्राणीहरू आ-आफ्ना कर्मानुसार गतिमा जान्छन् । न कुनै पिता पुत्रको कर्मानुसार गतिमा जान्छ । न त कुनै पुत्र नै पिताको कर्मानुसार गतिमा जान्छ । न माता, न पुत्र, न भाइबहिनी, न आचार्य, न शिष्य आचार्यको कर्मानुसार गतिमा जान्छन् । मेरा आचार्यले त्रिरत्नको निन्दा गर्छन् । यो काम ठीक छैन । आचार्यको अपवाद गर्नु राम्रो होइन् ।"

यति कुरा ज्ञानपूर्वक विचार गरी आफ्ना आचार्यको कुरा काट्दै पछि पछि गइरहेका तरुण ब्रह्मदत्तले अनेक प्रकारले त्रिरत्नको वर्णन गरे[1] । त्यसैले अगाडि अनुदित मूल सूत्रमा "त्यहाँ सुप्पिय परिव्राजकले अनेक प्रकारले बुद्धको अवर्णन गर्थे, ... । सुप्पिय परिव्राजकका अन्तेवासी ब्रह्मदत्त माणवले चाहिं अनेक प्रकारले बुद्धको वर्णन गर्थे ..." भनी उल्लेख भएको हो ।

---

१. सुमं. वि. I. पृ. ४७-५४ : ब्रह्मजालसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

यसरी हिंडिरहनुभएका भगवान बुद्ध नालन्दा पुग्नुभन्दा अगाडि सूर्य अस्ताउन लागेको देखेर राजगृह नगर र नालन्दाको बीचबाटा पर्ने अम्बलट्ठिका[1] भन्ने आँपका रुखहरू भएको एक बगैंचामा– जहाँ मगध राजाहरू बस्ने दरबारहरू पनि थिए– त्यहाँ बास बस्नको निमित्त जानुभयो ।

"भगवान बुद्ध बस्ने ठाउँमा कुनै उपद्रवहरू हुन्नन् र देवताहरूले पनि आरक्षा गर्छन्" भन्ने ठानी भगवानका पछि पछि आइरहेका सुप्पिय परिव्राजक पनि सोही अम्बलट्ठिका नामक बगैंचामा गई एक छेउमा बसे ।

राती भगवान बसिरहनु भएको ठाउँमा सुप्पिय परिव्राजक चेवा लिन गए । त्यसबखत उनले ताराहरू छरिए जस्तै गरी भगवान सहित भिक्षुहरू बसिरहेको ठाउँमा बत्ती बलिरहेको देखे । भिक्षुहरूको बीचमा भगवान बसिरहनु भएको थियो । घेरा लगाई बसिरहेका कुनै पनि भिक्षुहरूको हातखुट्टा चलेको वा हाछ्यूँ गरेको वा खोकेको आवाजसम्म पनि उनले सुनेनन् । आफ्नो सुविनीत शिक्षितताको कारणले र बुद्धप्रतिको महत गौरवताको कारणले बतास नभएको ठाउँमा स्थिररूपले बलिरहेको बत्ती जस्तै भिक्षुहरू निश्चलरूपले बसिरहेको उनले देखे ।

भिक्षुहरूको यो प्रभावशाली दृश्य हेरेर उनी आफ्नो परिषद् बसेको ठाउँमा हेर्न गए । त्यसबखत त्यहाँ उनले केही परिव्राजकहरूले

---

१. लेखकको बु. ब्रा. भा-२, पृ. ८३ को पादटिप्पणीमा हेर्नू ।

Downloaded from http://dhamma.digital/

हात भाँचिरहेका, कुनै उपरखुट्टी लगाई बसिरहेका, कुनै खोकिरहेका, केही कुरा गरिरहेका, केही जिस्किरहेका, केही ऱ्याल चुहाइरहेका, केही घुरिरहेका तथा कुनैले दाँत किटिरहेका देखे । त्यहाँ पनि उनले ईर्ष्याकै कारणले बुद्ध, धर्म तथा सङ्घको निन्दा नै गरे । उनका तरुण शिष्य **ब्रह्म**दत्तले पनि त्यहाँ आफ्ना आचार्यको विरोधमा बुद्ध, धर्म तथा सङ्घको प्रशंसा र बयान नै गरे[1] ।

अनि त्यस रात बितेपछि बिहानपख भिक्षुहरूको बीचमा सुप्पिय र **ब्रह्म**दत्त– गुरु शिष्य दुइ परिव्राजकहरूको बीचमा परस्पर विरोधी कुरा गर्दै बाटामा हिंडिरहेको कुरा चल्यो । यसै बखत भगवान पनि त्यहाँ आइपुग्नुभयो । भगवान आउने बित्तिकै भिक्षुहरू चूप भए । अनि भगवानले उहाँ आइपुग्नुभन्दा अगाडि के कुरा चलिरहेको थियो भनी सोध्नुहुँदा भिक्षुहरूले भैरहेको कुरा प्रष्ट पारे ।

अनि भगवानले यस प्रसंगमा भिक्षुहरूलाई अर्तिबुद्धि दिनुहुँदै–

"भिक्षुहो ! कसैले मेरो वा धर्मको अथवा सङ्घको निन्दा अपवाद गऱ्यो भन्दैमा त्यसमा तिमीहरू रिसाउनु हुन्न, द्वेष गर्नु हुन्न र मनमा आघात बाँध्नु हुन्न । यसो गर्नाले आफ्नै हानी हुन्छ । बरु त्यसलाई असत्य हो भन्ने मात्र बुझ्नसक्नुपर्छ । यदि कसैले मेरो वा धर्मको अथवा सङ्घको बयान वा प्रशंसा गरेतापनि त्यसमा तिमीहरूले नाक फुलाउनु हुन्न, प्रफुल्लित हुनुहुन्न । यसो गर्नाले तिमीहरूकै हानी

---

१. सुमं. वि. I. पृ. ५४-५६ ब्रह्मजालसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

हुन्छ। बरु त्यसलाई सत्य हो भन्ने मात्र बुझ्नसक्नुपर्छ। भिक्षुहो ! कुनै पृथक्जनले जतिसुकै तथागतको बयान गरे पनि त्यो थोरै सम्झनुपर्छ" भनी भन्नुभयो[१]।

यसै कुरालाई लिएर उहाँले अगाडि अनुदित ब्रह्मजाल सूत्र प्रकाश पार्नुभएको हो।

x x x

१. सुमं. वि. I. पृ. ५६-५८ ब्रह्मजालसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

# केही सुप्पिय नामहरू

(१) सुप्पिय– यो चाहिं सिद्धत्थ बुद्धका अग्र उपस्थाकको नाम हो। बु. वं. पा. पृ. ३५८ : सिद्धत्थबुद्धवंसो।

(२) सुप्पिय– यो एक श्रावस्तीवासी स्थविरको नाम हो। यी स्थविर श्रावस्तीमा एक मूर्दा पोल्ने कुलमा जन्मेका थिए। पछि सोपाक स्थविरकहाँ गई उनको धर्म सुनी प्रसन्न भई पछि प्रव्रजित भई अरहत् भएका थिए। थेर. गा. पा. पृ. २४१ : सुप्पियत्थेरगाथा; अ. क. I. पृ. ९२.

(३) सुप्पिय– यो चाहिं वाराणशीकी सुप्पिया (= सुप्रिया) भन्ने एक श्रद्धालु उपासिकाको पतिको नाम हो । महा. व. पा. पृ. २३४ : मनुस्समंसपटिक्खेपकथा। हेर्नू लेखकको बु. म. भा-१, पृ. ३२२।

(४) सुप्पिय– यो राजगृहवासी सञ्जय परिव्राजकका शिष्य परिव्राजकको नाम हो। यिनकै कुरा यहाँ अगाडि उल्लेख भएको छ। यी सुप्पिय परिव्राजकका ब्रह्मदत्त भन्ने तरुण शिष्य पनि थिए।

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## सुप्पिय परिव्राजकको कुरा

(ब्रह्मजालसुत्तं[१])

यस्तो मैले सुनें ।

एक समय, भगवान पाँचशय महान भिक्षुसङ्घका साथ राजगृह र नालन्दाको बीच बाटोमा गइरहनुभएको थियो । सुप्पिय (सुप्रिय) परिव्राजक पनि आफ्नो अन्तेवासिक ब्रह्मदत्त माणवकका साथ राजगृह र नालन्दाको बीच बाटोमा गइरहेका थिए । त्यहाँ सुप्पिय परिव्राजकले अनेक प्रकारले बुद्धको अवर्णन गर्थे, धर्मको अवर्णन गर्थे र सङ्घको अवर्णन गर्थे । सुप्पिय परिव्राजकका अन्तेवासी ब्रह्मदत्त माणवले चाहिं अनेक प्रकारले बुद्धको वर्णन गर्थे, धर्मको वर्णन गर्थे र सङ्घको वर्णन गर्थे । यसरी गुरु शिष्यका बीचमा परस्पर विरोधी कुरा गर्दै भगवानको पछि पछि भिक्षुसङ्घको पछि पछि गइरहेका थिए ।

---

१. दी. नि. I. पृ. ३; अ. क. I. पृ. ३५.

Downloaded from http://dhamma.digital/

अनि अम्बलट्ठिका (भन्ने बगैंचा) को राजकीय भवनमा एकरात बास बस्नेको निमित्त भगवान भिक्षुसङ्घका साथ जानुभयो । सुप्पिय परिव्राजक पनि अम्बलट्ठिकाको राजकीय भवनमा एक रात बास बस्नको निमित्त अन्तेवासी ब्रह्मदत्त माणवकका साथ गए । त्यहाँ पनि सुप्पिय परिव्राजकले अनेक प्रकारले बुद्धको अवर्णन गर्थे, धर्मको अवर्णन गर्थे र सङ्घको अवर्णन गर्थे। सुप्पिय परिव्राजकका अन्तेवासी ब्रह्मदत्त माणवकले चाहिं अनेक प्रकारले बुद्धको वर्णन, धर्मको वर्णन र सङ्घको वर्णन गर्थे। यसरी ती दुवै गुरु शिष्य परस्पर विरोधी कुरा गरी बसेका थिए ।

अनि रातको प्रत्यूष समयमा उठेर मण्डलमालमा भेला भई बसिरहेका केही भिक्षुहरूको बीचमा यस्तो कुरा चल्यो– "आवुसो ! आश्चर्यहो, आवुसो ! अद्भुत हो जहाँ कि जान्नुभएका देख्नुभएका उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले प्राणीहरूको नाना अभिप्रायलाई राम्ररी बुझ्नु हुन्छ। यी सुप्पिय परिव्राजक अनेक प्रकारले बुद्धको अवर्णन गर्छन्, धर्मको अवर्णन गर्छन् र सङ्घको अवर्णन गर्छन्। तर सुप्पियका अन्तेवासी ब्रह्मदत्त माणव चाहिं अनेक प्रकारले बुद्धको वर्णन गर्छन्, धर्मको वर्णन गर्छन् र सङ्घको वर्णन गर्छन्। यसरी दुइ गुरु शिष्य परस्पर विरोधी कुरा गर्दै भगवानको र भिक्षुसङ्घको पछि पछि जान्छन् ।"

अनि ती भिक्षुहरूको बीचमा यस्तो कुरा चलिरहेको बुझ्नु भई भगवान जहाँ मण्डलमाल हो त्यहाँ जानुभयो । त्यहाँ गएर बिच्छ्याइ-

Downloaded from http://dhamma.digital/

राखेको आसनमा बस्नुभयो। बस्नुभएका भगवानले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– “भिक्षुहो ! के कुरा गरी तिमीहरू यहाँ भेला भई बसिरहेको ? तिमीहरूको बीचमा के कुरा चलिरहेको थियो ?” यस्तो भन्नुहुँदा ती भिक्षुहरूले भगवानलाई यस्तो भने– “भन्ते ! यहाँ रातको प्रत्यूष समयमा उठी मण्डलमालमा भेला भई बसिरहेका हामीहरूको बीचमा यस्तो कुरा चलेको थियो– ‘आवुसो ! आश्चर्यहो, आवुसो ! अद्भुत हो; जहाँ कि जान्नुभएका देख्नुभएका उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले प्राणीहरूको नाना स्वभावलाई राम्ररी बुझ्नु हुन्छ। यी सुप्पिय परिव्राजक अनेक प्रकारले बुद्धको अवर्णन गर्छन्, धर्मको अवर्णन गर्छन् र सङ्घको अवर्णन गर्छन्। तर सुप्पिय परिव्राजकका अन्तेवासी ब्रह्मदत्त माणव चाहिं अनेक प्रकारले बुद्धको वर्णन गर्छन्, धर्मको वर्णन गर्छन् र सङ्घको वर्णन गर्छन्। यसरी दुइ गुरु शिष्य परस्पर विरोधी कुरा गर्दै भगवानको र भिक्षुसङ्घको पछि पछि जान्छन्। भन्ते ! हामीहरूको बीचमा कुरा चल्दै थियो अनि भगवान आउनुभयो।”

“भिक्षुहो ! अरूले मेरो अवर्णन गरे पनि, धर्मको अवर्णन गरे पनि, सङ्घको अवर्णन गरे पनि त्यहाँ तिमीहरूले आघात (बैर) वा असन्तोष वा मनमा कोप गर्नुहुन्न। भिक्षुहो ! अरूले मेरो अवर्णन गर्दा, धर्मको अवर्णन गर्दा, सङ्घको अवर्णन गर्दा यदि तिमीहरू रिसायौ भने तथा असन्तोषी भयौ भने त्यसले तिमीहरूकै हानी हुन्छ। भिक्षुहो ! अरूले मेरो अवर्णन गर्दा, धर्मको अवर्णन गर्दा, सङ्घको अवर्णन गर्दा यदि

Downloaded from http://dhamma.digital/

तिमीहरूले त्यहाँ कोप गऱ्यौं भने तथा असन्तोषी भयौ भने के तिमीहरूले अरूले गरेको सुभाषितलाई वा दुर्भाषितलाई जान्न सकौला ?"

"भन्ते ! सकिन्न ।"

"भिक्षुहो ! अरूले मेरो अवर्णन गरेमा, धर्मको अवर्णन गरेमा र सङ्घको अवर्णन गरेमा त्यहाँ तिमीहरूले असत्यलाई असत्य भनी हटाउन सक्नुपर्छ– 'यो असत्य हो, यो तथ्य होइन, यो कुरा हामीमा छैन र यो कुरा हामीमा देखिंदैन' ।"

"भिक्षुहो ! अरूले मेरो वर्णन गरेमा, धर्मको वर्णन गरेमा र सङ्घको वर्णन गरेमा त्यहाँ तिमीहरूले आनन्द मान्नु हुन्न, खुशी मान्नु हुन्न तथा प्रफुल्लित हुनु हुन्न । भिक्षुहो ! अरूले मेरो वर्णन गर्दा, धर्मको वर्णन गर्दा र सङ्घको वर्णन गर्दा यदि तिमीहरू भयौ भने, खुशी भयौ भने यस्तै प्रफुल्लित भयौ भने यसबाट तिमीहरूकै हानी हुनेछ । अरूले मेरो वर्णन गरेमा, धर्मको वर्णन गरेमा र सङ्घको वर्णन गरेमा त्यहाँ तिमीहरूले सत्यलाई सत्य भनी जान्न सक्नुपर्छ– 'यो सत्य हो, यो तथ्य हो, यो हामीमा छ तथा यो हामीहरूमा देखिन्छ' ।"

## बुद्धमा साधारण कुरा

### (क) स्यानो शील

"भिक्षुहो ! जुन पृथक्जनले तथागतको वर्णन गर्छ त्यो थोरै मात्र हो, स्यानो मात्र हो र शील मात्र हो । भिक्षुहो ! पृथक्जनले

Downloaded from http://dhamma.digital/

तथागतको वर्णन गर्ने त्यो थोरै मात्र, स्यानो मात्र र शील मात्र भनेको कस्तो हो त ?"

१– "'श्रमण गौतम प्राणीघातलाई त्यागी प्राणीघातबाट अलग भइरहन्छ– दण्ड रहित, शस्त्र रहित, लज्जालु तथा सबै प्राणी प्रति हितानुकम्पी भई बस्छ ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

२– "'श्रमण गौतम अदिन्नादानलाई त्यागी अदिन्नादानबाट विरत भई दिन्नादायी र दिएको वस्तुको मात्र अपेक्षा गर्छ। अनि यिनै पवित्रताले युक्त भई बस्छ ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

३– "'श्रमण गौतम अ-ब्रह्मचर्यलाई त्यागी ब्रह्मचारी हुन्छ– मैथुन धर्म, ग्राम धर्मबाट टाढा रही मैथुन धर्मबाट विरत भई बस्छ ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

४– "'श्रमण गौतम झूटो कुरालाई त्यागी झूटो कुराबाट अलग भई तथ्य बोल्छ, सत्यको विश्वासपात्र हुन्छ, लोकलाई फरक पारेर कुरा गर्दैन ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

५– "'श्रमण गौतम चुक्ली बोलीलाई त्यागी चुक्ली बोलीबाट अलग भई बस्छ। उनीहरूलाई फुटाउन, यता सुनेर उता बोल्दैन र उता सुनेर यता बोल्दैन बरु फुटेकालाई मिलाउँछ, मिलेकालाई प्रोत्साहित गर्छ, मेलमिलापमा रमाउँछ, मेलमिलापमा मन लगाउँछ, मेलमिलापमा

Downloaded from http://dhamma.digital/

आनन्दित हुन्छ र मेलमिलाप हुने वचन बोल्छ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

६– "'श्रमण गौतम परुष वचन (= चित्तदुख्ने वचन) लाई त्यागी, परुष वचनबाट विरत भई बस्छ। निर्दोष, कानमा आनन्द लाग्ने, प्रेमणीय, हृदयंगम, सबैलाई मनपर्ने, सबैले रुचाउने र सबैलाई प्यारो लाग्ने जुन वचन हो त्यस्तो वचन बोल्छ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

७– "'श्रमण गौतम सम्प्रलापलाई त्यागी सम्प्रलापबाट दूर भई समयमा बोल्छ– सत्यवादी, अर्थवादी, धर्मवादी, विनयवादी मनमा राखिराख्न योग्य वाचा बोल्छ; उचित समयमा कारण सहित, टुँगो लगाई अर्थ सहित वाचा बोल्छ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

८– "'श्रमण गौतम बिउ तथा विरुवाहरू नाश गर्ने कामबाट अलग रहन्छ।'...

९– "'श्रमण गौतम रातपर्नु भन्दा अगाडि विकाल भोजनबाट विरत भई एकछाक भोजन गर्छ।'...

१०– "'श्रमण गौतम नाच, गान, बाजा तथा अन्य प्रदर्शनी हेर्ने कामबाट अलग रहन्छ।'...

११– "'श्रमण गौतम माला-सुगन्ध-लेपन धारण (= अलंकार लगाउने), मण्डन (= राम्रो गर्ने), विभूषणबाट अलग रहन्छ।'...

Downloaded from http://dhamma.digital/

१२– "'श्रमण गौतम उच्चासन र महासनबाट विरत रहन्छ।'...

१३– "'श्रमण गौतम सुन, चाँदी ग्रहण गर्ने कामबाट दूर रहन्छ।'...

१४– "'श्रमण गौतम काँचो धान्यवर्ग ग्रहण गर्ने कामबाट अलग रहन्छ।'...

१५– "'श्रमण गौतम काँचो मासु ग्रहण गर्ने कामबाट अलग रहन्छ।'...

१६– "'श्रमण गौतम स्त्री तथा कुमारी ग्रहण गर्ने कामबाट अलग रहन्छ।'...

१७– "'श्रमण गौतम दास, दासी, ग्रहण गर्ने कामबाट अलग रहन्छ।'...

१८– "'श्रमण गौतम भेडाबाख्रा ग्रहण गर्ने कामबाट अलग रहन्छ।'...

१९– "'श्रमण गौतम कुकुरसूगुर ग्रहण गर्ने कामबाट अलग रहन्छ।'...

२०– "'श्रमण गौतम हात्ती, गाई, घोडा, घोडी ग्रहण गर्ने कामबाट अलग रहन्छ।'...

२१– "'श्रमण गौतम खेत तथा जमीन जग्गाहरू ग्रहण गर्ने कामबाट अलग रहन्छ।'...

Downloaded from http://dhamma.digital/

२२– "'श्रमण गौतम (कुनै गृहस्थीको) दूतेय्य कामबाट अलग रहन्छ।'...

२३– "'श्रमण गौतम क्रय-विक्रयबाट अलग रहन्छ।'...

२४– "'श्रमण गौतम तराजु, ढक, माना-पाथीमा छलकपट गर्ने कामबाट अलग रहन्छ।'...

२५– "'श्रमण गौतम घुस लिने दिने, छलकपट गर्ने, छकाउने र नकली सुन चाँदी बनाउने कामबाट अलग रहन्छ।'...

२६– "'श्रमण गौतम छेदन (= हातखुट्टा काट्ने), वध (मार्ने पिट्ने), बन्धन (= बाँध्ने), लुट्ने, डाँकामार्ने कामबाट अलग रहन्छ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

## (ख) मध्यम शील

१– "जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन खाएर यसरी बिउ तथा विरुवाहरू नाश गर्ने काममा संलग्न भई बस्छन्। जस्तै– (१) मूलबीज (= हलेदो, अदुवा आदिको बीज), (२) स्कन्धबीज (=पीपल, बाँस आदिको बीज), (३) फलबीज, (४) अग्रबीज (=टुप्पोबाट पलाउने बीज), (५) बीजबीज (=धान, गहुँ आदिको बीज)। श्रमण गौतम यसरी बिउ तथा विरुवाहरू नाश गर्ने कामबाट अलग रहन्छ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

Downloaded from http://dhamma.digital/

२– "जस्तै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन खाएर यसरी सन्निधिकार (= रात बिताएर राखेको) वस्तु परिभोग गर्ने काममा संलग्न भई बस्छन् । जस्तै– (१) अन्नसन्निधिकार, (२) पान सन्निधिकार, (३) वस्त्र[१] सन्निधिकार, (४) यानवाहन[२] सन्निधि-कार, (५) सयन[३] सन्निधिकार, (६) गन्ध[४] सन्निधिकार, (७) आमिस[५]

---

१. यहाँ 'चीवर वस्त्र' लाई 'वस्त्र' भनिएको हो । भिक्षुहरूको नियम अनुसार तीन चीवरभन्दा बढता राख्न हुन्न । अथवा अधिष्ठान विना बढता चीवर राख्न हुन्न । अधिष्ठान नगरिकन राख्नेलाई 'वस्त्र सन्निधिकार' भनिएको हो । सुमं. वि. I. पृ. १०० : ब्रह्मजालसुत्तवण्णना ।

२. यहाँ 'यानवाहन' भनी भिक्षुहरूले लगाउने चप्पल आदिलाई भनिएको हो । भिक्षुहरूले एकजोर अरण्यको लागि तथा एकजोर पाउ धोएपछि लगाउनको लागि गरी जम्मा दुइजोर चप्पल राख्न हुन्छ । यसभन्दा बढी राख्नेलाई 'सन्निधिकार' दोष लाग्छ । सुमं. वि. I. पृ. १०१ : ब्रह्मजालसुत्तवण्णना ।

३. 'सयन' भनेको बस्ने र सुत्ने आसन । योभन्दा बढी राख्दा 'सन्निधिकार' दोष लाग्छ । सुमं. वि. I. पृ. १०१ : ब्रह्मजालसुत्तवण्णना ।

४. घाऊ वा खटिरा आदिको निमित्त चाहिने मलम आदिलाई यहाँ 'गन्ध' भनिएको हो । सुमं. वि. I. पृ. १०१ : ब्रह्मजालसुत्तवण्णना ।

५. यहाँ 'आमिस' भनी चाहिने मात्रा भन्दा बढी मात्राका वस्तुहरूलाई भनिएको हो । सुमं. वि. I. पृ. १०१ : ब्रह्मजालसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

सन्निधिकार, आदि । श्रमण गौतम यसरी सन्निधिकार गरी परिभोग गर्दैन ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

३– "जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन खाएर यसरी विसूकदर्शन (= अनुचित्तदर्शन) गर्ने काममा संलग्न भई बस्छन् । जस्तै– नाच, गान, बाजा, नाटक, काटमारको नाटक, थपडी बजाउने, बाजाको ताल, गाग्री बजाउने, नाचनेहरूको टोली, फलामको डल्लोको खेल, बाँसको खेल, हड्डी बजाउने; हात्ती जुधाउने, घोडा जुधाउने, भैंसी जुधाउने, गोरु जुधाउने, बोका जुधाउने, भेडा जुधाउने, कुखुरा जुधाउने, बट्टाई लडाउने; लट्ठी लडाउने, मुडकी खेलाउने, कुश्ती लडने, मारपीट गर्ने, सेनाब्यूह (= ब्यारेक), सेना समूह आदि । श्रमण गौतम यसप्रकारको अनुचित दर्शनबाट अलग रहन्छ ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

४– "जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन खाएर यसरी जूवा आदि प्रमादस्थानमा संलग्न भई बस्छन् । जस्तै– अष्टपद (= प्रत्येक पंक्तिमा आठ आठ जना खेल्ने), दशपद, आकाश (= आकाशमा खेल्ने), परिहारपथं (= भुइँमा मण्डल बनाई खेल्ने), सन्तिकं (= नजिकमा खेल्ने अर्थात् गिर्खाको थुप्रो राखी त्यसबाट एक एकवटा गिर्खा नहल्लाइकन झिक्ने), खलिकं (= पासा), घटिकं (= लामो लट्ठीले होचो लट्ठीलाई पिट्ने), सलाकहत्थं (= कुनै भिजेको काठको टुक्राले भित्तामा रूप कोर्ने), अक्खं (= गेडीको खेल), पङ्गचीरं (= पातका डाँठहरू खेल्ने), वङ्ककं (= हलो बनाइ खेल्ने),

Downloaded from http://dhamma.digital/

मोक्खचिकं (= आकाशमा वा भुइँमा चक्का घुमाउने), चिङ्गलिकं (= ताडको पात पिटेर घुमाउने), पत्ताल्हकं (= पातको मानो बनाई नापेर खेल्ने), रथको खेल (= खेलौना रथ), धनूषको खेल, अक्खरिकं (= आकाशमा वा पिठ्यूँमा अक्षर लेख्ने), मनमा चिताएको जान्ने, काना र लंगडा जस्तै भई खेल्ने खेल आदि। श्रमण गौत्म यस्ता प्रमादस्थानमा संलग्न भई बस्दैन।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

५– "जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी उच्चाशयन महाशयनमा संलग्न भई बस्छन्। जस्तै– आसन्दिं (= प्रमाणभन्दा ठूलो खाट), पल्लङ्कं (= खाट वा कुर्सीको खुट्टामा कुनै पशुको चित्र कुँदिएको आसन), गोनक (= लामा लामा रौं भएको), चितकं (= अनेक बुट्टा भएको तन्ना), पटिकं (= भेडाको सेतो रौंले बनेको तन्ना), पटलिक (= भेडाको रौंको तन्ना), कपासको वच्छ्याउन, निकतिकं (= सिंह आदिको बुट्टा भएको ऊनको तन्ना), उद्दलोमिं (= दुबैतिर झल्लर भएको ऊनको तन्ना), उकन्तलोमिं (= एक तरफ उनको झल्लर भएको), कट्टिसं (= जरीले बुनेको अस्तरण), जरीले बुनेको रेशमको अस्तरण, कुत्तकं (= सोह्रजना स्त्री नाच्न हुने दरी), हत्थत्थरं (= हात्तीमा वच्छ्याउने साज), अस्सत्थरं (= घोडामा वच्छ्याउने साज), रथत्थरं (= रथमा वच्छ्याउने साज), अजिनप्पेवेणिं (= बोकाको छालाको बिच्छ्याउना), कदलिमृगको छाला, चँदुवा, दुबैतिर राता तकिया आदि। श्रमण गौतम

Downloaded from http://dhamma.digital/

यस्तो उच्चाशयन महाशयनबाट अलग रहन्छ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

६– "जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी मण्डनविभूषण आदिमा संलग्न भई बस्छन्। जस्तै– अत्तर पाउडर लगाउने, तेल लगाउने, मालागन्ध लेपन गर्ने, मुखमा पाउडर लगाउने, मुखमा लेप लगाउने, हातमा बाला आदि लगाउने, कपाल कोर्ने, अलंकृत लट्ठी, बुट्टेदार बुट्टा, तरबार, बुट्टा भएको छाता, बुट्टा भएको जुत्ता, मुकुट धारण, मणि, चँवर, लामा लामा सेतो कपडा आदि। श्रमण गौतम यसप्रकारको मण्डन विभूषणबाट दूर रहन्छ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

७– "जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन कथामा संलग्न भई बस्छन्। जस्तै– (१) राजकथा, (२) चोरकथा, (३) महामात्यकथा, (४) सेनाकथा, (५) भयकथा, (६) युद्धकथा, (७) अन्नकथा, (८) पानकथा, (९) वस्त्रकथा, (१०)) शयनकथा, (११) मालाकथा, (१२) गन्धकथा, (१३) ज्ञातिकथा, (१४) यानकथा, (१५) ग्रामकथा, (१६) निगमकथा, (१७) नगरकथा, (१८) जनपदकथा, (१९) स्त्रीकथा, (२०) शूरकथा (बहादुरी), (२१) चौबाटोकथा, (२२) पँधेराको-कथा, (२३) पूर्वप्रेतकथा, (२४) नानात्वकथा, (२५) लोकाख्यायिककथा, (२६) समुद्रख्यायिककथा, (२७) भवकथा तथा (२८) अभवकथा। श्रमण गौतम यस्तो तिरश्चीनकथाबाट अलग रहन्छ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

Downloaded from http://dhamma.digital/

८– "जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर विग्रह कथामा संलग्न भई बस्छन् । जस्तै– तिमी यो धर्मविनय जान्दैनौ, यो धर्मविनय म जान्दछु। तिमी यो धर्मविनय के जानौला र ? तिमी गलत बाटोमा छौ । म ठीक बाटोमा छु। मेरो कुरा सार्थक छ। तिम्रो कुरा निरर्थक छ। अघि भन्नुपर्ने पछि भन्छौ पनि भन्नुपर्ने अघि भन्छौ । तिमीले धेरै दिनदेखि सिकेर आएको कुरा मेरो बादको अगाडि ब्यर्थ छ । तिमीमाथि वाद आरोप गर्छु । तिमी निग्रहित छौ । (मेरो वादबाट) मुक्त हुन तिमी बाहिर घुम । यदि सक्छौ भने मेरो कुराको जवाफ दे ऊ आदि। श्रमण गौतम यस्तो विग्रह कथाबाट अलग रहन्छ। भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

९– "जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी दूतेय्य कामगर्नेमा संलग्न भएर बस्छन्। जस्तै– राजाहरूले, महामात्यहरूले, क्षत्रीहरूले, ब्राह्मणहरूले र गृहपतिहरूले, कुमारहरूले 'फलाना ठाउँमा जा ऊ , फलाना ठाउँमा आ ऊ , यो लैजा ऊ , फलाना ठाउँमा यो ल्या ऊ ' भन्ने आदि। श्रमण गौतम यस्तो दूतेय्य कामबाट अलग रहन्छ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

१०– "जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी कुहक (= आफूमा नभएको गुण देखाउने बानी = पाखण्डी) हुन्छन्, लाभसत्कारको निमित्त कुरा गर्छन्। यसैको कारणमा लक्षणका

Downloaded from http://dhamma.digital/

कुराहरू बताउँछन् । यसैको कारणमा अर्कासँग झगडा पनि गर्छन् तथा लाभले लाभको खोजी गर्छन् । श्रमण गौतम यस्ता कुराहरूबाट र कुहक कुरा गर्नेबाट दूर रहन्छ ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

## (ग) महाशील

१– "जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन यसरी तिरश्चीनविदयाद्वारा मिथ्या जीविका गर्छन् । जस्तै– अङ्गविदया[1], निमित्तविदया[2], उत्पादविदया[3], स्वप्नविदया[4], लक्षणविदया[5], मुसाले काटेका विदया[6], अग्नि होम[7], भुस होम, कनिका होम, तण्डुल होम, घि ऊ होम, तेल होम, मुख होम[8], रगत होम[9], अंगविदया, वास्तुविदया[10], नक्षत्रविदया, मसानविदया[11], भूतविदया, भूरिविदया ,

---

१. हात खुट्टा आदिको लक्षण हेरी यस्तो अङ्गले युक्त हुने दीर्घायु तथा यशवान् हुन्छ भनी जान्ने विदया ।

२. 'निमित्तविदया' भनेको बाहिरको कुनै कारणलाई देखेर त्यस अनुसार भन्ने विदया । जस्तै–

पण्डराजाले तीनवटा मोती मुट्ठीमा राखी निमित्तविदया जान्नेसँग सोधे– 'मेरो हातमा के छ ?' उसले यताउति हेर्दा एउटा माकुराले झिंगा समात्छु भनी दगुरेर जाँदा झिंगा मुक्त भएर गयो । यो देखेर उसले 'मुक्ता = मोती' भनी भन्यो । फेरि

Downloaded from http://dhamma.digital/

राजाले 'कतिवटा छ त ?' भनी सोधे। फेरि यताउति हेर्दा उसले नगिचमा तीनचोटी कुखुरा बासेको सुनेर 'तीनवटा' भनी भन्यो। यस्तालाई 'निमित्त विदया' भनिएको हो। सुमं. वि. I. पृ. ११० : ब्रह्मजालसुत्तवण्णना।

(३) 'उत्पादविदया' भनेको बिजुली चम्केर वज्र खसेको देखेर यसबाट यस्तो हुनेछ भनी जान्ने विदया।

(४) 'स्वप्नविदया' भनेको फलाना फलाना समयमा यस्तो यस्तो स्वप्न देखेमा यस्तो यस्तो हुनेछ भन्ने विदया।

(५) 'लक्षणविदया' भनेको यस्तो यस्तो लक्षणले युक्त हुने राजा हुन्छ अथवा उपराजा हुन्छ भनी भन्ने विदया।

(६) कुनै वस्तु वा वस्त्र मुसाले काटेको देखेर यसबाट यस्तो यस्तो हुन सक्छ भनी भनिने विदया। सुमं. वि. I. पृ. ११० : ब्रह्मजालसुत्तवण्णना।

(७) यस्तो यस्तो किसिमको काठले होम गर्दा यस्तो यस्तो फल पाइन्छ भन्ने विदया।

(८) 'मुख होम' भनेको मुखमा राखेको अन्न आदि यज्ञशालामा थुकेर गरिने होम। अथवा मन्त्र उच्चारण गरी गरिने होम।

(९) दाहिने काँधतिरको रगतले गरिने होम।

(१०) घरबारीको माटो हेरेर गुणदोष विचार गर्ने विदया।

(११) मसानमा बसेर शान्ति सुरक्षा गर्ने विदया।

Downloaded from http://dhamma.digital/

सर्पविदया[१], सर्पविदया[२], विषविदया[३], बिच्छिविदया, मुसाको विदया, पक्षिविदया[४], कौवाको विदया[५], परिपक्वध्यान विदया[६], तीरपरित्राण विदया[७], मृग चक्रविदया[८] आदि । श्रमण गौतम यस्ता तिरश्चीन विदयाबाट अलग रहन्छ ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

२– " 'जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन विदयाद्वारा मिथ्या जीविका गर्छन् । जस्तै– मणिलक्षण, वस्त्रलक्षण, दण्डलक्षण, शस्त्रलक्षण, तरबारलक्षण, तीरलक्षण, धनुषलक्षण, आयुधलक्षण, स्त्रीलक्षण, पुरुषलक्षण, कुमारलक्षण, कुमारी लक्षण, दासलक्षण, दासीलक्षण, हात्तीलक्षण, घोडालक्षण, भैंसी-

१. ठूलो घरमा बस्नेहरूले पढ्नु पर्ने विदया ।
२. सर्पले टोकेकोलाई निकोपार्ने मन्त्र विदया ।
३. पुरानो विषलाई झिक्नसक्ने र नयाँ विषलाई थप्न सक्ने विदया । सुमं. वि. I. पृ. १११ : ब्रह्मजालसुत्तवण्णना ।
४. प्वाँख भएका र प्वाँख नभएका तथा दुई खुट्टा र चार खुट्टा भएका पशुपक्षिहरूको आवाज र उडाइ हेरेर पशुपक्षि चिन्नसक्ने विदया ।
५. कौवा कराएको आवाज र सुनेर यस्तो यस्तो हुन्छ भन्ने विदया ।
६. यो यति बाँच्नेछ यो यति बाँच्नेछ भनी भन्न सक्ने विदया ।
७. आफूतिर आएको बाँणलाई फर्काउनसक्ने विदया ।
८. पशुपक्षिहरूको आवाज सुनेर सबै पशुपक्षिहरू चिन्नसक्ने विदया । सुमं. वि. I. पृ. ११२ : ब्रह्मजालसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

लक्षण, साढेलक्षण, गाईलक्षण, बोकालक्षण, भेडालक्षण, कुखुरालक्षण, बट्टाईलक्षण, गोहीलक्षण, कर्णिका (= कानको गहना) लक्षण, कछुवालक्षण र मृगलक्षण आदि । श्रमण गौतम यस्तो तिरश्चीन विदयाद्वारा मिथ्या जीविकाबाट अलग रहन्छ ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

३– " 'जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन विदयाद्वारा मिथ्या जीविका गर्छन् । जस्तै– फलाना बेलामा राजा बाहिर निस्कनु हुन्छ । फलाना बेलामा राजा फर्कनुपर्छ । भित्रका राजा अगाडि बढ्नुपर्छ । बाहिरका राजा पछाडि हटेर जानुपर्छ । बाहिरका राजा पछाडि हटेर जानुपर्छ । भित्रका राजाको जय हुनेछ । बाहिरका राजाको पराजय हुनेछ । बाहिरका राजाको जय हुनेछ र भित्रका राजाको पराजय हुनेछ । यसरी यसको जय हुनेछ र यसको पराजय हुनेछ आदि । श्रमण गौतम यस्तो तिरश्चीन विदयाद्वारा मिथ्या जीविकाबाट अलग रहन्छ ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

४– " 'जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन विदयाद्वारा मिथ्या जीविका गर्छन् । जस्तै– चन्द्रग्रहण हुनेछ, सूर्यग्रहण हुनेछ, नक्षत्र ग्रहण हुनेछ, चन्द्रसूर्यहरू आ-आफ्ना बाटोमा रहनेछन्, चन्द्रसूर्यहरू आ-आफ्नो बाटो छाडेर अर्को बाटोमा लाग्नेछन् । नक्षत्रहरू आ-आफ्ना बाटोमा रहनेछन्, नक्षत्रहरू आ-आफ्ना बाटो छाडेर अर्को बाटोमा लाग्नेछन् । उल्कापात हुनेछ,

Downloaded from http://dhamma.digital/

दिशाडाह हुनेछ। भूकम्प हुनेछ। सुक्खा बादल गर्जिनेछ। चन्द्रसूर्य नक्षत्रहरूको उदय, अस्त, मलिन तथा परिशुद्ध हुनेछ। यो चन्द्र ग्रहणबाट यस्तो फल हुनेछ। यो सूर्य ग्रहणबाट यस्तो फल हुनेछ। यो नक्षत्र ग्रहणबाट यस्तो फल हुनेछ। यी चन्द्रसूर्यहरू आ-आफ्नो बाटोमा रहनाको फल यस्तो हुनेछ। यी चन्द्रसूर्यहरू आ-आफ्नो बाटो छोडेर अर्को बाटोमा लाग्नाको फल यस्तो हुनेछ। यी नक्षत्रहरू आ-आफ्नो बाटोमा रहनाको फल यस्तो हुनछे। यो नक्षत्रहरू आ-आफ्नो बाटो छाडी अर्को बाटोमा लाग्नाको फल यस्तो हुनेछ। यो उल्कापातको फल यस्तो हुनेछ। यो दिशा डाहको फल यस्तो हुनेछ। यो भूकम्पको फल यस्तो हुनेछ। यो सुक्खा बादल गर्जनाको फल यस्तो हुनेछ। यी चन्द्रसूर्य नक्षत्रहरूको उदय अस्त मलिन तथा परिशुद्ध हुनाको फल यस्तो हुनेछ आदि। श्रमण गौतम यस्तो तिरश्चीन विदयाद्वारा मिथ्या जीविकाबाट दूर रहन्छ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

५– " 'जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन विदयाद्वारा मिथ्या जीविका गर्छन्। जस्तै– सुवृष्टि हुनेछ, दुर्वृष्टि हुनेछ। सुभिक्ष हुनेछ, दुर्भिक्ष हुनेछ। निर्भय हुनेछ, भय हुनेछ। रोग हुनेछ, निरोग हुनेछ। हस्तमुद्रा गणनविदया, संख्यानविदया[1], कवितापाठ र वितण्डवाद आदि आदि। श्रमण गौतम

१. यो विदया जान्नेले कुनै रुख देख्दा पनि 'यस रुखमा यति पातहरू छन्' भन्ने कुरा भन्नसक्छ। सुमं. वि. I. पृ. ११३ : ब्रह्मजालसुत्त-वण्णना।

Downloaded from http://dhamma.digital/

यस्ता तिरश्चीन विदद्याद्वारा मिथ्या जीविकाबाट दूर रहन्छ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

६– " 'जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन विदद्याद्वारा मिथ्या जीविका गर्छन्। जस्तै– आवाह (= कन्या ल्याउने) विवाह (= कन्या दिने) गर्नको लागि साइत बताउने, उधारो उठाउने र दुर्भाग्य बताउने । गर्भपुष्टि गर्ने, मन्त्रबलले जिभ्रो बाँध्ने, मन्त्रबलले बंगरा बाँध्ने, मन्त्रबलले अर्काको हात उल्टचाइदिने, मन्त्रबलले बगरा नचल्ने गराइदिने, मन्त्रबलले बहिरो गराइदिने। ऐनामा देवता बोलाई प्रश्न सोध्ने। कुमारीको शरीरमा देवता प्रवेश गराई प्रश्न सोध्ने। देवदासीको शरीरमा देवता प्रवेश गराई प्रश्न सोध्ने। जीविकाको लागि सूर्य र महाब्रह्माको पूजा गर्ने । मुखबाट अग्निज्वाला निकाल्ने । श्रीको आह्वान गर्ने आदि आदि । श्रमण गौतम यस्तो तिरश्चीन विदद्याद्वारा मिथ्या जीविकाबाट अलग रहन्छ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।"

७– " 'जस्तै कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन विदद्याद्वारा मिथ्या जीविका गर्छन् । जस्तै– शान्तिकर्म[१], प्रणिधिकर्म[२], भूतकर्म, भूरिकर्म[३], पुरुषलाई नपुंसक बनाउने कर्म, नपुंसकलाई पुरुष बनाउने कर्म, भूरिकर्म, भूमिपरिकर्म,

१. 'शान्तिकर्म' भनेको कुनै देवस्थलमा गई 'यदि मेरो यस्तो यस्तो कामना सिद्ध भएको खण्डमा तपाईलाई यो यो वस्तुद्वारा पूजा गर्नेछ' भनी भाकल गर्ने काम ।

Downloaded from http://dhamma.digital/

आचमन कर्म, नुहाउने कर्म, होम कर्म, उल्टी गराउने कर्म, विरेचन कर्म, उर्ध्वविरेचन कर्म, अधोविरेचन कर्म, शीर्षविरेचन कर्म, कानको तेल बनाउने कर्म, नेत्र तर्पण तेल बनाउने कर्म, नस हाल्ने कर्म, अञ्जन कर्म, शीतल अञ्जन दिने कर्म, शस्त्र अस्त्रद्वारा गरिने (चीरफार) कर्म, शल्यचिकित्सा कर्म, बालचिकित्सा कर्म, जडीबुटीबाट औषधी दिने कर्म, क्षार औषधीको प्रभाव दूर गर्ने औषधी दिने कर्म आदि आदि । श्रमण गौतम यस्तो तिरश्चीन विदयाद्वारा मिथ्या जीविकाबाट अलग रहन्छ ।' भिक्षुहो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

"भिक्षुहो ! जुन त्यो पृथक्जनले तथागतको वर्णन गर्छ त्यो थोरै मात्र हो, स्यानो मात्र हो, शील मात्र हो ।"

## बुद्धमा असाधारणता

## बयसट्ठी दार्शनिक मतहरू

"भिक्षु हो ! अर्कै धर्महरू छन्[१]– जो गम्भीर, दुर्दर्शनीय,

---

२. 'प्रणिधिकर्म' भनेको उपरोक्ताकारले प्रार्थना गरेको काम सिद्ध भएपछि भाकल गरे बमोजिम पूरा गर्ने काम ।

३. सिकेको मन्त्रलाई घरमा बसी अभ्यास गर्ने काम । सुमं. वि. I. पृ. ११५ : ब्रह्मजालसुत्तवण्णना ।

१. यतिञ्जेलसम्म सुप्पिय परिव्राजकका शिष्य ब्रह्मदत्त जस्ताले गर्ने बुद्धवर्णनका कुराहरू भनिएका हुन् । यहाँदेखि अगाडिका कुराहरू

Downloaded from http://dhamma.digital/

दुरनुबोध, शान्त, प्रणीत, अतर्काविचर, निपुण तथा पण्डितवेदनीय छ– जसलाई तथागतले स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनु हुन्छ र जसलाई तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्छन् । भिक्षुहो ! ती कुनचाहिं धर्महरू हुन् त जो गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कविचर, निपुण तथा पण्डितवेदनीय छ तथा जसलाई तथागतले स्वयं अभिज्ञाद्वारा साक्षात्कार गर्नुभएको छ जसलाई तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्छन ?"

## (क) पूर्वान्तको सम्बन्धमा १८ धारणाहरू

"भिक्षुहो ! पूर्वान्तको[1] सम्बन्धमा कल्पना (पुब्बानाकप्पिका) गर्ने, पूर्वान्तातुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन् जो अट्ठार (१८) कारणहरूद्वारा पूर्वान्तको सम्बन्धमा अनेक प्रकारका विचार (अधिमुत्तिपदानि) प्रकट गर्छन् । कुन कारणले, कुन आधारमा ती भद्र श्रमण ब्राह्मणहरू १८ कारणहरूद्वारा पूर्वान्तको सम्बन्धमा अनेक प्रकारका विचार प्रकट गर्छन् त ?—

---

चाहिं भिक्षुहरूद्वारा गरिने वर्णन कुरा सुनाउँदै "भिक्षुहो ! अर्कै धर्महरू छन् ... " भनी शून्यताको कुरा प्रकाश पार्न यस्तो भन्नुभएको हो भनी सुमं. वि. क्ष पृ. ११७ : जालसुत्तवण्णनाले उल्लेख गरेको छ ।

१. यहाँ 'पूर्वान्त' भनेको अघिको, भूतकालको भनिएको हो । 'पूर्वान्त' शब्दको अर्थ प्रकाश पार्दै अर्थकथाहरूले यसरी उल्लेख गरेका छन्–

Downloaded from http://dhamma.digital/

## (१) शाश्वतवाद–४

१–a. "भिक्षुहो ! चार कारणले केही शाश्वतवादी (= नित्यवादी) श्रमण ब्राह्मणहरू आफूलाई (= आत्मालाई) र लोकलाई शाश्वत (= नित्य) भनी भन्छन् । के कारणले, के आधारमा ती भद्र शाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई शाश्वत भन्छन् ?"

पूर्वानुस्मृति– "भिक्षुहो ! यहाँ केही श्रमण वा ब्राह्मण आतप्त गरी, वीर्य गरी, मेहनत गरी, स्मृति राखी तथा राम्ररी मनमा राखी त्यस प्रकारको चित्त समाधि प्राप्त गर्छन् जुन समाहित चित्त परिशुद्ध, स्वच्छ, निर्मल तथा क्लेश रहित भएपछि उनशीहरूले अनेक प्रकारका पूर्व जन्मका कुराहरू अनुस्मरण गर्छन् । जस्तै– 'एक जन्मको कुरा, दुइ

---

'पुब्बन्तन्ति पुरिमकोट्ठासं' भनी पपं. सू. II. पृ. २५७ : महातण्हासंखयसुत्तवण्णनाले उल्लेख गरेको छ ।

'पुब्बन्तो वुच्चति अतीतानि खन्ध-धातायतनानि' भनी धम्म. सं. पृ. २८३ : तिकनिद्देसले उल्लेख गरेको छ ।

'पुब्बन्त वुच्चति अतीतो अद्धा' भनी महा. नि. पृ. १७७ : पुराभेदसुत्तनिद्देसले उल्लेख गरेको छ ।

'पुब्बन्तं कप्पेत्वा विकप्पेत्वा गण्हन्तीति पुब्बमाकप्पिका । पुब्बन्तकप्पो वा एतेसं अत्थीति पुब्बन्तकप्पिकां भनी सुमं. वि. I. पृ. १२१ ब्रह्मजालसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://dhamma.digital/

जन्मको कुरा, तीन जन्मकोकुरा, ... [1] शयहजार जन्मको कुरा। अमुक स्थानमा थियौं, यस्तो नाम, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार-पान, यस्तो सुख दुःख भागेग गर्ने र यति आयु थियो। अनि त्यहाँबाट च्युत भई अमुक ठाउँमा जन्में। त्यहाँ पनि यस्तो नाम, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार-पान, यस्तो सुख दुःख भागे गर्ने र यति आयु थियो। सो त्यहाँबाट च्युत भई यहाँ जन्म्यौं।' यसरी आकार सहित, उद्देश्य (= नाम र गोत्र) सहित। अनेक प्रकारले पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छन्।

b. "अनि उनीहरू (यसै ध्यानलाई सम्झेर) यस्तो भन्छन्– 'आफू (आत्मा) पनि लोक पनि शाश्वत[2] हो। कसैबाट उत्पन्न भएको होइन (वञ्झो), पर्वत जस्तै स्थिर (कूटट्ठो) र स्तम्भ जस्तै अचल छ। ती सत्वहरू यताउता दगुर्छन्, चल्छन्, च्युत हुन्छन् र उत्पन्न हुन्छन्[3];

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. २९० : 'पूर्वानुस्मृतिज्ञान' मा उल्लेख भए जस्तै, अथवा बु. रा. भा-२, पृ. १६५ : 'पूर्वानुस्मृतिज्ञान' मा उल्लेख भए जस्तै अथवा बु. ब्रा. भा-२, पृ. १९८ को (८) मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

२. रूपादि मध्ये कुनै स्कन्धलाई आत्मा पनि लोक पनि भनी ग्रहण गरेर त्यो नित्य (= शाश्वत) हो, ध्रुव हो भनी भन्छन्। सुमं. वि. I. पृ. १२२-२३ : ब्रह्मजालसुत्तवण्णना।

३. कल्पनाद्वारा मात्र 'अचल छ' भनी भनिएको हुँदा अहिले फेरि आफ्नै कुराको खण्डन हुने गरी यहाँ 'चल्छन्, च्युत हुन्छन्' आदि भन्छन्। सुमं. वि. I. पृ. १२२-२३ : ब्रह्मजालसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

शाश्वतता पनि रहिरहन्छन् ।' किनभने ? हामी आतप्त गरी, ... तथा राम्ररी मनमा राखी त्यसप्रकारको चित्त समाधि प्राप्त गर्छौं जुन समाहित चित्त हुँदा अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्छौं । जस्तै– 'एक जन्मको कुरा, दुइ जन्मको कुरा, ... । यसरी आकार सहित, उद्देश्य सहित अनेक प्रकारले पूर्वजन्मका कुरा संस्मरण गर्छौं । यस कारणद्वारा पनि हामी यो जान्दछौं कि आत्मा र लोक शाश्वत (= नित्य) हो । कसैबाट उत्पन्न भएको होइन, पर्वत जस्तै स्थिर र स्तम्भ जस्तै अचल छ । ती सत्वहरू यताउता दगुर्छन्, चल्छन्, च्युत हुन्छन् र उत्पन्न पनि हुन्छन् । शाश्वतता पनि रहिरहन्छ ।' भिक्षुहो ! यो पहिलो स्थान हो जसको कारणले, जसको आधारमा केही शाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई शाश्वत (= नित्य) हो भनी भन्छन् ।"

२–a– "कुन दोस्रो कारणले, कुन दोस्रो आधारमा ती भद्र शाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई शाश्वत भन्छन् त ? भिक्षुहो ! यहाँ केही श्रमण वा ब्राह्मण आतप्त गरी, ... त्यस प्रकारको चित्त समाधि प्राप्त गर्छ जुन समाहित चित्त परिशुद्ध, ... भएपछि उनीहरूले अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छन् । जस्तै– एक संवर्त (= प्रलय) कल्प, दुइ संर्वत कल्प, तीन संर्वत कल्प, चार संवर्त कल्प, पाँच संवर्त कल्प, दश संवर्त कल्पः 'अमुक स्थानमा थियौं, यस्तो नाम, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार-पान, यस्तो सुख दुःख भोग गर्ने र यति आयु थियो । अनि त्यहाँबाट च्युत भई अमुक ठाउँमा जन्म्यौं । त्यहाँ पनि यस्तो नाम, यस्तो गोत्र, ... यति आयु थियो । सो त्यहाँबाट

Downloaded from http://dhamma.digital/

च्युत भई यहाँ जन्म्यौं ।' यसरी आकार सहित ... पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छन् ।"

b. "अनि उनीहरू यस्तो भन्छन्– 'आफू पनि लोक पनि शाश्वत हो । ... [१] ।' किनभने ? हामी आतप्त गरी, ... तथा राम्ररी मनमा राखी त्यसप्रकारको चित्त समाधि प्राप्त गर्छौं जुन समाहित चित्त हुँदा अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्छौं । जस्तै– 'एक संवर्त कल्प, सो त्यहाँबाट च्युत भई यहाँ जन्म्यौं ।' यसरी आकार सहित ... अनेक प्रकारले पूर्वजन्मका कुराहरू संस्मरण गर्छौं । यसकारणद्वारा पनि हामी यो जान्दछौं कि आत्मा र लोक शाश्वत हो । कसैबाट उत्पन्न भएको होइन, पर्वत जस्तै स्थिर र स्तम्भ जस्तै अचल छ । ती सत्वहरू यताउता दगुर्छन्, चल्छन्, च्युत हुन्छन् र उत्पन्न पनि हुन्छन् । शाश्वतता पनि रहिरहन्छ ।' भिक्षुहो ! यो दोस्रो स्थान हो जसको कारणले, जसको आधारमा केही शाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई शाश्वत हो भनी भन्छन् ।"

३–a– "कुन तेस्रो कारणले, कुन तेस्रो आधारमा शाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई शाश्वत भन्छन् त ? भिक्षुहो ! यहाँ केही श्रमण वा ब्राह्मण आतप्त गरी, ... त्यसप्रकारको चित्त समाधि प्राप्त गर्छन् जुन समाहित चित्त परिशुद्ध, ... भएपछि उनीहरूले अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छन् । जस्तै– दशसंवर्त कल्प,

---

१. माथि पृ. २८ मा शाश्वत हो' भन्ने ठाउँमा 'शाश्वतता पनि रहिरहन्छ' भन्ने ठाउँसम्मको बीचको कुरा दोहऱ्याउनू ।

Downloaded from http://dhamma.digital/

बीस संर्वत कल्प, तीस संर्वत कल्प, चालीस संवर्त कल्पः 'अमुक स्थानमा थियौं' यस्तो नाम, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार-पान, यस्तो सुख दुःख भोग गर्ने र यति आयु थियो। अनि त्यहाँबाट च्युत भई अमुक ठाउँमा जन्म्यौं। त्यहाँ पनि यस्तो नाम, यस्तो गोत्र, ... यति आयु थियो। सो त्यहाँबाट च्युत भई यहाँ जन्म्यौं।' यसरी आकार सहित ... पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छन्।"

b. "अनि उनीहरू यस्तो भन्छन्– 'आफू पनि लोक पनि शाश्वत हो। ... ।' किनभने ? हामी आतप्त गरी, ... तथा राम्ररी मनमा राखी त्यसप्रकारको चित्त समाधि प्राप्त गर्छौं जुन समाहित चित्त हुँदा अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्छौं। जस्तै– 'दश संवर्त कल्प, बीस संवर्तकल्प, ... चालीस संवर्त कल्प सो त्यहाँबाट च्युत भई यहाँ जन्म्यौं।' यसरी आकार सहित ... अनेक प्रकारले पूर्वजन्मका कुराहरू संस्मरण गर्छौं। यसकारणद्वारा पनि हामी यो जान्दछौं कि आत्मा र लोक शाश्वत हो। कसैबाट उत्पन्न भएको होइन, पर्वत जस्तै स्थिर र स्तम्भ जस्तै अचल छ। ... शाश्वतता पनि रहिरहन्छ।' भिक्षुहो! यो तेस्रो स्थान हो जसको कारणले, जसको आधारमा केही शाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई शाश्वत हो भनी भन्छन्।"

४–a– "कुन चौथो कारणले, कुन चौथो आधारमा शाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई शाश्वत भन्छन् त ? भिक्षुहो! यहाँ केही श्रमण वा ब्राह्मण तार्किक र विमर्शी हुन्छन्। उनीहरू तर्कको आधारमा, विमर्शनको आधारमा आफूले जानेर यस्तो भन्छन्– 'आफू

Downloaded from http://dhamma.digital/

पनि लोक पनि शाश्वत हो। कसैबाट उत्पन्न भएको होइन, पर्वत जस्तै स्थिर र स्तम्भ जस्तै अचल छ। ती सत्वहरू यताउता दगुर्छन्, चल्छन्, च्युत हुन्छन् र उत्पन्न पनि हुन्छन्। शाश्वतता पनि रहिरहन्छ।' भिक्षुहो ! यो चौथो स्थान हो जसको कारणले, जसको आधारमा केही शाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई शाश्वत हो भनी भन्छन्।"

"भिक्षुहो ! यी ती शाश्वतवादी श्रमण ब्राह्मणहरू हुन् जो आत्मा र लोकलाई शाश्वत (= नित्य) भनी भन्छन्। भिक्षुहो ! जो ती शाश्वतवादी श्रमण ब्राह्मणहरू हुन् उनीहरू सबै यी नै चार कारणहरूले अथवा यी मध्ये कुनै एक कारणले आत्मा र लोकलाई शाश्वत हो भनी भन्छन्। यसभन्दा बाहिर अरू कारण छैन।"

"भिक्षुहो ! तथागत हो जान्दछन् कि– 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, यसरी परामर्श गरेका छन् र (उनीहरूको) यस्तो गति र सम्पराय हुन्छ।' त्यसलाई पनि तथागत जान्दछन् र त्यो भन्दा माथिका पनि जान्दछन्। त्यो ज्ञानलाई परामर्श पनि गर्दैनन्[1]। भिक्षुहो ! परामर्श नगर्नाले त्यसबाट (परामर्श गर्दा हुने क्लेशबाट) निवृत्ति भएको कुरा पनि आफैले अवबोध गर्छ। वेदनाको

---

१. तृष्णादृष्टिमानले परामर्श गर्दैन। अर्थात् म जान्दछु, मे देख्दछु भनी मान पनि गर्दैन भनिएको हो। सुमं. वि. I. पृ. १२७ : ब्रह्मजालसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

समुदय[1] पनि अस्तगमन पनि आस्वाद पनि दुष्परिणाम पनि मुक्ति पनि यथार्थतः अवबोध गरी उपादान रहित तथागत विमुक्त छ।"

"भिक्षुहो ! यी धर्महरू गम्भीर, दुर्दशनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डितवेदनीय छ । जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउँछ। जुन कुराद्वारा तथागतले वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ।

(प्रथम भाणबार)

## (२) केही शाश्वत र अशाश्वतवादी–४

प्रलय र विवृत्त– १– "भिक्षुहो ! केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू चार कारणले आफूलाई (= आत्मलाई) र लोकलाई केही शाश्वत र केही अशाश्वत भन्दछन्। कुन चार कारणले र कुन चार आधारमा ती भद्र श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई केही शाश्वत र केही अशाश्वत भन्दछन् त ?

"भिक्षुहो ! त्यस्तो समय पनि हुन्छ कि जो कुनै समय पछि धेरै समय पछि यो लोक प्रलय (= संवट्ट) हुन्छ । प्रलय भएपछि धेरैजसो प्राणीहरू आभस्वर लोकवासी हुन्छन् । तिनीहरू त्यहाँ मनोमय,

---

१. "अविदद्याको कारणले वेदना,...तृष्णाको कारणले वेदना...कर्मको कारणले वेदना,...स्पर्शको कारणले वेदना..." पटि. म. पा. पृ. १६–६२ : भङ्गानुपस्सनाञाणनिद्देसो ।

Downloaded from http://dhamma.digital/

प्रीतिभक्षी, स्वयंप्रभा, अन्तरीक्षचारी तथा शुभस्थायी[1] हुन्छन् र धेरै समयसम्म रहन्छन् ।”

“भिक्षुहो ! त्यस्तो समय पनि आउँछ कि जो कुनै समय पछि धेरै समय पछि यो लोक विवृत्त (= विवट्ट) हुन्छ । लोक विवृत्त भएपछि शून्य ब्रह्मविमान प्रादुर्भाव हुन्छ । अनि कुनै आयुक्षय वा पुण्यक्षय भएको प्राणी आभस्वर लोकबाट च्युत भई शून्य ब्रह्मविमानमा उत्पन्न हुन्छ । ऊ त्यहाँ मनोमय, प्रीतिमोक्ष, स्वयंप्रभा, अन्तरीक्षचारी तथा शुभस्थायी हुन्छन् र धेरै समयसम्म रहन्छन् ।”

“भिक्षुहो ! धेरै समयसम्म एक्लै रहँदा उसमा अनभिरति (= उदासीनता) हुन्छ त्रास हुन्छ । (अनि उसले यस्तो सोच्दछ)– ‘अहो ! अरू प्राणीहरू पनि यहाँ आए हुन्थ्यो ।’ अनि अरू पनि आयुक्षय वा पुण्यक्षय भएका प्राणीहरू आभस्वर लोकबाट च्युत भई त्यो प्राणी भएको शून्य ब्रह्मविमानमा उत्पन्न हुन्छन् । उनीहरू पनि त्यहाँ मनोमय, प्रीतिभक्षी, स्वयंप्रभा, अन्तरीक्षचारी तथा शुभस्थायी हुन्छन् र धेरै समयसम्म रहन्छन् ।”

“भिक्षुहो ! त्यहाँ जुन प्राणी पहिले उत्पन्न भयो उसलाई यस्तो लाग्छ– ‘म नै ब्रह्मा, महाब्रह्मा, श्रेष्ठ, अकनिष्ठ, सर्वदर्शी, वशवर्ती, (= सबैलाई वशमा राख्ने), ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ,

---

१. राम्रो उदचान र कल्पवृक्षमा बस्छन् भनिएको हो । सुमं. वि. I. पृ. १२९ : ब्रह्मजालसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

विभाजनकर्ता[1] वशी (= स्वामी) भूत भविष्यका प्राणीहरूका पिता, मैले यी प्राणीहरूलाई निर्माण गरें। किनभने ? मलाई नै पहिले यस्तो लागेको थियो– 'अहा ! अरू प्राणीहरू पनि यहाँ आए हुन्थ्यो ।' मेरो मनः प्रणिधिद्वारा नै यी प्राणीहरू यहाँ आएका हुन् ।"

"जो ती प्राणीहरू त्यहाँ पनि उत्पन्न भए उनीहरूलाई पनि यस्तो लाग्छ– 'यी ब्रह्मा, महाब्रह्मा, श्रेष्ठ, अकनिष्ठ, सर्वदर्शी, वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, विभाजनकर्ता वशी, भूत भविष्यका प्राणीहरूका पिता हुन् । यिनै ब्रह्मबाट हामीहरूको निर्माण भएको हो । किनभने ? यिनैलाई सर्वप्रथम यहाँ उत्पन्न भएको हामीले देख्यौं। हामी पछि उत्पन्न भएका हौं' ।"

"भिक्षुहो ! जुन प्राणी त्यहाँ पहिले उत्पन्न भए तिनीहरू बढी दीर्घायु पनि हुन्छन्, बढी वर्णवान् पनि हुन्छन् र बढी शक्तिशाली पनि हुन्छन् । जुन प्राणीहरू त्यहाँ पछि उत्पन्न भए तिनीहरू कम आयुका हुन्छन्, दुर्वर्णी पनि हुन्छन् र कम शक्तिशाली पनि हुन्छन् ।"

"भिक्षुहो ! कुनै प्राणी त्यस लोकबाट च्युत भई यस आत्म-भावमा उत्पन्न हुनसक्छ। यस लोकमा आई घरबार छाडी अनगारिक

१. तिमी क्षत्री हौ, तिमी ब्राह्मण हौ, तिमी वैश्य हौ, शूद्र हौ, गृहस्थी हौ, प्रव्रजित हौ। तिमी ऊँट हौ, गाई हौ, आदि प्रकारले प्राणीहरूलाई विभाजन गर्ने हुँ भनी उ ठान्दछ । सुमं. वि. I. पृ. १३० : ब्रह्मजालसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

भई प्रव्रजित हुन्छ। घरबार छाडी प्रव्रजित भई आतप्त गरी वीर्य गरी अनुयोग गरी सम्यक्रूपले मनमा राखी त्यसप्रकारको चित्त समाधि प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ। त्यसभन्दा अघिका अनुस्मरण गर्न सक्दैन। अनि ऊ यस्तो भन्छ– 'जो ती ब्रह्मा, महाब्रह्मा, ... जसले हामीलाई निर्मित गरे उनी नित्य, ध्रुव, शाश्वत, अपरिवर्तनीय तथा सधैंभरी त्यस्तै रहिरहन्छन्। जो हामीहरू ती ब्रह्माद्वारा निर्मित भएका हौ ती हामीहरू अनित्य, मध्रुव, अल्पायु तथा च्युत हुने स्वभावका भई यस आत्मभावमा आयौं।' भिक्षुहो ! यही पहिलो स्थान हो जसको कारणले, जसको आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत भनी भन्छन्।"

क्रीडाप्रदूषिक देवता–२– "कुन दोस्रो कारणले, कुन दोस्रो आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई केही शाश्वत र केही अशाश्वत भन्दछन् त ? भिक्षुहो ! क्रीडाप्रदूषिक भन्ने देवताहरू छन्। उनीहरू धेरैबेरसम्म हाँसेर क्रीडा गरी बस्छन्। धेरैबेरसम्म हाँसेर क्रीडा गरी बस्दा उनीहरूको होस रहन्न। होस नरहँदा ती देवताहरू त्यसकायबाट च्युत हुन्छन्।

"भिक्षुहो ! कुनै प्राणी त्यसकायबाट च्युत भई यस आत्मभावमा उत्पन्न हुन सक्छ। यस लोकमा आई घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ। घरबार छाडी प्रव्रजित भई आतप्त गरी...पूर्वजन्मका

Downloaded from http://dhamma.digital/

कुराहरू अनुस्मरण गर्छ । त्यसभन्दा अघिको अनुस्मरण गर्न सक्दैन । अनि ऊ यस्तो भन्छ– ...जो ती भद्र देवताहरू क्रीडाप्रदूषिक हु न् उनीहरू धेरैबेरसम्म हासेर क्रीडा गरी बस्दैनन् । हासेर क्रीडा नगर्ने तिनीहरूको स्मृति थातमा रहन्छ । स्मृति थातमा रहनाले ती देवताहरू त्यस कायबाट च्युत हु न् । नित्य, ध्रुव, शाश्वत तथा अपरिवर्तनीय भई साधैंभरी त्यसै रहिरहन्छन् । जो हामीहरू क्रीडाप्रदूषिक भयौं ती हामीहरू धेरैबेरसम्म हासेर क्रीडा गरी बस्यौं । धेरैबेरसम्म हासेर क्रीडामा लागि–रहेका हामीहरूको होस थातमा रहेन । होस थातमा नरहनाको कारणले गर्दा हामीहरू त्यस कायबाट च्युत भई अनित्य, अध्रुव र अल्पायुक भई च्युत भएर यहा आयौं । भिक्षुहो  यही दोस्रो स्थान हो जसको कारणले, जसको आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत भनी भन्छन् ।"

मनः प्रदूषिक देवता– ३– "कुन तेस्रो कारणले, कुन तेस्रो आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई केही शाश्वत र केही अशाश्वत भन्छन् त ? भिक्षुहो  मनः प्रदूषिक भन्ने देवताहरू छन् । उनीहरू धेरैबेरसम्म परस्परमा चासो राख्छन् । धेरैबेरसम्म परस्पर चासो राखिरहादा उनीहरूको चित्त बिग्रन्छ । परस्पर चासो रखिरहादा उनीहरूको काय र चित्त थाक्छ । अनि ती देवताहरू त्यस कायबाट च्युत हुन्छन् ।

"भिक्षुहो  कुनै प्राणी त्यस कायबाट च्युत भई यस आत्म–

Downloaded from http://dhamma.digital/

भावमा उत्पन्न हुन सक्छ। यसलोकमा आई घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ। घरबार छाडी प्रव्रजित भई आतप्त गरी...पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ। त्यसभन्दा अधिको अनुस्मरण गर्न सक्दैन। अनि ऊ यसो भन्छ– 'जो ती भद्र मनः प्रदूषिक हुन् उनीहरू धेरैबेरसम्म परस्परमा चासो राख्दैनन्। धेरैबेरसम्म परस्परमा चासो नराख्नाले परस्पर चित्त बिग्रँदैन। परस्परमा चित्त नबिग्रनाले काय र चित्त थाकि त्यस कायबाट च्युत हुन्न। नित्य, ध्रुव, शाश्वत तथा अपरिवर्तनीय भई सँधैभरी त्यसै रहिरहन्छ। जो हामीहरू मनः प्रदूषिक भयौं ती हामीहरूले धेरैबेरसम्म परस्पर चासो राख्यौं। धेरैबेरसम्म परस्पर चासो राखेकोले हामीहरूको चित्त दूषण भयो। दूषण चित्त भएका हामीहरूको काय र चित्त थाकी त्यस कायबाट च्युत भई अनित्य, अध्रुव र अल्पायु भई च्युत भएर यहाँ आयौं।' भिक्षुहो ! यही तेस्रो स्थान हो जसको कारणले, जसको आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई केही शाश्वत र हकेही अशाश्वत भनी भन्छन्।"

तार्किक र विमर्शी– ४– "कुन चौथो कारणले, कुन चौथो आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई केही शाश्वत र केही अशाश्वत भन्छन् त ? भिक्षुहो ! यहाँ केही श्रमण ब्राह्मण तार्किक र विमर्शी हुन्छन्। उनीहरू तर्कको आधारमा, विमर्शनको आधारमा आफ्नो ज्ञानको आधारमा यस्तो भन्छन्– 'जो यो चक्षु भनी भनिन्छ,...श्रोत...घ्राण...जिह्वा... काय भनी भनिन्छ– यो आत्मा अनित्य, अध्रुव, अशाश्वत र परिवर्तनशील छ।

Downloaded from http://dhamma.digital/

जो यो चित्त वा मन वा विज्ञान भनी भनिन्छ– यो आत्मा नित्य, ध्रुव, शाश्वत र अपरिवर्तनशील छ र शाश्वतता पनि रहिरहन्छ।' भिक्षुहो ! यही चौथो स्थान हो जसको कारणले, जसको आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत भनी भन्छन् ।"

"भिक्षुहो ! यी चार कारणले केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई केही शाश्वत र केही अशाश्वत भन्दछन् । भिक्षुहो ! जो कोही श्रमण वा ब्राह्मण केही शाश्वत र केही अशाश्वतवादी छन् ती सबैले यी नै चार कारणले अथवा यीमध्ये कुनै एक कारणले आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत भनी भन्दछन् । यसभन्दा बाहिर अरू कारण छैन ।"

"भिक्षुहो ! तथागतले यो जान्दछ कि– 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, यसरी परामर्श गरेका छन् र (उनीहरूको) यस्तो गति र सम्पराय हुन्छ ।' त्यसलाई पनि तथागत जान्दछ र त्योभन्दा माथिको पनि जान्दछ । त्यो ज्ञानलाई परामर्श पनि गर्दैन । भिक्षुहो ! परामर्श नगर्नाले त्यसबाट (परामर्श गर्दा हुने क्लेशबाट) निवृत्ति भएको कुरा पनि आफैले अवबोध गर्छ। वेदनाको समुदय पनि अस्तगमन पनि आस्वाद पनि दुष्परिणाम पनि मुक्ति पनि यथार्थतः अवबोध गरी उपादान रहित तथागत विमुक्त छ ।"

"भिक्षुहो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डित वेदनीय छ । जुन तथागत

Downloaded from http://dhamma.digital/

स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउँछ। जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ।"

## (३) अन्तानन्तिकवाद–४

१– "भिक्षुहो ! केही अन्तानन्तिकवादी (= अन्त र अनन्त भन्नेहरू) श्रमण ब्राह्मणहरू चार कारणले अन्त (= परिधि) भएको र अन्त (= परिधि) नभएको भनी भन्छन् । कुन चार कारणले, कुन चार आधारमा ती भद्र अन्तानन्तिकवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त (= अन्त र अनन्त) भन्दछन् त ?"

"भिक्षुहो ! यहाँ केही श्रमण वा ब्राह्मण आतप्त गरी...[1] त्यसप्रकारको चित्तसमाधि प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा 'लोक अन्त सहित छ' भन्ने ठान्छ।"

"अनि ऊ यसो भन्छ– 'यो लोकको अन्त छ र परिच्छिन्न छ।' किनभने ? आतप्त गरी...त्यस्तो चित्तसमाधि प्राप्त गर्छु जुन समाधिमा समाधिष्ठ हुँदा 'लोक अन्त सहित छ' भनी ठानी म विहार गर्छु। यस-कारणले पनि म जान्दछु कि यो लोकको अन्त छ र परिच्छिन्न छ। भिक्षुहो ! यही पहिलो स्थान हो जसको कारणले, जसको आधारमा केही अन्तानन्तिकवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भन्दछन्।"

---

१. यहाँका बाँकी कुरा माथि पृ. ३८ मा उल्लिखित 'आतप्त गरी...' भन्नेबाट 'त्यसप्रकारको...' भन्ने सम्म दोहर्‍याई पढ्नू।

Downloaded from http://dhamma.digital/

२– "कुन दोस्रो कारणले, कुन दोस्रो आधारमा ती भन्तानन्तिकवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भनी भन्छन् त ? भिक्षुहो ! यहाँ केही श्रमण वा ब्राह्मण आतप्त गरी...त्यसप्रकारको चित्तसमाधि प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा 'लोक अनन्त हो' भन्नी ठान्छ।"

"अनि ऊ यसो भन्छ– 'यो लोक अनन्त छ र परिच्छिन्न छैन।' जो ती श्रमण ब्राह्मणहरू 'यो लोकको अन्त छ र परिच्छिन्न छ' भनी भन्छन् उनीहरूको कुरा झूटो हो। यो लोकको अन्त छैन र परिच्छिन्न छैन। किनभने ? आतप्त गरी...त्यसप्रकारको चित्तसमाधि प्राप्त गर्छु जुन समाधिमा समाधिष्ठ हुँदा म अनन्तसंज्ञी भई विहार गर्छु। यसकारणले पनि म जान्दछु कि यो लोकको अनन्त छ र परिच्छिन्न छैन। भिक्षुहो ! यही दोस्रो स्थान हो जसको कारणले, जसको आधारमा केही अन्तानन्तिकवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भन्दछन्।"

३– "कुन तेस्रो कारणले, कुन तेस्रो आधारमा ती भद्र भन्तानन्तिकवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भनी भन्छन् त ? भिक्षुहो ! यहाँ केही श्रमण वा ब्राह्मण आतप्त गरी...त्यसप्रकारको चित्तसमाधि प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा यो लोक माथि र तल अन्त छ भनी ठानी बस्छन् र तेर्सोतिर अनन्त छ भन्नी ठान्छन्।"

"अनि ऊ यसो भन्छ– 'यो लोकको अन्त पनि छ अन्त पनि छैन।' जुन श्रमण ब्राह्मणहरू यो लोकको अन्त छ र परिच्छिन्न छ भनी भन्छन् उनीहरूको यो कुरा झूटो हो। जुन श्रमण ब्राह्मणहरू यो लोक अनन्त छ र परिच्छेद छैन भनी भन्छन् उनीहरूको कुरा पनि झूटो हो।

Downloaded from http://dhamma.digital/

यो लोकको अन्त पनि छ अनन्त पनि छ। किनभने ? आतप्त गरी... त्यसप्रकारको चित्तसमाधि प्राप्त गर्छु जुन समाधिमा समाधिष्ठ हुँदा यो लोकको माथि र तल अन्तसंज्ञी भई बस्छु र तेर्सोतिर अनन्तसंज्ञी भई बस्छु। यसकारणले पनि म यो लोक अन्त सहित र अन्तरहित भनी जान्दछु । भिक्षुहो ! यही तेस्रो स्थान हो जसको कारणले, जसको आधारमा केही अन्तानन्तिकवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भन्दछन् ।"

४– "कुन चौथो कारणले, कुन चौथो आधारमा ती भद्र अन्तानन्तिकवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भनी भन्छन् त ? भिक्षुहो ! यहाँ केही श्रमण वा ब्राह्मण तार्किक र विमर्शी हुन्छन् । उनीहरू तर्कको आधारमा, विमर्शनको आधारमा आफ्नो ज्ञानले यस्तो भन्छन्– 'न यो लोक अन्तसहित छ, न त अनन्त नै ।' जो ती श्रमण ब्राह्मणहरू यस्तो भन्छन्– 'यो लोकको अन्त छ, परिच्छिन्न छ ।' उनीहरूको यो कुरा झूटो हो। जुन ती श्रमण ब्राह्मणहरू यस्तो भन्छन्– 'यो लोक अनन्त छ, परिच्छिन्न छैन ।' तिनीहरूको कुरा पनि झूटो हो। जुन ती श्रमण ब्राह्मणहरू यस्तो भन्छन्– 'यो लोक अन्त पनि छ अनन्त पनि छ।' उनीहरूको यो कुरा पनि झूटो हो। यो लोकको न अन्त छ, न अनन्त नै ।' भिक्षुहो ! यही चौथो स्थान हो जसको कारणले, जसको आधारमा केही अन्तानन्तिकवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भन्दछन् ।"

"भिक्षुहो ! यही चार कारणले केही अन्तानन्तिवादी श्रमण

Downloaded from http://dhamma.digital/

ब्राह्मणहरू अन्तानन्तिक लोक भनी भन्छन् । भिक्षुहो ! जो कोही अन्तानन्तिकवादी श्रमण ब्राणहरू अन्तानन्तिक भन्दछन् भने ती सबै यी नै चार कारणले वा यीमध्ये कुनै एक कारणले भन्दछन्। यसभन्दा बाहिर अरू कारण छैन ।"

"भिक्षुहो ! तथागतले यो जान्दछ कि– 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, यसरी परामर्श गरेका छन् र (उनीहरूको) यस्तो गति र सम्पराय हुनेछ ।' त्यसलाई पनि तथागत जान्दछ र त्योभन्दा माथिको पनि जान्दछ । त्यो ज्ञानलाई परामर्श पनि गर्दैन । भिक्षुहो ! परामर्श नगर्नाले त्यसबाट (परामर्श गर्दा हुने क्लेशबाट) निवृत्ति भएको कुरा पनि आफैले अवबोध गर्छ। वेदनाको समुदय पनि अस्तगमन पनि आस्वाद पनि दुष्परिणाम पनि मुक्ति पनि यथार्थतः अवबोध गरी उपादान रहित तथागत विमुक्त छ।

"भिक्षुहो ! यी धर्महरू गम्भीर, दुदर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डित वेदनीय छन् । जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउँछ। जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ।"

## (४) अमराविक्षेपवाद–४

१– "भिक्षुहो ! केही अमराविक्षेपवादी[1] श्रमण ब्राह्मणहरू चार कारणले त्यस त्यस प्रश्नमा वाचा विक्षेप गर्छन् अमराविक्षेप । ती भद्र

१. 'अमरा' भन्ने एक जातिको माछा छ । उ पानीमा डुब्न, उफ्रन

Downloaded from http://dhamma.digital/

अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू कुन कारणले, कुन चार आधारमा ती ती प्रश्नमा वाचाविक्षेप गरी अमराविक्षेप गर्छन् त ?"

"भिक्षुहो ! यहाँ कुनै श्रमण वा ब्राह्मण यो कुशल हो भनी यथार्थतः जान्दैन, यो अकुशल हो भनी यथार्थतः जान्दैन । अनि उसलाई यस्तो लाग्छ– 'यो कुशल हो भनी म यथार्थतः जान्दिन । यो अकुशल हो भनी यथार्थतः जान्दिन । यो कुशल हो भनी यथार्थतः नजानी, यो अकुशल हो भनी यथार्थतः नजानी– 'यो कुशल हो भनी भनूँ भने, यो अकुशल हो भनी भनूँ भने– त्यहाँ ममा छन्द, राग, द्वेष वा प्रतिघ हुन सक्छ । जब ममा छन्द, राग, द्वेष वा प्रतिघ हुन्छ त्यो मेरो लागि भूटो हुन्छ । जो भूटो हो त्यो मेरो लागि आघात (= विपात) हुन्छ । जो आघात हो त्यो मेरो लागि बिघ्न हो ।' यसरी ऊ भूटो कुराको भयले, भूटो कुरा प्रतिको घृणाले– 'न यो कुशल हो भनी भन्छ, न यो अकुशल हो भनी भन्छ ।' ती ती विषयमा प्रश्न सोध्दा– 'यस्तो (मत) पनि मेरो छैन; त्यस्तो (मत) पनि मेरो छैन; अन्यथा (मत) पनि मेरो छैन; त्यस्तो (मत) छैन भन्ने पनि मेरो छैन; त्यस्तो (मत) छैन भन्ने पनि मेरो छैन भन्ने पनि मेरो छैन' भनी वाचाविक्षेप अमराविक्षेप गर्छ । भिक्षुहो ! यो पहिलो स्थान हो जुन

---

तथा यताउता दगुर्न छिटो हुन्छ । उसलाई समात्न खूब कठिन पर्छ । त्यस्तै किसिमको अस्थिर वाचालाई यहाँ 'अमराविक्षेप' भनी भनिएको हो । सुमं. वि. I. पृ. १३४ : ब्रह्मजालसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

कारणले, जुन आधारमा केही अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू ती ती प्रश्नहरू सोध्दा वाचाविक्षेप र अमराविक्षेप गर्छन् ।"

२– "कुन दोस्रो कारणले, कुन दोस्रो आधारमा ती भद्र श्रमण ब्राह्मणहरू ती ती प्रश्नहरू सोध्दा वाचाविक्षेप अमराविक्षेप गर्छन् त ? भिक्षुहो ! यहाँ कुनै श्रमण वा ब्राह्मण यो कुशल हो भनी यथार्थतः जान्दैन, यो अकुशल हो भनी यथार्थतः जान्दैन । अनि उसलाई यस्तो लाग्छ– 'म यो कुशल भनी यथार्थतः जान्दिन, यो अकुशल भनी यथार्थतः जान्दिन । यो कुशल भनी यथार्थतः नजानी, यो अकुशल भनी यथार्थतः नजानी– यदि मैले यो कुशल हो भनी भनूँ भने, यो अकुशल हो भनी भनूँ भने– त्यहाँ मेरो छन्द, राग, द्वेष वा प्रतिघ हुन्छ । जहाँ ममा छन्द, राग, द्वेष वा प्रतिघ हुन्छ त्यो मेरो लागि उपादान हुनछे । जो उपादान हो त्यो मेरो लागि आघात हुनेछ । जो आघात हो त्यो मेरो लागि बिघ्न हुनेछ ।' यसरी ऊ उपादानको भयले, उपादान प्रतिको घृणाले– 'न यो कुशल हो भनी भन्छ, ... ।' ती ती विषयमा प्रश्न सोध्दा– 'यस्तो पनि मेरो छैन; ... ' भनी वाचाविक्षेप र अमराविक्षेप गर्छ । भिक्षुहो ! यो दोस्रो स्थान हो ... ।"

३– "कुन तेस्रो कारणले, कुन तेस्रो आधारमा ती भद्र श्रमण ब्राह्मणहरू ती ती प्रश्नहरू सोध्दा वाचाविक्षेप अमराविक्षेप गर्छन् त ? भिक्षुहो ! यहाँ कुनै श्रमण वा ब्राह्मण यो कुशल हो भनी यथार्थतः जान्दैन ... अनि उसलाई यस्तो लाग्छ– 'यो कुशल भनी म यथार्थतः जान्दिन । ... यो कुशल हो भनी यथार्थतः नजानी– यो कुशल हो भनी

Downloaded from http://dhamma.digital/

भनूं भने ... – रौंलाई चीरले झैं अर्कासँग वाद गर्न सक्ने पण्डित निपुण श्रमण ब्राह्मणहरू छन् जो अर्काको दृष्टिलाई आफ्नो प्रज्ञाले काट्छन् । उनीहरूले मसँग प्रश्न तथा कारण सोध्दा (देखाएको कारणमा पनि) दोष देखाउँदा उनीहरूलाई सन्तोष गरी जवाफ दिन सकिन भने– त्यो मेरो लागि आघात हुनेछ । जो आघात हो त्यो मेरा लागि बिघ्न हुनेछ ।' यसरी ऊ प्रश्न सोधाइको भयले, प्रश्न सोधाई प्रतिको घृणाले– 'न यो कुशल हो भनी भन्छ, ... ।' ती ती विषयमा प्रश्न सोध्दा– 'यस्तो पनि मेरो छैन; ... ' भनी वाचाविक्षेप र अमराविक्षेप गर्छ । भिक्षुहो ! यो तेस्रो स्थान हो ... ।"

४– "कुन चौथो कारणले, कुन चौथो आधारमा ती भद्र श्रमण ब्राह्मणहरू ती ती प्रश्नहरू सोध्दा वाचाविक्षेप अमराविक्षेप गर्छन् त ? भिक्षुहो ! यहाँ कुनै श्रमण ब्राह्मण यहाँ निर्बुद्धि र मूढ हुन्छ । ऊ निर्बुद्धि र मूढताको कारणले ती ती प्रश्न सोध्दा वाचाविक्षेप अमराविक्षेप गर्छ । (१) 'यदि मसँग 'परलोक छ के ?' भनी सोधेमा यदि मलाई 'परलोक छ' भन्ने लागेमा 'परलोक छ' भनी भन्नेछु । (अ) यस्तो हो पनि भन्दिन, (आ) त्यस्तो होइन पनि भन्दिन, (इ) अन्यथा हो पनि भन्दिन, (ई) होइन पनि भन्दिन, (उ) 'होइन' भनेकोलाई 'होइन' पनि भन्दिन । (२) 'परलोक छैन के ?' भनी सोधेमा ... (३) 'परलोक छ पनि छैन पनि के ?' भनी सोधेमा...(४) 'परलोक न छ न छैन के ?' भनी सोधेमा... (५) 'औपपातिक सत्व छ के ?' भनी सोधेमा ... (६) 'औपपातिक सत्व छैन के ?' भनी सोधेमा ... (७) 'औपपातिक सत्व छ पनि छैन पनि के ?' भनी

Downloaded from http://dhamma.digital/

सोधेमा ... (८) 'औपपातिक सत्व न छ, न छैन के ?' भनी सोधेमा ... (९) 'सुकृत्य दुष्कृत्य कर्मको फल छ के ?' भनी सोधेमा ... (१०) 'सुकृत्य दुष्कृत्य कर्मको फल छैन के ?' भनी सोधेमा ... (११) 'सुकृत्य दुष्कृत्य कर्मको फल छ पनि छैन पनि के ?' भनी सोधेमा ... (१२) 'सुकृत्य दुष्कृत्य कर्मको फल न छ, न छैन के ?' भनी सोधेमा ... (१३) 'तथागत (= प्राणी) मरणपछि हुन्छ के ?' भनी सोधेमा ... (१४) 'तथागत मरण पछि हुन्न के ?' भनी सोधेमा (१५) 'तथागत मरणपछि हुन्छ पनि हुन्न पनि के ?' भनी सोधेमा (१६) 'तथागत मरणपछि न त हुन्छ, न त हुन्न के ?' भनी सोधेमा यदि 'तथागत मरणपछि न त हुन्छ, न त हुन्न' भन्ने लागेमा त्यस्तै भन्ने छु । (अ) त्यस्तो हो पनि भन्दिन, (आ) त्यस्तो होइन पनि भन्दिन, (इ) अन्यथा हो पनि भन्दिन, (ई) होइन पनि भन्दिन, (उ) 'होइन' भनेकोलाई 'होइन' पनि भन्दिन ।' भिक्षुहो ! यही चौथो स्थान हो जुन कारणले, जुन आधारमा केही अमरावेक्षेपवादी श्रमण ब्राह्मणहरू ती ती प्रश्नहरू सोध्दा वाचाविक्षेप र अमराविक्षेप गर्छन् ।"

"भिक्षुहो ! यही चार कारणले केही अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू ती ती प्रश्नहरू सोध्दा वाचाविक्षेप तथा अमराविक्षेप गर्छन् । भिक्षुहो ! जो कोही अमराविक्षेपवादी श्रमण वा ब्राह्मण ती ती प्रश्न सोध्दा वाचाविक्षेप गर्छन् भने ती सबै नै चार कारणले वा यी मध्ये कुनै एक कारणले भन्दछन् । यसभन्दा बाहिर अरू कारण छैन ।"

"भिक्षुहो ! तथागतले यो जान्दछ कि– "यी दृष्टिका

Downloaded from http://dhamma.digital/

स्थानहरू यसरी ग्रहण गरेका छन्, ......[1] उपादान रहित तथागत विमुक्त छ ।"

"भिक्षुहो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, ... तथा पण्डित-वेदनीय छ। जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनु हुन्छ । जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ ।"

## (५) आपसेआप उत्पन्न हुने वाद-२

१- "भिक्षुहो ! केही श्रमण ब्राह्मणहरू कारणविना (= आपसेआप) उत्पन्न हुन्छ भन्ने वादी (अधिच्चसमुपन्निका) छन् । (उनीहरू) दुइ कारणहरूबाट आफूलाई र लोकलाई कारणविना (आपसेआप) उत्पन्न हुन्छ भनी भन्दछन् । कुन दुइ कारणले, कुन दुइ आधारमा ती भद्र, कारणविना (आपसेआप) उत्पन्न हुन्छ भन्नेवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई कारणविना (आपसेआप) उत्पन्न हुन्छ भनी भन्छन् त ?"

"भिक्षुहो ! असंज्ञीसत्व (असञ्ञीसत्ता) भन्ने देवताहरू छन् । संज्ञा उत्पन्न भएपछि ती देवताहरू त्यस (देव) कायबाट च्युत हुन्छन् ।

१. यहाँका बाँकी कुराहरू माथि पृ. २२० : को दोस्रो पैरामा 'यसरी परामर्श गरेका छन्' भन्ने ठाउँदेखि दोहऱ्याई पढ्नू ।

Downloaded from http://dhamma.digital/

भिक्षुहो ! कुनै सत्व त्यसबाट च्युत भई यस आत्मभावमा आउन सक्ने कारण छ। अनि यस आत्मभावमा आएर ऊ घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ। घरछाडी अनगारिक रूपमा प्रव्रजित भएर आतप्त गरी, ... त्यसप्रकारको चित्तसमाधि प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा संज्ञा उत्पन्न भएको कुरासम्म उसले संस्मरण गर्छ र त्यसभन्दा उता संस्मरण गर्न सक्दैन । अनि ऊ यसो भन्छ– 'आफू पनि लोक पनि कारणविना (आपसेआप) उत्पन्न भएको हो। किनभने अघि म थिइन, अब म नभएर पनि हुनेमा परिणत भएँ ।' भिक्षुहो ! यो पहिलो कारण हो जुन कारणले, जुन आधारमा कारणविना उत्पन्न हुन्छ भन्नेवादी केही श्रमण ब्राह्मणहरू आफूलाई र परलोकलाई कारणविना उत्पन्न हुन्छ भनी भन्दछन् ।"

२– "कुन दोस्रो कारणले, कुन दोस्रो आधारमा कारणविना उत्पन्न हुन्छ भन्ने वादी ती भद्र श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई कारणविना (आपसेआप) उत्पन्न हुन्छ भनी भन्छन् त ? भिक्षुहो ! यहाँ केही श्रमण वा ब्राह्मण तार्किक र विमर्शी हुन्छ। ऊ तर्कको आधारमा विमर्शनको आधारमा आफ्नो ज्ञानले यसो भन्छ– 'आफू र लोक कारणविना (अधिच्चसमुप्पन्न) उत्पन्न भएको हो' ।"

"भिक्षुहो ! यो दोस्रो कारण हो जुन कारणले, जुन आधारमा कारणविना उत्पन्न हुन्छ भन्ने वादी केही श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई कारणविना उत्पन्न हुन्छ भनी भन्छन्।

"भिक्षुहो ! यही दुइ कारणले कारणविना उत्पन्न हुन्छ भन्ने

Downloaded from http://dhamma.digital/

वादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई कारणविना उत्पन्न हुन्छ भनी भन्छन्। भिक्षुहो ! जो कोही कारणविना उत्पन्न हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू कारणविना उत्पन्न हुन्छ भन्दछन् भने ती सबै यी नै दुइ कारणले वा यी मध्ये कुनै एक कारणले भन्दछन्। यसभन्दा बाहिर अरू कारण छैन।"

"भिक्षुहो ! तथागतले यो जान्दछन् कि– 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, ... उपादान रहित तथागत विमुक्त छ।"

"भिक्षुहो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, ... तथा पण्डितवेदनीय छन्। जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनु हुन्छ। जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ।"

"भिक्षुहो ! यी (माथि उल्लिखित) अठार प्रकारले पूर्वान्तको कल्पना गर्ने, पूर्वान्तानुसार दृष्टि हुने ती श्रमण ब्राह्मणहरू पूर्वान्तको सम्बन्धमा अनेक प्रकारका विचार प्रकट गर्छन्। भिक्षुहो ! जो ती पूर्वान्तको कल्पना गर्ने, पूर्वान्तानुसार दृष्टि हुने श्रमण ब्राह्मणहरू पूर्वान्तको सम्बन्धमा अनेक प्रकारका विचार प्रकट गर्छन् ती सबै यी नै अठार (१८) कारणले अथवा यीमध्ये कुनै एक कारणले गर्छन्। यसभन्दा बाहिर अरू कारण छैन।"

"भिक्षुहो ! तथागतले यो जान्दछन् कि– 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, यसरी परामर्श गरेका छन् र (उनीहरूको) यस्तो गति र सम्पराय हुनेछ।' त्यसलाई पनि तथागत जान्दछन् र

Downloaded from http://dhamma.digital/

त्योभन्दा माथिको पनि जान्दछन् । त्यो ज्ञानलाई परामर्श पनि गर्दैन । भिक्षुहो ! परामर्श नगर्नाले त्यसबाट (परामर्श गर्दा हुने क्लेशबाट) निवृत्ति भएको कुरा पनि आफैले अवबोध गर्छ। वेदनाको समुदय पनि अस्तगमन पनि आस्वाद पनि दुष्परिणाम पनि मुक्ति पनि यथार्थतः अवबोध गरी उपादान रहित तथागत विमुक्ति छ।"

"भिक्षुहो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डितवेदनीय छन् । जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनु हुन्छ। जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ।"

## (ख) अपरान्तको सम्बन्धमा ४४ धारणाहरू

"भिक्षुहो ! अपरान्तको[1] सम्बन्धमा कल्पना गर्ने (अपरन्तकप्पिका), अपरान्तनुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन् जो चवालीस (४४) कारणहरूको आधारमा अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्। कुन कारणले, कुन आधारमा ती भद्र श्रमण ब्राह्मणहरू ४४ कारणहरूको आधारमा अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्दछन् ?"

---

१. अपरान्त शब्दको अर्थ उल्लेख गर्दै सुमं. वि. I. पृ. १३८ :
ब्रह्मजालसुत्तवण्णनाले यसरी उल्लेख गरेको छ–
'अनागत कोट्ठाससङ्खातं अपरन्तं कप्पेत्वा गन्हन्तीति

Downloaded from http://dhamma.digital/

## (१) मरणपछि संज्ञा हुन्छ भन्ने वाद–१६

"भिक्षुहो ! मरणपछि आत्मामा संज्ञा हुन्छ भन्ने केही श्रमण ब्राह्मणहरू छन् । जो सोह्र (१६) कारणले मरणपछि आत्मामा संज्ञा हुन्छ भनी भन्दछन् । कुन कारणले, कुन आधारमा ती मरणपछि आत्मामा संज्ञा हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू सोह्र कारणहरूको आधारमा मरणपछि आत्मामा संज्ञा हुन्छ भनी भन्छन् ?"

"१– 'रूपवान् आत्मा हो, मरणपछि नित्य (अरोगो) हुन्छ भन्ने ठानी' (सञ्ञी) त्यसलाई बताउँछन्; २– 'अरूपवान् आत्मा हो, मरणपछि नित्य हो भन्ने ठानी' त्यसलाई बताउँछन्; ३– 'रूपवान् र अरूपवान् आत्मा हो,...; ४– 'न रूपवान्, न अरूपवान् आत्मा हो,...; ५– 'आत्माको अन्त हुन्छ......; ६– 'आत्माको अन्त हुन्न,.....; ७– 'आत्माको अन्त पनि हुन्छ अनन्त पनि हुन्छ,....; ८– 'आत्माको न अन्त हुन्छ, न अनन्त हुन्छ,....; ९– 'आत्मा एकात्मसंज्ञी हुन्छ,....; १०– 'आत्मा नानात्मसंज्ञी हुन्छ,.....; ११– 'आत्मा प्रमाणसहित

---

अपरन्त कप्पिका ।' 'अपरन्तकप्पो वा एतेसं अत्थी ति अपरन्त-कप्पिका ।'

अर्थात्– भविष्यको कुरा लिएर कल्पना गर्छन् भनी भनिएको हो । माथि पृ. २०३ को (क) पूर्वान्तको सम्बन्धमा १८ धारणाहरू भन्ने को पादटिप्पणीमा 'पूर्वान्त' शब्दको अर्थको ठीक विपरीत अर्थ हो भन्ने सम्झनु पर्छ ।

Downloaded from http://dhamma.digital/

हुन्छ,....; १२– 'आत्मा प्रमाण रहित हुन्छ,....; १३– 'आत्मा बिल्कुल सुखी हुन्छ,...; १४– 'आत्मा बिल्कुल दु:खी हुन्छ,...; १५– 'आत्मा सुखी र दु:खी हुन्छ,....; १६– 'आत्मा अदु:खी असुखी हुन्छ, मरणपछि नित्य हुन्छ भन्ने ठानी' त्यसलाई बताउँछन् ।"

"भिक्षुहो ! यही सोह्र (१६) प्रकारले मरणपछि आत्मामा संज्ञा हुन्छ भन्ने वादी केही श्रमण ब्राह्मणहरू मरणपछि आत्मामा संज्ञा हुन्छ भनी भन्छन् । भिक्षुहो ! जो कोही मरणपछि आत्मामा संज्ञा हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू मरणपछि आत्मामा संज्ञा हुन्छ भनी भन्छन् भने ती सबै यी नै सोह्र कारणले अथवा यीमध्ये कुनै एक कारणले भन्दछन् । यसभन्दा बाहिर अरू कारण छैन ।"

"भिक्षुहो ! तथागतले यो जान्दछन् कि– 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्,...उपादान रहित तथागत विमुक्त छ ।"

"भिक्षुहो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय,...तथा पण्डितवेदनीय छन् । जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनु हुन्छ । जुन कुराद्वारा तथागतले वर्णन गर्नेले यथार्थत: वर्णन गर्न सक्छ ।"

(दोस्रो भाणबार । )

## (२) मरणपछि संज्ञा छैन भन्ने वाद–८

"भिक्षुहो ! मरणपछि आत्मामा संज्ञा छैन भन्ने वादी केही श्रमण ब्राह्मणहरू छन् । जो आठ (८) कारणले मरणपछि आत्मामा

Downloaded from http://dhamma.digital/

संज्ञा छैन भनी भन्छन् । कुन कारणले, कुन आधारमा ती मरणपछि आत्मामा संज्ञा छैन भन्ने वादी श्रमण ब्राह्मणहरू आठ (८) कारणहरूको आधारमा मरणपछि आत्मामा संज्ञा छैन भनी भन्छन् ?"

"१– 'रूपवान् आत्मा हो, मरणपछि नित्य हुन्न भन्ने ठानी' (असञ्ञी)' त्यसलाई बताउँछन्; २– 'अरूपवान् आत्मा हो, मरणपछि नित्य हुन्न भन्ने ठानी' त्यसलाई बताउँछन्; ३– 'रूपवान् र अरूपवान् आत्मा हो,...'; ४– 'न रूपवान्, न अरूपवान् आत्मा हो,...'; ५– 'आत्माको अन्तसहित हुन्छ......'; ६– 'आत्मा अन्तरहित हुन्छ,....'; ७– 'आत्मा अन्तसहित र अन्तरहित हुन्छ,....'; ८– 'आत्मा न अन्तसहित न अन्तरहित हुन्छ,....'; मरणपछि नित्य हुन्न भन्ने ठानी (असञ्ञी)' त्यसलाई बताउँछन् ।"

"भिक्षुहो ! यही नै आठ (८) कारणले मरणपछि आत्मामा संज्ञा छैन भन्ने वादी केही श्रमण ब्राह्मणहरू मरणपछि आत्मामा संज्ञा छैन भनी भन्दछन् । भिक्षुहो ! जो कोही मरणपछि आत्मामा संज्ञा छैन भन्ने वादी श्रमण ब्राह्मणहरू मरणपछि आत्मामा संज्ञा छैन भनी भन्छन् भने ती सबै यी नै आठ कारणले वा यीमध्ये कुनै एक कारणले भन्दछन् । यसभन्दा बाहिर अरू कारण छैन ।"

"भिक्षुहो ! तथागतले यो जान्दछन् कि– 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्,...उपादान रहित तथागत विमुक्त छ ।"

"भिक्षुहो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय,...तथा पण्डित-वेदनीय छन् । जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनु

Downloaded from http://dhamma.digital/

हुन्छ। जुन कुराद्वारा तथागतले वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ।"

## (३) मरणपछि नैवसंज्ञीनासंज्ञीवाद–८

"भिक्षुहो ! मरणपछि नैवसंज्ञीनासंज्ञी भन्ने वादी केही श्रमण ब्राह्मणहरू छन्। जो आठ (८) कारणले मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भनी भन्दछन्। कुन कारणले, कुन आधारमा ती मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भन्ने वादी श्रमण ब्राह्मणहरू आठ (८) कारणहरूको आधारमा मरणपछि आत्मामा नैवसंज्ञानासंज्ञी भनी भन्छन् ?"

"१– 'रूपवान् आत्मा हो, मरणपछि नैवसंज्ञानासंज्ञी नित्य हुन्छ' भनी त्यसलाई बताउँछन्; २– 'अरूपवान् आत्मा हो,...'; ३– 'रूपवान् र अरूपवान् आत्मा हो,...'; ४– 'न रूपवान्, न अरूपवान् आत्मा हो,...'; ५– 'आत्माको अन्तसहित हुन्छ,.....'; ६– 'आत्मा अन्तरहित हुन्छ,....'; ७– 'आत्मा अन्तसहित र अन्तरहित हुन्छ,....'; ८– 'आत्मा न अन्तसहित न अन्तरहित हुन्छ, मरणपछि नैवसंज्ञानासंज्ञी नित्य हुन्छ' भनी त्यसलाई बताउँछन्।"

"भिक्षुहो ! यही नै आठ (८) कारणले मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भन्ने वादी केही श्रमण ब्राह्मणहरू मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भनी भन्दछन्। भिक्षुहो ! जो कोही मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भन्ने वादी श्रमण ब्राह्मण मरणपछि आत्मामा नैवसंज्ञी-

Downloaded from http://dhamma.digital/

नासंज्ञी भनी भन्छन् भने ती सबै यी नै आठ कारणले वा यीमध्ये कुनै एक कारणले भन्दछन् । यसभन्दा बाहिर अरू कारण छैन ।"

"भिक्षुहो ! तथागतले यो जान्दछन् कि– 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्,...उपादान रहित तथागत विमुक्त छ ।"

"भिक्षुहो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय,...तथा पण्डित-वेदनीय छन् । जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनु हुन्छ। जुन कुराद्वारा तथागतले वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ।"

## (४) उच्छेदवाद–७

"भिक्षुहो ! उच्छेदवादी केही श्रमण ब्राह्मणहरू छन् । जो सात (७) कारणले विदयमान सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी बताउँछन् । कुन कारणले, कुन आधारमा ती श्रमण ब्राह्मणहरू सात कारणरूको आधारमा विदयमान सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी बताउँछन् ?"

१– "भिक्षुहो ! यहाँ केही श्रमण वा ब्राह्मण यस्तो वादी यस्तो विचारको हुन्छ– 'भो जस्तै यो रूपवान् आमा-बाबुको कारणबाट हुने चातुर्महाभौतिक आत्मा कायबाट च्युत भएपछि उच्छिन्न हुन्छ, विनाश हुन्छ र मरणपछि हुन्न । भो ! यो आत्मा यत्तिकैले बिल्कुल समुच्छिन्न हुन्छ ।' यसरी विदयमान सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी केही (श्रमण ब्राह्मणहरू) बताउँछन् ।"

Downloaded from http://dhamma.digital/

२– "उसलाई अर्काले भन्छ– 'भो ! तिमीले भनेको त्यो आत्मा छ, न छैन भनी भन्छु। भो ! त्यो आत्मा यत्तिकैले बिल्कुल समुच्छिन्न हुन्न। भो ! दिव्यलोकमा उत्पन्न हुने कबलीकार आहार ग्रहण गर्ने रूपवान् कामावचर अर्को आत्मा छ। त्यो तिमी जान्दैनौ, देख्दैनौ; म त्यो जान्दछु देख्दछु। भो ! जब त्यो आत्मा कायबाट च्युत भई उच्छिन्न हुन्छ, विनाश हुन्छ र मरणपछि हुन्न। भो ! तब त्यो आत्मा बिल्कुल समुच्छिन्न हुन्छ।' यसरी विदयमान सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी केही (श्रमण ब्राह्मणहरू) बताउँछन्।"

३– "उसलाई अर्काले भन्छ– 'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी भन्छु। भो ! त्यो आत्मा यत्तिकैले बिल्कुल समुच्छिन्न हुन्न। भो ! दिव्यलोकमा उत्पन्न हुने सर्वाङ्गप्रत्यङ्ग अहीन इन्द्रिय रूपवान् मनोमय अर्को आत्मा छ। त्यो तिमी जान्दैनौ, देख्दैनौ; म त्यो जान्दछु देख्दछु। भो ! जब त्यो आत्मा कायबाट च्युत भई उच्छिन्न हुन्छ, विनाश हुन्छ र मरणपछि हुन्न। भो ! तब त्यो आत्मा बिल्कुल समुच्छिन्न हुन्छ।' यसरी विदयमान सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी केही बताउँछन्।"

४– "उसलाई अर्काले भन्छ– 'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी भन्छु। भो ! त्यो आत्मा यत्तिकैले बिल्कुल समुच्छिन्न हुन्न। भो ! सर्वतो रूपसंज्ञालाई अतिक्रम गरी, प्रतिघ संज्ञालाई अन्तगरी, नानात्वसंज्ञालाई मनन नगरी अनन्त आकाश भनी आकाशानन्त्यायतन प्राप्त गर्ने अर्को आत्मा छ। तिमी त्यो जान्दैनौ,

Downloaded from http://dhamma.digital/

देख्दैनौ; त्यो म जान्दछु देख्दछु। भो ! जब त्यो आत्मा कायबाट च्युत भई उच्छिन्न हुन्छ, विनाश हुन्छ र मरणपछि हुन्न । भो ! तब त्यो आत्मा बिल्कुल समुच्छिन्न हुन्छ।' यसरी विदचमान सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी केही (श्रमण ब्राह्मणहरू) बताउँछन् ।"

५– "उसलाई अर्काले भन्छ– 'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी भन्छु । भो ! त्यो आत्मा यत्तिकैले बिल्कुल समुच्छिन्न हुन्न । भो ! सर्वतो आकाशानन्त्यायतनलाई अतिक्रम गरी अनन्तविज्ञान भनी विज्ञानन्त्यायतन प्राप्त गर्ने अर्को आत्मा छ । त्यो तिमी जान्दैनौ, देख्दैनौ; त्यो म जान्दछु देख्दछु। भो ! त्यो आत्मा जब कायबाट च्युत भई उच्छिन्न हुन्छ, विनाश हुन्छ र मरणपछि हुन्न । भो ! तब त्यो आत्मा बिल्कुल समुच्छिन्न हुन्छ।' यसरी विदचमान सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी केही बताउँछन् ।"

६– "उसलाई अर्काले भन्छ– 'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी भन्छु । भो ! त्यो आत्मा यत्तिकैले बिल्कुल समुच्छिन्न हुन्न । भो ! सर्वतो विज्ञानन्त्यायतनलाई अतिक्रम गरी केही छैन भनी आकिञ्चन्यायतन प्राप्त गर्ने अर्को आत्मा छ । तिमी त्यो जान्दैनौ, देख्दैनौ; त्यो म जान्दछु देख्दछु। भो ! जब त्यो आत्मा कायबाट च्युत भई उच्छिन्न हुन्छ, विनाश हुन्छ र मरणपछि हुन्न । भो ! तब त्यो आत्मा बिल्कुल समुच्छिन्न हुन्छ।' यसरी विदचमान सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी केही बताउँछन् ।"

७– "उसलाई अर्काले भन्छ– 'भो ! तिमीले भनेको त्यो आत्मा

Downloaded from http://dhamma.digital/

छ, न त्यो छैन भनी भन्छु। भो ! त्यो आत्मा यत्तिकैले बिल्कुल समुच्छिन्न हुन्न। भो ! सर्वतो आकिञ्चन्यायतनलाई अतिक्रम गरी 'यो शान्त हो, यो प्रणीत हो' भनी नैवसंज्ञानासंज्ञायतन प्राप्त गर्ने अर्को आत्मा छ। तिमी त्यो जान्दैनौ, देख्दैनौ; त्यो म जान्दछु देख्दछु। भो ! जब त्यो आत्मा कायबाट च्युत भई उच्छिन्न हुन्छ, विनाश हुन्छ र मरणपछि हुन्न। भो ! तब त्यो आत्मा बिल्कुल समुच्छिन्न हुन्छ।' यसरी विदयमान सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी केही (श्रमण ब्राह्मणहरू) बताउँछन्।"

"भिक्षुहो ! यी सात कारणले ती उच्छेदवादी श्रमण ब्राह्मणहरू विदयमान सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी बताउँछन्। भिक्षुहो ! जो कोही उच्छेदवादी श्रमण ब्राह्मणहरू विदयमान सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी बताउँछन् भने ती सबै यी नै सात कारणको आधारमा वा यीमध्ये कुनै एकको आधारमा भन्दछन्। यसभन्दा बाहिर अरू कारण छैन।"

"भिक्षुहो ! तथागतले यो जान्दछन् कि– 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्,...उपादान रहित तथागत विमुक्त छ।"

"भिक्षुहो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय,...तथा पण्डित-वेदनीय छन्। जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनु हुन्छ। जुन कुराद्वारा तथागतले वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ।"

Downloaded from http://dhamma.digital/

# (५) दृष्टधर्मनिर्वाणवादी–५

"भिक्षुहो ! पाँच कारणले दृष्टधर्मनिर्वाणवादी केही श्रमण ब्राह्मणहरू विदयमान सत्वको (= प्राणीको) परम दृष्टधर्मनिर्वाण हो भनी बताउँछन् । कुन कारणले, कुन आधारमा ती दृष्टधर्मनिर्वाणवादी श्रमण ब्राह्मणहरू पाँच कारणरूको आधारमा विदयमान सत्वको परम दृष्टधर्मनिर्वाण हो भनी बताउँछन् ?"

१– "भिक्षुहो ! यहाँ कुनै श्रमण वा ब्राह्मण यस्तो वादी यस्तो विचारको हुन्छ– 'भो ! जब यो आत्मा पञ्चकामगुणद्वारा समर्पित, समङ्गी भई अभिरमण गर्छ । भो ! तब यो आत्माले परमदृष्टधर्मनिर्वाण प्राप्त गर्छ ।' यसरी विदयमान सत्वको परमदृष्टधर्मनिर्वाण हो भनी केही (श्रमण ब्राह्मणहरू) बताउँछन् ।"

२– "उसलाई अर्काले भन्छ– 'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी भन्छु । भो ! यत्तिकैले यो आत्मा परमदृष्टधर्मनिर्वाणमा पुग्दैन । किनभने ? भो ! काम भनेको अनित्य दुःख विपरिणाम धर्म हो । उनीहरू विपरिणाम, अन्यथाभाव र शोकपरिदेव दःख दौर्मनस्य उपायासमा उत्पन्न हुन्छन् । भो ! जब यो आत्मा कामबाट विरत भई अकुशल धर्मबाट विरत भई सवितर्क सविचार विवेकजः (= ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गर्छ । भो ! तब यो आत्मा परम दृष्टधर्मनिर्वाणमा पुग्छ ।' यसरी विदयमान सत्वको परमदृष्टधर्मनिर्वाण हो भनी केही (श्रमण ब्राह्मणहरू) बताउँछन् ।"

Downloaded from http://dhamma.digital/

३– "उसलाई अर्काले भन्छ– 'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी भन्छु। भो ! यत्तिकैले यो आत्मा परमदृष्टधर्मनिर्वाणमा पुग्दैन। किनभने ? भो ! जुन यहाँ वितर्क र विचार हो त्यसलाई न स्थूल भनिन्छ । भो ! जब यो आत्मामा वितर्क विचार शान्त भई अध्यात्म सम्प्रसाद भई चित्तमा एकाग्र भई अवितर्क अविचार समाधिजः प्रीतिसुख द्वितीयध्यान प्राप्त गरी बस्छ। भो ! तब यो आत्मा परमदृष्टधर्मनिर्वाणमा पुग्छ ।' यसरी विदचमान सत्वको परमदृष्टधर्मनिर्वाण हो भनी केही बताउँछन् ।"

४– "उसलाई अर्काले भन्छ– 'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी भन्छु। भो ! यत्तिकैले यो आत्मा परमदृष्टधर्मनिर्वाणमा पुग्दैन। किनभने ? भो ! जो त्यहाँ प्रीतिले भरिएको चित्त हो त्यो न स्थूल भनिन्छ। भो ! जब यो आत्मा प्रीतिलाई त्यागी उपेक्षित भई विहार गर्छ, स्मृति सम्प्रजन्य पनि हुन्छ, कायले सुख अनुभव गरी बस्छ, जसलाई आर्यहरू स्मृतियुक्त सुखविहारी भनी भन्छन् त्यस्तो तृतीयध्यान प्राप्त गरी बस्छ । भो ! तब यो आत्मा परमदृष्टधर्मनिर्वाणमा पुग्छ ।' यसरी विदचमान सत्वको परमदृष्टधर्मनिर्वाण हो भनी केही बताउँछन् ।"

५– "उसलाई अर्काले भन्छ– 'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी भन्छु । भो ! यत्तिकैले यो आत्मा परमदृष्टधर्म-निर्वाणमा पुग्दैन। किनभने ? भो ! त्यहाँ 'सुखी हुँ' भन्ने चित्तआस्वाद हो त्यो न स्थूल हो भनिन्छ । भो ! जब यो आत्माको सुखलाई

Downloaded from http://dhamma.digital/

र दुःखलाई त्यागी, सौमनस्य दौर्मनस्यको अन्त हुन अगावै अदुःखमसुख भएको उपेक्षा स्मृति परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी बस्छ। भो ! तब यो आत्मा परमदृष्टधर्मनिर्वाणमा पुग्छ।' यसरी विदचमान सत्वको परमदृष्टधर्मनिर्वाण हो भनी केही बताउँछन्।"

"भिक्षुहो ! यी पाँच कारणहरूको आधारमा ती दृष्टधर्मनिवाणवादी श्रमण ब्राह्मणहरू विदचमान सत्वको परमदृष्टधर्मनिर्वाण हो भनी बताउँछन्। भिक्षुहो ! जो कोही दृष्टधर्मनिर्वाणवादी श्रमण वा ब्राह्मणहरू विदचमान सत्वको परमदृष्टधर्मनिर्वाण बताउँछन् ती सबै यी नै पाँच कारणको आधारमा वा यीमध्ये कुनै एक कारणको आधारमा भन्दछन्। यसभन्दा बाहिर अरू कारण छैन।"

"भिक्षुहो ! तथागतले यो जान्दछ कि– 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्,...उपादान रहित तथागत विमुक्त छ।"

"भिक्षुहो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय,...तथा पण्डित-वेदनीय छन्। जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनु हुन्छ। जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ।"

"भिक्षुहो ! यी (माथि उल्लिखित) चवालीस (४४) प्रकारले अपरान्तको कल्पना गर्ने, अपरान्तानुसार दृष्टि हुने ती श्रमण ब्राह्मणहरू अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्। भिक्षुहो ! जो कोही अपरान्तको कल्पना गर्ने, अपरान्तानुसार दृष्टि हुने श्रमण वा ब्राह्मणहरू अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू

Downloaded from http://dhamma.digital/

प्रकट गर्छन् भने ती सबै यी नै चवालीस (४४ कारणको आधारमा वा यीमध्ये कुनै एक कारणको आधारमा बताउँछन्। यसभन्दा बाहिर अरू कारण छैन।"

"भिक्षुहो ! तथागतले यो जान्दछन् कि– 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्,...उपादान रहित तथागत विमुक्त छ।"

"भिक्षुहो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय,...तथा पण्डित-वेदनीय छन्। जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनु हुन्छ। जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ।"

"भिक्षुहो ! यी नै बयसट्ठी (६२) प्रकारले पूर्वान्त र अपरान्तको सम्बन्धमा कल्पना गर्ने; पूर्वान्त-अपरान्तको सम्बन्धमा कल्पना गर्ने; पूर्वान्त-अपरान्तानुसार दृष्टि हुने श्रमण ब्राह्मणहरू पूर्वान्त अपरान्तको बारेमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्।"

"भिक्षुहो ! जो कोही पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने वा अपरान्तको कल्पना गर्ने वा पुर्वान्त-अपरान्तको सम्बन्धमा कल्पना गर्ने वा पूर्वान्त-अपरान्तानुसार दृष्टि हुने श्रमण वा ब्राह्मणहरू पूर्वान्त-अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन् भने ती सबै यी नै बयसट्ठी (६२) कारणका आधारमा अथवा यीमध्ये कुनै एक कारणको आधारमा बताउँछन्। यसभन्दा बाहिर अरू कारण छैन।"

"भिक्षुहो ! तथागतले यो जान्दछ कि– 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, यसरी परामर्श गरेका छन् र (उनीहरूको)

Downloaded from http://dhamma.digital/

यस्तो गति र सम्पराय हुन्छ ।' त्यसलाई पनि तथागत जान्दछन् र त्योभन्दा माथिका पनि जान्दछन् । त्यो ज्ञानलाई परामर्श पनि गर्दैनन् । भिक्षुहो ! परामर्श नगर्नाले त्यसबाट (परामर्श गर्दा हुने क्लेशबाट) निवृत्ति भएको कुरा पनि आफैले अवबोध गर्छ । वेदनाको समुदय पनि अस्तगमन पनि आस्वाद पनि दुष्परिणाम पनि मुक्ति पनि यथार्थतः अवबोध गरी उपादान रहित तथागत विमुक्त छ ।"

"भिक्षुहो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डितवेदनीय छन् । जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनु हुन्छ । जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ ।"

## दृष्टि भनेको त्रास र कम्पन मात्र हो

१– "भिक्षुहो ! त्यहाँ जो ती शाश्वतवादी श्रमण ब्राह्मणहरू चार (४) कारणको आधारमा आत्मा र लोकलाई शाश्वत बताउँछन्– तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना (मानसिक), त्रास र कम्पन मात्र हो ।"

२– "भिक्षुहो ! त्यहाँ जो ती केही शाश्वतवादी केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू चार (४) कारणको आधारमा आत्मा र लोकलाई शाश्वत र केही अशाश्वत बताउँछन्– तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना (मानसिक), त्रास र कम्पन मात्र हो ।"

Downloaded from http://dhamma.digital/

३– "भिक्षुहो ! त्यहाँ जो ती अन्तानन्तिकवादी श्रमण ब्राह्मणहरू चार (४) कारणको आधारमा आत्मा र लोकलाई अन्तानन्त बताउँछन्– तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हो।"

४– "भिक्षुहो ! त्यहाँ जो ती अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू चार (४) कारणको आधारमा त्यस त्यस प्रश्नमा वाचाविक्षेप गर्छन् अमराविक्षेप– तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हो।"

५– "भिक्षुहो ! त्यहाँ जो ती कारणविना उत्पन्न (आपसेआप उत्पन्न) हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू दुइ (२) कारणको आधारमा आत्मा र लोकलाई कारणविना उत्पन्न हुन्छ भनी बताउँछन्– तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हो।"

६– "भिक्षुहो ! त्यहाँ जो ती पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने, पूर्वान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन् जो अठार (१८) कारणको आधारमा पूर्वान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्– तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हो।"

७– "भिक्षुहो ! त्यहाँ जो ती आत्मामा संज्ञा हुन्छ भन्ने वादी केही श्रमण ब्राह्मणहरू छन् जो सोह्र (१६) कारणको आधारमा आत्मामा संज्ञा हुन्छ भनी बताउँछन्– तृष्णामा परेका

Downloaded from http://dhamma.digital/

ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हो।"

८– "भिक्षुहो ! त्यहाँ जो ती मरणपछि आत्मामा संज्ञा छैन भन्ने वादी केही श्रमण ब्राह्मणहरू छन् जो आठ (८) कारणको आधारमा मरणपछि आत्मामा संज्ञा छैन भनी बताउँछन्– तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हो।"

९– "भिक्षुहो ! त्यहाँ जो ती मरणपछि नैवसंज्ञीनासंज्ञी भन्ने वादी केही श्रमण ब्राह्मणहरू छन् जो आठ (८) कारणको आधारमा मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भनी बताउँछन्– तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हो।"

१०– "भिक्षुहो ! त्यहाँ जो ती उच्छेदवादी केही श्रमण ब्राह्मणहरू छन् जो सात (७) कारणको आधारमा सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी बताउँछन्– तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हो।"

११– "भिक्षुहो ! त्यहाँ जो ती दृष्टधर्म निर्वाणवादी केही श्रमण ब्राह्मणहरू विदयमान सत्वको परम दृष्टधर्म निर्वाण पाँच (५) कारणको आधारमा बताउँछन्– तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हो।"

Downloaded from http://dhamma.digital/

१२– "भिक्षुहो ! त्यहाँ जो ती अपरान्तको सम्बन्धमा कल्पना गर्ने, अपरान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन् जो चवालीस (४४) कारणको आधारमा अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्– तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना (मानसिक), त्रास र कम्पन मात्र हो ।"

१३– "भिक्षुहो ! त्यहाँ जो ती पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने, अपरान्तको सम्बन्धमा कल्पना गर्ने र पूर्वान्त-अपरान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू बयसट्ठी (६२) प्रकारले पूर्वान्त र अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्– तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना (मानसिक), त्रास र कम्पन मात्र हो ।"

## स्पर्शको कारणले दृष्टि हुन्छ

Dhamma.Digital

१– "भिक्षुहो ! त्यहाँ जो ती शाश्वतवादी श्रमण ब्राह्मणहरू चार कारणले आत्मा र लोकलाई शाश्वत बताउँछन्– त्यो पनि स्पर्शको कारणले हो ।"

२– "भिक्षुहो ! त्यहाँ जो ती शाश्वतवादी केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू चार कारणले आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत बताउँछन्– त्यो पनि स्पर्शको कारणले हो ।"

३– "भिक्षुहो ! त्यहाँ जो ती अन्तानन्तिकवादी श्रमण ब्राह्मणहरू

Downloaded from http://dhamma.digital/

चार कारणले आत्मा र लोकलाई अन्तानन्त बताउँछन्– त्यो पनि स्पर्शको कारणले हो।"

४– "भिक्षुहो ! त्यहाँ जो ती अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू चार कारणले त्यस त्यस प्रश्नमा वाचाविक्षेप गर्छन्– अमराविक्षेप– त्यो पनि स्पर्शको कारणले हो।"

५– "भिक्षुहो ! त्यहाँ जो ती कारणविना (आपसेआप) उत्पन्न हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू दुइ कारणले आत्मा र लोकलाई कारणविना (आपसेआप) उत्पन्न हुन्छ भनी बताउँछन्– त्यो पनि स्पर्शको कारणले हो।"

६– "भिक्षुहो ! त्यहाँ जो ती पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने, पूर्वान्तनुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन् जो अठार कारणले पूर्वान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्– त्यो पनि स्पर्शको कारणले हो।"

७– "भिक्षुहो ! त्यहाँ जो ती मरणपछि आत्मामा संज्ञा हुन्छ भन्नेवादी केही श्रमण ब्राह्मणहरू छन् जो सोह्र कारणले मरणपछि आत्मामा संज्ञा हुन्छ भनी बताउँछन्– त्यो पनि स्पर्शको कारणले हो।"

८– "भिक्षुहो ! त्यहाँ जो ती मरणपछि आत्मामा संज्ञा छैन भन्नेवादी केही श्रमण ब्राह्मणहरू छन् जो आठ कारणले मरणपछि आत्मामा संज्ञा छैन भनी बताउँछन्– त्यो पनि स्पर्शको कारणले हो।"

९– "भिक्षुहो ! त्यहाँ जो ती मरणपछि नैवसंज्ञीनासंज्ञी भन्ने

Downloaded from http://dhamma.digital/

वादी केही श्रमण ब्राह्मणहरू छन् जो आठ कारणले मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भनी बताउँछन्– त्यो पनि स्पर्शको कारणले हो।"

१०– "भिक्षुहो ! त्यहाँ जो ती उच्छेदवादी केही श्रमण ब्राह्मणहरू छन् जो सात कारणले सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी बताउँछन्– त्यो पनि स्पर्शको कारणले हो।"

११– "भिक्षुहो ! त्यहाँ जो ती दृष्टधर्म निर्वाणवादी केही श्रमण ब्राह्मणहरू विदयमान सत्वको परम दृष्टधर्म निर्वाण पाँच कारणले बताउँछन्– त्यो पनि स्पर्शको कारणले हो।"

१२– "भिक्षुहो ! त्यहाँ जो ती अपरान्तको सम्बन्धमा कल्पना गर्ने, अपरान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन् जो चवालीस कारणले अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्– त्यो पनि स्पर्शको कारणले हो।"

१३– "भिक्षुहो ! त्यहाँ जो ती पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने, अपरान्तको सम्बन्धमा कल्पना गर्ने र पूर्वान्त अपरान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू बयसट्ठी प्रकारले पूर्वान्त र अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्– त्यो पनि स्पर्शको कारणले हो।"

## स्पर्श बाहेक अरू वेदना

१– "भिक्षुहो ! त्यहाँ जो ती शाश्वतवादी श्रमण ब्राह्मणहरू

Downloaded from http://dhamma.digital/

चार कारणले आत्मा र लोकलाई शाश्वत बताउँछन्– तिनीहरूले स्पर्श बाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन।"

२– "भिक्षुहो ! त्यहाँ जो ती शाश्वतवादी केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू चार कारणले आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत बताउँछन्– तिनीहरूले स्पर्श बाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन।"

३– "भिक्षुहो ! त्यहाँ जो ती अन्तानन्तिकवादी श्रमण ब्राह्मणहरू चार कारणले आत्मा र लोकलाई अन्तानन्तिक बताउँछन्– तिनीहरूले स्पर्श बाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्नसक्ने कारण छैन।"

४– "भिक्षुहो ! त्यहाँ जो ती अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू चार कारणले त्यस त्यस प्रश्नमा वाचाविक्षेप गर्छन्–अमराविक्षेप– तिनीहरूले स्पर्श बाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन।"

५– "भिक्षुहो ! त्यहाँ जो ती कारणविना (आपसेआप) उत्पन्न हुन्छ भन्नेवादी श्रमण ब्राह्मणहरू दुइ कारणले आत्मा र लोकलाई कारणविना (आपसेआप) उत्पन्न हुन्छ भनी बताउँछन्– तिनीहरूले स्पर्श बाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन।"

६– "भिक्षुहो ! त्यहाँ जो ती पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने, पूर्वान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन् जो अठार कारणले पूर्वान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्– तिनी-

Downloaded from http://dhamma.digital/

हरूले स्पर्श बाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन।"

७– "भिक्षुहो ! त्यहाँ जो ती मरणपछि आत्मामा संज्ञा हुन्छ भन्नेवादी केही श्रमण ब्राह्मणहरू छन् जो सोह्र कारणले मरणपछि आत्मामा संज्ञा हुनछ भनी बताउँछन्– तिनीहरूले स्पर्श बाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन।"

८– "भिक्षुहो ! त्यहाँ जो ती मरणपछि आत्मामा संज्ञा छैन भन्नेवादी केही श्रमण ब्राह्मणहरू छन् जो आठ कारणले मरणपछि आत्मामा संज्ञा हुन्छ भनी बताउँछन्– तिनीहरूले स्पर्श बाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्नसक्ने कारण छैन।"

९– "भिक्षुहो ! त्यहाँ जो ती मरणपछि नैवसंज्ञीनासंज्ञी भन्नेवादी श्रमण ब्राह्मणहरू छन् जो आठ कारणले मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भनी बताउँछन्– तिनीहरूले स्पर्श बाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन।"

१०– "भिक्षुहो ! त्यहाँ जो ती उच्छेदवादी केही श्रमण ब्राह्मणहरू छन् जो सात कारणले सत्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी बताउँछन्– तिनीहरूले स्पर्श बाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन।"

११– "भिक्षुहो ! त्यहाँ जो ती दृष्टधर्म निर्वाणवादी केही श्रमण ब्राह्मणहरू विदयमान सत्वको परम दृष्टधर्म निर्वाण पाँच कारणले

Downloaded from http://dhamma.digital/

बताउँछन्– तिनीहरूले स्पर्श बाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन।"

१२– "भिक्षुहो ! त्यहाँ जो ती अपरान्तको सम्बन्धमा कल्पना गर्ने, अपरान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन् जो चालीस कारणले अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्– तिनीहरूले स्पर्श बाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन।"

१३– "भिक्षुहो ! त्यहाँ जो ती पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने, अपरान्तको सम्बन्धमा कल्पना गर्ने र पूर्वान्त अपरान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू बयसट्ठी प्रकारले पूर्वान्त र अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्– तिनीहरूले स्पर्श बाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन।"

## संसारचक्र दृष्टिगत छ

"भिक्षुहो ! जो ती शाश्वतवादी श्रमण ब्राह्मणहरू चार कारणले आत्मा र लोकलाई शाश्वत बताउँछन्, जो ती केही शाश्वतवादी केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू, ... जो ती अन्तानन्तिकवादी श्रमण ब्राह्मणहरू, ... – जो ती अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू, ... जो ती कारणविना (आपसेआप) उत्पन्न हुन्छ भन्नेवादी श्रमण ब्राह्मणहरू, ... जो ती पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने श्रमण ब्राह्मणहरू, ... जो ती मरणपछि आत्मामा संज्ञा हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू, ... जो ती

Downloaded from http://dhamma.digital/

मरणपछि आत्मामा संज्ञी हुन्न भन्नेवादी श्रमण ब्राह्मणहरू, ... जो ती मरणपछि नैवसंज्ञीनासंज्ञी भन्नेवादी श्रमण ब्राह्मणहरू, ... जो ती उच्छेदवादी श्रमण ब्राह्मणहरू, ... जो ती दृष्टिधर्म निर्वाणवादी श्रमण ब्राह्मणहरू, ... जो ती अपरान्तको सम्बन्धमा कल्पना गर्ने श्रमण ब्राह्मणहरू, ... जो ती पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने श्रमण ब्राह्मणहरू, अपरान्तको सम्बन्धमा कल्पना गर्ने, पूर्वान्त अपरान्तको सम्बन्धमा कल्पना गर्ने र पूर्वान्त अपरान्तानुसार दृष्टि हुने श्रमण ब्राह्मणहरू– बयसट्ठी (६२) प्रकारले पूर्वान्त अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्– ती सबैले छ स्पर्शायतनले स्पर्श गर्ने ठाउँलाई अनुभव गर्छन्। उनीहरूलाई वेदनाको कारणले तृष्णा, तृष्णाको कारणले उपादान, उपादानको कारणले भव (= जन्मिने कारण), भवको कारणले जाति (= जन्म), जातिको कारणले जरा मरण शोक परिदेव दुःख दौर्मनस्य उपायास सम्भव हुन्छन्।"

## दृष्टिजाल

"भिक्षुहो ! जब भिक्षु छवटै स्पर्शायतनको समुदय, अस्तगमन, आस्वाद, दुष्परिणाम र मुक्तिलाई यथार्थतः जान्नेछ तब उसले यही सबैभन्दा उत्तरोत्तर जानेको हुन्छ।"

"भिक्षुहो ! जो कोही श्रमण ब्राह्मणहरू वा पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने वा अपरान्तको सम्बन्धमा कल्पना गर्ने वा पूर्वान्त-अपरान्तको सम्बन्धमा कल्पना गर्ने वा पूर्वान्त-अपरान्तानुसार दृष्टि हुनेहरू पूर्वान्त-

Downloaded from http://dhamma.digital/

अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्– ती सबै यीनै बयसट्ठी कारणहरूको जालभित्र पर्दछन् । यसैभित्र बसी माथि आउनेहरू माथि आउँछन्, यसै घेराभित्र रही यसै जालभित्र रही माथि आउनेहरू माथि आउँछन् ।"

"भिक्षुहो ! जस्तै कुनै माझी वा माझीको अन्तेवासीले मसिनो प्वाल भएको जाल थोरै पानी भएको दहमा फ्याक्छ। अनि उसलाई यस्तो लाग्छ– 'यो दहमा जे जति ठूला ठूला प्राणीहरू छन् ती सबै जालभित्र परे । यसैभित्र परी माथि आउनेहरू माथि आउँछन्, यसै घेराभित्र रही यसै जालभित्र रही माथि आउनेहरू माथि आउँछन् ।' भिक्षुहो ! यस्तैगरी– जो श्रमण ब्राह्मणहरू वा पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने...वा पूर्वान्त-अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्– ती सबै यीनै बयसट्ठी (६२) कारणहरूको जालभित्र पर्दछन् । यसै भित्रबसी माथि आउनेहरू माथि आउँछन्, यसै घेराभित्र रही यसै जालभित्र रही माथि आउनेहरू माथि आउँछन् ।"

"भिक्षुहो ! संसाररूपी डोरी चुँडालिसकेका तथागतको शरीर रहन्छ। जबसम्म शरीर रहन्छ तबसम्म देवमनुष्यहरूले देख्छन् । शरीर छाडी जीवन सकिएपछि त्यसलाई देवमनुष्यहरूले देख्दैनन् ।"

"भिक्षुहो ! जस्तै आँप भएको हाँगा काटेपछि जे जति आँपहरू हाँगामा रहन्छन् ती सबै त्यही अनुसार हुन्छन् (खस्छन्) । भिक्षुहो ! त्यस्तैगरी– संसारको डोरी चुँडालिसकेका तथागतको शरीर रहन्छ ।"

Downloaded from http://dhamma.digital/

जबसम्म शरीर रहन्छ तबसम्म देवमनुष्यहरूले देख्छन् । शरीर छाडी जीवन सकिएपछि त्यसलाई देवमनुष्यहरूले देख्दैनन् ।"

यस्तो भन्नुहुँदा आयुष्मान् आनन्दले भगवानसँग यस्तो बिन्ति गरे– "आश्चर्यहो भन्ते ! अद्‌भुतहो भन्ते ! ! भन्ते ! यो धर्मदेशनाको नाम के हो ?" "आनन्द ! त्यसोभए यो धर्मदेशनालाई 'अर्थजाल' भनेर पनि धारण गर; 'धर्मजाल' भनेर पनि धारण गर; 'ब्रह्मजाल' भनेर पनि धारण गर; 'दृष्टिजाल' भनेर पनि धारण गर; 'अनुपम संग्रामजित' भनेर पनि धारण गर ।"

यति भगवानले भन्नुभयो । सन्तुष्ट भई भिक्षुहरूले भगवानको भाषणलाई अभिनन्दन गरे । यो धर्म ब्याख्यान गर्नुहुँदा दशसहस्री लोकधातु कम्पित भयो ।

---

Downloaded from http://dhamma.digital/

# ३८।१५. सुभद्द परिव्राजक

## प रि च य

यी सुभद्द (= सुभद्र) परिव्राजक महान धनाढ्य उदिच्च ब्राह्मण कुलमा जन्मेका थिए । ठूलो भएपछि कामविषयको दोषलाई देखी यिनी परिव्राजक सम्प्रदायमा प्रव्रजित भएका थिए[1] ।

भगवान बुद्धले बुद्धत्व प्राप्त गरी ४५ वर्षसम्म धर्म प्रचार गरी हिंडिरहेको बेलामा यिनले बुद्धलाई भेटेका थिएनन् । ४५ वर्षपछि जब भगवान बुद्ध कुशीनगरमा परिनिर्वाण हुन लाग्नु भयो तब कुशीनगरमा बसिरहेका यिनले बुद्ध परिनिर्वाण हुने खबर सुने । त्यसबखत यिनको मनमा केही शंका थियो । यिनले यिनका आचार्य प्राचार्यहरूबाट बुद्धहरू भन्ने पुरुष लोकमा अति दुर्लभ हुन्छन् र कहिलेकाहिं मात्र जन्म हुन्छन् भन्ने कुरा पनि सुनेका थिए । यही कुरा सम्झी यिनको मनमा यस्तो लाग्यो—

---

१. सुमं. वि. II. पृ. २९९ : महापरिनिब्बानसुत्तवण्णना; अप. दा. अ. क. पृ. ३१७ : सुभद्दत्थेरअपदानं ।

Downloaded from http://dhamma.digital/

"अहो ! बुद्ध जन्मेर पनि आज उहाँको परिनिर्वाण हुँदैछ । मैले चाहिं उहाँलाई अरू गणाचार्यहरूभन्दा तरुण छन् भन्ने ठानी मनमा शंका लागेका कुरा सोध्न सकिन । उहाँसँग सोध्न पाइन भने मैले ठूलो पश्चात्ताप गर्नुपर्ने छ । अतः आजै उहाँकहाँ गई मनमा लागेको कुरा सोध्नु पऱ्यो ।"

उनले यसभन्दा अघि भगवानसँग भेट्न नसकेको कारण उल्लेख गर्दै दी. नि. अ. क. II. पृ. २९९–३०० : महापरिनिब्बानसुत्तवण्णना; धम्म. प. अ. क. पृ. ६६१ : सुभद्दपरिब्बाजकवत्थु र अप. दा. अ. क. पृ. ३१७ : सुभद्दत्थेरपदानले यस्तो उल्लेख गरेका छन्—

"अघि विपश्वी बुद्धको पालामा यी सुभद्द परिव्राजक एक कुलगृहमा जन्मिदा यिनका महापाल भन्ने एक दाजु थिए । यिनको नाम चाहिं चुल्लकाल थियो ।"

एकदिन खेतको धान काटी बुद्धलाई दानदिने विषयलाई लिएर यिनीहरूको बीच केही मतभेद भयो । दाजु चाहिंले खेतबाट धान काट्नुभन्दा अगाडि नै नौ पटकसम्म दानदिने कुरा गरे । भाइ चाहिं चुल्लकालले यसरी दानदिंदा खेतको अन्न बिग्रिन्छ भनी आफ्नो भाग खेत छुटयाई लिए । दाजु चाहिं महाकालले आफ्नो भागको खेतबाट नौ पटक दानदिए । भाइ चाहिंले पछि आफ्नो खेतबाट एक पटक दानदिए ।

"यसको प्रभावद्वारा दाजु हुने चाहिं अहिले भगवानका पहिला

Downloaded from http://dhamma.digital/

शिष्य कौण्डन्य भए । भाइ हुने चाहिं अहिले सुभद्द परिव्राजक भए जो पछि भगवानका अन्तिम शिष्य हुन पुगे ।"

जब यिनले आजै उहाँकहाँ गई मनमा लागेका कुरा सोध्ने निश्चय गरे तब यिनी तुरन्तै कुशीनगरका मल्लहरूको उपवत्तन भन्ने शालवनमा गए। उनले त्यहाँ आनन्द महास्थविरसँग भेटे । भनिन्छ कि त्यसबखत भगवान बुद्ध पर्दाभित्र लेटिरहनु भएको थियो[1] । अनि उनले महास्थविर लाई भगवानसँग केही कुरा सोध्ने कुरा भने। महास्थविरले चाहिं अब यो अन्तिम अवस्थामा भगवानलाई तकलिफ दिनु ठीक छैन भनी भन्नु-भयो। सुभद्रले चाहि जिद्दी गरिरहेका थिए। यत्तिकैमा पर्दाभित्र हुनु भएका बुद्धले उनीहरूको बीच भइरहेको कुरा सुन्नु भई आनन्द महास्थविरलाई सुभद्र परिव्राजकलाई आफूकहाँ आउनदिने आज्ञा दिनुभयो । त्यसपछि महास्थविरले सुभद्रलाई "सुभद्र ! भगवानले वचन दिनुभयो; जाऊ" भनी भन्नुभयो ।

सुभद्र पर्दाभित्र पसे । खाटमुनि बसे । मनमा लागेका कुरा सोधे[2] । भगवानले दिनु भएको उत्तर सुभद्रले बुझे । यसपछि उनले

---

१. सुमं. वि. II. पृ. ३०० : महापरिनिब्बानसुत्तवण्णना; धम्म. प. अ. क. पृ. ६६१ : सुभद्दपरिब्बाजकवत्थु; मलवग्गो ।

२. सुभद्रले सोधेका प्रश्नको सम्बन्धमा धम्म. प. अ. क. र अगाडि अनुदित मूल सूत्रको कुरामा अलिकता फरक देखिन्छ ।
धम्म. प. अ. क. पृ. ६६१ ले (१) "आकाशमा कुनै चिनो लगाउन सकिन्छ के ? (२) यहाँभन्दा बाहिर श्रमणहरू छन्

Downloaded from http://dhamma.digital/

भगवानसँग प्रव्रज्या र उपसम्पदा हुने आज्ञा मागे। भगवानले सुभद्रलाई प्रव्रजित गराउने आज्ञा दिनुभयो । अनि आनन्द महास्थविरले सुभद्र परिव्राजकलाई तुरन्त बाहिर एक छेउमा लगी पानीले टाउको भिजाई तचपञ्चक कर्मस्थान भन्नलगाई केश दाह्री क्षौर गरी चीवर वस्त्र पहिराई त्रिशरण-शील ग्रहण गराई भगवानकहाँ लैजानुभयो। त्यसपछि भगवानले नै उपसम्पदा गरिदिनु भयो र कर्मस्थान भावनाका कुरा पनि सिकाइदिनुभयो । त्यसैले अपदानपालि I. पृ. १२० मा यस्तो उल्लेख भएको हो—

"उपवत्तने सालवने, पच्छिमे सथने मुनि ।
पब्बाजेसि महावीरो, हितो कारुणिको जिनो ॥"

त्यसपछि सुभद्र भिक्षु बाहिर गई चंक्रमण गर्दै भावना गर्न थाले । भावना गर्दा गर्दै विपश्यना बढाई चार प्रतिसम्भिदाज्ञान सहित

के ? (३) संस्कारहरू नित्य हुन सक्छन् के ? भनी सोधेका उत्तरहरू भगवानले "आकासे पदं नत्थि, समणो नत्थि बाहिरे" भनी उत्तर दिनु भएको कुरा उल्लेख गरेको छ ।

अगाडि अनुदित मूल सूत्रमा चाहिं पूरण काश्यपादि गणाचार्यहरूले प्रकाश पारेका कुराहरूलाई उनीहरूले साक्षात्कार गरेका छन् कि छैनन् भनी सोध्दा भगवानले यस कुरालाई छाड्न लगाई बुद्धशासन बाहिर स्रोतापन्न, सकृदागामी, अनागामी तथा अरहत् हुने श्रमणहरू छैनन् भनी उल्लेख भएको छ। सुमं. वि. II. पृ. ३०१ : महापरिनिब्बानसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

अरहत्फल प्राप्त गरी[1] भगवानकहाँ गई वन्दना गरी भगवान छेउ बसे। त्यसैले अगाडि अनुदित मूल सूत्रले "आयुष्मान् सुभद्द अरहत्हरू मध्येमा एक हुनुभयो" भनी उल्लेख गरेको हो।

अप. दा. पा. I. पृ. १२० अनुसार आयुष्मान् सुभद्द (= सुभद्र) उसैदिन भगवान सँगसँगै परिनिर्वाण पनि भए। त्यसैले अप. दा. पा. पृ. १२० ले यसो उल्लेख गरेको हो—

"अज्जेव दानि पब्बज्जा, अज्जेव उपसम्पदा।
अज्जेव परिनिब्बानं, सम्मुखा दिपदुत्तमे॥"

आयुष्मान् सुभद्द (= सुभद्र) भगवान बुद्धका अन्तिम शिष्य थिए[2]।

X X X

---

१. धम्म. प. अ. क. पृ. ६६१ : सुभद्दपरिब्बाजकवत्थु, मलवग्गोले चाहिं सुभद्दले अनागामीफल प्राप्त गरे भनी उल्लेख गरेको छ।

२. सुमं. वि. II. पृ. ३०२ : महापरिनिब्बानसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

# केही सुभद्द नामहरू

(१) सुभद्द– यो कोण्डञ्ञ बुद्धका अग्रश्रावकको नाम हो। बु. वं. पा. पृ. ३२४ : कोण्डञ्ञ बुद्धवंसो।

(२) सुभद्द– यो चाहिं धम्मदस्सी बुद्धका अग्रउपस्थाकको नाम हो। बु. वं. पा. पृ. ३५६ : धम्मदस्सी बुद्धवंसो।

(३) सुभद्द– यो चाहिं ककुसन्ध बुद्धलाई बुद्धत्व प्राप्त गर्ने दिनमा आठ मुठी घाँस दिने यत्रपालको नाम हो। बु. वं. पा. पृ. २१० : ककुसन्ध बुद्धवंसवण्णना।

(४) सुभद्द– यो चाहिं उपक आजीवककी पत्नी चापाको तरफबाट जन्मेको छोराको नाम हो। थेरी. गा. अ. क. पृ. १७३ : चापा-थेरीगाथट्ठकथा।

(५) सुभद्द– यो चाहिं आतुममा बस्ने एक वृद्ध प्रव्रजित भिक्षुको नाम हो। महा. व. पा. पृ. २६२ : बुड्ढपब्बजितवत्थु।

भगवान परिनिर्वाण हुँदा कश्यप महास्थविर पावामा पुगिरहेको बेलामा यिनै सुभद्र भिक्षुले "रुनु पर्दैन अब हामी गौतमको बन्धनबाट मुक्त भयौं" भनी भनेका थिए। चुल्ल. व. पा. पृ. ४०६ : पञ्चसतिकक्खन्धकं; दी. नि. II. पृ. १२५ : महापरिनिब्बानसुत्तं।

Downloaded from http://dhamma.digital/

(६) सुभद्द– यो चाहिं त्यो उपासकको नाम हो । जसको बारेमा नातिकमा बसिरहनुभएका भगवानले उनी अनागामी हुन् भनी भन्नुभएको थियो। दी. नि. II. पृ. ४७ : महापरिनिब्बानसुत्तं।

(७) सुभद्द– यो चाहिं सुभद्द परिव्राजकको नाम हो। यिनकै कुरा यहाँ अगाडि उल्लेख भएको छ।

(८) सुभद्द परिब्बाजकवत्थु– यी सुभद्द परिव्राजकको कथा धम्म. प. अ. क. मलवर्ग पृ. ६६० मा उल्लेख भएको छ।

(९) सुभद्दत्थेरापदानं– यो अपदान चाहिं अप. दा. पा. I. पृ. ११८ मा उल्लेख भएको छ।

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## सुभद्द परिव्राजकको प्रव्रज्या

(सुभद्दपरिब्बाजकवत्थु[1])

त्यसबखत सुभद्द (सुभद्र) भन्ने परिव्राजक कुशीनगरमा बसिरहेका थिए। अनि सुभद्द परिव्राजकले "आज कै रातको अन्तिम याममा श्रमण गौतमको परिनिर्वाण हुनेछ" भन्ने सुने। अनि सुभद्द परिव्राजकलाई यस्तो लाग्यो– "परिव्राजकहरूका जेठापाका आचार्य प्राचार्यहरूले 'कहिले काहिं मात्र तथागत अरहत् सम्यक्सम्बुद्धहरू लोकमा उत्पन्न हुन्छन्' भनी भनेका कुरा मैले सुनेको छु। आजकै रातको अन्तिम याममा श्रमण गौतमको परिनिर्वाण हुनेछ भन्ने पनि सुन्दछु। ममा यस्तो शंका लागेको छ। श्रमण गौतममाथि म यति प्रसन्न छु– श्रमण गौतम मलाई त्यस्तो धर्मोपदेश गर्न सक्नुहुन्छ जसले गर्दा यो मेरो शंका दूर हुनेछ।" यति सोची सुभद्द परिव्राजक जहाँ उपवत्तन भन्ने मल्लहरूको शालवन हो, जहाँ आयुष्मान् आनन्द

---

१. दी. नि. II. पृ. ११५ : महापरिनिब्बानसुत्तबाट; अ. क. II. पृ. २९९.

Downloaded from http://dhamma.digital/

हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् आनन्दसँग बिन्ति गरे– "भो आनन्द ! मैले परिव्राजकहरूका जेठापाका आचार्य प्राचार्यहरूले 'कहिले काहिं मात्र तथागत अरहत् सम्यक्सम्बुद्धहरू लोकमा उत्पन्न हुन्छन्' भन्ने कुरा सुनेको छु। आजकै रातको अन्तिम याममा श्रमण गौतमको परिनिर्वाण हुनेछ। ममा यस्तो शंका लागेको छ। श्रमण गौतममाथि म यति प्रसन्न छु– श्रमण गौतम मलाई त्यस्तो धर्मोपदेश गर्न सक्नुहुन्छ जसले गर्दा यो मेरो शंका दूर हुनेछ। त्यसैले भो आनन्द ! मलाई श्रमण गौतमको दर्शन गर्ने मौका दिनुभए बेश हुने थियो।" यस्तो भन्दा आयुष्मान् आनन्दले सुभद्द परिव्राजकलाई यस्तो भन्नुभयो– "आवुसो सुभद्द ! भइहाल्यो, तथागतलाई कष्ट नदेऊ। भगवान थाक्नु भएको छ।" दोस्रो पटक पनि ... तेस्रो पटक पनि सुभद्द परिव्राजकले आयुष्मान् आनन्दसँग यस्तो बिन्ति गरे– "भो आनन्द ! मैले परिव्राजकहरूका जेठापाका आचार्य प्राचार्यहरूले 'कहिले काहिं मात्र तथागत अरहत् सम्यक्सम्बुद्धहरू लोकमा उत्पन्न हुन्छन्' भन्ने कुरा सुनेको छु। आजकै रातको अन्तिम याममा श्रमण गौतमको परिनिर्वाण हुनेछ। मलाई यस्तो शंका लागेको छ। श्रमण गौतम माथि म यति प्रसन्न छु– श्रमण गौतम मलाई त्यस्तो धर्मोपदेश गर्न सक्नु हुन्छ जसले गर्दा यो मेरो शंका दूर हुनेछ। त्यसैले भो आनन्द ! मलाई श्रमण गौतमको दर्शन गर्ने मौका दिनुभए बेस हुने थियो।" तेस्रो पटक पनि आयुष्मान् आनन्दले सुभद्द परिव्राजकलाई यस्तो भन्नुभयो– "आवुसो सुभद्द ! भइहाल्यो, तथागतलाई कष्ट नदेऊ। भगवान थाक्नु भएको छ।"

Downloaded from http://dhamma.digital/

अनि भगवानले आयुष्मान् आनन्दको सुभद्द परिव्राजकसँग भइरहेको कुराकानी सुन्नुभयो । अनि भगवानले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो—

“आनन्द ! भइहाल्यो, सुभद्दलाई न रोक, आनन्द ! सुभद्दले तथागतको दर्शन पाऊन् । जो कुछ सुभद्दले मसँग सोध्नेछन् त्यो सबै जान्ने अभिप्रायले सोध्नेछन्, दु:खदिने अभिप्रायले होइन । जुन प्रकारको उत्तर बताउनेछु त्यो उनले चाँडैनै बुझ्नेछन् ।”

अनि आयुष्मान् आनन्दले सुभद्द परिव्राजकलाई यस्तो भन्नुभयो– “सुभद्द ! जाऊ, भगवानको अवकाश दिनुहुन्छ ।”

अनि सुभद्द परिव्राजक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गएर भगवानसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका सुभद्द परिव्राजकले भगवानलाई यस्तो बिन्तिगरे– “भो गौतम ! जो ती श्रमण ब्राह्मणहरू संघी, गणी, गणाचार्य, प्रख्यात, यशस्वी, तीर्थकर र धेरैजनाको साधुसम्मत हुन् जस्तै– पूरण कश्यप, मक्खली गौशाल, अजित केशकम्बल, प्रकुध कात्यायन, सञ्जय बेलट्ठपुत्र र निगण्ठ-नाटपुत्र हुन् । के ती सबैले आफूले प्रकाश गरेका कुरालाई साक्षात्कार गरेका छन् ? वा गरेका छैनन् ? अथवा केहीले साक्षत्कार गरेका छन्, केहीले गरेका छैनन् ?”

“सुभद्द ! ती सबैले आ-आफूले प्रकाश गरेका कुरालाई साक्षात्कार गरेका छन् वा छैनन् अथवा केहीले साक्षात्कार गरेका छन्

Downloaded from http://dhamma.digital/

केहीले गरेका छैनन् भन्ने यो कुरा छाडिदेओ । सुभद्द ! म तिमीलाई धर्मोपदेश गर्नेछु । त्यो राम्ररी सुन, राम्ररी मनमा राख, भन्नेछु ।"

"हवस्, भन्ते" भनी सुभद्द परिव्राजकले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यस्तो भन्नुभयो—

"सुभद्द ! जुन धर्मविनयमा आर्य-अष्टाङ्गिक मार्ग पाइँदैन श्रमण पनि त्यहाँ पाइँदैन । दोस्रो श्रमण पनि त्यहाँ पाइँदैन । तेस्रो श्रमण पनि त्यहाँ पाइँदैन । चौथो श्रमण पनि त्यहाँ पाइँदैन । सुभद्द ! जुन धर्मविनयमा आर्य-अष्टाङ्गिक मार्ग पाइन्छ; श्रमण पनि त्यहाँ पाइन्छ । दोस्रो श्रमण पनि त्यहाँ पाइन्छ । तेस्रो श्रमण पनि त्यहाँ पाइन्छ । चौथो श्रमण पनि त्यहाँ पाइन्छ । सुभद्द ! यस धर्मविनयमा आर्य-अष्टाङ्गिक मार्ग पाइन्छ । सुभद्द ! यहीं श्रमण पाइन्छ । यहीं दोस्रो श्रमण, यहीं तेस्रो श्रमण, यहीं चौथो श्रमण पाइन्छ । अरू वादमा श्रमणहरूबाट शून्य छन् । सुभद्द ! यी भिक्षुहरू यहाँ ठीकसँग बसेमा यो लोक अरहन्तहरूबाट शून्य हुने छैन ।"

"एकूनतिंसो वयसा सुभद्द,
यं पब्बजिं किंकुसलानुएसी ।
वस्सानि पञ्ञास समाधिकानि,
यतो अहं पब्बजितो सुभद्द ।
ञाञस्स धम्मस्स पदेसवत्ती,
इतो बहिद्धा समणो पि नत्थि ॥"

Downloaded from http://dhamma.digital/

अर्थ—

"सुभद्द ! उन्नतीस वर्षको उमेरमा जो म किंकुशल गवेशी भई प्रव्रजित भएँ।"

"सुभद्द ! अहिले प्रव्रजित भएको पचास वर्षभन्दा बढी भइसक्यो।"

"न्याय धर्मको (= आर्यमार्गको) प्रदेशमा यसभन्दा बाहिर श्रमण पनि छैन।"

"दोस्रो श्रमण पनि छैन। तेस्रो श्रमण पनि छैन। चौथो श्रमण पनि छैन। श्रमणहरूबाट परवाद शून्य छन्। सुभद्द ! यी भिक्षुहरू यहाँ ठीकसँग बसेमा यो लोक अरहन्तहरूबाट शून्य हुने छैन।"

यस्तो भन्नुहुँदा सुभद्द परिव्राजकले भगवानलाई यस्तो भने– "धन्यहो भन्ते ! धन्यहो भन्ते ! ! भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा वा ढाकिएकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा वा अन्धकारमा तेलको दियो बालिदिंदा आँखा हुनेहरूले रूपहरू देख्ने हुन् त्यस्तैगरी भगवानले अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो। भन्ते ! अब म भगवानको शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि। भन्ते ! भगवान समक्ष मैले प्रव्रज्या र उपसम्पदा पाऊँ।"

"सुभद्द ! जो अघि अन्यतीर्थिय (सम्प्रदायमा साधु) भएकाले– यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा हुन चाहन्छन् भने– उसले चार महीनासम्म परिवास बस्नुपर्छ। चार महीना बितेपछि यदि

Downloaded from http://dhamma.digital/

भिक्षुहरू सन्तुष्ट भएमा (उनीहरूले) प्रव्रजित र भिक्षुत्वको निमित्त उपसम्पदा पनि गर्छन् । किन्तु मलाई व्यक्ति विशेषता पनि थाहा छ ।"

"भन्ते ! यदि पहिले अन्यतीर्थिय भएकाले– यस धर्मविनयमा प्रव्रज्या तथा उपसम्पदा चाहेमा– चार महीना परिवास बस्नुपर्छ र चार महीना बितेपछि सन्तुष्ट भएका भिक्षुहरूले भिक्षुत्वको निमित्त प्रव्रज्या र उपसम्पदा गर्छन् भने म चारवर्ष परिवास बस्नेछु। चारवर्ष पूरा भएपछि सन्तुष्ट भएका भिक्षुहरूले भिक्षुत्वको निमित्त मलाई प्रव्रज्या र उपसम्पदा गरून् ।"

अनि भगवानले आयुष्मान् आनन्दलाई बोलाउनुभयो– "त्यसोभए आनन्द ! सुभद्दलाई प्रव्रज्या गर ।" "हवस्" भनी आयुष्मान् आनन्दले भगवानलाई प्रत्युत्तर दिनुभयो । अनि सुभद्द परिव्राजकले आयुष्मान् आनन्दलाई यस्तो भने– "आवुसो आनन्द ! यो मेरो निमित्त लाभ हो । आवुसो आनन्द ! यो मेरो निमित्त सुलाभ हो ! ! जो यहाँ मैले शास्ताको समक्ष अन्तेवासिक अभिषेकले अभिषेक लिन पाएँ ।" सुभद्द परिव्राजकले भगवान समक्ष प्रव्रज्या र उपसम्पदा पाए । उपसम्पन्न भएको केहीछिन पछि एकान्तवासमा बसी अप्रमत्त भई, आतप्तयुक्त वीर्य गरिरहँदा चाँडै नै आयुष्मान् सुभद्दले जसको निमित्त कुलपुत्रहरू सम्यक्रूपले घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छन्– त्यो अनुत्तर फल प्राप्तगरी ब्रह्मचर्यवास पूरा गरी यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी उपशान्त भई बस्नुभयो । "जन्म क्षीणभयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त यहाँ आउनुपर्ने कुनै

Downloaded from http://dhamma.digital/

कारण छैन” भन्ने पनि जान्नुभयो। आयुष्मान् सुभद्द अरहत्हरूमध्येमा एक हुनुभयो[१]। उहाँ भगवानका अन्तिम साक्षिश्रावक[२] हुनुहुन्छ।

---

१. धम्म. प. अ. क. पृ. ६६१ : सुभद्दपरिब्बाजकवत्थुमा चाहिं अनागामी मात्र भएको कुरा उल्लेख भएको छ।

२. भगवानको जीवनकालमा भगवान समक्ष प्रव्रजित भई अरहत्फल पाउने श्रावकहरूलाई ‘साक्षिश्रावक’ भनिन्छ। यी सुभद्द पनि भगवान समक्ष प्रव्रजित भई भगवान छँदा नै अरहत्व प्राप्त गर्ने भगवानका अन्तिम श्रावक शिष्य थिए। त्यसैले उहाँलाई ‘साक्षिश्रावक’ भनिएको हो भनी दी. नि. अ. क. II. पृ. ३०२ : महापरिनिब्बानसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://dhamma.digital/

# ३९।१६. सुसीम परिव्राजक

## प रि च य

त्यसबखत राजगृह नगरमा भगवान बुद्धको ठूलो लाभसत्कार भएको थियो । भगवान बुद्धलाई मानिसहरू खूब मान सत्कार तथा गौरव गर्थे । यो देखेर परिव्राजक सम्प्रदायका साधुहरू ईर्ष्या गर्थे । कसरी श्रमण गौतमले जस्तै हामीले पनि लाभसत्कार प्राप्त गर्ने ? भन्ने विषयमा चर्चा गर्थे ।

"श्रमण गौतम कवि छन् । खूब राम्रा राम्रा कविता बनाई भिक्षुहरूलाई सिकाइ दिन्छन् । भिक्षुहरू ती कविताहरू सुनाई गृहस्थहरूलाई सन्तुष्ट पार्छन् । छन्द बद्ध स्वरले भिक्षुहरू उपदेश गर्छन् । त्यसबाट प्रसन्न भई गृहस्थीहरू उनीहरूको सम्मान गर्छन् । हामीहरूले पनि यदि श्रमण गौतमले सिकाएको धर्मलाई सिक्नसके त्यसमा हाम्रो धर्म मिलाई बताउन सक्ने थियौं र हामी पनि तिनीहरू जस्तै लाभी हुन सक्ने थियौं । श्रमण गौतमकहाँ गई प्रव्रजित भई उनको धर्म कसले सिक्न सक्ला ?"

Downloaded from http://dhamma.digital/

त्यसबखत सुसीम परिव्राजक धेरै परिव्राजकहरूका साथ राजगृहमा बस्थे। उनले वेदाङ्ग शास्त्र पढे लेखेका थिए। उनी दक्ष थिए। उनी सबल थिए। त्यसैले ती परिव्राजकहरू उनकहाँ गई—

"तपाई श्रमण गौतमकहाँ गई प्रव्रजित भई उनको धर्म सिकी हामीहरूलाई पढाउनुहोस्। यसो गर्दा हामीहरूको पनि लाभसत्कार बढ्नेछ" भनी भने। उनले यो कुरालाई स्वीकारे[1]।

अनि सुसीमले कसकहाँ गई त्यस धर्मलाई चाँडै सिक्न सकूँला भनी विचार गरे। श्रमण गौतम चाहिं गरुंगा छन्। उनी तेजस्वी छन्। उनकहाँ धेरै राजमहामात्यहरू जान्छन्। उनकहाँ एक्कासी जानु सजिलो छैन। श्रावकहरूमध्ये सारिपुत्र महाप्रज्ञावान छन्। विपश्यना प्रज्ञाको बारेमा उनी अग्र छन्। महामौद्गल्यायन ऋद्धिवान्हरूमध्ये अग्र छन्। महाकश्यप धुताङ्गधारीहरूमध्ये, अनुरुद्ध दिव्यचक्षुहरूमध्ये, पूरण-मन्ताणिपुत्र धर्मकथिकहरूमध्ये, उपालि स्थविर विनयधरहरूमध्ये अग्र छन्। यी आनन्द बहुश्रुत तथा त्रिपिटकधर हुन्। शास्ताले विभिन्न ठाउँहरूमा बताएका धर्महरू बताउन सक्छन्। पाँच पाँच स्थानमा अग्र छन्[2]। भगवानबाट आठवटा वरदान पाएका हुन्[3]। चारवटा आश्चर्य धर्महरूले युक्त छन्[4]। तिनकहाँ गएमा चाँडै धर्म सिक्न सक्नेछु। यति विचार गरी उनी आनन्द महास्थविरकहाँ गए। त्यसैले अगाडि अनुदित मूल सूत्रमा "परिषद्को कुरा सुनी सुसीम परिव्राजक

---

१. सं. नि. अ. क. II. पृ. ९३–९४ : सुसिमपरिब्बाजकसुत्तवण्णना, महावग्गो सत्तमो।

Downloaded from http://dhamma.digital/

२. बहुश्रुत, स्मृतिमान्, गतिमान्, धृतिमान् उपस्थाकमध्ये अग्र छन् । अं. नि-१, पृ. २५ : एतदग्गवग्गो ।

३. (१) आफूले पाएको उत्तम चीवर नदिने, (२) भिक्षा भोजन नदिने, (३) एकै गन्धकुटीमा बस्न नदिने, (४) निमन्त्रण स्वीकार गरी नजाने, (५) मैले स्वीकार गरेको निम्तोमा जाने, (६) देशका टाढा टाढाका आएकाहरूलाई भगवानको दर्शन गराउन सक्ने, (७) जहिले मलाई शंका लाग्छ उहिले नै तुरन्त सोध्न सक्ने र (८) मेरो अनुपस्थितिमा कुनै धर्मोपदेश गर्नुभएमा मलाई पछि बताउने । दी. नि. अ. क. II. पृ. १०७ : महापदानसुत्तवण्णना ।

४. (१) "भिक्षुको यदि भिक्षुहरू आनन्दलाई हेर्न जान्छन् भनी उनीहरू आनन्दलाई देख्दा नै प्रसन्न हुन्छन् । यदि त्यहाँ आनन्दले धर्मोपदेश गर्छन् भने त्यसबाट पनि उनीहरू प्रसन्न हुन्छन् । आनन्दलाई हेरेर भिक्षुहरू अतृप्त नै हुन्छन् । अनि आनन्द चूप लाग्छन् । (२) भिक्षुहो ! यदि भिक्षुणीहरू आनन्दलाई हेर्न जान्छन् भने...। (३) भिक्षुहो ! यदि उपासकहरू आनन्दलाई हेर्न जान्छन् भने...। (४) भिक्षुहो ! यदि उपासिकाहरू आनन्दलाई हेर्न जान्छन् भने...उपासिकाहरू अतृप्त नै हुन्छन् । अनि आनन्द चूप लाग्छन् । दी. नि. II. पृ. ११२ : महापरि-निब्बानसुत्तं ।

Downloaded from http://dhamma.digital/

जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए" भनी उल्लेख भएको हो।

जब आयुष्मान् आनन्दकहाँ प्रव्रज्या मागे तब आयुष्मान् आनन्दले "यी परिव्राजकहरू स्वयं आचार्य घोषणा गरी हिंड्छन्। कसलाई थाहा छ कि यिनी प्रव्रजित भएपछि बुद्ध शासनलाई हानी नगरोस्। म यिनको मनोभावलाई बुझ्न सक्दिन। भगवानले बुझ्न सक्नु हुनेछ। अतः यिनलाई भगवानकहाँ लैजानुपर्‍यो" भन्ने सोच्नुभयो। यसपछि उहाँले उनलाई भगवानकहाँ लैजानुभयो[1]।

भगवानकहाँ पुगेपछि सुसीम परिव्राजकले प्रव्रज्या मागेको कुरा आयुष्मान् आनन्दले भगवानलाई सुनाउनुभयो। त्यसपछि भगवानले किन यी सुसीम परिव्राजक यहाँ आएका होलान् भनी विचार गर्दा यिनी म प्रति वा धर्म प्रति अथवा सङ्घ प्रति श्रद्धा राखेर आएका होइनन्। यिनी धर्म चोर्ने अशुद्ध विचारले आएका हुन् भन्ने कुरा जान्नुभयो। अनि उहाँले यसको परिणाम के हुनेछ त भनी विचार गर्नुहुँदा असलै हुनेछ। अन्त्यमा यिनी अरहत् हुनेछन् भन्ने कुरा बुझ्नुभई उनलाई प्रव्रजित गराउने आज्ञा दिनुभयो।

प्रव्रजित भएपछि यी आयुष्मान् सुसीम जहाँ जहाँ भिक्षुहरू कुरा गरी रहन्थे त्यहाँ त्यहाँ गई कुरा सुनी बस्दथे।

---

१. सं. नि. अ. क. II. पृ. ९४ : सुसिमपरिब्बजाकसुत्तवण्णना, महावग्गो सत्तमो।

Downloaded from http://dhamma.digital/

एक पटक भगवानसँग ध्यान भावनाका कुरा सुनेपछि भिक्षुहरू कुनै अनुकूल ठाउँमा वर्षावास बस्न गए । वर्षावासभरी ध्यानभावना गरी वर्षावासको अन्त्यसम्ममा सबै भिक्षुहरूले अरहत्व साक्षात्कार गरे। त्यसपछि उनीहरू भगवानकहाँ गई आ-आफूले प्राप्त गरेका अरहत्फल सम्बन्धी कुरा भगवानलाई सुनाए। यो कुरा आयुष्मान् सुसीमले सुनिरहेका थिए । अनि उनले ती भिक्षुहरूसँग त्यस्ता अरहत्फल पाउनु भएका तपाईहरूले अनेक प्रकारका ऋद्धिविध ज्ञान जान्नुहुन्छ के ? भनी सोध्दा उनीहरूले जान्दैनौं भनी भने । एक प्रकारले उनीहरूलाई हैरान पार्ने जस्तो गरी उनी प्रश्न सोध्दथे । यसै प्रसंगमा एकदिन भगवानले आयुष्मान् सुसीमसँग अनेक धर्म सम्बन्धी कुरा सोधी प्रतित्यसमुत्पादका कुरा सुनाउनुभयो। त्यसपछि आयुष्मान् सुसीम अरहत् भएको कुरा सं. नि. अ. क. II. पृ. ९६ : सुसिमपरिब्बाजकसुत्तवण्णना, महावग्गले उल्लेख गरेको छ। आयुष्मान् सुसीमसँग भएको छलफलका कुरा अगाडि अनुदित मूल सूत्रमा उल्लेख भएको छ।

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## सुसीम परिव्राजक प्रव्रजित भए

(सुसिमपरिब्बाजकसुत्तं[1])

यस्तो मैले सुनें।

एक समय भगवान राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनु भएको थियो। त्यसबखत भगवान चीवर भिक्षा भोजन शयनासन ग्लान प्रत्यय भैषज्य परिष्कार आदिद्वारा सत्कारित, गौरवान्वित, मानित, पूजित तथा आदरित भई लाभी हुनुहुन्थ्यो। भिक्षुसङ्घ पनि...लाभी थिए। अन्यतीर्थिय, परिव्राजकहरू चीवर भिक्षा भोजन...आदिद्वारा असत्कारित, अगौरवान्वित, अमानित, अपूजित तथा अनादरित भई अलाभी थिए।

त्यसबखत सुसीम परिव्राजक महत् परिव्राजक परिषद्का साथ राजगृहमा बस्दथे। अनि सुसीम परिव्राजकको परिषद्ले सुसीम परिव्राजकलाई यस्तो भने– "आवुसो सुसीम ! यता आउनुहोस्, तपाई श्रमण गौतमकहाँ गई ब्रह्मचर्यवास गर्नुहोस्। तपाईले

१. सं. नि. II. पृ. १०२ : निदानसंयुत्तं; अ. क. II. पृ. ९३.

Downloaded from http://dhamma.digital/

(त्यहाँ) धर्म अध्ययन गरी हामीलाई सिकाउनुहोस्। त्यो अध्ययन गरी गृहस्थीहरूलाई हामी बताउनेछौं । यसरी हामी पनि चीवर भिक्षा भोजन.....आदिद्वारा सत्कारित....तथा आदरित भई लाभी हुनेछौं ।" "हुन्छ, आवुसो" भनी आफ्नो परिषद्को कुरा सुनी सुसीम परिव्राजक जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ गएर आयुष्मान् आनन्दसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका सुसीम परिव्राजकले आयुष्मान् आनन्दलाई यसो भने– "आवुसो आनन्द ! म यस धर्मविनयमा ब्रह्मचर्यवास गर्न चाहन्छु।"

अनि आयुष्मान् आनन्द सुसीम परिव्राजकलाई लिएर जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् आनन्दले भगवानसँग यस्तो भन्नुभयो– "भन्ते ! यी सुसीम परिव्राजक यस्तो भन्छन्– 'आवुसो आनन्द ! म यस धर्मविनयमा ब्रह्मचर्यवास गर्न चाहन्छु'।"

"आनन्द ! त्यसोभए सुसीम परिव्राजकलाई प्रव्रजित गर।"

सुसीम परिव्राजकले भगवानकहाँ प्रव्रज्या र उपसम्पदा पाए।

त्यसबखत केही भिक्षुहरूले भगवानको अगाडि "जन्म क्षीण भयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त यहाँ आउनुपर्ने कुनै कारण छैन" भनी अरहत्व सम्बन्धी कुरा प्रकाश गर्दै थिए । यसरी अरहत्वको बारेमा भगवानको अगाडि प्रकाश गरेको कुरा आयुष्मान्

Downloaded from http://dhamma.digital/

सुसीमले सुने। अनि आयुष्मान् सुसीम ती भिक्षुहरूकहाँ गए। त्यहाँ पुगेर ती भिक्षुहरूसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका आयुष्मान् सुसीमले ती भिक्षुहरूसँग यस्तो भने– "तपाई आयुष्मान्हरूले भगवानको अगाडि 'जन्म क्षीण भयो, ब्रह्मचर्यवास पूरा गयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त यहाँ आउनुपर्ने कुनै कारण छैन' भनी अरहत्वको सम्बन्धी कुरा प्रकाश गर्नुभएको साँच्चै हो ?"

"आवुसो ! साँच्चै हो।"

१– "यस्तो जान्नुभएका, यस्तो देख्नुभएका तपाई आयुष्मान्हरू– एक भएर पनि धेरै हुने, धेरै भएर पनि एक हुने; प्रकट पनि लोप पनि हुने; आकाशमा हिंडे जस्तै गरी परखाललाई नछोई वारपार गर्ने; पर्वतलाई नछोई वारपार गर्ने; पानीमा डुब्की लगाए जस्तै गरी पृथ्वीमा पनि डुब्ने र माथि आउने; पृथ्वीमा हिंडे जस्तै गरी पानीमा पनि पानीले नभिज्ने गरी हिंड्ने; पंक्षि झैं आकाशमा पनि पलेटी मारेर जाने; यस्तो महान तेजस्वी महापराक्रमी चन्द्रसूर्यलाई पनि हातले परामर्श र परिमार्जन गर्ने अनि ब्रह्मलोकसम्मलाई आफ्नो कायले बशमा राख्ने जस्ता आदि अनेक प्रकारका ऋद्धिविधज्ञान प्रत्यनुभव गर्नुहुन्छ त ?"

"आवुसो ! गर्दैनौं।"

२– "यस्तो जान्नुहुने, यस्तो देख्नुहुने तपाई आयुष्मान्हरू

Downloaded from http://dhamma.digital/

अमानुषीय अलौकिक विशुद्ध दिव्यश्रोतधातुद्वारा टाढा र नजिकका, दिव्य र मनुष्यका दुबै शब्दहरू सुन्नसक्नुहुन्छ त ?"

"आवुसो ! सक्दैनौं ।"

३– "यस्तो जान्नुहुने एवं यस्तो देख्नुहुने तपाई आयुष्मान्हरू आफ्नो चित्तले अरू सत्व र पुद्गलहरूका सराग चित्तलाई सराग चित्त भनी, वीतराग चित्तलाई वीतराग चित्त भनी, सदोष चित्तलाई सदोष चित्त भनी, वीतदोष चित्तलाई वीतदोष चित्त भनी,...[१] अविमुक्त चित्तलाई अविमुक्त चित्त भनी जान्न सक्नु हुन्छ त ?"

"आवुसो ! सक्दैनौं ।"

४– "यस्तो जान्नुहुने, यस्तो देख्नुहुने तपाई आयुष्मान्हरू– अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्न सक्नु हुन्छ त ? जस्तै– 'एक जन्मका कुरा, दुइ जन्मका कुरा,...[२] सो त्यहाँबाट च्युत भई यहाँ उत्पन्न भयो।' यसरी साकार सउद्देश सहित अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्न सक्नुहुन्छ त ?"

"आवुसो ! सक्दैनौं ।"

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा-१, पृ. ४५९ मा उल्लिखित 'परचित्तज्ञान' शीर्षकमा उल्लेख भए अनुसार 'अविमुक्त' चित्त भन्नेसम्म दोहोऱ्याई पढ्नू ।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा-१, पृ. ४६०–६१ मा उल्लिखित 'त्यहाँबाट पनि च्युत भई यहाँ उत्पन्न भयो' भन्ने ठाउँसम्म दोहोऱ्याई पढ्नू ।

Downloaded from http://dhamma.digital/

५– "यस्तो जान्नुहुने एवं यस्तो देख्नुहुने तपाई आयुष्मान्हरू अमानुषीय अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा हीन, प्रणीत, सुवर्ण दुर्वर्ण, सुगति दुर्गतिमा कर्मानुसार च्युत भएका र उत्पन्न भएका प्राणीहरूलाई जान्नुहुन्छ त ?– 'यी प्राणीहरू काय दुश्चरितले युक्त भई, वची दुश्चरितले युक्त भई, मनः दुश्चरितले युक्त भई; आर्यहरूको अपवाद गर्ने, मिथ्यादृष्टिक तथा मिथ्यादृष्टिक कर्म गर्ने; उनीहरू कायबाट च्युत भई मरणपछि अपाय, दुर्गति, विनिपात, नरकमा उत्पन्न भए । यी प्राणीहरू काय सुचरितले युक्त भई, वची सुचरितले युक्त भई, मनः सुचरितले युक्त भई; आर्यहरूको अपवाद नगर्ने सम्यक्दृष्टिक तथा सम्यक्दृष्टिक कर्म गर्ने; उनीहरू कायबाट च्युत भई मरणपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ।' यसरी अमानुषीय अलौकिक विशुद्ध दिव्य-चक्षुद्वारा हीन, प्रणीत, सुवर्ण दुर्वर्ण, सुगतिदुर्गतिमा कर्मानुसार च्युत हुने र उत्पन्न हुने प्राणीहरूलाई देख्नुहुन्छ त ?"

"आवुसो ! देख्दैनौं ।"

Dhamma.Digital

६– "यस्तो जान्नुहुने एवं यस्तो देख्नुहुने तपाई आयुष्मान्हरू जो जो शान्त विमोक्ष परको अरूप हो त्यसलाई कायले स्पर्श गरी बस्नुहुन्छ त ?"

"आवुसो ! बस्दैनौं ।"

७– "आवुसो ! यहाँ आयुष्मान्हरूको यस्तो भनाइ र यी धर्महरूको अलाभ ! यो कसरी नि ?"

Downloaded from http://dhamma.digital/

"आवुसो सुसीम ! हामीहरू प्रज्ञाबाट मुक्त भएका हौं (पञ्ञाविमुत्ता) ।"

"आयुष्मान्हरूको यो संक्षेप कुराको विस्तृत अर्थ मैले बुझ्न सकिन। आयुष्मान्हरूले त्यसरी बताउनुभए बेश हुन्थ्यो जसरी बताउनुहुँदा आयुष्मान्हरूको यो संक्षेप कुराको विस्तृत अर्थ म बुझ्न सकूँ।"

"आवुसो सुसीम ! तिमीले बुझ्न सक वा नसक; परन्तु हामी प्रज्ञाबाट मुक्त भएका हौं।"

त्यसपछि आयुष्मान् सुसीम आसनबाट उठी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेर भगवानलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका आयुष्मान् सुसीमले जति कुरा ती भिक्षुहरूसँग गरेका थिए ती सबै भगवानलाई सुनाए।

"सुसीम ! पहिले धर्मस्थितिज्ञान (= विपश्यनाज्ञान) उत्पन्न हुन्छ। अनि पछि निर्वाणको ज्ञान उत्पन्न हुन्छ।"

"भन्ते ! भगवानले संक्षेपमा भन्नुभएको यस कुराको विस्तृत अर्थ मैले बुझ्न सकिन। भन्ते ! भगवानले त्यसरी भन्नुभए बेश हुने थियो जसरी भन्नुहुँदा म विस्तृतरूपले अर्थ बुझ्न सकूँ।"

"सुसीम ! तिमीले बुझ्न सक वा नसक परन्तु पहिले धर्मस्थितिज्ञान उत्पन्न हुन्छ अनि पछि निर्वाणको ज्ञान। सुसीम ! तिमी के भन्छौ ? (१) रूप नित्य हो कि अनित्य हो ?"

Downloaded from http://dhamma.digital/

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो त्यो दुःख हो कि सुख हो ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य, दुःख तथा विपरिणाम स्वभावको हो त्यसलाई यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

(२) "वेदना नित्य हो कि अनित्य हो ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य, दुःख तथा विपरिणाम स्वभावको हो त्यसलाई यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

(३) "संज्ञा नित्य हो कि अनित्य हो ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य, दुःख तथा विपरिणाम स्वभावको हो त्यसलाई यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

(४) "संस्कार नित्य हो कि अनित्य हो ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य, दुःख तथा विपरिणाम स्वभावको हो त्यसलाई

Downloaded from http://dhamma.digital/

यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

(५) "विज्ञान नित्य हो कि अनित्य हो ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य, दुःख तथा विपरिणाम स्वभावको हो त्यसलाई यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

"सुसीम ! त्यसैले जे जति भूत, भविष्य, वर्तमानका रूपहरू हुन्; जे जति भित्री वा बाहिरी रूपहरू हुन्; जे जति स्थूल वा सूक्ष्म रूपहरू हुन्; जे जति कमसल वा प्रणीत रूपहरू हुन् अथवा जे जति टाढाका वा नजिकका रूपहरू हुन्– ती सबै रूपहरू 'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक् प्रज्ञाले हेर्नुपर्छ । जे जति भूत, भविष्य, वर्तमानका वेदना हुन्; जे जति भित्री वा बाहिरी वेदना हुन्; जे जति स्थूल वा सूक्ष्म वेदना हुन्; जे जति कमसल वा प्रणीत वेदना हुन् अथवा जे जति टाढाका वा नजिकका वेदना हुन्– ती सबै वेदनाहरू– 'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक् प्रज्ञाले हेर्नुपर्छ । जे जति भूत, भविष्य, वर्तमानका संज्ञा हुन्, ... – ती सबै संज्ञाहरू 'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक् प्रज्ञाले हेनुपर्छ । जे जति भूत, भविष्य, वर्तमानका संस्कार हुन् ... – ती सबै संस्कारहरू– 'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक् प्रज्ञाले हेर्नुपर्छ । जे

Downloaded from http://dhamma.digital/

जति भूत, भविष्य, वर्तमानका विज्ञान हुन् ...– ती सबै विज्ञानहरू– 'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक् प्रज्ञाले हेर्नुपर्छ।"

"सुसीम ! यसरी हेर्ने श्रुतवान् आर्यश्रावक रूपमा पनि विरक्त हुन्छ, वेदनामा पनि विरक्त हुन्छ, संज्ञामा पनि विरक्त हुन्छ, संस्कारमा पनि विरक्त हुन्छ, विज्ञानमा पनि विरक्त हुन्छ। विरक्त भएपछि त्याग छ। त्यागेपछि विमुक्त हुन्छ। विमुक्त भएपछि– 'जन्म क्षीण भयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त यहाँ आउनु पर्ने कुनै कारण छैन' भन्ने पनि जान्दछ।"

"सुसीम ! जन्मको कारणले जरामरण हुन्छ भन्ने कुरा देख्छौ ?"

"भन्ते ! देख्छु।"

"सुसीम ! भव (= जन्मिने कारण) को कारणले जन्म हुन्छ भन्ने कुरा देख्छौ ?"

"भन्ते ! देख्छु।"

"सुसीम ! उपादानको कारणले भव (= जन्मिने कारण) हुन्छ भन्ने कुरा देख्छौ ?"

"भन्ते ! देख्छु।"

"सुसीम ! तृष्णाको कारणले उपादान हुन्छ भन्ने कुरा देख्छौ ?"

"भन्ते ! देख्छु।"

"सुसीम ! वेदनाको कारणले तृष्णा, ... स्पर्शको कारणले वेदना,

Downloaded from http://dhamma.digital/

... षडायतनको कारणले स्पर्श, ... नामरूपको कारणले षडायतन, ... विज्ञानको कारणले नामरूप, ...... संस्कारको कारणले विज्ञान, ...... अविदयाको कारणले संस्कार हुन्छ भन्ने कुरा देख्छौ ?"

"भन्ते ! देख्छु ।"

"सुसीम ! जाति (= जन्म) निरोधको कारणले जरामरण निरोध हुन्छ भन्ने कुरा देख्छौ ?"

"भन्ते ! देख्छु ।"

"सुसीम ! जाति (= जन्म) निरोधको कारणले जरामरण निरोध हुन्छ भन्ने कुरा देख्छौ ?"

"भन्ते ! देख्छु ।"

"सुसीम ! भव (= जन्मिने कारण) निरोधको कारणले जाति (= जन्म) निरोध हुन्छ भन्ने कुरा देख्छौ ?"

"भन्ते ! देख्छु ।"

"सुसीम ! उपादान निरोधको कारणले भव निरोध, ... तृष्णा निरोधको कारणले उपादान निरोध, ... वेदनाको निरोधको कारणले तृष्णा निरोध, ... स्पर्श निरोधको कारणले वेदना निरोध, ... षडायतन निरोधको कारणले स्पर्श निरोध, ... नामरूप निरोधको कारणले षडायतन निरोध, ... विज्ञान निरोधको कारण्लो नामरूप निरोध, ... संस्कार निरोधको कारणले विज्ञान निरोध, ... अविदया निरोधको कारणले संस्कार निरोध हुन्छ भन्ने कुरा देख्छौ ?"

"भन्ते ! देख्छु ।"

१–"सुसीम ! यस्तो जान्ने, यस्तो देख्ने तिमी अनेक प्रकारका ऋद्धिविध ज्ञान प्रत्यनुभव गर्छौ त ?– एक भएर पनि धेरै हुन्छौ, धेरै भएर पनि एक हुन्छौं; प्रकट पनि लोप हुन्छौं; आकाशमा हिंडे जस्तै

Downloaded from http://dhamma.digital/

गरी परखाललाई नछोई वारपार गर्छौं; पर्वतलाई नछोई वारपार गर्छौं; पानीमा डुब्की लगाए जस्तै गरी पृथ्वीमा पनि डुब्ने र माथि आउने गर्छौं; पृथ्वीमा हिंडे जस्तै गरी पानीमा पनि पानीले नभिज्ने गरी हिंड्छौ; पक्षिभैँ आकाशमा पनि जान्छौ; यस्तो महातेजस्वी महापराक्रमी चन्द्र सूर्यलाई पनि हातले परामर्श र परिमार्जन गर्छौं अनि ब्रह्मलोकसम्मलाई आफ्नो कायले बशमा राख्छौ त ?"

"भन्ते ! राख्दिन ।"

२– "सुसीम ! यस्तो जान्ने, यस्तो देख्ने तिमी अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा टाढा र नजिकका, दिव्य र मनुष्यहरूका सबै शब्दहरू सुन्न सक्छौ त ?"

"भन्ते ! सक्दिन ।"

३– "सुसीम ! यस्तो जान्ने, यस्तो देख्ने तिमी आफ्नो चित्तले अरू सत्वका र अरू पुद्गलहरूका सरागचित्तलाई सरागचित्त भनी, ... तथा अविमुक्त चित्तलाई अविमुक्त चित्त भनी जान्न सक्छौ त ?"

"भन्ते ! सक्दिन ।"

४– "सुसीम ! यस्तो जान्ने, यस्तो देख्ने तिमी अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्न सक्छौ त ? – जस्तै– एक जन्मका कुरा, ...' यसरी साकार सहित सउद्देश सहित अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्न सक्छौ त ?"

Downloaded from http://dhamma.digital/

"भन्ते ! सक्दिन ।"

५– "सुसीम ! यस्तो जान्ने, यस्तो देख्ने तिमी अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा हीन प्रणीत, ... कर्मानुसार च्युत हुने र उत्पन्न हुने प्राणीहरूलाई देख्न सक्छौ त ?"

"भन्ते ! सक्दिन ।"

६– "सुसीम ! यस्तो जान्ने, यस्तो देख्ने तिमी जो त्यो शान्त विमोक्ष रूपभन्दा परको अरूप हो त्यसलाई कायले स्पर्श गरी बस्छौ त ?"

"भन्ते ! बस्दिन ।"

७– "सुसीम ! यहाँ तिम्रो यो भनाइ र यी धर्महरूको अलाभ ! यो कसरी नि ?"

अनि भगवानको पाउमा शीरले ढोगी भगवानलाई आयुष्मान् सुसीमले यस्तो बिन्ति गरे– "भन्ते ! यो मेरो अपराध हो। जस्तै कुनै मूर्ख, विमूढ र अकुशल पुरुषले अपराध गर्छ, त्यस्तै गरी मैले जो यो सु-आख्यात धर्मविनयमा धर्म चोर्ने भई प्रव्रजित भएँ। भन्ते ! यो मेरो अपराधलाई अपराध भनी स्वीकार्नुहोस्। भविष्यमा संयम गर्नेछु।"

"सुसीम ! जस्तै कुनै मूर्ख, विमूढ र अकुशल पुरुषले अपराध गरेझैं सु-आख्यात यो धर्मविनयमा धर्म चोर्ने भई तिमी प्रव्रजित भयौ। सुसीम ! जस्तै– आगो जस्तो चोरलाई समाती (मानिसहरू) राजाकहाँ लैजान्छन्– 'हे देव ! यो आगो जस्तो चोर हो। यसलाई जस्तो चाहनु हुन्छ उस्तो दण्ड दिनुहोस् ।' अनि राजाले यस्तो भन्छन्– 'भो !

Downloaded from http://dhamma.digital/

जाऊ, यो पुरुषलाई बलियो डोरीले हात पछाडि राखी बलियो गरी बाँध र छुराले मुण्डन गरी ढोलक बजाई सडकबाट सडक र चौदोबाटोबाट चौदोबाटो लगी दक्षिणको ढोकाबाट निकाली नगरको दक्षिणतिर लगी टाउको काट।' अनि राजपुरुषले बलियो डोरीले हात पछाडि राखी बलियो गरी बाँधी छुराले मुण्डन गरी ढोलक बजाई सडकबाट सडक र चौबाटोबाट चौबाटो लगी दक्षिण ढोकाबाट निकाली नगरको दक्षिणतिर लगी टाउको काट्छन्। सुसीम ! के यस कारणबाट सो पुरुषलाई दुःखदौर्मनस्य वेदना हुन्छ ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! हुन्छ।"

"सुसीम ! जो त्यो पुरुषलाई त्यसबाट दुःखदौर्मनस्य वेदना हुने हो, जो यस्तो सु-आख्यात धर्मविनयमा धर्म चोर्नेको निमित्त प्रव्रज्या हुने हो– यो त्यो भन्दा पनि दुःखतर विपाक र कटुतर विपाक हुन्छ, विनिपातमा पनि पुऱ्याउँछ। सुसीम ! जब कि तिमी अपराधीलाई अपराध भनी जानी धर्मानुकूल प्रतिकार गर्छौ– त्यो हामी स्वीकार्छौं। सुसीम ! आर्य धर्मविनयमा यो वृद्धि नै हो जो अपराधलाई अपराध भनी जानी धर्मानुकूल प्रतिकार गर्छ र भविष्यमा संयम गर्छ[1]।"

---

१. सं. नि. अ. क II. पृ. ९६ : सुसीमपरिब्बाजकसुत्तवण्णनानुसार यी आयुष्मान् सुसीम यो सूत्रको कुरा सुनी अरहत् भएका थिए।

Downloaded from http://dhamma.digital/

# ४०।१७. सूचिमुखी परिव्राजक

## प रि च य

राजगृहमा सूचिमुखी भन्ने एउटी परिव्राजिका बस्दथिन। एकदिन यिनले सुन्दर रूप भएका सारिपुत्र महास्थविर भिक्षाटन् गइरहनु भएको देखिन्। सारिपुत्र महास्थविरको सुन्दर रूप देखेर उहाँसँग ख्याल ठट्टा गर्ने विचार गरी उहाँको पछि पछि लागी गइन्। जब उहाँ एउटा भित्तामा अडेस लिई भोजन गर्न थाल्नुभयो तब यी  सूचिमुखीले उहाँलाई "किन तलतिर हेरी खाना खान्छौ" भनी सोधिन्। अनि जब उहाँले "म तलतिर हेरी खाना खान्न" भनी भन्नुभयो तब यिनले वादको रूपमा उहाँसँग अरू प्रश्नहरू गरिन्। जुन कुरा अगाडि अनुदित मूल सूत्रमा उल्लेख भएको छ।

उहाँको उत्तर सुनी यिनी निकै प्रभावित भएकी मात्र होइनन् उहाँ प्रति प्रसन्न भई नगरको सडक सडकमा गई श्रमण शाक्यपुत्रहरूलाई सबैले भिक्षा दिउन् भन्ने पनि अपिल गरिन्। यिनको अपिल सुनेर करीब पाँचशय परिवारहरू बुद्धको धर्ममा लागेको कुरा सं. नि. अ. क. II. पृ. २५३ : सूचिमुखीसुत्तवण्णना, सारिपुत्तसंयुत्तले उल्लेख गरेको छ।

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## तल र माथि हेरी खाने

(सूचीमुखिसुत्तं[१])

एक समय, आयुष्मान् सारिपुत्र राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बस्नुभएको थियो।

अनि आयुष्मान् सारिपुत्र पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षाटनार्थ राजगृहमा जानुभयो। राजगृहमा क्रमैसँग भिक्षाटन् गरिसकेपछि एउटा भित्तामा अडेस लिई भिक्षा भोजन गर्दै हुनुहुन्थ्यो। अनि सूचिमुखी परिव्राजका जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गइन्। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रलाई यस्तो भनिन्—

"श्रमण ! किन तलतिर हेरेर खाँदैछौ ?"

"बहिनी ! मैले तलतिर हेरेर खाएको छैन।"

"श्रमण ! त्यसोभए माथितिर हेरेर खाँदैछौ त ?"

१. सं. नि. II. पृ. ४५३ : सारिपुत्तसंयुत्तं; अ. क. II. पृ. २५३.

Downloaded from http://dhamma.digital/

"बहिनी ! मैले माथितिर हेरेर पनि खाएको छैन ।"

"श्रमण ! त्यसोभए चारैदिशातिर हेरेर खाँदैछौ त ?"

"बहिनी ! चारैदिशातिर हेरेर पनि मैले खाएको छैन ।"

"श्रमण ! त्यसोभए विदिशातिर हेरेर खाँदैछौ त ?"

"बहिनी ! विदिशातिर हेरेर पनि मैले खाएको छैन ।"

१– "श्रमण ! किन तलतिर हेरेर खाँदैछौ ?" भनी सोध्दा 'बहिनी ! तलतिर हेरेर मैले खाएको छैन' भनी भन्छौ । २– 'श्रमण ! त्यसोभए माथितिर हेरेर खाँदैछौ त ?' भनी सोध्दा 'बहिनी ! माथितिर हेरेर पनि मैले खाएको छैन' भनी भन्छौ । ३– "श्रमण ! त्यसोभए चारैदिशातिर हेरेर खाँदैछौ त ?' भनी सोध्दा 'बहिनी ! चारैदिशातिर हेरेर पनि मैले खाएको छैन' भनी भन्छौ । ४– 'श्रमण ! त्यसोभए विदिशातिर हेरेर खाँदैछौ त ?' भनी सोध्दा 'बहिनी ! विदिशातिर हेरेर पनि मैले खाएको छैन' भनी भन्छौ । श्रमण ! त्यसोभए कसरी खाँदछौ त ?"

१– "बहिनी ! जुन श्रमण ब्राह्मणहरू– तिरश्चीनविदया भनिने वस्तुविदयादि[1] मिथ्या जीवनद्वारा जीविका गर्छन्– त्यस्ता श्रमण

---

१. कुनै प्रकारका तरकारीहरू अथवा फलफूलहरू उत्पादन गर्ने विदयालाई 'वस्तुविदया' (Vegetation) भनी भन्छन् । यस्ता विदयाद्वारा उपलब्ध भएको लाभ-सत्कार तथा धनद्वारा जीविका गर्नु– बुद्धधर्मको नीति अनुसार– श्रमण ब्राह्मणहरूका निमित्त मिथ्या-जीविका हुन जान्छ । सं. नि. अ. क. II. पृ. २५३ : सूचिमुखिसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

ब्राह्मणहरूलाई– 'तलतिर हेरेर खाने' भनी भन्दछन् ।"

२– "बहिनी ! जुन श्रमण ब्राह्मणहरू– तिरश्चीनविदया भनिने नक्षत्रविदयादि[1] मिथ्या जीवनद्वारा जीविका गर्छन्– त्यस्ता श्रमण ब्राह्मणहरूलाई– 'माथितिर हेरेर खाने' भनी भन्दछन् ।" ३– "बहिनी ! जुन श्रमण ब्राह्मणहरू– यता-उता जाने-आउने दूतेय्यादि मिथ्या जीवन-द्वारा जीविका गर्छन्– त्यस्ता श्रमण ब्राह्मणहरूलाई 'चारैदिशातिर हेरेर खाने' भनी भन्दछन् । ४– "बहिनी ! जुन श्रमण ब्राह्मणहरू– तिरश्चीनविदया भनिने अङ्गविदयादि[2] मिथ्या जीवनद्वारा जीविका गर्छन्– त्यस्ता श्रमण ब्राह्मणहरूलाई– 'विदिशातिर हेरेर खाने' भनी भन्दछन् ।"

---

१. नक्षत्र-विदया भन्नाले ज्योतिष-लक्षण शास्त्र आदि विदयालाई भनिएको हो । 'यस्तो लगन छ उस्तो लगन छ' भनी आदि कुराहरू बताई त्यसद्वारा उपलब्ध भएको लाभ-सत्कार तथा धनद्वारा जीविका गर्नु पनि बुद्ध धर्मको नीति अनुसार श्रमण ब्राह्मणहरूका निमित्त मिथ्या जीविका हुन जान्छ । सं. नि. अ. क. II. पृ. २५३ : सूचिमुखिसुत्तवण्णना ।

२. 'अङ्गविदया' भनी स्त्री वा पुरुषहरूको अङ्गप्रत्यङ्ग लक्षणादि हेर्नेलाई 'अङ्गविदया' भनी भनिन्छ । यस्ता लक्षणहरू हेरेर– 'यस्तो हुन्छ उस्तो हुन्छ' आदि भनी त्यसबाट उपलब्ध हुने लाभसत्कार तथा धनद्वारा जीविका गर्नु पनि बुद्ध धर्मको नीति अनुसार श्रमण ब्राह्मणहरूको निमित्त मिथ्या जीविका हुन आउँछ । सं. नि. अ. क. II. पृ. २५३ : सूचिमुखिसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

"बहिनी ! न म त्यो तिरश्चीनविदया[1] भनिने वस्तुविदयादि मिथ्या जीवनद्वारा जीविका गर्छु न तिरश्चिनविदया भनिने नक्षत्रविदयादि मिथ्या जीवनद्वारा नै जीविका गर्छु; न त यताउता जाने आउने दूतेय्य कामद्वारा मिथ्या जीविका गर्छु; न त तिरश्चीनविदया भनिने अङ्गविदयादि मिथ्या जीवनद्वारा नै जीविका गर्छन् बरू धर्मतापूर्वक भिक्षा भोजन खोज्छु (= भिक्षाटन् गर्छु) र धर्मतापूर्वक खोजी गरेको (= भिक्षाटन् गरेको) भिक्षा-भोजनद्वारा जीविका गर्छु।"

त्यसपछि सूचिमुखी परिव्राजिका राजगृहको सडक सडकमा र दोबाटो दोबाटोमा घुमी यस्तो भन्न थालिन्– "श्रमण शाक्यपुत्रीयहरू धर्मतापूर्वक आहार ग्रहण गर्छन् । श्रमण शाक्यपुत्रीहरू निरवदय

---

१. बुद्ध धर्मको नीति अनुसार तिरश्चीनविदया मिथ्या जीविका भनी के-केलाई र कस्ता कस्तालाई भन्दछन् भन्ने बारेमा दीर्घनिकायको ब्रह्मजाल सुत्र I. पृ. १०, ११, तथा १२ मा सविस्तर उल्लेख भएको पाइन्छ । यो ब्रह्मजाल सूत्र यसै ग्रन्थमा अनुदित भएको छ। उसै ग्रन्थको सामञ्ञफलसूत्र पृ. ५९, ६० तथा ६१ मा पनि समुल्लेख भएको पाइन्छ तथा उहीं महासीहनादसूत्र पृ. १४६ मा पनि विस्तृत वर्णन भएको पाइन्छ। यस सूत्रको अनुवाद पनि यसैमा माथि भएको छ। लेखकको बु. रा. भा-२, पृ. ९० मा सामञ्ञफलसूत्रको अनुवाद भएको छ।

Downloaded from http://dhamma.digital/

(= दोषरहित) आहार ग्रहण गर्छन् । श्रमण शाक्यपुत्रीयहरूलाई भिक्षा-भोजन देऊ[1] ।"

---

Dhamma.Digital

१. परिव्राजिकाको कुरा सुनी पाँच शय परिवारहरू बुद्धमार्गी भएका थिए भनी सं. नि. अ. क. II. पृ. २५३ : सूचिमुखिसुत्तवण्णना, सारिपुत्तसंयुत्तंले उल्लेख गरेको छ ।

Downloaded from http://dhamma.digital/

# नामावली


**अ**

अकनिष्ठ १९, २११
अग्गिवेस्सन ६७, ७१
अग्गसावकवत्थु ५६, ५७
अचेल कलारमट्टक १५, ले १५, कहाँ गई १५
अचेल कोरक्खत्तिय १३, लाई देखेर १०
अचेल पाथिकपुत्रको कुरामा १७
अजातशत्रु ७६
अजित केशकम्बल १३९, १४०, २६२, माथि १०१
अनाथपिण्डकको ४८
अनुप्रिय १, ४
अनुप्पियमा पस्नुभयो ४
अनुरुद्ध २६८, महास्थविरको छलफल भइरहेको थियो १३६, महास्थविरलाई १३६, महास्थविरसँग १३६, महास्थविरसँग निम्तो गएका थिए १३६ सूत्रको अनुवाद १३६
अपण्णकसुत्तवण्णना ११४, ११५
अम्बलट्ठिका १७९, १८४, को राजकीय भवनमा १८४, नामक बगैंचामा गई १७९
अश्वजित् ७१
अस्सजि भन्ने भिक्षु ७२
अस्सजि स्थविर छेउ गए ६५
अस्सजिलाई यस्तो भने ७१
अस्सजि स्थविरलाई देखे ६५
अस्सजि स्थविरले भने झैं ६६
अस्सजि स्थविरसँग ६५
अस्सजिसँग सम्मोदन गरे ७१
असञ्ञीसत्ता भन्ने देवताहरू २२५
आतुममा बस्ने २५८
आनन्द १०९, २६०, २७३, आइ-रहनुभएको देखे १०९,


Downloaded from http://dhamma.digital/

कहाँ प्रव्रज्या मागे २७०, बहुश्रुत तथा त्रिपिटकधर हुन् २६८, मान्नु हुन्न १८६, सँग २६१, सँग बिन्तिगरे २६१, सँग सम्मोदन गरे २७३, हुनु- हुन्थ्यो त्यहाँ गए २७३, लाई १०८, ११०, २७३, लाई देख्दा नै प्रसन्न हुन्छ २६९, लाई हेर्न जान्छन् २६९, लाई हेर्न जान्छन् भने २६९, लाई बोलाउनु भयो २६५, लाई यस्तो भने २६५, लाई आमन्त्रण गर्नुभयो २६२, ले ८८, १०८, ११०, २५२, २६१, २६२, २६५, २७०, २७३, ले धर्मोपदेश गर्छन् भने २६९, ले भगवानलाई २७०, स्थविरकहाँ गए २६८, स्थविरलाई १५६, स्थविरले १५६, महास्थ- विर १०६, महास्थविर- लाई २५५, महास्थविरले १०७, २५६, महास्थविर- सँग १०७, महास्थविरसँग भेटे २५५, बस्नुहोस् १०९

आभस्वर लोकबाट च्युत भई १९, २११

आभस्वर लोकवासी हुन्छन् १८, २१०

आयुष्मान् ७१, अस्सजि ७१, अस्सजिलाई ७१, आनन्द १०९, आनन्दलाई १०९, ११०, आनन्दले ११०, सभिय १३६, १५०, सभियको नाम १३६, सभियले १३६, सारिपुत्र १६६, १६८, २८६, सारिपुत्रसँग १६८, सुसीम २७०, २७१, २८४, सुसीमसँग २७१, सुभद्द २५७, २६६

आलार कालाम ३, ९४

इसिगिलिसुत्तंमा उल्लिखित १७३

उक्काचेल गाउँको १६६

उक्काचेल गाउँमा बसिरहनुभएका १६५

उत्तरका भन्ने निगममा १०

उद्दक रामपुत्रकहाँ जानुभन्दा अगाडि ३

उदिच्च ब्राह्मण कुलमा २५३

Downloaded from http://dhamma.digital/

उदेन भन्ने चैत्यभन्दा उताजाने छैन १४
उपक आजीवकको पत्नी २५८
उपतिस्स र कोलितहरू ५६
उपतिस्स र कोलित परिव्राजकहरू ५६, ले ५६, ५७
उपवत्तन भन्ने मल्लहरूको शालवन हो २६०
उपवत्तन भन्ने शालवनमा गए २५५
उपालि स्थविर २३८
ओट्ठद्ध लिच्छवी ३३, को कुरा ३३, लाई बताइरहनु-भएको हो ३३, ले ३७
अंगुलिमालका पिताको नाम हो ३
अंगुलिमालत्थेरगाथट्ठकथा ३

## क

ककुसन्ध बुद्धलाई २५८
ककुसन्धबुद्धवंसवण्णना २५८
कच्छपजातक ३
कम्मासदम्म भन्ने कुरुवासीहरूको निगममा ३०
कलन्दक निवाप हो १४१
कलन्दक निवापमा ३८, ४१, बसिरहनुभएको थियो १३९, २७२, २८६
कलारमट्टक १४, को मृत्यु भयो १६, को सम्बन्धमा १६, लाई १६, सँग प्रश्न सोधे १५
कश्यप बुद्ध परिनिर्वाण भइसके पछि १३१
कश्यप बुद्धको पालामा १३२
कश्यप बुद्धको पालामै परिनिर्वाण भइसके १३२
कश्यप बुद्धलाई देख्ने १३१
कश्यप महास्थविर २५८
कात्यायन ४६, ४८, ४९, ५०, ५३
कालकञ्चिक ११, १२
कालबुद्धरक्खित स्थविर भई ६९
किस संकिच्च १२८
किसो संकिच्च ९०
क्रीडाप्रदूषिक देवता २१३
क्रीडाप्रदूषिका २१, देवता २१, देवताहरूसम्मका कुरा अनुस्मरण गर्छ २२, भन्ने आचार्यवादलाई श्रेष्ठ भनी भन्नुहुन्छ २२, भन्ने

Downloaded from http://dhamma.digital/

आचार्यवादलाई श्रेष्ठ भन्नुहुन्छ २१, भन्ने देवता-हरू छन् २२, हुन्नन् २२
कुम्भकारजातक ३
कुरु (देश) को ३०
कुशीनगरका मल्लहरूको २५५
कुशीनगरमा बसिरहेका थिए २६०
कूटागार शालामा १४, १७, ८८
कृश सांकृत्य १२८
कोण्डञ्ञ बुद्धका २५८
कोण्डञ्ञबुद्धवंसो २५८
कोरक्खत्तिय १०, कहाँ गई ११, थिए १२, को मृत्यु हुनेछ १२, को मृत्यु भयो १२, को सम्बन्धमा १३, को शब १३, लाई ११, १३ लाई देखे १०
कोशलका राजा ७६
कौण्डण्ढ भए २५५
कौशाम्बिका १०६
कौशम्बीको घोषितारामममा ३१, ३३
कौशम्बी स्थित १०८
कौशम्बी नजिकको १०६
कौशम्बीमा बसेका छन् १०९

**ख, ग, घ**

खग्गविसाणसुत्त १७३
गन्धकुटीमा बस्न नदिने २६९
गन्धार कुलमा जन्मे १३२
गृद्धकूट पर्वतबाट १५४
गृद्धकूट पर्वतमा १०३, १७४, गई १५३, बस्नु भएको थियो १६०, बसिरहनुभएको थियो १०४
गोतमक भन्ने चैत्यभन्दा उता जाने छैन १४
घटिकार कुमालेलाई ३
घटिकारसुत्तमा ३
घोषितारामममा बस्नु भएको थियो १०८

**च, ज, ञ**

चापाको तरफबाट २५८
चापाथेरीगाथट्ठकथा २५८
चुल्लकाल थियो २५४
चुल्लकालले २५४
चुल्लसच्चकसुत्तं ७०
चुल्लसच्चकसुत्तवण्णना ६४

Downloaded from http://dhamma.digital/

चूलसच्चकसुत्तवण्णना ७३, ८१, ८५, ले ६७
जनपदकल्याणी चाहन्छु ४९
जनपदकल्याणीलाई तिमी चाहन्छौ ४९
जनपदकल्याणीलाई ४९
जालिय परिव्राजकका साथ ३१
जेतवनमा जानुभयो ६१
जेतवनमा स्थविरकहाँ जानू भनी भन्नू ६१
जेतवनाराममा गई ६२
जेतवनाराममा गए ६१
जेतवनमा बसिरहनुभएका ४७
ञातिकको गिञ्जकावसथ भन्ने विहारमा १३६


**त, द, ध, न**


तक्षशिलामा अध्ययन गरेका थिए १३१
तिकनिपात १५४, १५६
तीर्थकर १३९, १४०
द्वारागाउँ नजिकमा १५६
दारुपत्तिक परिव्राजकका अन्तेवासी ३३
दिट्ठिसंयुत्तं ११७, मा ११८
दीर्घनख परिव्राजक ५७, ले ५७
दुतिय सुखसुत्तं १७०
दुम्मुख लिच्छवीपुत्रलाई ८३
दुम्मुख लिच्छवीपुत्रले ८२
देवदत्तसूत्रानुसार १३५
धम्मदस्सी बुद्धका २५८
धम्मसुत्तवण्णना ५६
धम्मिकवग्गो ४०, ४४
धातुविभङ्गसुत्तं ३
धानञ्जानिसुत्तवण्णनाले उल्लेख गरेको छ १३१
नन्दवच्छ ९०, १२८
नातिकमा बसिरहनुभएका भगवानले २५९
नालक गाउँमा बसिरहनुभएका १६६
नालक भन्ने गाउँमा १७०
नालन्दा र राजगृहका बीच ५७
नालन्दा जानको निमित्त १७६
नालन्दा जानको निमित्त बाटो लागे १७६
नालन्दाको बीच बाटा पर्ने १७९
नालन्दा पुग्नुभन्दा अगाडि १७९
निगण्ठनाटपुत्र १३९, १४०, २६२
निगण्ठपुत्र आइरहेको ८८


Downloaded from http://dhamma.digital/

निगण्ठनाटपुत्रमाथि वादद्वारा १०१
निगण्ठपुत्रले ७४
निगण्ठ हुँ ५९
निगण्ठलाई देखी ५९
निगण्ठले जवाफ दिए ५९
निदानसंयुत्तं २७२

प, फ, ब, भ

पञ्चसतिकक्खन्धकं २५८
पञ्चकङ्ग थपति १३६, सँग १३६
पटाचारा ६०
पठमसन्दिट्ठिकसुत्तं ४४
पठमसन्दिट्ठिकसुत्तवण्णना ४०
पठमसुखसुत्तं १६८
प्रकुध कात्यायन १३९, १४०, २६२, माथि १०१
प्रसेनजित् ७६
पाँडुकम्बल ५०, मा राख्दा ५०
पाथिकपुत्र १७, को खोक्रो घमण्ड १७
पाथिकसुत्तं ४
पाथिकसुत्तवण्णना १, ११
पावामा पुगिरहेको बेलामा २५८
पिलक्ख गुफा १०६, (पिपल) को रूख १०६, मा १०८
पुक्कुसातिलाई ३
पूरणकश्यप ११३, १३९, १४०, २६२, माथि वादद्वारा १०१
पूरणकश्यपादि २५६
पूरण मन्ताणिपुत्र २६८
फुस्सबुद्धवंसो १३८
फुस्स बुद्धका उपस्थाक हुन् १३८
बज्रपाणी ६७, यक्ष ७७
बहुपुत्त भन्ने चैत्य उता जाने छैन १४
बाहिय दारुचीरियको परिचयमा १३२
बाहिय देशमा जन्मे १३२
ब्रह्मजाल २५५
ब्रह्मजालसुत्तं १८३
ब्रह्मजाल सूत्र १८१, २८९, मा १४८, वर्णना १९१
ब्रह्मजालसुत्तवण्णना १९, ५७, १७६, १७८
ब्रह्मदत्त परिव्राजकले १७७
ब्रह्मदत्त भन्ने तरुण शिष्य १८२
ब्रह्मदत्तले १७८, पनि १८०
ब्रह्मदत्त जस्ताले २०२
ब्रह्मदत्त माणव चाहिं १८४


Downloaded from http://dhamma.digital/

ब्रह्मदत्त माणवले १७८, चाहिं १८३, १८५
ब्रह्मदत्त माणवकका साथ १८३, गए १८४
ब्रह्मदत्त माणवकले चाहिं १८४
बोधिसत्व छँदा नै ९३
भग्गव ३, ५, नामहरू ३, गोत्तिय परिव्राजक १, ३, ५, गोत्तिय परिव्राजक छन् ४, गोत्तिय (भार्गव-गोत्रीय) परिव्राजक आराम हो ४, गोत्तिय परिव्राजकको आराम हो ४, गोत्तिय परिव्राजकलाई २, गोत्तिय परिव्राजकलाई सुनाउनु भयो १, गोत्तिय परिव्राजकले ४, ५, भन्ने ब्राह्मण पुरोहित भए ३
भार्गव ३, ५, २७, गोत्रीय परि-व्राजक १, गोत्रीय परिव्रा-जकले २७
भारद्वाजगोत्र ब्राह्मणको अग्नि-शालामा २८
भारद्वाजगोत्र ब्राह्मणले २८
भारद्वाजगोत्र ३०
भारद्वाजगोत्रीय ३०
मक्खलि १२८, गोसाल ९०, १३९, गोसालमाथि १०१, गोशाल १४०, गौशाल २६२
मगधका राजा ७६
मगध देशको १६५, १७०, नालक गाउँमा बस्दै हुनुहुन्थ्यो १६८
मगध राजाहरू बस्ने दरबारमा १७९
मण्डलमालमा १८४
मनः प्रदूषिका देवता २३, २१४
मनः प्रदूषिका भन्ने देवताहरू छन् २१४
मनः प्रदूषिका देवतासम्मको कुरा संस्मरण गर्छ २४
मनुस्समंसपटिक्खेपकथा १८२
मललसेकरले १३६
मल्ल राजकुलमा जन्मे १३२
मल्लहरूको अनुप्पिय ४
महाक्खन्धकं ५८
महाकालले आफ्नो भागको खेतबाट २५४
महाकाश्यप २६८
महादिट्ठिसुत्तं ११७, ११८

Downloaded from http://dhamma.digital/

महावनको १४, १७, ८८, कूटागारशालामा गए ६६, कूटागारशालामा बस्नुभएको थियो ६०
महावनभित्र ७४, गई ७४
महापदानसुत्तवण्णना २६९
महापरिनिब्बानसुत्तबाट २६०
महापरिनिब्बानसुत्तं २५८, २५९, २६९
महापरिनिब्बानसुत्तवण्णना २५३, २५४, २५५, २५६, २५७
महापाल भन्ने एक दाजु थिए २५४
महाब्रह्मा १९, २०, २११, २१२, २१३
महामौद्गल्यायन २६८
महालिसुत्तंबाट ३३
महालिसुत्तवण्णना ३३, ६८, ६९
महावग्गो १३१, १३५, १३९, १४८, १६०
महासच्चकसुत्तवण्णनानुसार ६९
महासच्चकसुत्तं ८८
महासीहनादसूत्र २८९
मागण्डियको चित्त २८
मागण्डिय नामहरूको सम्बन्धमा २९
मागण्डिय ब्राह्मणका भानिज हुन् २८
मागण्डिय ब्राह्मण कुरु देशका हुन् २८
मागण्डिय ब्राह्मणकी २८
मागण्डिय भन्ने एउटी छोरी थिइन् २८
मागण्डिय ब्राह्मण चाहिं २८
मागण्डिय परिव्राजक २८, सँग भगवानको छलफल भयो २८, ले २८
मागण्डियसुत्तं ३०
मागण्डिय सूत्र ३०
मागण्डिय र जालिय ३३
मुण्डिय परिव्राजक ३१
मोलिय सीवक परिव्राजक ३८, ३९, ४०, ४१, ४४, राजगृहवासी हुन् ३८, ले ४२

## य, र, ल, व

यमकवग्गो १६८
यवपालकको नाम हो २५८
राजगृहका १५६
राजगृहको २८९

Downloaded from http://dhamma.digital/

राजगृहको चौतारी भएका १७६
राजगृहको परिषद्लाई १६०
राजगृहस्थित ३८, ४१, १०३, १०४, १३४, १३९, १४१, १५१, १६०, १७२, १७४, २८६
राजगृह नगर १७९, को द्वारको आसपास १३१, मा १३१, २६७, मा गई १५५, मा गए १५५, मा भिक्षाटन् गई १७६, बाट निस्की १७६
राजगृह परिषद्लाई १६१
राजगृहमा १५५, गई १३४, चारिकार्थ गए १४१, चारिका गर्दै १४१, जानुभयो २८६, भिक्षाटनको निमित्त १६०, भिक्षाटन् गरी १६१, बस्दथे ५८, २७२, बसेको थिएँ १०४, १७४
राजगृह र नालन्दाको बीच १८३, बाटोमा गइरहेको थिए १८३
राजगृहवासी १३६, १७३, १७६, १८२, अन्यतीर्थिय परिव्राजकहरू १५१, हुन सक्छन् १०३
लिच्छवीहरू ७२, उठी ६७, कहाँ गई ६५, को घरघरमा घुमिरहेको बेलामा ६५
लिच्छवी परिषद्का साथ ७४
लिच्छवी पुत्रहरूद्वारा परिवृत्त भई ७४
लिच्छवीहरूमध्ये कसैले ६६
लिच्छवीहरूमध्ये पनि ७४
लिच्छवी राजपुत्रहरूलाई ६४
लिच्छवीहरूलाई यस्तो भने ७२
लिच्छवीहरूलाई सम्बोधन गरे ८७
लिच्छवीहरूले ५९, ८७, ठूलो सम्मानको दृष्टिले हेर्दथे ६४
लिच्छवी राजाहरूले ५९
लोला ६०
लंका द्वीपमा ६९
वच्छगोत्त १३६
वज्रपाणि यक्षलाई ७७
वज्जी (वृजी) गाउँमा बस्दथे १७
वज्जी स्थित १६६
वज्जी राज्यको १६५
वशवर्ती १९, २०, २११, २१२

Downloaded from http://dhamma.digital/

वत्सगोत्र १३६
विपश्वी बुद्धको पालामा २५४
वीरणस्थम्भ १२
वीरणस्थम्भ नामक ११
वीरणस्थम्भ भन्ने श्मशानमा फालिदिए १२
वुड्ढपब्बजितवत्थु २५८
वृजी गाउँमा ८, ९, १४, १५
वृजी मल्लहरूले ७६
वेखनस ४८, परिव्राजक ४६, ४८, परिव्राजकले ४८, ५३, ५५, परिव्राजक रिसाई ५४, परिव्राजक राजगृह-वासी हुन् ४६
वेखनसुत्तं ४८
वेखनसुत्तवण्णना ४६
वेणुवनको ३८, ४१, १३९, १४१, २७२, २८६
वेणुवनमा १३४
वेदनासंयुत्तं ३९, ४१
वैशालीका सबै चैत्यहरू पार गर्ने-छन् १६
वैशालीका चैत्य पार गरेपछि १६
वैशालीको उत्तरतिरको १४
वैशालीको दक्षिणतिर १४
वैशालीको पश्चीमतिरको १४
वैशालीको परिषद्‌मा तिमीले ८१
वैशालीको परिषद्‌मा यस्तो भाषण गर्दथे ७०
वैशालीको परिषद्‌लाई यिनी यस्तो भन्दथे ६४
वैशालीको पूर्वतिरको १४
वैशाली स्थित १४, १७, ६६, ७०, ८८
वैशाली नगरमा आइपुगे ५९
वैशालीमा ७१, ८८, बस्दथे ७०, भिक्षाटन्‌को निमित्त गए ७१
वैशालीमै बसिरहेका थिए ६४

### श्र

श्रमण गौतम १४१, १८७, १८८, १८९, १९०, १९२, १९३, उत्पन्न भएदेखि १५१, कवि छन् २६७, कहाँ गई ६५, १४०, ४१५, कहाँ ब्रह्मचर्यवास गर्नुहोस् १२९, को धर्ममा १०७, को अनुपस्थितिमा १६४, पनि १४०, को सन्मुख

Downloaded from http://dhamma.digital/

भएमा २८, अडछन् ७२, र उनका भिक्षुहरू २६, न मरे न मर्दैछन् ९५, मरेका होइनन् ९५, मृत्यु भयो ९५, नै अज्ञानी हुन-सक्छन् ५४, ले ६१, ७१, ७३, १४२, ले सिकाएको धर्मलाई सिक्नसके २६७, अरहत् हुन् ९५, लाई ७३, लाई घोप्टचाउनेछु ७३, माथि ६६, माथि वादारोपण गर्न सक्छन् ७३, यहाँ आएमा १५७, सँग कुराकानी हुनेछ ७२, ७३, सँग भेटी ६५, ज्ञानवादी हुन् १७
श्रमण शाक्यपुत्र भन्छौ १०
श्रमण शाक्यपुत्रहरूको १५५
श्रमण शाक्यपुत्रीय भन्छौ १५
श्रमण शाक्यपुत्रीयहरूको धर्मलाई मैले बुझें १६१
श्रावस्तीको जेतवनाराममा ६१
श्रावस्ती स्थित ४८
श्रावस्तीमा गए ४६
श्रावस्ती नगरमा आइपुगे ६१
श्रावस्ती नगरमा भिक्षाटन् जानु-भएको बेला ६१
श्रावस्तीमा १३६, पुगेपछि ४६
श्रावस्तीवासी स्थविरको नाम हो १८२

## स

सकुलदायि परिव्राजक ४६, का कुरा ४६
सकुलादायिलाई ४६
सच्चक ६७, का अनुयायी ६६
सच्चकको निम्तो ८६
सच्चकको पछि पछि लागे ६६
सच्चकको भित्री मनमा शान्ति चाहिं भएन ६८
सच्चकको श्रद्धा १०१
सच्चक चूपलागेर नै बसे ६७
सच्चक नाजवाफ भई चुपलागे ६६
सच्चक भगवानकहाँ गई ६६
सच्चक भगवानकहाँ गए ७२
सच्चक र भगवानको बीचमा ६८
सच्चकले ६५, ६६, ६७, ६८
सच्चकले आत्मवादको कुरा सुनाए ६६
सच्चकले के वादारोपण गर्न सक्लान् र ६६

Downloaded from http://dhamma.digital/

सच्चक नक्षत्र शास्त्र जान्दथे ७०
सच्चक निगण्ठपुत्र ६४, ६६, ६९, ७०, ७२, ७४, ७८, ८२, ८३, ८७, ८८, ८९, १०२
सच्चक निगण्ठपुत्र आउँदैछन् ८८
सच्चक निगण्ठपुत्रकहाँ ८७
सच्चक निगण्ठपुत्रको ८३, प्रश्न ८८, माथि ७७
सच्चक निगण्ठपुत्र माथि ७४, के वादारोपण गर्लान् र ७३
सच्चक निगण्ठपुत्रलाई ७७, ९१, देखेर ८२
सच्चक निगण्ठपुत्रले ६५, ७१, ७४, ७७, ८६, ८७, ८९, ९१, १००, १०१
सच्चक निगण्ठपुत्रले नै ७३
सच्चा ६०
सञ्जय परिव्राजक ५६, ५८, कहाँ ५६, कै शिष्य थिए ५६, लाई छाडी बुद्धकहाँ गए ५७, लाई छाडी बुद्धकहाँ जानुभयो ५७, लाई पनि ५७, का शिष्य १८२, का शिष्य हुन् १७६, राजगृह-वासी हुन् ५६
सञ्जयका नामहरू ५७
सञ्जयको प्रतिष्ठा ५६
सञ्जय निगण्ठपुत्र ५९
सञ्जय बेलट्ठपुत्र १३९, १४०, २६२, माथि १०१
सज्झ परिव्राजक १०३, १०४, ले १०४
सज्झसुत्तं १०४
सत्तम्ब भन्ने चैत्यभन्दा उता जाने छैन १४
सन्दकले आज्ञा दिए १०६
सन्दक परिव्राजक १०६, १०८, १०९, पनि १०९, थिए १०९, लाई ११०, ले १०६, १०७, १०९, ११०, १२९
सन्दकसुत्तं १०८
सन्दकसुत्तवण्णना ११०, १११, ११२, १२८
सप्पिनिका तीरको १५६, १६१, १६४, परिव्राजकाराममा १५७
सम्बोधिवग्गो १०४
सभिय १३१, १३८, ले १३१, १३३, १३५, लाई १३३,

Downloaded from http://dhamma.digital/

१३६, लाई सिकाएकी थिइन् १३३, कच्चान १३७, कच्चान भनी उल्लेख भएको छ १३६, कच्चान भन्ने व्यक्ति नै १३६, कच्चान भन्ने व्यक्तिको बारेमा १३६, कच्चानसुत्तं १३८, नामले प्रसिद्ध भई १३२, नामहरू १३८, परिव्राजक १३०, १३५, १३८, १३९, १४१, परिव्राजकका प्रश्नहरूको उत्तर १३९, परिव्राजक-सँगै १४०, परिव्राजकको प्रश्न १४९, परिव्राजकको मनमा १३४, १४०, १४१, १४२, परिव्राजक-लाई १३२, १३४, १३९, परिव्राजकले १४१, १४३, १४४, १४५, १४६, १४७, १४९, १५०, परिव्राजक हुन् १३६, १३८, परि-व्राजककी आमा १३३, वन्दना गर्छ १४९, रहन गएको हो १३०

सभियसुत्तं १३८, १३९, १४१

सभियसुत्तवण्णना १३०, १३१, १३५, १४८, ले १३३

सभियथेर १३८

सभियथेरगाथा १३८

सभियथेरगाथट्ठकथाद्वारा बुझिन्छ १३६

सभियत्थेरगाथट्ठकथाले १३०, चाहिं १३३, भने १३२

सरभ नामहरू १५९

सरभले १५४, १५५, १५६

सरभहरू गएका सडकहरूमा १५६

सरभ परिव्राजक १५१, १५५, १५७, १५९, केही बोले-नन् १५८, पनि १५५, लाई १६१, १६२, १६४, लाई दमन गर्नु हुन १५६, लाई यस्तो भने १६२, थिए १६१, छन् १६१, १६३, सँग १५७, ले १५५, १५६, १६०, चूप-लागी १६२, चूपलागे १६१, चूपलागेर बसे १५७, १६२

सरभ भन्ने परिव्राजकले १५४, १६०, १६१

Downloaded from http://dhamma.digital/

सरभ परिव्राजकहरू १५७, लाई
खूब टोके १५८
सरभसँग यस्तो सोध्यो १५७
सरभमिगजातकं १५९
सरभसुत्तं १५९, १६०
सरभसुत्तवण्णना १५४, १५६,
१५८
सरभ भिक्षुले १५४
सामञ्ञफलसुत्तमा पनि ११७
सामञ्ञफलसुत्तवण्णना १११,
११२
सामञ्ञफल सूत्र २८९
सामञ्ञफल सूत्रको अनुवाद २८९
सामण्ड परिव्राजक १६५, १६६,
१६८, १७०, को सम्बन्ध-
मा १६५, ले १६६, १६८,
१७०
सामण्ड सूत्रमा १६५
सारिपुत्र १७०, २८६, लाई १६६,
स्थविरका भाञ्जा ५७,
स्थविर पनि सँगै थिए
६१, स्थविरले देख्नुभयो
६१, ले ढाल्न लगाएको
हो भनी भन्नू ६१
सारिपुत्र महास्थविर २८५, को
कारणमा १५९, सँग
१६५
सारिपुत्र महाप्रज्ञावान् छन् २६८
सारिपुत्रसँग सम्मोदन गरे १६६,
१६८, १७०
सारिपुत्तमोग्गल्लान पब्बज्जाकथा
५६, ५८
सारिपुत्र मौद्गल्यायनको प्रव्रज्या
५८
सारिपुत्र र मौद्गल्यायनहरू ५६
सारिपुत्र भन्नेले ढाल्न लगाउनु
भएको हो भनी भने ६१
सारिपुत्तत्थेर अपदानं ५६
सारिपुत्तत्थेर अपदानवण्णना ५६
सारिपुत्तसंयुत्तं २८६
सारिपुत्र हुनुहुन्थ्यो १७०
सिद्धत्थबुद्धवंसो १८२
सिलावतका ६०
सिवावतिका ६०
सीवक ४४, ४५
सीवक हो ३८
सीवक परिव्राजकले ४१, ४४
सीवकसुत्तं ४१
सीवकसुत्तवण्णना ३९
सुतवा १७३, नामहरू १७३

Downloaded from http://dhamma.digital/

सुतवा परिव्राजक १७२, १७४, ले १७२, १७४
सुतसुत्तं १७३, १७४
सुनक्खत्त ! आऊ मेरो नाममा बस ५
सुनक्खत्त लिच्छवीपुत्र ९, १२, १३, १४, को मनको कुरा १०, को मनमा १५, आए १५, गए १५ लाई, ५, १०, १३, १५, १६, लाई पछाडी राखी १०, ले १, ५, ९, १०, १२, १६, १७, मकहाँ आएका थिए ५
सुनक्खत्त लिच्छवीले भनेका यी कुरा सत्य हुन् ५
सुनक्खत्त लिच्छवीपुत्रका गृही साथी थिए १
सुनक्खत्त लिच्छवीपुत्रसँग भएका अनेक कुराहरू १
सुनक्खत्तले १२, बुद्धधर्म छाडे ४
सुप्पिय ५७, १७६, १८२, १८३, का अन्तेवासी १८४, परिव्राजक १७६, १७९, १८४, १८५, परिव्राजकका १८२, परिव्राजकका शिष्य २०२, परिव्राजकको कुरा १८३, परिव्राजकले १७७, १७८, १८३, १८४, परिव्राजकका अन्तेवासी १७८, परिव्राजकका शिष्य १८२, को मन पनि खिन्न भएको थियो १७७, परिव्राजक पनि १७९, १८४, नामहरू १८२
सुप्पियत्थेरगाथा १८२
सुप्पिय र ब्रह्मदत्त १८०
सुप्रिय ५७
सुप्रिय परिव्राजक १७६
सुप्रिय परिव्राजकका अन्तेवासी १८३, १८४, १९५
सुप्रिय परिव्राजक पनि १८३
सुप्पिया १८२
सुभद्र २५३, २५७, २५८, २५९, २६०
सुभद्र परिव्राजक २५५, २६०, २६२
सुभद्दपरिब्बाजकको कथा २५९
सुभद्द परिव्राजकलाई २६०, २६१, २६२


